# नयाँ
# करारको खोज

तयार पारिएको डा. र्यानडल म्याकएल्विनद्वारा

shepherds
GLOBAL CLASSROOM

प्रतिलिपि अधिकार © २०१९ सेफर्ड्स ग्लोबल क्लासरूम
दोस्रो संस्करण ISBN: 978-1-943953-51-6

लेखकमा सर्वाधिकार सुरक्षित छ। सेफर्डस् ग्लोबल क्लासरूम (SGC) बाट लिखित अनुमति नलिई जाँचका पृष्ठहरूबाहेक यो पुस्तकको कुनै पनि भाग विद्धुतीय, यान्त्रिक, फोटोकपी, रेकर्डिङ्ग वा अन्य कुनै पनि प्रकारले- पुनःप्रकाशित गर्न वा प्रसारण गर्न पाइँदैन। हाम्रो एस.जि.सि. अङ्ग्रेजी पाठ्यक्रमको खरिदमा यसले हामीलाई अनुवाद गर्न र त्यसपछि यस पाठ्यक्रमलाई संसारभरिका ख्रीष्टियान अगुवाहरूमा पुर्याउन सक्षम बनाउनेछ। एस.जि.सि. लाई सम्पर्क गर्न वा यो जोरदार दर्शनलाई सहयोग गर्न, यहाँ जानुहोस्: www.shepherdsglobal.org.

अन्यथा नलागेसम्म, यसका सबै बाइबलीय उद्धरणहरू अङ्ग्रेजीमा किङ जेम्स पवित्र बाइबलबाट लिइएका हुन्। “ESV(इ. एस.भि.)” को रूपमा जनाइएका बाइबलीय उद्धरणहरू इ.एस.भि. संस्करणको बाइबलबाट लिएका हुन् (द होलि बाइबल, इङ्गलिस स्ट्यान्डड भर्सन®), प्रतिलिपि अधिकार ® २००१, गुड न्यूज पब्लिसर्सको प्रकाशन सेवाकाइ, क्रसवेद्वारा प्रकाशित। स्वीकृति लिएर प्रयोग गरिएको। लेखकमा सर्वाधिकार सुरक्षित छ।

अवधारणा डिजाइन: ब्रान्डन हिलिगस
आवरण डिजाइन: शेन म्युर
सम्पादकीय लेआउट: एज्रा मोर्ले

# विषय-सूची


पाठ्यक्रमको संक्षिप्त विवरण ५

१. नयाँ करारको संसार ७

२. मत्ती, मर्कूस र लूका २१

३. यूहन्ना ३५

४. प्रेरित ४५

५. रोमी ५९

६. कोरिन्थी र गलाती ७१

७. एफिसी, फिलिप्पी, कलस्सी र फिलेमोन ८७

८. थेसलोनिकी १०३

९. तिमोथी र तीतस ११३

१०. हिब्रू र याकूब १२५

११. पत्रुस, यूहन्ना र यहूदा १३९

१२. प्रकाश १५१

सिफारिस गरिएका स्रोत-सामग्रीहरू १६०

गर्नुपर्ने कार्यहरूको अभिलेख १६८

उद्धृत धर्मशास्त्र १६९

सूची १७१

# पाठ्यक्रमको संक्षिप्त विवरण

विद्यार्थीहरूले समूहको रूपमा पाठ अध्ययन गर्नु अघि पाठमा अध्ययन गरिने बाइबलको पुस्तक वा पुस्तकहरू पढ्नुपर्छ। प्रत्येक पाठको अन्तमा, विद्यार्थीलाई आउँदो पाठको **पढ्ने कार्य**को बारेमा याद दिलाउनुहोस्। यसले अध्ययन अगावै विद्यार्थीहरूलाई पढिने पुस्तकको आधारभूत विषयवस्तु थाहा गराउने कुरालाई सुनिश्चित गर्नेछ।

यदि तपाईं एउटा समूहको रूपमा अध्ययन गर्दै हुनुहुन्छ भने, सामग्रीलाई पालै-पालो पढ्न सक्नुहुन्छ। समय-समयमा कक्षाको छलफलको लागि तपाईं रोकिनुपर्छ। कक्षाको अगुवा भएको नाताले अध्ययन गर्दैगरेको सामग्रीको छलफलबाट अन्ततिर मोडिन नदिने तपाईंको जिम्मेवारी हो। हरेक छलफल सत्रको लागि एउटा समय सीमित तोक्नु उपयोगी हुन्छ।

**छलफलका प्रश्नहरू** र **कक्षाका क्रियाकलापहरू**लाई बाण चिन्ह बुँदाहरूद्वारा जनाइएका छन्। यो छलफलमा कक्षाका सबै विद्यार्थीहरू सहभागी छन् कि छैनन् भन्ने कुरा सुनिश्चित गर्ने प्रयास गर्नुहोस्। आवश्यक परेको खण्डमा, तपाईंले विद्यार्थीको नाउँ लिएर बोलाउन सक्नुहुन्छ।

धेरै फुटनोटहरूले **धर्मशास्त्र**को सन्दर्भलाई जनाउँछन्। कक्षाको समयमा विद्यार्थीहरूलाई पदहरू हेर्न र पढ्न लगाउनुहोस्। अन्यथा नलागेमा, यसका पाठहरूमा उद्धृत धर्मशास्त्रका पदहरू किङ जेम्स भर्सन (के.जे.भी.) बाइबलका हुन्।

प्रत्येक पाठमा दुई वटा गर्नुपर्ने कार्यहरू हुनेछन्:


१. **जाँच** प्रत्येक जाँचमा अध्ययन गरिएका पुस्तकहरूका मुख्य बाइबलीय पदहरूको कण्ठ गराइ समावेश छ। प्रत्येक कक्षाको अन्तमा, अगुवाले अरू विद्यार्थीहरूसँगै जाँचका प्रश्नहरूको पुनरावलोकन गर्न सक्छ। त्यसपछिको कक्षा जाँचबाट सुरु गर्नुपर्छ। जाँच मौखिक वा लिखित रूपमा लिन सकिन्छ। कुनै पाठ्यपुस्तक, लिखित नोटहरू, बाइबल वा सहपाठीहरूलाई उल्लेख गरिकनै जाँच लिनुपर्छ। जाँचको उत्तर कुञ्जी यो पुस्तकको पछाडि समावेश गरिएको छ।

२. पाठमा छलफल गरिएका पुस्तकहरू वा विषयवस्तुहरूसँग सम्बन्धित **प्रोजेक्ट** वा **लेखन गर्नुपर्ने कार्य**।

यदि विद्यार्थीले **सेफर्ड्स ग्लोबल क्लासरूमबाट प्रमाण पत्र** पाउन चाहन्छ भने, उसले कक्षामा उपस्थित हुनुपर्छ र गर्नुपर्ने कार्यहरू पूरा गर्नुपर्छ। पूरा गरिएका गर्नुपर्ने कायृहरूको अभिलेख राख्नको लागि यो पाठ्यपुस्तकको अन्तमा एउटा फारम उपलब्ध गराइएको छ।

# नयाँ करारको संसारको मानचित्र[१]

यो पाठ्यपुस्तकको अवधिभर यस मानचित्रलाई उल्लेख गर्नुहोस् ।




**लाई पावलले लेखे**

(१) रोम (सहर)

(२) कोरिन्थ (सहर)

(३) गलातीया (क्षेत्र)

(४) एफेसस (सहर)

(५) फिलिप्पी (सहर)

(६) कलस्से (सहर)

(७) थेसलोनिकी (सहर)

**नयाँ करारका महत्त्वपूर्ण क्षेत्रहरू**

(८) इटाली (क्षेत्र)

(९) एसिया माइनर (क्षेत्र)

(१०) एन्टिओखिया (सहर)

(११) इस्राएल

(१२) यरूशलेम (सहर)

(१३) क्रेट (टापू)

(१४) भूमध्य सागर

**(१५) प्रकाशको पुस्तकका मण्डलीहरू**

- एफेसस
- स्मुर्ना
- पर्गामम
- थिआटीरा
- सार्डिस
- फिलाडेल्फिया
- लाउडिकिया

१ "म्याप अफ द एन.टि," https://open.bible/resources/bible-maps-english/ मा बिब्लिकाद्वारा लिखित "द रोमन एम्पाएर एण्ड द अर्ली चर्च"बाट लिइएको हो, जसको प्रयोग CC BY SA ४.० अन्तर्गत गरिएको छ । सेफर्ड्स ग्लोबल क्लासरूमलाई "म्याप अफ द एन.टि." इजाजतपत्र CC BY SA ४.० अन्तर्गत प्राप्त छ ।

**पाठ १**

# नयाँ करारको संसार

## पाठका उद्देश्यहरू

१. प्यालेस्टाइनको भूगोल र नयाँ करारमा यसको महत्त्वलाई थाहा गर्नु।

२. नयाँ करारको ऐतिहासकि परिवेशलाई बुझ्नु।

३. नयाँ करारमाथि पारेको रोमी, ग्रीक र यहूदी प्रभावहरूलाई चिन्नु।

४. नयाँ करारका प्राचीन रहनसहन रीतिरिवाजहरूको सराहना गर्नु।

## यो पाठको तयारी

*मत्ती १:१-७; लूका १:१-५; २:१-५ पढ्नुहोस्।*

*गलाती ४:४-५ कण्ठ गर्नुहोस्।*

## नयाँ करारमा इतिहास र भूगोलको महत्त्व

» के ख्रीष्टियान विश्वासको लागि बाइबलको ऐतिहासिक विशुद्धता महत्त्वपूर्ण छ? किन?

ख्रीष्टियान विश्वास मानव इतिहासमा र "देहधारी भएर हाम्रो माझमा निवास गर्नुभएका..."[२] येशुको जीवनमा परमेश्वरले गर्नुभएको काममा आधारित छ जसले गर्दा, ख्रीष्टियान धर्मको ऐतिहासिक परिवेश थाहा गराइले हामीलाई नयाँ करार बुझ्न सहायता गर्छ। यस पाठको सुरुवातका मत्ती र लूकाका अंशहरूले येशुको जीवनको ऐतिहासिक परिवेशमाथिको लेखकको जोडलाई देखाउँछ।

संसारका अरू धर्महरू भन्दा ख्रीष्टियान धर्म फरक छ। पूर्वीय धर्महरूका विद्यार्थीहरूले बिना बुद्धको बुद्धधर्म मूलत उस्तै छ; बिना देवदेवीहरूको हिन्दू धर्म धेरै हदसम्म उस्तै छ भनेर देखाएका छन्। यसैगरी, नासरतको येशुको जीवन, मृत्यु र

२ यूहन्ना १:१४

पुनरूत्थानबिना ख्रीष्टियान धर्म खोक्रो छ । "यदि ख्रीष्ट मृतकबाट पुनर्जीवित पारिनुभएको होइन भनेता हाम्रो प्रचार व्यर्थ हुन्छ, र तिमीहरूको विश्वास पनि व्यर्थ हुन्छ ।"[३]

ख्रीष्टियान धर्म एउटा ऐतिहासिक विश्वास हो; बाइबल एउटा ऐतिहासिक पुस्तक हो । यसले पौराणिक कथाहरू र दन्त्यकथाहरू अभिलेख गर्दैन; यसले ऐतिहासिक घटनाहरू अभिलेख गर्छ । केही विद्वानहरू दाबी गर्छन् कि बाइबल, विज्ञान अघिका दन्त्यकथाहरूद्वारा चित्रित महा नैतिक शिक्षाहरूको सङ्ग्रह हो । यद्यपि, बाइबलले हामीलाई यो विकल्प दिँदैन; धर्मशास्त्रले स्पष्टसँग ऐतिहासिक सत्य भएको स्वीकार गर्छ ।

नयाँ करार कुनै खास समय, स्थान र संस्कृतिमा घटेका घटनाहरूमा आधारित छ । यसको समय पहिलो शताब्दी इ.सं. हो; यसको स्थान प्यालेस्टाइन र रोमी जगत हो; यसको संस्कृति यहूदी, ग्रीक र रोमी हुन् । यस ऐतिहासिक र भौगोलिक परिवेशको महत्त्वको कारण, हामी येशु र प्रारम्भिक मण्डलीको संसारको विवरणबाट हाम्रो अध्ययन सुरु गर्नेछौं ।

## नयाँ करारको भौगोलिक परिवेश

प्यालेस्टाइनको भूमि इस्राएली इतिहास र येशुको सांसारिक सेवाकाइको केन्द्रबिन्दु हो । "नासरतको येशु" उपनामले पनि उहाँको जीवनमा यस ठाउँको महत्त्वलाई जनाउँछ ।

प्यालेस्टाइन लगभग ७५ किलोमिटर चौडा र २३५ किलोमिटर लामो छ ।[४] सानो भए तापनि, यो क्षेत्र प्राचीन इतिहासकका घटनाहरूका लागि एउटा रणनीतिक स्थान थियो । दक्षिण-पश्चिमतिर मिश्र, उत्तरमा सिरिया, उत्तर-पूर्वमा अश्शूर र पूर्वमा बेबिलोन परेकोले नै यो क्षेत्र व्यापारिक चौबाटो र सैन्य रणनीतिको लागि महत्त्वपूर्ण स्थान बन्यो ।

### पश्चिम-पूर्व भूमिको विशेषताहरू

पश्चिमबाट पूर्वतिर (भूमध्य सागरबाट यर्दन नदीतिर) अघि बढ्दै जाँदा, प्यालेस्टाइनको यात्रा गर्ने व्यक्तिले तीन वटा फरक-फरक भूभागको सामना गर्छ । यो भूमि भूमध्य सागरको तटीय मैदानबाट, मध्य पहाडहरू हुँदै समुन्द्रबाट लगभग ८०० मिटर[५] को अग्लो बिन्दुमा पुग्छ । आत्मिक र भौगोलिक दुवै हिसाबले यरूशलेम इस्राएलको सबैभन्दा अग्लो बिन्दु थियो ।

पूर्वतिर भने यहूदी उजाड-स्थान पर्छ । पहाडहरू र दुर्गम भूभागको उजाड क्षेत्र भएकोले यो क्षेत्र यात्रीहरूका लागि खतरनाक र बस्न नसकिने ठाउँ थियो ।

यस पहाडी क्षेत्रबाट यर्दन उपत्यका समुद्री सतहभन्दा ४१५ मिटर[६] तल पर्छ, जुन हाम्रो पृथ्वीको सबैभन्दा तल्लो बिन्दु हो । यर्दन नदीको हावा गालील समुद्रको उत्तरी पहाडदेखि दक्षिणमा मृत सागरसम्म १०० किलोमिटरको दूरीमा[७] बहन्छ ।

अधिकांश येशुको सेवाकाइमा उहाँको यात्राको पूर्वी सीमाना यर्दन नदी थियो । यद्यपि, समय-समयमा (यर्दन पारी– यर्दन नदीको पूर्वतिरको क्षेत्र) यर्दन पारिका इलाकामा यात्रा गर्न गालील समुद्र तरेर जानुभयो । यो क्षेत्रमा (ग्रीक प्रभुत्वको समयमा स्थापित "दश सहरहरू") *डेकापोलिस* र पेरिया पर्छन् । यस क्षेत्रका अन्यजातिहरूको सेवा गर्न येशु इच्छुक हुनुभएकोमा

---

३ १ कोरिन्थी १५:१४

४ यो ४५ माइल चौडा र १४५ माइल लामो थियो

५ २,६०० फिट

६ १,३७० फिट

७ ६५ माइल

उहाँका चेलाहरू छक्क पारे । डेकापोलिस र पेरियामा येशुका चेलाहरूले "यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म" उहाँको साक्षी बन्ने अन्तिम आज्ञाबारे सङ्केतहरू पाए ।[८]

## उत्तर-दक्षिण भूमिका विशेषताहरू

उत्तरबाट दक्षिणतिर अघि बढ्दै जाँदै, यात्रु गालील र सामरिया हुँदै यहूदियाको यात्रा गर्छ, जुन प्यालेस्टाइनको धार्मिक र राजनैतिक केन्द्र थियो । गालील, ताजा पानीयुक्त नदी- गालील समुद्रले घेरिएको एउटा व्यापारिक क्षेत्र थियो । यस सुन्दर क्षेत्रमा पर्ने थुप्रै स-साना गाउँहरूमध्ये एक नासरत थियो । गालीलले गालील समुद्रबाट प्रशस्त मात्रामा माछाहरू र यस समुद्रको उत्तरपश्चिमी किनारामा पर्ने गनेसरेतको समतल मैदानमा वर्षभरि उत्पादन हुने फलफूल तथा तरकारीहरूको आनन्द उठायो ।

सामरिया क्षेत्रले उत्तरका यहूदीहरूलाई यरूशलेम मन्दिरबाट अलग राख्यो । सामरीहरू इ.पू. ७२२ मा अश्शूरको आक्रमणपछि अन्तरजातीय विवाहबाट जन्मेका यहूदीहरूका सन्ततिहरू थिए । सामरीहरू पुरानो करारको व्यवस्था र खतनाको पालना गर्दथ्ये, चाडहरू मनाउँथ्ये र मसिहाको आगमनको प्रतीक्षा गर्दथ्ये । तथापि, गीरीज्जीम डाँडामा सामरीहरूका आफ्नै आराधना स्थान थियो र यहूदीहरूले तिनीहरूलाई अछूत ठान्थे । धेरैजसो यहूदीहरू सामरिया भएर यात्रा गर्नुको साटो यर्दनको पूर्वी किनार हुँदै यात्रा गर्न यर्दन नदी तर्दथे । परन्तु, येशु इनारमा पानी भर्न आएकी स्त्रीलाई सुसमाचार सुनाउन सामरिया भएर यात्रा गर्नुभयो । यस सामरी स्त्रीले मसिहा भएको येशुको पहिलो प्रत्यक्ष दाबी सुनिन् ।[९]

यहूदिया र यसको केन्द्रीय सहर, यरूशलेम दक्षिणमा अवस्थित थिए । आँखाले देख्न सक्ने दूरीमा रहेको जैतुन डाँडा यहूदी विश्वासको धार्मिक केन्द्र थियो । हरेक वर्षको निस्तार चाडमा यहूदी परिवारहरू यरूशलेमको मन्दिर जान्थे । येशु सानै छँदा उहाँको परिवारले त्यहाँको यात्रा गरे; र आफ्नो पिताको घरमा येशु शिक्षकहरूसँग बसिरहनुभएको भेट्टाइनुभयो ।[१०]

# नयाँ करारको ऐतिहासिक परिवेश

इ.पू. ५८६ मा बेबिलोनको कब्जामा गएदेखि सुरु भएको प्यालेस्टाइनको इतिहास उथलपुथल र सङ्घर्षको कथा हो । यहूदाले फेरि कहिल्यै आफ्नो गौरव प्राप्त गरेन ।

इ.पू. ५३९ मा फारसका राजा कोरेसको हातबाट बेबिलोन पराजित नभएसम्म बेबिलोनी साम्राज्यले प्यालेस्टाइनमाथि आफ्नो कब्जा जमायो । कोरेसले यहूदीहरूलाई यरूशलेममा फर्केर जान दिए । त्यसपछिको शताब्दीमा एज्रा, यरुबाबेल र नहेम्याहको नेतृत्वमा यो सहरको पुन:निर्माण गरिएको थियो । यद्यपि, यरूशलेम अझै पनि फारसको कब्जामा थियो । यही फारसको प्रभावको कारण, येशुका समयका सामान्य यहूदीहरूले फारस साम्राज्यको भाषा, आरामिक बोल्थे ।

इ.पू. ३३४ मा सिकन्दर महान्ले फारसलाई पराजित गरे । प्यालेस्टाइन ग्रीक साम्राज्यको एउटा भाग बन्यो । इ.पू. ३२३ मा सिकन्दरको मृत्यु भएपछि, उनको साम्राज्य चार जना सेनापतिहरू बीच बाँडिएको थियो । ती मध्ये दुई सेनापतिहरू, टोलमी र सेल्यूसिड्स र तिनका भाइभारदारहरू बीच प्यालेस्टाइन एउटा युद्ध मैदान बन्यो । यो यहूदी इतिहासको सबैभन्दा अँध्यारो समयहरू मध्ये एक थियो । यस समयमा एन्टिओकस एपिफनेस (ग्रीक सेल्यूसीड शासक)ले यरूशलेमको मन्दिरमा ग्रीक देवता जिउसको वेदी बनाएर त्यस मन्दिरलाई अपवित्र पारे ।

---

८ प्रेरित १:८

९ यूहन्ना ४:२६

१० लूका २:४१-५२

एन्टिओकस एपिफनेसको तानाशाहीले यहूदी परिवार, मकाबीको नेतृत्वमा विद्रोह गर्न प्रेरित गर्यो । मकाबी परिवारले यहूदियालाई पुन: आफ्नो कब्जामा लिए र हस्मोनियन वशंको स्थापना गरे । इ.पू. १६६-६३ बाट, प्यालेस्टाइनलाई मकाबी परिवारले शासन गरे । दुर्भाग्यवश, यो पारिवारिक प्रतिस्पर्धा र धार्मिक आस्थात्यागको कारण राष्ट्रिय अस्थिरताको समय थियो । इ.पू. ६७ सम्म, यो परिवार गृह युद्धमा फसेको थियो ।

रोमले प्यालेस्टाइनमाथि कब्जा जमाउन यहूदी नेताहरू बीचको यो विभाजनको छिट्टै फाइदा उठायो । इ.पू. ६३ मा, रोमी सेनापति पोम्पेले यरूशलेम कब्जा गर्यो । पोम्पेले आफ्नो प्रतिनिधि हिर्कानस द्वितीयलाई प्रधान पुजारीको रूपमा नियुक्त गरे र उनलाई यहूदाको *डे फ्याक्टो(अवैधानिक)* शासक बनाए ।[११] ख्रीष्टको समयमा प्यालेस्टाइन रोमद्वारा शासित थियो ।

इ.पू. ३७ मा, रोमको व्यवस्थापिकाले हेरोद महान्‌लाई यहूदियाको राजा नियुक्त गर्यो । हेरोद एदोमी वंशको एदोमेली थिए । सयौं वर्षदेखि, इस्राएलीलाई प्रस्थानको समयमा कनानको बाटो हुँदै जान नदिएदेखि यरूशलेमको विनाशमा बेबिलोनसँग गरिएको सहकार्यसम्म एदोम इस्राएलको शत्रु थियो ।[१२] एदोमीको भएकोले हेरोद महान्‌लाई यहूदीहरूले अविश्वासको नजरबाट हेर्थे ।

इ.पू. ३० सम्ममा, हेरोदले आफ्ना शत्रुहरूमाथि विजय पाइसकेका थिए र रोमको अधीनत्वमा यहूदियाको एकमात्र शासक भए । हेरोद बुझिनसक्ने सकारात्मक र नकारात्मक गुणहरू भएको व्यक्ति थिए । एकातिर, उनले यरूशलेमको मन्दिर पुनर्निर्माण गर्न र तिनीहरूका आहारसम्बनधीका व्यवस्था पालन गरेर यहूदीहरूप्रति सम्मान देखाए । अर्कोतिर, आफ्नो सिंहासनको प्रतिद्वन्द्वी बन्ने उमेर पुगेका आफ्नै केही छोराहरूलाई मार्ने उग्र ईर्ष्यालु थिए ।

इ.पू. ४ मा हेरोद महान्‌को मृत्युपछि, रोमले उनको राज्यलाई उनका तीन जना छोराहरूमा भागबण्डा गरिदियो । ती शासकहरूले नयाँ करारको इतिहास र येशुको सेवाकाइमा प्रत्यक्ष प्रभाव पारे ।

**हेरोद अर्खिलाउसलाई** यहूदियाको नियन्त्रण दिइयो । अर्खिलाउसको निर्दयी छवीको कारण, योसेफ र मरियम बेथलेहेममा फर्कनुको साटो नासरतमा गए ।[१३] अर्खिलाउसको निर्दयताले गर्दा यहूदी प्रतिनिधिमण्डलले रोममा राहतको अपिल गर्नु पर्यो । अर्खिलाउसलाई बरखास्त गरियो र यहूदियालाई रोमले पठाएको बडा हाकिम (वा राज्यपाल) को शासनमा राखियो ।

येशुको केरकारको समयमा पन्तियस पिलातस रोमी बडा हाकिम थिए, जो कैसरियामा बस्थे र महत्त्वपूर्ण चाडहरूको समयमा यरूशलेमको यात्रा गर्दै थिए ।[१४] रोम र यहूदी अगुवाहरू बीच मध्यस्थता गर्ने गाह्रो काम बडा हाकिमको थियो । पिलातसले यहूदीहरूलाई विद्रोह गर्न नउक्साइकन रोमका कानुनहरू लागू गर्नु पर्थ्यो । यसको लागि, उनले महासभालाई अति धेरै स्वतन्त्रता दिए । महासभामा प्रमुख यहूदी रब्बीहरू सामेल थिए । राष्ट्रको धार्मिक, सांस्कृतिक र न्यायिक निर्णयहरू लिन यो सभा बस्थ्यो । प्रधान पुजारी कैयाफालाई येशुकका कार्यहरूले रोमलाई क्रोधित बनाएर यो स्वतन्त्रता खोसिने छ कि भन्ने डर थियो ।[१५]

हेरोद महान्‌का छोराहरूमा **हेरोद फिलिप** सबैभन्दा उदार थिए । यिनले गालीलको उत्तरपूर्व क्षेत्रमा शासन गरे । यरूशेममा यहूदी धर्म-गुरुहरूबाट पक्राउ पर्ने जोखिमबाट बच्न येशुले यस क्षेत्रमा समय बिताउनुभयो । हिरोद फिलिपले पनियास

---

११ *डे फ्याक्टो(अवैधानिक)* शासक त्यो व्यक्ति हो जसले आफ्नो प्रान्तमाथि वर्चस्व राख्छ, यद्यपि अर्को व्यक्तिसँग शासकको पदवी हुन सक्छ । पोम्पे शासक थिए, तर हिर्कानस द्वितीयको राजनैतिक वर्चस्व थियो ।

१२ गन्ती २०:१४-२१; ओबदिया १:१-२१

१३ मत्ती २:२२-२३ बेथलेहेम अर्खिलाउसको अधीनतामा थियो; गालीलको नासरत चाहिँ हेरोद एन्टिपासको अधीनतामा थियो ।

१४ इ.स. २६-३६ सम्म पिलातसले शासन गरे ।

१५ यूहन्ना ११:४९

सहरको पुनर्निर्माण गरे र त्यसलाई कैसरिया फिलिप्पी भनेर नामाकरण गरे । यो त्यही ठाउँ थियो जहाँ पत्रुसले यो कुरा स्वीकार गरेका थिए, "तपाईं ख्रीष्ट, जीवित परमेश्वरका पुत्र हुनुहुन्छ ।"[१६]

**हेरोद एन्टिपास** इ.पू. ४ देखि इ.स. ३९ सम्म गालील र पेरियाको शासक थिए । एन्टिपासले बप्तिस्मा दिने यूहन्नालाई झ्यालखानामा हाले र मारे ।[१७] गालीलमाथि हेरोद एन्टिपासको अधिकार भएकोले पिलातसले येशुलाई केरकारको लागि उनकहाँ पठाएर येशुको नियतिको जिम्मेवारीबाट जोगिने प्रयास गर्यो ।[१८] यद्यपि, हेरोदले आफ्नो फैसला सुनाउन इन्कार गरे र फैसलाको लागि येशुलाई पिलातसकहाँ पुन: पठाए ।

## नयाँ करारको सांस्कृतिक परिवेश

नयाँ करारको सांस्कृतिक परिवेश यसको ऐतिहासिक परिवेश जत्तिकै महत्त्वपूर्ण छ । परमेश्वरले येशुलाई तीन भिन्न संस्कृतिहरूबाट प्रभावित संसारमा पठाउनुभयो । ती प्रत्येक संस्कृतिहरूले नयाँ करारको संसारमा महत्त्वपूर्ण प्रभाव पार्यो ।

### नयाँ करारको ग्रीक परिवेश

सिकन्दर महान्‌को प्रभाव इ.पू. ३२३ मा भएको उनको मृत्युपछि पनि लामो समयसम्म रहिरह्यो । उनले आफ्नो साम्राज्यका सबैले एउटै भाषा बोलेको चाहन्थे । यसले गर्दा, ग्रीक नयाँ करारको भाषा बन्यो । अधिकांश यहूदीहरूले आरामिक र ग्रीक दुवै बोल्थे ।

नयाँ करार, पहिलो शताब्दीमा भूमध्यसागरीय क्षेत्रमा सबैले बोल्ने भाषा *कोइने ग्रीक* मा लेखिएको थियो । आरामिक (प्यालेस्टाइनमा बोलिने भाषा) र हिब्रू (पुरानो करारको भाषा) केवल यहूदीहरू बीच बोलिने भए तापनि, ग्रीक भाषा चाहिँ सम्पूर्ण रोमी साम्रज्यभरि बोलिन्थ्यो । प्रेरितहरूले जहाँकहीँ प्रचार गरे पनि तिनीहरूको सन्देश बुझिन्थ्यो ।

पावलका पत्रहरूको प्रगाढ ईश्वरशास्त्रीय विचारहरूका लागि ग्रीक भाषाको सुस्पष्टता उचित थियो । हिब्रू पुरानो करारका कविहरू र अगमवक्ताहरूका मूल्यवान् दर्शनको लागि उपयुक्त सुन्दरताले पूर्ण काव्यात्मक भाषा हो । ग्रीकमा अभिव्यक्तिका सटीक शब्दहरू छन् र यसले पावललाई आफ्नो नयाँ विश्वासीहरूलाई धर्मीकरण र पवित्रीकरणको गहन धर्मसिद्धान्त सिकाउन सहायता गर्यो ।

*सेप्टुआजिन्ट*, पुरानो करारको ग्रीक अनुवाद हो । इ.पू. तेस्रो शताब्दीबाट यो अनुवादले गर्दा ग्रीक भाषा बोल्ने यहूदीहरूले धर्मशास्त्र पढ्न पाए । यस बाहेक, *सेप्टुआजिन्ट*ले पुरानो करार (प्रारम्भिक मण्डलीको बाइबल)मा अन्यजाति विश्वासीहरूको पहुँच सहज बनायो ।

---

१६ मत्ती १६:१६

१७ मर्कूस ६:१७-२९

१८ लूका २३:६-१२

# नयाँ करारको रोमी परिवेश

## सुसमाचारका पुस्तकहरू

येशुको जीवनमा रोमीको प्रभाव उहाँको जन्मदेखि नै देखिन्छ। मसिहा बेथलेहेममा जन्मनुहुनेछ भन्ने मीकाको अगमवाणी पूरा गर्न परमेश्वरले अन्यजाति सम्राटलाई जनगणना लिन प्रयोग गर्नुभयो।[१९] जसरी परमेश्वरका मानिसहरूलाई निर्वासनबाट फर्काउन फारसको राजा कोरेस परमेश्वरको माध्यम भएजस्तै, त्यसरी नै योसेफ र मरियमलाई नासरतबाट बेथलेहेममा लैजान कैसर अगस्टस परमेश्वरको माध्यम भए।

त्यहाँ जनगणनाका दुई वटा तरिकाहरू उपलब्ध थिए। रोमीहरूले हरेक व्यक्तिले आफ्नो निवास सहरमा गएर विवरण दर्ता गरेको रूचाए। तापनि, यहूदीहरूले चाहिँ हरेकको पारिवारिक पुर्ख्यौली गाउँमा कुलअनुसार अभिलेख लेखाउन रूचाए, त्यसैले रोमीले यहूदियालाई आफ्नो परम्परागत तरिकाले जनगणना लिन स्वीकृति दियो। यसले गर्दा योसेफ र मरियमले आफ्नो गृहनगर नासरतबाट १०० माइल[२०] टाढाको यात्रा गर्नु पर्‍यो।

सुसमाचारका पुस्तकहरूले नयाँ राज्यको येशुको सन्देशबाट जोखिम महसुस गर्ने रोमी शासकहरू र येशु बीचको सङ्घर्षलाई देखाउँछन्। रोम र तिनको राजनैतिक विषयमा येशुले थोरै कुरा मात्र भन्नुभए तापनि, परमेश्वरको राज्यको सन्देश यस संसारका राज्यहरूका लागि एउटा चुनौती थियो।

## प्रेरितको पुस्तक

प्रेरितको पुस्तकले सुसमाचारको विस्तारमा रोमी साम्राज्यलाई परमेश्वरले कसरी प्रयोग गर्नुभयो भन्ने देखाउँछ। *प्याक्स रोमाना* शब्दले रोमी साम्राज्य क्रूरतापूर्वक लागू गरेको शान्तिलाई जनाउँछ।[२१] रोमको शक्तिलाई प्रायजसो अन्यायपूर्ण ढङ्गले प्रयोग गरिए तापनि (येशुलाई क्रूसको दण्ड दिनाले), रोमी शक्तिले यात्राहरूलाई हिंस्रक मानिसहरूबाट जोगाउने, साम्राज्यलाई एकतामा राख्ने र प्रेरितहरूको मिसनरी यात्रालाई सम्भव बनाउने काम पनि गर्‍यो। रोमले पूर्वको युफ्रेटस नदीदेखि पश्चिमको स्कटल्याण्डसम्म ८५,००० किलोमिटर[२२] सडक निर्माण गर्‍यो र सबै भूमध्यसागरी क्षेत्रमा समुद्री मार्गहरू बनायो। पावलको मिसनरी यात्राहरू रोमले बनाएका सडकहरू र समुद्री मार्गहरूको कारण विशेषत: सम्भव भएका थिए।

साना नगरहरू र ग्रामीण क्षेत्रहरू वरिपरि हुर्किएको परम्परागत यहूदी संस्कृतिभन्दा भिन्न, रोम ठुला सहरहरूको साम्राज्य थियो। सुसमाचारको विस्तारको लागि ती सहरहरूको महत्त्व ठुलो थियो। पावलका यात्राहरूलाई रोमी साम्राज्यका मुख्य सहरहरूलाई हेर्दै पत्ता लगाउन सकिन्छ। हरेक क्षेत्रमा, धेरैभन्दा धेरै मानिसहरूमा पुग्न पावलले मुख्य सहरहरूमा सुसमाचार प्रचार गरे। पावलले रोमी साम्राज्यका प्रमुख सहरहरूमा सुसमाचार प्रचार गरे र रोममा समेत प्रचार गर्ने योजना बनाए जुन पहिलो शताब्दकीको संसारको केन्द्र थियो।[२३]

---

१९ मीका ५:२; लूका २:१-५

२० ६५ माइल

२१ "रोमी शान्ति"

२२ ५३,००० माइल

२३ रोमी १:११-१५

पावलले सुसमाचार विस्तार गर्ने काममा मदत लिन रोमी नागरिकको अधिकारलाई पूर्णरूपमा सदुपयोग गरे। फिलिपपीमा[२४] कानुनी सुरक्षाको आफ्नो मागदेखि कैसर समक्षको सुनुवाइसम्म,[२५] पावलले ख्रीष्टको खातिर आफ्नो नागरिकताको सदुपयोग गरे।

## पावलका पत्रहरू

फिलिप्पीको पत्रले आफ्ना पाठकहरूलाई तिनीहरूको नागरिकता स्वर्गमा छ भनेर याद दिलाउन नागरिकता शब्दको प्रयोग गर्छ।[२६] भगुवा दास र आफ्नो नयाँ विश्वासी ओनेसिमसलाई मृत्युदण्ड दिने रोमी कानुन जानेर फिलेमोनलाई आग्रह गर्न पावलले आफ्नो पत्र लेखे। पावलले रोमी, गलाती र एफिसीमा धर्मीकरण र माफी जस्ता ईश्वरशास्त्री विचारहरूलाई प्रस्ट्याउन रोमी कानुनी भाषाको प्रयोग गर्छन्।

पावलको धर्म-पुत्रीकरणको अलङ्कारसँग यहूदीहरूभन्दा पनि रोमीहरू बढी परिचित थिए।[२७] धर्म-पुत्रीकरण रोमी समाजमा एकदम सामान्य कुरा थियो। धर्म-पुत्रीकरणमा पुरानो ऋण माफी, नयाँ पुत्रको पैत्रिक सम्पत्तिको अधिकार र नयाँ जीवनको सुरुवात जस्ता कुराहरू पर्छन् भन्ने कुरा रोमीहरूले बुझेका थिए। पावलले नयाँ विश्वासीलाई परमेश्वरको परिवारमा धर्म-पुत्रको रूपमा स्वीकार गरिँदा हुने परिवर्तनहरू प्रस्टाउन रोमी कानुनी अवधारणाहरूको प्रयोग गरे।

## प्रकाशको पुस्तक

रोमले विभिन्न धार्मिक आस्थाहरूप्रतिको आफ्नो सहिष्णुतामा गौरव गर्‍यो; र पनि, सबै मानिसहरूले सम्राटको ईश्वरको रूपमा स्वीकार गर्नुपर्थ्यो। "कैसर प्रभु हुन्" भनेर स्वीकार गरूञ्जेलसम्म यहूदी वा ख्रीष्टियान शिक्षाहरूलाई रोमले छुट दिन्थ्यो। तर, "येशु ख्रीष्ट प्रभु हुनुहुन्छ" भन्ने ख्रीष्टियान सन्देश रोमी सरकारको लागि अस्वीकार्य थियो।[२८] रोम र प्रारम्भिक मण्डली बीच सङ्घर्ष हुन धेरै लामो समय लागेन।

यद्यपि, मानिसले दुष्ट योजना बनाए तापनि, परमेश्वरले त्यसलाई भलाइको निम्ति प्रयोग गर्नुभयो। महान् आज्ञाको पूरा गर्न परमेश्वरले सतावटलाई एउटा प्रमुख माध्यमको रूपमा प्रयोग गर्नुभयो। सतावटको कारण, ख्रीष्टियानहरू यहूदिया र सामरियाका विभिन्न स्थानहरूमा छरपस्ट भए। परमेश्वरको योजनाअनुसार, छरपस्ट भएकाहरू वचन प्रचार गर्दै जताततै गए।[२९]

प्रकाशको पुस्तक यही रोमी सतावटको सन्दर्भमा लेखिएको थियो। यूहन्नाका दर्शनहरूले कष्ट-भागिरहेका ख्रीष्टियानहरूलाई रोम (वा परमेश्वरको विरोध गर्ने जुनसुकै शक्ति) पराजित हुनेछ भनेर विश्वास दिलाए। मानव इतिहास कैसर नभई, परमेश्वरको हातमा छ।

---

२४ प्रेरित १६

२५ प्रेरित २५:११

२६ फिलिप्पी ३:२०

२७ गलाती ४:५; एफिसी १:५

२८ फिलिप्पी २:११

२९ प्रेरित ८:१, ४

# नयाँ करारको यहूदी परिवेश

## मसिही अपेक्षाहरू

*ख्रीष्ट*, हिब्रू शब्द *मसिहा*को समान अर्थ दिने शब्द हो। येशुलाई पछ्याउने भीडहरूले मसिहालाई खोजिरहेका थिए। पावलले उद्घोष गरे "यही येशु, जसको म तिमीहरूमा प्रचार गर्छु, नै ख्रीष्ट हुनुहुन्छ।"[३०] मसिहाको आगमनको तिनीहरूका प्रतीक्षाले येशुको शिक्षाप्रति मानिसहरूको कान खोलिदियो।

## सभाघरहरू

इ.पू. ५८६ मा यरूशलेमको मन्दिर ध्वस्त भएपछि, सभाघरहरू यहूदीहरूको आराधना गर्ने स्थान बन्यो। दश जनाको एउटा समुदायमा एउटा सभाघर हुन्थ्यो। सभाघर आराधना, पठन पाठन, धार्मिक र नागरिक अदालत र सामाजिक गतिविधिहरूका केन्द्रीय स्थान थियो। येशुले अभिलेख गरिएको आफ्नो पहिलो प्रचवन सभाघरमा दिनुभयो, सभाघरमा निको पार्नुभयो र सभाघरमा सिकाउनुभयो।[३१]

कोरेसले यहूदीहरूलाई आफ्नो मातृभूमिमा फर्कन दिएपछि पनि, धेरै यहूदीहरू बेबिलोनमै बसिरहे; यरूशलेमको पतनपछि तिनीहरू भागेर अलेक्जेन्ड्रिया, मिश्र र अन्य सहरहरूमा गएका थिए। यो सुसमाचारको विस्तारको लागि महत्त्वपूर्ण भयो। प्रेरितहरूले प्रचार गरेका सबैजसो सहरमा तिनीहरूले त्यहाँ स्थानीय यहूदीका सभाघर भेट्टाउँथे।

पावल कुनै नयाँ सहरमा जाँदा, उनले यहूदी आराधकहरू र सत्यको खोजी गर्ने अन्यजाति अर्थात्, परमेश्वरको भय-मान्नेहरूको सभाघरमा प्रचार गरेर सुरु गर्दथ्ये।[३२] ती अन्यजातिहरू परमेश्वरको सन्देशप्रति खुला थिए।

## यहूदी धार्मिक समूहहरू

**फरिसीहरू** येशुको समयका सबैभन्दा बढी प्रख्यात धार्मिक मानिसहरू थिए। सङ्ख्यामा थोरै (लगभग ६,०००) भए पनि, यिनीहरू सामान्य यहूदीहरू माझ लोकप्रिय थिए। फरिसी नाउँको अर्थ "अलग गरिएका" थियो। मोशाको व्यवस्था सावधानीपूर्वक पालन गरेकोले तिनीहरूको कदर गरिन्थ्यो। फरिसीहरू र ख्रीष्टियान बीच थुप्रै विश्वासहरू समान छन्: पुनरूत्थान, स्वर्गदूतहरू, प्रार्थना र पुरानो करारप्रतिको सम्मान। तर, तिनीहरूले मोशाको व्यवस्थामा थुप्रै मौखिक रीतिहरू थपे। अन्तमा, धेरैजसो फरिसीहरूले मसिहा भएको येशुको दाबी अस्वीकार गरे।

**सदुकीहरू** येशुको समयमा राजनैतिक शक्ति राख्दथे। रोमसँग सहकार्य गरेर सदुकीहरूले प्रधान पुजारी र महासभाको अधिकार आफ्ना हातमा लिएका थिए। सदुकीहरूले *तोराह*लाई प्रामाणिक भएको स्वीकार गरे।[३३] तिनीहरूले अगमवाणीका पुस्तकहरू र मौखिक रीतिहरूलाई अस्वीकार गरे। परिणाम स्वरूप, तिनीहरूले स्वर्गदूतहरू, आत्माहरू र पुनरूत्थानको विश्वासलाई अस्वीकार गरे। यरूशलेमको मन्दिरमा रहेको तिनीहरूको हैसियतबाट तिनीहरूको शक्ति आएको हुँदा, इ.स. ७० को यरूशलेमको मन्दिरको विनासपछि सदुकीहरू अलप भए।

---

३० प्रेरित १७:३

३१ लूका ४:१६-३०; मर्कूस ३:१-५; यूहन्ना १८:२०

३२ (उदाहरणको लागि, प्रेरित १३:५)

३३ *तोराह* को अर्थ "व्यवस्था" हो। यो मोशाका पुस्तकहरूलाई जनाउने हिब्रू शब्दावली हो।

## नयाँ करारको संसारका रहनसहनहरू

नयाँ करारको संसारका रहनसहनहरू बुझ्‍नाइले हामीलाई नयाँ करारको सन्देश राम्रोसँग बुझ्‍न मदत गर्छ। दुई वटा उदाहरणहरूले नयाँ करारका रहनसहनहरूको अध्ययनको महत्त्वलाई देखाउनेछन्।

- धेरैजसो यहूदीहरू एक कोठे घरहरूमा बस्दथ्ये। चौपायाहरूलाई प्राय: दानापानीका डुँड सहित घरको बाहिरी कोठामा राखिन्थ्यो। जब मरियम र योसेफ बेथलेहेममा पुगे, जनगणनाको समयमा मुख्य पहुनाकोठाहरू (धर्मशाला) भरिभराउ भएको हुँदा, सम्भवत: तिनीहरूलाई बाहिरी कोठामा बस्‍न दिइएको थियो। धर्मशालाको संचालकले दया देखाउँदै त्यस व्यस्त समयमा उपलब्ध सबैभन्दा राम्रो आतिथ्य प्रदान गरेका थिए।

- यहूदियाका निवासी गोठालाहरूले धेरैजसो भेडाका केही बगालहरूलाई आपसमा मिसिन दिन्थे। जब भेडा छुट्याउने समय आउँथ्यो, हरेक गोठालोले आफ्नो भेडाहरूलाई बोलाउथ्यो। त्यस भेडाले आफ्नो गोठालोको सोर चिन्थ्यो। येशुले भन्‍नुभयो कि उहाँको भेडाले "उहाँलाई पछ्याउँछ: किनभने तिनीहरू उहाँको सोर चिन्छन्। अपरिचित व्यक्तिलाई तिनीहरूले पछ्याउँदैनन्, तर त्यसदेखि भाग्‍नेछन्; किनभने अपरिचित व्यक्तिको सोर तिनीहरूले चिन्दैनन्।"[३४]

नयाँ करारको संसारको रहनसहनको बारेमा अधिक जानकारीको लागि, तपाईंले अनलाइनमा उपलब्ध *बाइबलका रहनसहनहरू र रीतिरिवाजहरू* पढ्न सक्नुहुन्छ।[३५]

## नयाँ करारको अख्तियार

के हामी नयाँ करारको अख्तियारमा भरोसा राख्‍न सक्छौं? धेरै झुटा शिक्षाहरू बाइबलको सत्यतालाई अस्वीकार गर्ने वा बाइबल बाहिर प्रकाशका नयाँ स्रोतहरू भेटे भनेर दाबी गर्नेहरूबाट आउँछन्। नयाँ करारको अख्तियारलाई बुझ्‍नको लागि दुई वटा मुद्दाहरू महत्त्वपूर्ण छन्।

१. क्यानोन (धर्मशास्त्र निर्धारक)को मुद्दा: *कुन-कुन पुस्तकहरू परमेश्वरको अभिप्रेरित वचन हुन्?*
२. लेखोटको सत्यनिष्ठाको मुद्दा: *के अहिलेको हाम्रो लेखोट मूल लेखोटसँग दुरुस्त छ?*

### क्यानोन (धर्मशास्त्र निर्धारक): कुन-कुन पुस्तकहरू परमेश्वरको अभिप्रेरित वचन हुन्?

धर्मशास्त्रको क्यानोन (धर्मशास्त्र निर्धारक) ख्रीष्टियानका लागि एउटा महत्त्वपूर्ण मुद्दा हो। यसले "परमेश्वरका मानिसहरूका लागि कुन-कुन पुस्तकहरू परमेश्वरको वचन हो?" भन्‍ने प्रश्‍नको उत्तर दिन्छ। नयाँ करारका पुस्तकहरू साँच्चै परमेश्वरको वचन हो भनेर हामी कसरी थाहा पाउँछौं?

*क्यानोन* शब्द "नियम" वा "मापदण्ड" अर्थ दिने ग्रीक शब्दबाट आएको हो। नयाँ करारको क्यानोन (धर्मशास्त्र निर्धारक) मा ती पुस्तकहरू पर्छन् जुनले कुन लेखहरू साँच्चै परमेश्वरको वचन हो भनेर प्रारम्भिक मण्डलीले निर्धारण गर्न प्रयोग गरेको मापदण्डलाई पूरा गर्छन्। क्यानोन (धर्मशास्त्र निर्धारक) गठन दुई वटा मुद्दाहरूद्वारा अभिप्रेरित थिए।

---

३४ यूहन्‍ना १०:४, ५

३५ फ्रेड एच. वाइट। *बाइबलका रहनसहनहरू र रीतिरिवाजहरू*, १९५३। यहाँ उपलब्ध छ www.baptistbiblebelievers.com/OTStudies/MannersandCustomsInBibleLands१९५३/tabid/२३२/Default.aspx as of September ८, २०२०

१. **झुटो धर्मसिद्धान्त** अहिले जस्तै प्रारम्भिक मण्डलीमा पनि, झुटा शिक्षकहरूले बाइबलीय प्रकाशका केही अंशहरूलाई अस्वीकार गरे । उदाहरणको लागि, दोस्रो शताब्दीमा मर्सियोनले पुरानो करारको परमेश्वर दुष्ट हुनुहुन्थ्यो भनेर सिकाए । आफ्नो शिक्षालाई पुष्टि गर्न, पावलका लेखहरू र लूका आंशिक कुराहरू बाहेक बाइबलका सबै पुस्तकहरूलाई अस्वीकार गरे । धर्मसिद्धान्तको लागि एउटा ठोस आधार प्रदान गर्न सर्वमान्य क्यानोन (धर्मशास्त्र निर्धारक)को स्वीकृति महत्त्वपूर्ण थियो । शिक्षकहरू आफूले सिकाएको धर्मसिद्धान्त परमेश्वरको वचनमा आधारित थियो भन्ने कुरामा ढुक्क हुन सक्थे ।

२. **सतावट** सतावटको समयमा ख्रीष्टियानहरू धर्मशास्त्र राखेको कारण मारिन सक्थे । तिनीहरूले यो थाहा गर्नुपर्थ्यो, "कुन-कुन पुस्तकहरूका लागि म मर्न तयार छु?"

चौथो शताब्दीसम्ममा ख्रीष्टियान मण्डली परमेश्वरबाट अभिप्रेरित लेखोटहरूको सूचीमा सहमत भएका थिए । तिनीहरूले धर्मशास्त्र भनी दाबी गरिएका पुस्तकहरूमा तीन वटा जाँचहरू लागू गरे । नयाँ करारको क्यानोन (धर्मशास्त्र निर्धारक)को एउटा अङ्ग ठानिनको लागि, कुनै पनि पुस्तकले तीन वटा मापनको स्तर पूरा गर्नुपर्थ्यो ।

१. **लेखक** लेखक, प्रेरित वा प्रेरितको नजिकको सहकर्मी हुनु पर्छ । सुसमाचारका पुस्तकहरूको सन्दर्भ भन्दा, मत्ती र यूहन्ना प्रेरितहरू थिए । मर्कूसले पत्रुससँगै यात्रा गरे; लूकाले पावलसँगै यात्रा गरे ।

२. **सन्देश**पुस्तकको सन्देश पुरानो करारको प्रकाशसँग बाझिनु हुँदैन । त्यो सन्देश येशु ख्रीष्टको सुसमाचारसँग मेल खानु पर्छ । आत्मिक उनन्ति गराउने खालको पुस्तक हुनुपर्छ ।

३. **स्वीकार** क्यानोन (धर्मशास्त्र निर्धारक)को अङ्ग ठानिनको लागि, पुस्तकलाई मण्डलीका सबैजनाले स्वीकार गरेको हुनुपर्छ । नयाँ करारका पुस्तकहरूलाई मण्डलीका सुरुका अग्रज अगुवाहरू (चर्च फादर्स)ले व्यापक रूपमा उद्धृत गरेका थिए ।

शक्ति हासिल गर्ने माध्यमको रूपमा मण्डलीका अगुवाहरूले क्यानोन (धर्मशास्त्र निर्धारक) को निर्माण गरेका थिए भन्ने आधुनिक सन्देहवादीहरूको तर्क छ । यस्ता आलोचकहरूले क्यानोन (धर्मशास्त्र निर्धारक) एउटा सर्वमान्य मापदण्ड थियो भन्ने बुझ्न असफल भए; यो मुठीभरका महत्त्वकाङ्क्षी विशपहरूको उत्पादन थिएन । नया करारको क्यानोन (धर्मशास्त्र निर्धारक) इ.स. ३९७ मा कार्थेजको परिषदमा आधिकारिक रूपमा पारित भएको थियो । यद्यपि, नयाँ करारका पुस्तकहरू यो परिषदको बैठक बस्नु भन्दा २०० वर्ष अघि नै ईश्वरशास्त्रीहरूद्वारा सूचीकृत गरिएका थिए ।

ईश्वरशास्त्री जे. आइ. प्याकर लेख्छन्, "सर आइज्याक न्यूटनले हामीलाई गुरुत्वाकर्षण बलको नियम दिएजस्तै मण्डलीले हामीलाई नयाँ करारको क्यानोन (धर्मशास्त्र निर्धारक) दियो ।"[३६] न्यूटनले गुरुत्वाकर्षण आविष्कार गरेनन्; उनले मात्र परमेश्वर पहिलेबाटै बनाउनुभएको कुरालाई पत्ता लागए । त्यसै गरी, मण्डलीले क्यानोन (धर्मशास्त्र निर्धारक)को आविष्कार गरेन; मण्डलीले मात्र परमेश्वरले पहिलेबाटै अभिप्रेरित गर्नुभएका पुस्तकहरूलाई पत्ता लगाए ।

कार्थेजको परिषदले विश्वासी समुदायका सबैले पहिले नै स्वीकार गरिसकेको क्यानोन (धर्मशास्त्र निर्धारक) लाई पक्का गर्यो । क्यानोन (धर्मशास्त्र निर्धारक) मा ती पुस्तकहरू छन् जुनलाई लिएर सबै युगका ख्रीष्टियानहरू ईश्वरीय रूपमा अभिप्रेरित परमेश्वरको वचन हुन् भनेर सहमत भएका थिए ।

---

३६ जे. आइ. प्याकर, *गड स्पिक्स् टु म्यान*। (वेष्टमिनिस्टर प्रेस, १९६५), ८१

**गैर अभिप्रेरितीय पुस्तकहरू (एपोक्रिफल)** नयाँ करारको समयतिरका त्यस्ता पुस्तकहरू हुन् जसलाई पवित्र ख्रीष्टियान लेखहरूका हुन् भनी दाबी गरिएको छ, तर जसलाई प्रारम्भिक मण्डलीले अस्वीकार गरेको थियो। दोस्रो शताब्दीमा टर्टुलियन र इरेनियस जस्ता लेखकहरूले झुटा शिक्षाहरूका विरुद्ध लेखे। यी मध्ये केही कृतिहरूलाई दोस्रो शताब्दीको नयाँ करारका पुस्तकहरूको सूची मुराटोरियन क्यानोनमा पहिलेबाटै झुटा पुस्तकहरूको सूचीमा राखिएको थियो। यहूदाको पत्रले पहिलो शताब्दीमै समेत, "सन्तहरूलाई सुम्पिएको विश्वासको गम्भीरतापूर्वक रक्षा गर्नु" आवश्यक थियो भन्ने देखाउँछ।[३७] झुटा शिक्षकहरू "ठाहा नपाउँदै भित्र पसिसकेका" थिए।[३८]

गैर अभिप्रेरितीय पुस्तकहरू (एप्रोक्रिफल) मा प्रारम्भिक मण्डलीका अभ्यासहरूलाई चित्रण गर्नको लागि मूल्यवान् हुन सक्ने कट्टरपन्थी दृष्टिकोणका लेखोटहरूदेखि झुटा धर्मसिद्धान्तहरूलाई बढावा दिने झुटात्मक लेखोटहरूसम्मका पर्छन्। कहलिएका गैर अभिप्रेरितीय पुस्तकहरू (एप्रोक्रिफल) मा *क्लेमेन्टको पहिलो पत्र, बारनाबासको पत्र, डिकाके (प्रेरितहरूका शिक्षा)* र *हरमासको गोठालो पर्छन्*। यी लेखोटहरूका शिक्षा कट्टरपन्थी दृष्टिकोणका छन्, तर यिनीहरूले क्यानोन (धर्मशास्त्र निर्धारक) मा समावेश गरिन प्रारम्भिक मण्डलीको मापनको स्तरलाई पूरा गर्न सकेनन्।

झुटात्मक गैर अभिप्रेरितीय पुस्तकहरू (एप्रोक्रिफल) मा प्रेरित थोमाको नाउँ दिइएको दोस्रो शताब्दीको ज्ञानवादी (ग्नोस्टिक) लेखोट, *थोमसको सुसमाचार*; *लाउडेसियनहरूको पत्र*; र *पत्रुसको एपोक्लिप्स(अभिष्यलेख) पर्छन्*। यस्ता लेखोटहरू प्रारम्भिक मण्डलीद्वारा अस्वीकृत गरियो किनभने तिनीहरू स्थापित ख्रीष्टियान सत्यताको विपरीत थिए। कार्थेजको परिषदले अस्वीकृत गर्यो भन्नु भन्दा पनि, यी पुस्तकहरूलाई मण्डलीको कुनै पनि प्रतिनिधिक समूहले धर्मशास्त्रको रूपमा कहिल्यै लिएको थिएन भनेर भन्नु अरू सटीक हुन्छ।

गैर अभिप्रेरितीय लेखोटहरूले ख्रीष्टियान विश्वासीहरूको लागि सत्यताको कुनै जायज स्रोतको प्रतिनिधत्व गर्दैन। हाम्रो विश्वास "सन्तहरूलाई सुम्पिएको विश्वास"मा आधारित छ।[३९] त्यो विश्वास परिवर्तन भएको छैन र हुने छैन। हाम्रो विश्वास परमेश्वरको वचनको ठोस जगमाथि अडिएको छ।

## मूललेखको सत्यनिष्ठा: के अहिलेको हाम्रो लेखोट मूललेखसँग दुरुस्त छ?

सन्देहवादीहरूले प्राय: नयाँ करार भरोसा योग्य छैन भनेर भन्छन्। धर्मशास्त्रको प्रतिलिपि उतार्दा त्रुटीहरू भए भन्ने तिनीहरूको तर्क छ। यी आलोचकहरू जोड दिन्छन् कि मूल लेखोट अभिप्रेरित थिए भने पनि, आज हामीसँग भएको बाइबल विशुद्ध छ भनेर थाहा गर्ने हामीसँग कुनै तरिका छैन।

के हाम्रो बाइबलको लेखोटको सत्यनिष्ठामा हामी विश्वास गर्न सक्छौं? यो प्रश्नको उत्तर हो, "हो सक्छौं!" यो कुरा सत्य हो कि नयाँ करारका पुस्तकहरू हस्त-लिखित स्वरूपमा एकपछि अर्को पुस्तामा हस्तान्तरण गरिएको थियो र यो कुरा पनि सत्य हो कि कुनै पनि पान्डुलिपिलाई हातले प्रतिलिपिकरण गर्दा त्रुटीहरू हुन सक्छ। तर, यो परमेश्वरको अभिप्रेरित वचन भएको हुनाले, प्रतिलिपिकहरूले प्रतिलिपि उतार्दा ठुलो सावधानी अपनाए। शास्त्रीहरूले सम्भव भएसम्म नयाँ करारलाई दुरुस्त प्रतिलिपिकरण गर्न आफ्नो सारा जीवन समर्पित गरे।

नयाँ करारको सम्पूर्ण वा आंशिक भाग समाविष्ट ५, ००० भन्दा बढी पान्डुलिपिहरूका साथ, हाम्रो लेखोट सुरुका पान्डुलिपिहरूसित उस्तै छ भन्ने हामीसँग यथेष्ट प्रमाण छ। नयाँ करारलाई जत्तिको पुष्टि गर्ने पान्डुलिपि अरू कुनै प्राचीन कृतिको छैन।

---

३७ यहूदा ३

३८ यहूदा ४

३९ यहूदा ३

| दुई प्राचीन मूललेखहरू बीचको तुलना | |
|---|---|
| **नयाँ करार** | **होमेरको *इलियड*** |
| ५, ००० भन्दा बढी पान्डुलिपिहरू | ६४३ पान्डुलिपिहरू |
| सबैभन्दा पुरानो संरक्षित पान्डुलिपिहरू लेखन समयको १०० वर्षभन्दा कम समयका हुन् । | सबैभन्दा पुरानो संरक्षित पान्डुलिपि सुरुको रचनाको ५०० वर्षपछिको हो । |
| १% शब्दहरूमध्ये १/२ भन्दा कममा मात्र कुनै प्रश्न उठेको छ[४०] | ५% शब्दहरू स्पष्ट छैनन् । |
| **तपाईं कुन चाहिँ मूललेखमा भरोसा गर्नुहुन्छ?** | |

## तर समयको पूर्णतामा...

पावलको वाक्यांशले एउटा गर्भवती आत्मा बच्चा जन्माउने क्षणको प्रतीक्षारत छिन् भनेर बताउँछ । ठीक समयमा, परमेश्वरले आफ्नो पुत्रलाई संसारमा पठाउनुभयो जुनलाई ईश्वरीय तवरले तयार पारिएको थियो । संसार तयार थियो...

- **भौगोलिक रूपमा** प्यालेस्टाइन प्राचीन संस्कृतिहरूको चौबाटोमा पर्ने एउटा सानो भूमि थियो । यसले संसारभरि सुसमाचार विस्तार गर्नको लागि एउटा प्रक्षेपण प्याड प्रदान गर्‍यो ।
- **ऐतिहासिक रूपमा** । रोमी साम्राज्यले सुसमाचार विस्तारको लागि एउटा तयार वातावरण प्रदान गर्‍यो ।
- **सांस्कृतिक रूपमा ।** ग्रीक भाषा, रोमी राजनैतिक व्यवस्था र यहूदी धार्मिक रीतिरिवाजहरूका मिश्रणले ख्रीष्टियान मण्डलीको सुरुवातको लागि परिवेश प्रदान गर्‍यो ।

> **"तर समयको पूर्णतामा, परमेश्वरले आफ्नो पुत्रलाई पठाउनुभयो, एक स्त्रीबाट जन्मनुभयो, व्यवस्थाको अधीनमा जन्मनुभयो..."**
>
> **गलाती ४:४**

परमेश्वरले पहिलो शताब्दीमा सुसमाचारको लागि संसारलाई तयार गर्न कुनै कसर बाँकी राख्नु भएन । आज पनि, सुसमाचारको लागि मानिसहरूलाई तयार गर्न उहाँले त्यसैगरी काम गर्नुहुन्छ । यो पाठ अन्त हुँदै गर्दा यो प्रार्थना गर्नुहोस्, "परमेश्वर, तपाईंले मलाई दिनुभएको सेवाकाइको लागि मेरो संसारलाई तयार गर्न तपाईं के गर्दै हुनुहुन्छ?"

---

४० ती कुनै पनि शब्दहरूले धर्मसिद्धान्त सम्बन्धीका मुद्दाहरू वा ऐतिहासिक सत्यतालाई असर गर्दैन । लूका १०:१ जस्ता पदहरूमा पान्डुलिपिहरू बीचको भिन्नताहरूलाई देख्न सकिन्छ; केही पान्डुलिपिहरूले सत्तरी जना भनी उल्लेख गर्छन् भने, बाँकी अरू पान्डुलिपिहरूले बहत्तर जना भनी उल्लेख गर्छन् । सुसमाचारको सन्देश वा ख्रीष्टियान धर्मसिद्धान्तको विशुद्धतामाथि कुनै प्रश्न गरिएको छैन ।

## पाठ १ को गर्नुपर्ने कार्य

अर्को पाठको सुरुमा, यस पाठको आधारमा जाँच लिनुहोस् । तयारी गर्दा जाँचमा सोधिने प्रश्नहरूलाई राम्रोसँग अध्ययन गर्नुहोस् ।

## पाठ १ जाँच

१. पश्चिमबाट पूर्वतिर अघि बढ्ने क्रममा प्यालेस्टाइनका तीन वटा भौगोलिक क्षेत्रहरूको सूची बनाउनुहोस् ।

२. येशुको सेवाकाइको लागि सामरिया कतिको महत्त्वपूर्ण छ?

३. प्रारम्भिक मण्डलीमा ग्रीक भाषाले पुर्याएका योगदानहरू लेख्नुहोस् ।

४. *प्याक्स रोमाना* परिभाषित गर्नुहोस् ।

५. सभाघरले यहूदी समयमा खेलेका चार वटा भूमिकाहरू लेख्नुहोस् ।

६. फरिसीहरू र ख्रीष्टियानहरूका समान शिक्षकहरू के-के हुन्?

७. फरिसीहरू र सदुकीहरू बीचको प्रमुख धर्मसैद्धान्तिक भिन्नताहरू के-के थिए?

८. नयाँ करारको क्यानोन (धर्मशास्त्र निर्धारक)को गठनका दुई वटा कारणहरू लेख्नुहोस् ।

९. नयाँ करारको क्यानोन (धर्मशास्त्र निर्धारक) निर्माण गर्दा प्रयोग गरिएको तीन वटा मापनको स्तर लेख्नुहोस् ।

१०. *मूललेखको सत्यनिष्ठा* ले नयाँ करारको कुन चाहिँ समस्यालाई सम्बोधन गर्छ?

११. कण्ठ गरेको गलाती ४:४-५ लेख्नुहोस् ।

## पाठ २

# मत्ती, मर्कूस र लूका

### पाठका उद्देश्यहरू

१. चार वटा सुसमाचार लेख्नुका कारणहरूलाई बुझ्नुहोस् ।

२. प्रत्येक सिनप्टिक (एकै दृष्टिकोणका) गस्पल्सको लेखक, सम्भावित मिति र ऐतिहासिक परिवेशलाई थाहा गर्नुहोस् ।

३. प्रत्येक सिनप्टिक (एकै दृष्टिकोणका) गस्पल्सका महत्त्वपूर्ण विषयवस्तुहरूलाई पहिचान गर्नुहोस् ।

४. सिनप्टिक (एकै दृष्टिकोणका) गस्पल्सको सन्देशलाई आजको संसारको आवश्यकतासित सम्बन्धित गर्नुहोस् ।

## यो पाठको तयारी गर्नुहोस्

*मत्तीदेखि लूकासम्म पढ्नुहोस्।*

*मत्ती ५:४८; मर्कूस १०:४५; लूका १९:१० कण्ठ गर्नुहोस्।*

## सिनप्टिक गस्पल्स (एकै दृष्टिकोणका सुसमाचारहरू)

» हामीसँग किन येशुको जीवनका एकभन्दा बढी कथनहरू छन्?

स्वर्गमा उचालिनुभएपछि, नयाँ विश्वासीहरूलाई सिकाउन र उहाँका जीवनका कथनहरूलाई बङ्ग्याउनबाट रोक्न प्रेरितहरूले येशुको जीवनका कथनहरू लेखे । जब मण्डली रोमी साम्राज्यभरि विस्तार भयो, पास्टरहरू र शिक्षकहरूलाई येशुको जीवन र सेवाको आधिकारिक लिखित कथनहरूको आवश्यकता पर्यो । सुसमाचारहरू लेख्नुका महत्त्वपूर्ण कारणहरू यिनै थिए ।

पहिलो तीन वटा सुसमाचारहरूलाई सिनप्टिक गस्पल्स भनिन्छ किनभने यिनीहरूले एउटै घटनाहरूका फरक-फरक दृष्टिकोणहरू प्रदान गर्छन् ।[४१] यूहन्नाको सुसमाचारमा अरू कुनै पनि सुसमाचारमा नपाइने खास सामग्री पाइन्छ भने; मत्ती, मर्कूस र लूकाले चाहिँ एउटै सामग्रीको बारेमा बताउँछन् ।

प्राय: सुसमाचार प्रचारकहरू भनिने सुसमाचारका लेखकहरू मात्र बोलेको लेख्ने कार्य गर्ने निजी कर्मचारीहरू थिएनन् । बरु, परमेश्वरको सन्देश बिनाकुनै त्रुटी सञ्चार गर्न प्रत्येक सुसमाचार प्रचारको व्यक्तित्वलाई पवित्र आत्माले आश्चार्यजनक ढङ्ले काम गर्नुभयो ।

एउटा उदाहरणले सुसमाचारहरू बीचका भिन्नताहरूलाई देखाउनेछ । मत्तीले येशुको ईश्वरत्वको विषयमा पत्रुसको गवाही, पत्रुसलाई दिनुभएको येशुको आशिष र येशुलाई पत्रुसले हप्काइबारे विस्तृत विवरण दिन्छ ।[४२] मर्कूस र लूकाले यही कथालाई छोटकरीमा बताउँछन् ।[४३] मर्कूसले पत्रुसलाई दिनुभएको येशुको आशिष हटाउँछन्, जब कि लूकाले येशुको आशिष र येशुलाई पत्रुसको हप्काइ दुवैलाई हटाउँछन् । ती कथाहरू बीच कुनै विरोधाभास छैन; यिनीहरूले एउटै घटनालाई तीन भिन्न दृष्टिकोणहरूबाट प्रस्तुत गर्छन् ।

| मत्ती १६:१३-२३ | मर्कूस ८:२७-३३ | लूका ९:१८-२२ |
|---|---|---|
| "सिमोन पत्रुसले उत्तर दिए, 'तपाईं जीवित परमेश्वरको पुत्र, ख्रीष्ट हुनुहुन्छ ।'" | "पत्रुसले उत्तर दिए, 'तपाईं ख्रीष्ट हुनुहुन्छ ।'" | "अनि पत्रुसले उत्तर दिए, 'तपाईं परमेश्वरको ख्रीष्ट हुनुहुन्छ ।'" |
| "र येशु तिनलाई भन्नुभयो, 'सिमोन बार-योना, तिमी धन्य हौ!" | यो प्रसङ्ग पाइँदैन । | यो प्रसङ्ग पाइँदैन । |
| "पत्रुसले उहाँलाई एकातिर लगेर हप्काउन लागे, ' परममेश्वरले तपाईंमाथि यसो नगरून्! प्रभु, तपाईंमाथि यस्तो कहिल्यै हुनेछैन ।'" | "अनि पत्रुसले उहाँलाई एकतिर लगेर हप्काउन लागे ।" | यो प्रसङ्ग पाइँदैन । |

एउटै पनि सुसमाचारले येशुको जीवनको सम्पूर्ण कथा बताउँदैन । यानि, एउटा पूर्ण अभिलेखले संसारका सबै पुस्तकहरू भरिनेछन् भनेर यूहन्नाले बताए ।[४४] सुसमाचारहरू विस्तृत जीवनी होइनन् । बरु, पवित्र आत्माले येशुको सेवाकाइका विभिन्न पक्षहरूमा जोड दिन प्रत्येक लेखकलाई प्रेरणा दिनुभयो । प्रत्येक सुसमाचारको पृष्ठभूमिको अध्ययनबाट हामीले प्रत्येक सुसमाचारको सामग्रीको छनौटलाई राम्रोसँग बुझ्नेछौं । प्रत्येक लेखकले फरक-फरक पाठकलाई सम्बोधन गर्यो र फरक उद्देश्य राखेर लेख्यो ।

---

४१ *सिनप्टिक गस्पल्स*को अर्थ "सँगै हेरिएको" सुसमाचारहरू हुन् ।

४२ मत्ती १६:१३-२३

४३ मर्कूस ८:२७-३३; लूका ९:१८-२२

४४ यूहन्ना २१:२५

# मत्ती: यहूदीका राजाको सुसमाचार

## मत्तीको सुसमाचारको परिचय

मत्तीको सुसमाचार सम्भवत: इ.स. ५० देखि इ.स. ७० को बीचमा लेखिएको थियो। मत्तीको महत्त्वपूर्ण विषय अगमवाणीको परिपूर्ति हो। यरूशलेमको मन्दिरको विनाशको सम्बन्धमा येशुको भविष्यवाणीको परिपूर्तिलाई मत्तीले उल्लेख नगरेको हुँदा, मत्तीको सुसमाचार इ.स. ७० भन्दा अघि लेखिएको हुन सक्छ।[४५]

मत्तीको सुसमाचार खास गरी यहूदी पाठकका लागि लेखिएको थियो भन्ने कुरा यसका केही विशेषताहरूले बताउँछ:

- मत्तीले आफ्ना पाठहरूलाई यहूदी रीतिरिवाजहरूको बारेमा प्रस्ट्याउँदैन।
- मत्तीले अरू सुसमाचारका लेखकहरूले भन्दा बढी पुरानो करारको उद्धरणहरूको प्रयोग गर्छ।
- मत्तीले येशुको विषयमा पुरानो करारको भविष्यवाणीको परिपूर्तिलाई विशेष ध्यान दिन्छ।
- मर्कूस र लूकाले "परमेश्वरको राज्य" भन्ने वाक्यांश प्रयोग गर्छन् भने, मत्तीले चाहिँ यही अर्थ दिने अर्को वाक्यांश "स्वर्गको राज्य"को प्रयोग गर्छन्। यसले परमेश्वरको नाउँ लिन हिच्किच्याउने यहूदी मान्यतालाई दर्शाउँछ।

## मत्तीको सुसमाचारको विषयवस्तु

» येशु यहूदीका राजा हुनुहुन्छ भनेर मत्तीले कसरी देखाउँछन्?

### राजाको रूपमा येशु

मत्तीलाई प्रायजसो "राजाको सुसमाचार" भन्ने गरिन्छ। सम्पूर्ण मत्तीमा, येशुलाई यहूदीहरूका र अन्तमा सबै जातिहरूका राजाको रूपमा चित्रण गरिएको छ। पूर्वबाट ज्योतिषीहरू नयाँ राजाको जन्मलाई पहिचान गर्न आउँछन्। हेरोद महान्ले यस प्रतिद्वन्दी राजालाई मार्न खोज्छन्। मत्तीमा येशुलाई राजाको रूपमा देखाइन्छ।

मत्तीले अरू सुसमाचारहरूले भन्दा बढी "दाऊदको पुत्र" भन्ने वाक्यांशको प्रयोग गर्छ। यो एउटा राजकीय उपनाम हो, जसले येशु दाऊदको कूलबाटको सन्तति हुनुहुन्छ भनेर देखाउँछ। यो नाउँको प्रयोग येशु गधामा चढेर यरूशलेममा प्रवेश गर्नुहुँदा प्रयोग गरिन्छ, जुन जकरिया ९:९ को राजकीय प्रवेश भविष्यवाणी परिपूर्ति हो।[४६]

येशुले आफ्नो डाँडाको उपदेशमा परमेश्वरको राज्यको व्यवस्थाबारे सिकाउनुहुन्छ। उहाँले दृष्टान्तहरूको एउटा श्रृङ्खला मार्फत स्वर्गको राज्यको बारेमा सिकाउनुहुन्छ। उहाँको क्रूसको माथिल्लो भागमा यस्तो लेखिन्छ, "यो यहूदीका राजा येशु हुन्।" मत्ती यहूदीका राजाको सुसमाचार हो।

---

४५ यो भविष्यवाणी (मत्ती २४:२) इ.स. ७० मा रोमी सेनापति तीतसले यरूशलेमलाई कब्जा गर्दाखेरि पूरा भएको थियो। अझै पनि रोममा रोमीले यरूशलेममाथि विजय हासिल गरेको समझनामा "आर्कको तीतस" उत्सव मनाउँछन्।

४६ मत्ती २१:४

### येशु पुरानो करारको भविष्यवाणीको परिपूर्ति हुनुहुन्छ ।

मत्तीले येशुको जीवनमा एघार पटक भविष्यवाणी पूरा भएको कुरा उल्लेख गर्छ । मत्तीमा यी भविष्यवाणीहरूबारे उल्लेख गरिएको छ:

- कन्याबाटको येशुको जन्म (मत्ती १:२२)
- मिश्रको यात्रा (मत्ती २:१५)
- हेरोद महान्‌बाट नवजात शिशुहरूका हत्या (मत्ती २:१७)
- चङ्गाइको येशुको सेवाकाइ (मत्ती ८:१७)
- यरूशलेममा विजयी-उत्सवका साथ प्रवेश (मत्ती २१:४)
- तीन वटा चाँदीका सिक्काको लागि उहाँमाथि गरिएको विश्वासघात (मत्ती २७:९)

### येशुका उपदेशहरू

मत्तीले अरू सुसमाचारका लेखकहरूले भन्दा बढी येशुका उपदेशहरूको संरक्षण गरे । मर्कूस येशुका कार्यहरूमा केन्द्रित भए भने, मत्तीले चाहिँ येशुका वचनहरूमा बढी ध्यान दिए । मत्तीमा पाँच वटा मुख्य उपदेशहरू छन्, जसले सम्पूर्ण सुसमाचारको लागि एउटा संरचना प्रदान गर्छन् । मोशाका पाँच पुस्तकहरूले इस्राएलको जग बसालेँझै यी पाँच उपदेशहरूले मण्डलीको जग बसाले भन्ने कुरा पहिलेका टिप्पणीकारहरूले देखे । मत्तीका पाँच प्रमुख उपदेशहरू हुन्:

- डाँडाको उपदेश (मत्ती ५-७)
- बाह्र चेलाका सेवाकार्य (मत्ती १०)
- परमेश्वरको राज्यको दृष्टान्तहरू (मत्ती १३)
- परमेश्वरका राज्यमा सम्बन्धबारे शिक्षा (मत्ती १८)
- जैतुन डाँडामा अन्त्यको दिनको वार्तालाप (मत्ती २४-२५)

> **"यसकारण तिमीहरू सिद्ध हुनेछौ । जसरी तिम्रो स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ...' उहाँलाई राम्रोसँग थाहा थियो कि, चिच्याउनको लागि हाम्रो अविश्वास कति तयार हुनेछ, यो असम्भव छ! र त्यसकारण जसको लागि सबै कुरा सम्भव छ, उहाँको सम्पूर्ण शक्ति, सत्यता र विश्वासयोग्यता यसमा अडिएको छ ।"**
>
> **जोन वेस्ली**
> *नयाँ करारमा टिप्पणीहरू*

### आजको मण्डलीमा मत्तीको सुसमाचार

मत्तीको सुसमाचारका उपदेशहरूले गालील र यहूदियामा येशुले पहिलो पटक शिक्षा दिनु हुँदाको समयँझै आजको मण्डलीसँग पनि त्यति नै शक्तिशाली तवरले बोल्छ ।

**डाँडाको उपदेश** ले परमेश्वरको राज्यमा रहेको जीवनको उत्कृष्ट सार प्रदान गर्छ । फरिसीहरूको परम्पराहरू र प्रेमको व्यवस्था बीचको भिन्नतालाई देखाउँदै येशुले स्वर्गको राज्यको नागरिक भएर हामी कसरी जिउनुपर्छ भन्ने सिकाउनुहुन्छ । यो उपदेशको मुख्य विषय "जस्तो तिमीहरूका स्वर्गमा हुनुहुने पिता सिद्ध

हुनुहुन्छ, तिमीहरू पनि त्यस्तै सिद्ध हुनुपर्दछ" भन्ने हो।[४७] यो आज्ञा त्यो प्रसङ्गमा आउँछ जसले हाम्रो पिता प्रेमको परमेश्वर हुनुहुन्छ जसले "दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ।"[४८] परमेश्वरको राज्यमा सिद्ध हुनु भनेको स्वर्गमा हुनुहुने हाम्रो पिताको हृदय अर्थात्, स्वार्थरहित प्रेमको हृदय हुनु हो। एउटा सिद्ध प्रेमको हृदय हामी मानिसको वशभन्दा बाहिरको कुरा भए तापनि, स्वर्गमा हुनुहुने हाम्रो पिताले हामीलाई सिद्ध हृदयको आज्ञा दिनुहुन्छ, र यो उहाँले आफ्नो अनुग्रहद्वारा सम्भव बनाउनुहुनेछ।

**परमेश्वरको राज्यमा सम्बन्धहरू** बारे येशुको शिक्षाले आजको मण्डलीमा सम्बन्धहरूको लागि एउटा उदाहरण प्रदान गर्छ।[४९] मत्ती १८:१५-२० ले बाइबलीय मण्डली अनुशासनको लागि एउटा मार्गनिर्देश प्रदान गर्छ जसमा पापलाई मण्डलीको माध्यमबाट सम्बोधन गरिन्छ, गफ र अफवाहहरूको माध्यमबाट होइन। यो अनुशासन क्षमा र मेलमिलाप प्रदान गर्ने सन्दर्भभित्र आउँछ, यो सिद्धान्तलाई क्षमा दिने बारेमा पत्रुसको प्रश्नको येशुको जवाफमा देखिन्छ।[५०]

**महान् आज्ञा**ले हामीलाई सबै जातिका मानिसहरूलाई चेला बनाउन आह्वान गर्छ। सिद्ध हुनलाई येशुले गर्नुभएको आह्वानजस्तै, हामीले यो बोलावट हाम्रो शक्तिमा होइन तर यो आज्ञा दिनुहुनेको शक्तिद्वारा पूरा गर्छौं। जसले बोलावट दिनुभयो उहाँले नै यो प्रतिज्ञा गर्नुभयो, "म युगको अन्त्यसम्म सँधै तिमीहरूका साथमा छु।"[५१]

# मर्कूस: सेवकको सुसमाचार

## मर्कूसको सुसमाचारको परिचय

यूहन्ना मर्कूस बारनाबासको नातेदार थिए जो पावल र बारनाबाससँगै तिनीहरूको पहिलो मिसनरी यात्रामा गए।[५२] त्यो यात्रामा उनको असफलताले पावल र बारनाबास बीच विवाद जन्माए तापनि, यूहन्ना मर्कूसले पछिबाट पावलको भरोसा पुन: प्राप्त गरे र उनको सेवाकाइमा उपयोगी भए।[५३]

प्रारम्भिक मण्डलीले मर्कूसको प्रेरितीय स्रोत सिमोन पत्रुस हुन् भने। यूहन्ना मर्कूसले पत्रुससँग यति घनिष्ठ भएर काम गरे कि उनलाई "मेरो छोरा" भनेर सम्बोधन गरियो।[५४] मर्कूसको सुसमाचारले येशुको सेवाकाइको पत्रुसको प्रत्यक्ष सम्झनालाई अभिलेख गर्छ।

मर्कूसका घटनाहरूले सधैं मत्ती र लूकाका घटनाहरूको श्रृङ्खलालाई नपछ्याउने हुनाले, प्रारम्भिक मण्डलीका अग्रज अगुवा (चर्च फादर), विशप पापियासले मर्कूस "पत्रुसका दोभासे भए र उनले सम्झेका सबै कुराहरू दुरुस्तसँग लेखे, तर प्रभुले भन्नुभएका र गर्नुभएका कुराहरूको क्रमवद्ध रूपमा चाहिँ होइन" भन्ने प्रेरित यूहन्नाको भनाइलाई उद्धृत गरे भन्ने

४७ मत्ती ५:४८

४८ मत्ती ५:४५

४९ मत्ती १८

५० मत्ती १८:२१-३५

५१ मत्ती २८:१८-२०

५२ कलस्सी ४:१०; प्रेरित १२:२५

५३ प्रेरित १५:३६-४०; २ तिमोथी ४:११

५४ १ पत्रुस ५:१३

कुरा थाहा गर्नु उपयोगी हुन्छ ।[५५] मर्कूसको कथन दुरुस्त छ, तर उनले घटनाहरूलाई तिनका समयक्रम अनुसार मिलाएर राख्ने काम गरेनन् ।

मर्कूसको सुसमाचार सम्भवत: रोमबाट र खास गरी अन्यजाति पाठकहरूका लागि लेखिएको थियो । मर्कूसले बारम्बार येशुले प्रयोग गर्नुभएका आरामिक अभिव्यक्तिहरूलाई प्रस्ट्याउँछन् ।[५६] यस बाहेक, मर्कूसले आफ्ना पाठकहरूलाई यहूदी शब्दहरू प्रस्ट्याउँछन् । उदाहरणको लागि, मर्कूसले "दुई माइट्स" (यहूदी सिक्का) र "फारथिङ" (रोमी पैसा) लाई प्रस्ट्याउँछन् ।[५७]

**"जसरी पत्रुसले रोममा सार्वजनिक रूपमा वचन प्रचार गरेका थिए, र मर्कूस जसले पत्रुसलाई लामो समयसम्म पछ्याउने र उनले भनेका कुराहरू स्मरण गरेका थिए धेरैले मर्कूसलाई ती सबै स्मरण गरेका कुराहरू लेख्न अनुरोध गरे ।"**

**अलेक्जान्ड्रियाको क्लेमेन्ट इयूसिबियसमा उद्धृत**
*मण्डलीको इतिहास ६.१४.५-७*

मर्कूस अरू सुसमाचारहरूमा भन्दा धेरै कम विवरणहरू सहितको सबैभन्दा छोटो सुसमाचार हो । मर्कूस कर्मको सुसमाचार हो, त्यो विशेष गुण जसले सिमोन पत्रुसको प्रभावलाई झल्काउँछ । यो "परमेश्वरको पुत्र, येशु ख्रीष्ट" को जीवन र सेवाकाइको विशुद्ध अभिलेख हो ।[५८]

## मर्कूसको सुसमाचारको विषयवस्तु

» मर्कूसले येशुको सेवकको भूमिकालाई कसरी जोड दिन्छन्?

### सेवक येशु

मर्कूसलाई प्राय "सेवकको सुसमाचार" भनेर भनिन्छ । मर्कूसले येशूको वचनमा भन्दा कार्यहरूमा बढी ध्यान दिन्छन् । मत्तीका पाँच प्रमुख उपदेशहरूको ठीक विपरीत, मर्कूसले एउटा मात्र उपदेशलाई समावेश गर्छन् (मर्कूस १३) । मर्कूसको सुसमाचारले आश्चर्यकर्महरूमा बढी ध्यान दिन्छ; मर्कूसले आफ्नो सोह्र अध्यायको छोटो पुस्तकमा उन्नाइस वटा आश्चर्यकर्महरूको अभिलेख गर्छन् ।

येशुलाई एउटा विनम्र सेवक रूपमा चित्रण गर्दै मर्कूसले कुनै पनि वंशावली र जन्मको विवरण दिँदैनन् । उनले येशुको वयस्क सेवाकाबाट सुरु गर्छन् ।

मर्कूसको सुसमाचारको मुख्य पदले येशुको सांसारिक सेवाकाइका दुई वटा पक्षहरूलाई देखाउँछ । "किनकि मानिसको पुत्र सेवा पाउन होइन, तर सेवा गर्न र धेरैका छुटकाराको मोलको निम्ति आफ्नो प्राण दिन आएको हो ।"[५९] येशु सेवा गर्न र आफ्नो प्राण बलिदानको रूपमा अर्पण गर्न आउनुभयो ।

---

५५ युसेबियसको *इक्लेसियस्टिकल हिस्ट्री,* ३.३९. १४-१७ को उद्धरण ।

५६ आरामिक पहिलो शताब्दीमा प्यालेस्टाइनमा हिब्रूको साटो प्रयोग गरिने सामान्य बोलीचालीको भाषा थियो । आरामिक शब्दहरूका मर्कूसको स्पष्टिकरणका उदाहरणहरू मर्कूस ५:४१, ७:११, र १४:३६ हुन् ।

५७ मर्कूस १२:४२

५८ मर्कूस १:१

५९ मर्कूस १०:४५

## परमेश्वरको पुत्र येशु

मर्कूसले येशुको ईश्वरत्वको यस भनाइबाट सुरु गर्छन्, "परमेश्वरका पुत्र येशु ख्रीष्टको सुसमाचारको आरम्भ।"[६०] क्रूसमा टाँगिरहनु भएको बेला, रोमी कप्तानले स्वीकार गर्दै भन्छन्, "साँच्चै यो मान्छे परमेश्वरको पुत्र हुनुहुन्थ्यो।"[६१]

मर्कूसले येशु सेवक हुनुहुन्थ्यो भन्ने देखाउँछन्, तर उनले परमेश्वरको पुत्रको रूपमा येशुको अख्तियारलाई पनि देखाउँछन्। रोमी पाठकले ईश्वरीय शासकले यस संसारमा आफ्नो शक्ति देखाएको अपेक्षा गर्दथे। मर्कूसले त्यस शक्तिलाई विभिन्न तरिकाहरूमा देखाउँछन्। सम्पूर्ण सुसमाचारमा, मर्कूसले येशुको ईश्वरत्वको गवाहीहरूलाई समावेश गर्छन्।

- बप्तिस्मामा, पिताले गवाही दिनुहुन्छ, "तिमी मेरा प्रिय पुत्र हौ, जससँग म प्रसन्न छु।"[६२]
- दुष्टात्माहरूले येशुलाई "परमेश्वरको पवित्र जन"को रूपमा चिने।[६३]
- येशुले पाप[६४] क्षमा दिनुहुन्छ र शबाथमाथिको अधिकार दाबी गर्नुहुँदा परमेश्वरको अख्तियारको अभ्यास गर्नुहुन्छ।[६५]
- येशुका आश्चर्यकर्महरूले प्रकृति,[६६] रोग[६७] र मृत्युमाथिको उहाँको अख्तियारलाई देखाउँछ।[६८]

## मसिही रहस्य

येशुको ईश्वरत्वमाथिको मर्कूसको जोडको प्रकाशमा, सम्पूर्ण सुसमाचारमा मौन रहन बारम्बार दिइएकका आज्ञाहरूले केही पाठकहरू अलमलमा परेका छन्। बारम्बार, येशुलाई मसिहा हुनुहुन्छ भनेर थाहा पाउनेहरूलाई यसबारे बोल्न रोक लगाइएको छ। यसलाई "मसिही रहस्य" भनेर चिनिन्छ। तीन वटा परिस्थितिहरूमा येशुले मौन रहने आज्ञा दिनुभयो।

- **दुष्टात्माहरू**लाई येशुको ईश्वरत्वको बारेमा बोल्नबाट रोक लगाइयो।[६९] येशुले दुष्टात्माहरूको गवाही साँचो भए तापनि, तिनीहरूसँग सरोकार राख्नुभएन।
- कहिलेकाहीँ **निको भएका व्यक्तिहरू**लाई मौन रहने आज्ञा दिनुभयो।[७०] सम्भवत: येशुको निको पार्ने सेवाकाइ सार्वजनिक भएकोले भीडहरूलाई जम्मा हुनबाट रोक्न त्यसो भनिएको थियो। जब एक जना कुष्टरोगीले यो आज्ञाको अवज्ञा गरे र येशुको शक्तिको बारेमा बताए, मानिसहरू यति धेरै जम्मा भए कि "येशु खुलमखुल्ला सहरमा जान सक्नुभएन, र एकान्त ठाउँहरूमा रहनुभयो।"[७१] येशुको सांसारिक सेवाकाइ मुख्यतया शारीरिक चङ्गाइ थिएन।

---

६० मर्कूस १:१

६१ मर्कूस १५:३९

६२ मर्कूस १:११ र फेरि मर्कूस ९:७ को येशुको रूप परिवर्तनमा

६३ मर्कूस १:२४, ३:११, ५:७

६४ मर्कूस २:५

६५ मर्कूस २:२८

६६ मर्कूस ४:३९ र ६:४७-४८

६७ मर्कूस ५:२७-३० र ७:३२-३७ उदाहरणको लागि

६८ मर्कूस ५:३८-४२

६९ मर्कूस १:३४; ३:११-१२

७० मर्कूस १:४४; ५:४३ र ७:३६

७१ मर्कूस १:४५, *इङलिस स्ट्यान्डर्ड भर्सन*

उहाँले चेलाहरूलाई सुसमाचार फैलाउने र मण्डली निर्माण गर्न तालिम दिने उहाँको लामो समयको सेवाकाइलाई आश्चर्यजनक चङ्गाइले प्रतिस्थापन गर्न दिनु भएन ।

- अन्तमा जब येशु को हुनुहुन्थ्यो भन्ने कुरा **चेलाहरू**ले महसुस गरे, उहाँले तिनीहरूलाई सो कुरा अरूलाई बताउन दिनुभएन ।[७२] यो सबैभन्दा सम्भावित कारण असमझदारीको खतरा हो । येशु मसिहा हुनुहुन्थ्यो भन्ने पत्रुसको गवाही पश्चात् पनि, चेलाहरूले येशु के गर्न आउनुभयो भन्ने कुरालाई पूर्ण रूपमा बुझ्न सकेनन् ।[७३] तिनीहरू उहाँको पुरूत्थान र स्वर्ग प्रस्थान नभएसम्म उहाँको राज्यको आगमनको प्रचारकोलागि तयार थिएनन् । त्यस बेलासम्म, चेलाहरूका कुनै पनि अभिव्यक्ति अलमल्याउने खालका थिए ।

### आजको मण्डलीमा मर्कूसको सुसमाचार

येशुको सेवाकाइमा सेवाको प्राथमिकताले हामीलाई हाम्रो संसारका हाम्रा भौतिक र भावनात्मक आवश्यकताहरू पूरा गर्छौं, हामीले तिनीहरूका आत्मिक आवश्यकताहरूमा सेवा गर्ने अवसरहरू पाउँछौं भन्ने याद दिलाउँछ । रोमी साम्राज्यका ख्रीष्टियानहरूले माहामारीले आक्रान्त सहरहरूका मर्न लागेका मानिसहरूको हेरविचार गर्न आफ्नो ज्यान जोखिममा पारे । मध्य युगका ख्रीष्टियानहरूले कुष्टरोगी र गरिबहरूका सेवा गर्न अस्पतालहरू स्थापना गरे । आजका ख्रीष्टियान संघसंस्थाहरूले अनाथहरूलाई लगाउने लुगा दिन्छन्, झ्यालखानाका कैदीहरूलाई भेट्न जान्छन्, भोकाएकाहरूलाई खुवाउँछन् र बिरामीहरूका सेवा गर्छन् । हाम्रो समाजका अति आवश्यक तत्वहरूको सेवा सधैं मण्डलीको मिसनको भाग हुनुपर्छ । "किनकि मानिसको पुत्र सेवा पाउन होइन तर सेवा गर्न...आएको हो ।"[७४]

## लूका: मानिसको पुत्रको सुसमाचार

### लूकाको सुसमाचारको परिचय

नयाँ करारको लेखकको रूपमा लूकाको अधिकार प्रेरित पावलसँगको उनको सङ्गतबाट आउँछ । लूका एक पढेलेखेका अन्यजाति थिए, एकजना डाक्टर जसले पावलसँगै यात्रा गरे र पावलको जीवनको अन्तिम समयतिर उनीसँगै थिए । प्रेरितका पुस्तकका केही भागहरूले लूकाको उपस्थितिलाई देखाउँछ; पावलसँग हुँदाका घटनाहरूका बारे लेख्दा लूकाले "तिनीहरू" बाट "हामी" मा परिवर्तन गरे ।[७५]

लूकाको सुसमाचारको मिति विशेष गरी प्रेरितको पुस्तकसँगको यसको सम्बन्धमा आधारित छ । प्रेरितका पुस्तकमा निरन्तरता पाउने कथनलाई लूकाको सुसमाचारमा लूकाले सुरु गर्छन् । प्रेरितका पुस्तकको निष्कर्षको आधरमा यो अनुमान लगाउन सकिन्छ कि इ.स. ६४ मा नेरोको सतावट सुरु हुनुभन्दा केही समय अघि प्रेरितका पुस्तक लेखिएको थियो ।[७६] यसको मतलब के हो भने लूका सम्भवत: ५० को दशकको अन्त्यतिर वा ६० को दशकको सुरुतिर लेखिएको थियो ।

---

७२ मर्कूस ८:२९-३०

७३ मर्कूस ९:९-१०, ३१-३२

७४ मर्कूस १०:४५, *इङ्लिस स्ट्यान्डर्ड भर्सन*

७५ समूहमा लूकाको उपस्थिति देखाउने केही खण्डहरू १६:१०-१७; २०:५–२१:१८; २७:१–२८:१६ हुन् ।

७६ प्रेरित २८:३० मा, पावल नजरबन्दमा थिए, तर त्यतिञ्जेलसम्म उनी जीवन गुमाउने खतरामा परिसकेका थिएनन् ।

लूकाको पाठक र लेखनको उद्देश्य प्रस्तावनामा बताइएको छ ।[७७] लूकाले सम्भवत:रोमी अधिकारी, थियोफिलसलाई लेख्दैछन् । प्रेरित १:४ ले थियोफिलस येशुको जीवनको विषयमा निर्देशन पाएका नयाँ विश्वासी थिए भन्ने अर्थ दिन्छ । नयाँ विश्वासीहरू, खास गरी अन्यजाति विश्वासीहरूलाई येशुको जीवन, नयाँ ख्रीष्टियान जीवन र ख्रीष्टियान मण्डलीका धर्मसिद्धान्तहरूका बारेमा केही महिना लामो शिक्षा दिइन्थ्यो । लूकाले थियोफिलसलाई सिकाइएका कुराहरूको ऐतिहासिक आधार देखाउन सुसमाचार लेखे ।

## लूकाको सुसमाचारका विषयवस्तु

» येशुको बिन्रमता देखाउन केका कुराहरूहरूमा लूकाले जोड दिन्छन्?

### मानिसको पुत्र येशु

ख्रीष्टको स्वभावको विषयमा मण्डलीको शिक्षालाई स्पष्ट पार्न इ.स. ४५१ मा काल्सेडोनियन क्रिड (विश्वासको धारणा) को निर्माण गरिएको थियो । त्यो विश्वासको धारणा (क्रिड)ले एकै व्यक्तिमा रहेका दुई स्वभावहरू (ईश्वरीय र मानवीय)बारे प्रस्ट्याउँछ: "सिद्ध परमेश्वर र सिद्ध मानिस पनि; साँच्चिकै परमेश्वर र साँच्चिकै मानिस ।"[७८] लूकाले "सिद्ध मानिस" येशूको मानवताको सुस्पष्ट तस्बीर दिन्छन् ।

लूकाले येशू पूर्ण रूपमा मानिस हुनुहुन्थ्यो भन्ने देखाउँछन् । उनले येशुको जन्मको विस्तृत कथा भन्छन् ।[७९] अलौकिक रूपमा गर्भधारण हुनु भए तापनि, येशु एक सामान्य शिशुको रूपमा जन्मनुभएको थियो । उहाँ पूर्ण रूपमा मानिस हुनुहुन्थ्यो ।

मत्तीको वंशावलीले यहूदीहरूलाई सम्बोधन गर्छ र येशुलाई अब्राहामसँग सम्बन्धित गराउँछ । लूकाको वंशावलीले ग्रीक पाठकलाई सम्बोधन गर्छ र येशुलाई मानिसको पुत्रको रूपमा देखाउँदै येशुलाई आदमसँग सम्बन्धित गराउँछ ।[८०]

लूकाको सुरुका अध्यायहरूका क्रमले येशुलाई दोस्रो आदमको रूपमा देखाउने उनको अभिप्रायलाई झल्काउँछ । (मत्तीले जस्तै) वंशावलीबाट सुरु गर्नुको साटो, लूकाले वंशावलीलाई भविष्यमाको कथनपछि राखे । यो वंशावली "जो आदमका छोरा थिए र आदम चाहिँ परमेश्वरका छोरा थिए" भन्ने भनाइमा अन्त हुन्छ । यसको लगत्तै येशुको परीक्षाको कथन आउँछ । (सुन्दर बगैंचामा जिउने) पहिलो आदम परीक्षमा परे; (चालीस दिनसम्म खान नखाएका र उजाड-स्थामा एक्लै बसेका) दोस्रो आदम परीक्षामा परेनन् । मानिसको रूपमा येशुले परीक्षाको सामना गर्ने हरेक विश्वासको लागि एउटा उदाहरण प्रदान गर्नुहुन्छ । हामीले (प्रार्थनाद्वारा पाएको) पवित्र आत्मा र परमेश्वरको वचन प्रयोग गरेर शैतानको आक्रमणको सामना गर्नुपर्छ भनेर येशुले देखाउनुभयो ।[८१]

सम्पूर्ण सुसमाचारमा लूकाले संसारमा येशुको जीवनको भौतिक पक्ष:भोक, निद्रा र गेतसमनीको वेदनलाई देखाउँछन् ।[८२] येशु पूर्ण रूपमा मानिस हुनुहुन्थ्यो ।

---

७७ लूका १:१-४

७८ https://carm.org/creeds-and-confessions/chalcedonian-creed-a-d-४५१/ July २६, २०२२ बाट लिइएको ।

७९ लूका २

८० लूका ३:२३-३८

८१ लूका ४:१-१३

८२ लूका २२:४४

## येशु संसारको मुक्तिदाता

लूकाको सुसमाचारले येशु सबै मानव जातिका मुक्तिदाता हुनुहुन्छ भनेर देखाउँछ । सिमोनले येशु "अन्य जातिहरूलाई प्रकाशको निम्ति ज्योति" भनी बताए ।[८३]

येशु सारा संसारको मुक्तिदाता हुनुहुन्छ भनी देखाउने लूकाको इच्छालाई कुनै पनि सामाजिक हैसियत नभएकाहरूमाथिको दिइएको उनको ध्यानमा देखिन्छ । मत्तीले येशुको जन्मको कदर गर्दै पूर्वमा नाउँ कहलिएका ज्ञानी ज्योतिषीहरू आए भनेर देखाउँछन्; लूकाले गोठालाहरूतिर देखाउँछन् ।[८४] गोठालाहरूको साक्षीको कुनै विश्वसनीयता थिएन; यहूदी अदालतमा तिनीहरूको गवाहीलाई स्वीकार गरिँदैनथ्यो । लूकाले गवाहीको रूपमा येशु सबै मानिसहरूका लागि आउनुभयो भनेर गोठालाहरूलाई स्वर्गदूतहरूले गरेको उद्घोषलाई औंल्याउँछन् ।

येशुको समयमा निम्न सामाजिक हैसियत भएको अर्को समूह, स्त्रीहरूले लूकाको सुसमाचारमा एउटा महत्त्वपूर्ण भूमिका खेल्छन् । येशुको मन्दिरमा अर्पणको समयमा अगमवादिनी हन्ना, सिमोनको छेउमा उभिन्छिन् ।[८५] येशुले पुरुष चेलाहरूसँगै मरियमलाई पनि आफ्नो गोडा छेउमा बस्न दिनुभयो ।[८६] अचम्म त के भने, स्त्रीहरू येशुको सेवाकाइका आर्थिक सहायता गर्ने व्यक्तिहरू थिए ।[८७]

निम्न सामाजिक हैसियत भएका थुप्रै अन्य समूहहरूको लूकामा प्रतिनिधित्व गरिएको छ । येशु पहिलो शताब्दीको प्यालेस्टाइनमा सबैभन्दा कम कदर गरिने समूहहरूमध्ये एक कर उठाउने जक्कैको घरमा जानुभयो ।[८८] येशुले सामरीलाई नायक बनाउँदै एउटा दृष्टान्त बताउनुहुन्छ ।[८९] क्रूसमा येशूले सजाय बाहेक अरू केहीको योग्य नभएको एक जना चोरलाई दया देखाउनुहुन्छ ।[९०]

## प्रार्थनाको महत्त्व

लूकाले येशुको जीवनमा प्रार्थना महत्त्वपूण थियो भनेर देखाउँछ । सुसमाचारका पुस्तकहरूमा येशुको प्रार्थनाका पन्ध्र वटा खास उल्लेखहरूमध्ये, लूकामा मात्रै एघार वटा उल्लेख पाइन्छ । महत्त्वपूर्ण निर्णय लिनुपर्ने अवस्थाको सामना गर्दा, येशुले सारा रात प्रार्थना गर्नमा बिताउनुभयो ।[९१] प्रार्थनाबारे येशुका दुई वटा महत्त्वपूर्ण दृष्टान्तहरूलाई लूका १८ मा अभिलेख गरिएको छ । ती दृष्टान्तहरूले धैर्यता र प्रार्थनामा बिन्नमताका बारेमा सिकाउँछन् ।[९२] लूकामा प्रार्थना एउटा महत्त्वपूर्ण विषय हो ।

---

८३ लूका २:३२, *इङ्लिस स्ट्यान्डर्ड भर्सन*

८४ लूका २:१५-२०

८५ लूका २:३६-३८

८६ लूका १०:३९

८७ लूका ८:१-३

८८ लूका १९:१-१०

८९ लूका १०:२५-३७

९० लूका २३:३९-४३

९१ लूका ६:१२

९२ लूका १८:१-८; लूका १८:९-१४

### पवित्र आत्माको भूमिका

लूकाको सुसमाचारले येशुको जीवनमा पवित्र आत्माको भूमिकालाई नजिकबाट नियाल्दछ । लूकाले प्रारम्भिक मण्डलीमा पवित्र आत्माको भूमिकालाई देखाउने क्रममा यस विषयले प्रेरितका पुस्तकमा निरन्तरता पाउनेछ ।

सम्पूर्ण लूकामा पवित्र आत्माको भूमिका देख्न सकिन्छ:

- बप्तिस्मा दिने यूहन्ना, एलीशिबा र जकरिया पवित्र आत्माले भरिएका थिए ।[९३]
- येशुलाई गर्भधारण गर्दाको समयमा मरियममाथि पवित्र आत्मा आउनुभयो ।[९४]
- सिमोनलाई पवित्र आत्माले मार्गनिर्देशन गर्नुभयो ।[९५]
- येशुको बप्तिस्मामा पवित्र आत्मा आउनुभयो ।[९६]
- पवित्र आत्माले येशुलाई परीक्षित हुन एकान्त स्थानमा डोर्याउनुभयो ।[९७]
- सेवाकाइको लागि गालीलमा येशु फर्कनु हुँदा उहाँसँग पवित्र आत्मा हुनुहुन्थ्यो ।[९८]
- येशुले माग्नेहरूलाई पवित्र आत्मा दिने प्रतिज्ञा गर्नुभयो ।[९९]

## आजको मण्डलीमा लूकाको सुसमाचार

शङ्कालु दृष्टिकोण राख्ने आजको संसारको लागि, लूकाको **विस्तृत विवरणप्रति दिइएको ध्यान**ले धर्मशास्त्रको सत्यताको निम्ति एउटा शक्तिशाली गवाही प्रदान गर्छ । लूकाले येशुबारे कथनको सचेतपूर्ण विवरण देखाउने सन्दर्भमा उहाँको सार्वजनिक सेवकाइलाई सुरुमा राख्छन्:

> कैसर तिबेरिअसका शासनकालको पन्ध्रौं वर्षमा पन्तियस पिलातस यहूदियाका हाकिम थिए र हेरोद गालीलका शासक थिए र तिनका भाइ फिलिप इतुरिया र त्राखोनितिसका शासक थिए, अनि लुसानियास अबिलेनेका शासक थिए, हन्ना र कैयाफाका प्रधान पूजाहारीगिरीको समयमा...[१००]

सन्दिग्धपूर्ण संसारमा हामीले ख्रीष्टलाई प्रस्तुत गर्दा हामी आत्मविश्वासका साथ प्रचार गर्न सक्छौं । हाम्रो विश्वास पौराणिक धार्मिक पात्रमाथिको अन्धविश्वास होइन । हाम्रो विश्वास ऐतिहासिक पात्र, परमेश्वरको देहधारी पुत्रमा आधारित छ, जो हामी माझ जिउनुभयो, हाम्रा पापका लागि मर्नुभयो, तेस्रो दिनमा मृत्युबाट जीवित हुनुभयो र स्वर्गमा उचालिजानुभयो जहाँ वहाँ पिताको दाहिने बाहुलीमा बसिराख्नुभएको छ ।

**येशुको जीवनमा प्रार्थनाको भूमिका**ले हरेक ख्रीष्टियानको लागि एउटा उदाहरणको काम गर्छ । यदि पाप नगर्नुहुने र आफ्नो पितासँग घनिष्ठ सम्बन्ध भएको येशुले प्रार्थनाको महत्त्वलाई देख्नुभयो भने, हामीले कति बढी प्रार्थनालाई हाम्रो जीवनको

---

९३ लूका १:१५, ४१, ६७

९४ लूका १:३५

९५ लूका २:२५-२७

९६ लूका ३:२२

९७ लूका ४:१

९८ लूका ४:१४

९९ लूका ११:१३

१०० लूका ३:१-२

प्राथिमकताको रूपमा हेर्नुपर्छ । सुसमाचार प्रचारक लियोनार्ड राभेनहिलले लेखे, “कुनै पनि मानिस उसको प्रार्थनाको जीवनभन्दा महान् छैन । प्रार्थना नगर्ने पास्टर...खेल्दैहुन्छ”[१०१]

अन्तमा, जसरी **पवित्र आत्मा** येशुको सेवाकाइमा महत्त्वपूर्ण हुनुहुन्थ्यो, त्यसरी नै पवित्र आत्मा आजको मण्डलीको जीवनमा मुख्य हुनुपर्छ । मण्डलीको इतिहासले पवित्र आत्माको विषयमा दुई वटा खतराहरूलाई देखाउँछ । एउटा खतरा भनेको त्रिएकत्वको अन्य व्यक्तिहरूलाई बेवस्ता गर्ने हदसम्म पवित्र आत्माको भूमिकालाई जोड दिनु हो ।

यसको ठीक विपरीतको खतरा भनेको मण्डलीमा पवित्र आत्माको भूमिकालाई घटाउनु हो । ए. डब्लू. टोजरले मण्डलीले “पवित्र आत्माको शक्तिको प्रतिस्थापन सस्तो र कृत्रिम शक्ति” ले गर्न दिन सक्छ भन्ने चेताउनी दिए ।[१०२] हालसालै, फ्रान्सिस चानले चेताउनी दिँदै भने: “मण्डली त्यसबेला असान्दर्भिक हुन्छ जतिबेला यो विशुद्ध मानव सृष्टि बन्छ । परमेश्वरको आत्माको काम र उपस्थिति बाहेक हाम्रो जीवन र मण्डलीका सबै कुरालाई व्याख्या गर्न सकिन्छ भने हामी जे हुनलाई बनाइएका थियौं हामी त्यो हुँदैनौं ।”[१०३]

प्रेरितका पुस्तकले मण्डलीमा पवित्र आत्माको महत्त्वलाई देखाउँछ; लूकाले व्यक्तिगत जीवनमा पवित्र आत्माको महत्त्वलाई देखाउँछ । येशु आफ्नो सांसारिक सेवाकाइमा पवित्र आत्माको अगुवाइ र शक्तिमा भर पर्नुभयो; हामीले आजको मण्डलीमा पवित्र आत्माको शक्तिको ठाउँमा सस्तो र कृत्रिम शक्तिले प्रतिस्थापन गर्न दिनु हुँदैन ।

## निष्कर्ष

थोमस लिनाक्रे अक्फोर्डको प्राध्यापक र राजा हेनरी आठौंको निजी चिकित्सक हुनुहुन्थ्यो । पहिलो पटक सुसमाचारहरू पढिसकेपछि, उहाँले आफ्नो दैनिकीमा लेख्नुभयो, “कि त यो सुसमाचार होइन कि त हामी ख्रीष्टियान होइनौं ।” लिनाक्रेले साँचो ख्रीष्टियानको जीवन येशु ख्रीष्टद्वारा रूपान्तरित हुन्छ भन्ने थाहा पाए । उनले आफ्नो जीवन र आफ्नो वरिपरिका ख्रीष्टियान हुँ भन्नेहरूका जीवनलाई सुसमाचारहरूमा दिइएको येशुको छवीसँग तुलना गर्दा, लिनाक्रेले महसुस गरे, “हामी आफैलाई ख्रीष्टियान हौं भन्छौं, तर हामी येशु ख्रीष्टिको छवि देखाउँदैनौं ।”

परमेश्वरको राज्यको विषयमा मत्तीका उपदेशहरूदेखि लिएर खाँचोमा परेकाहरूका बीच येशुको सेवाको मर्कूसको चित्रण र पवित्र आत्मामाथिको लूकाको जोडसम्म, सुसमाचारहरूले येशुको सेवाकाइको एउटा चित्रण दिन्छन् । यसको माध्यमबाट, सुसमाचारहरूले ख्रीष्टियान हुनुको अर्थ के हो भनी देखाउँछन् । हामीले सुसमाचारहरूलाई पढ्दै जाँदा, हामीले आफैंलाई सोध्नुपर्छ, “के येशु ख्रीष्टिको जीवन परिवर्तनकारी अनुग्रह प्रतिबिम्बित गर्ने जीवन जिइरहेको छु”

१०१ https://www.goodreads.com/quotes/३१४६७३-no-man-is-greater-than-his-prayer-life-the-pastor May २२, २०२० बाट लिइएको ।

१०२ ए. डब्लू. टोजर *अफ गड एण्ड मेन* (सिकागो, आइएल: मुडी पब्लिसर्स, रिस्यु इडिसन, २०१५)

१०३ फ्रान्सिस चान *फरगटन गड: रिभर्सिङ आवर नेग्लेट अफ द होली स्प्रिट* (कोलोराडफ स्प्रिङ्स, को: डेबिड सी कूक, २००९)

## पाठ २ को गर्नुपर्ने कार्यहरू

निम्न लिखित गर्नुपर्ने कार्यहरूसँगै यस पाठको तपाईंको बुझाइलाई प्रस्तुत गर्नुहोस्:

१. दिइएका गर्नुपर्ने कार्यहरूमध्ये कुनै **दुई** वटा छान्नुहोस्:

- प्रवचनको तयारी गर्नुहोस् वा येशुका दृष्टान्तहरूमा बाइबल पाठको तयारी गर्नुहोस् । यो ५-६ पृष्ठहरूको आलेख हुन सक्छ वा रेकर्ड गरिएको प्रवचन वा पाठ हुन सक्छ ।
- ख्रीष्टियान जीवनमा क्रूसीकरण वा पुनरूत्थानको महत्त्व बारेमा प्रवचन वा बाइबल पाठ तयार गर्नुहोस् । यो ५-६ पृष्ठहरूको आलेख हुन सक्छ वा रेकर्ड गरिएको प्रवचन वा पाठ हुन सक्छ ।
- शिक्षणमा काम लाग्न सक्ने वेदनाको हप्ताको समयरेखा तयार गर्नुहोस् । यो कागजमा वा कम्प्युटरमा तयार गरिएको प्रस्तुतिकरण (प्रेजेन्टेसन) हुनसक्छ । यसको समयरेखामा वेदनाको हप्ता (Passion Week) का प्रमुख घटनाहरू समावेश हुनपर्छ ।
- निम्ति लिखित क्षेत्रहरू र सहरहरू देखाउँदै प्यालेस्टाइनको मानचित्र कोर्नुहोस्: यहूदिया, गालील, सामरिया, डेकापोलिस, यरूशलेम, नासरत, यरिहो र कैसरिया फिलिप्पी ।

२. अर्को पाठको सुरुमा, यस पाठको आधारमा जाँच लिनुहोस् । तयारी गर्दा जाँचमा सोधिने प्रश्नहरूलाई राम्रोसँग अध्ययन गर्नुहोस् ।

## पाठ २ जाँच

१. तीन वटा सुसमाचारहरूलाई किन सिनप्टिक (एकै दृष्टिकोणका) गस्पल्स भनिन्छ?

२. मत्ती यहूदी पाठका लागि लेखिएको थियो भन्ने तीन वटा प्रमाणहरू दिनुहोस्।

३. मत्तीका तीन वटा मुख्य विषयहरू लेख्नुहोस्।

४. मर्कूका तीन वटा मुख्य विषयहरू लेख्नुहोस्।

५. मर्कूसको मसिही रहस्यसँग सम्बन्धित तीन प्रकारका पाठहरूलाई सूचीकृत गर्नुहोस् र व्याख्या गर्नुहोस्।

६. हामीलाई थियोफिलसको बारेमा के थाहा छ? लूकाको बारेमा?

७. चाल्सेडोनियन क्रिड (विश्वासको धारणा)ले येशुको स्वभावको बारेमा के सिकाउँछ?

८. लूकाका चार वटा मुख्य विषयहरूलाई सूचीकृत गर्नुहोस्।

९. लूकामा निम्न सामाजिक हैसियत भएकाहरू माझ गरिएको येशुको सेवाकाइका तीन वटा उदाहरणहरू लेख्नुहोस्।

१०. येशुको संसारिक जीवनको समयमा पवित्र आत्माको कामका तीन वटा उदाहरणहरू लेख्नुहोस्।

११. कण्ठ गरेका मत्ती ५:४८; मर्कूस १०:४५; लूका १९:१० लेख्नुहोस्।

# पाठ ३

# यूहन्ना

## पाठका उद्देश्यहरू

१. सिनप्टिक (एकै दृष्टिकोणका) गस्पल्ससित यूहन्नालाई तुलना गर्नुहोस् ।

२. यूहन्नाको सुसमाचारको लेखक, मिति र ऐतिहासिक परिवेशलाई थाहा गर्नुहोस् ।

३. यूहन्नाको सुसमाचार लेखनको उद्देश्य र विषयवस्तु पहिचान गर्नुहोस् ।

४. येशुको मानवता र ईश्वरत्व दुवैको महत्त्वको कदर गर्नुहोस् ।

५. यूहन्नाको सन्देशलाई आजको संसारको आवश्यकतासँग सम्बन्धित गर्नुहोस् ।

६. यो पाठको विषयवस्तुलाई सेवाकाइको परिवेशमा लागू गर्नुहोस् ।

## यो पाठको तयारी

*यूहन्नाको सुसमाचार पढ्नुहोस्। तपाईंले यूहन्नाको सुसमाचार पढ्दैगर्दा, तपाईंले हरेक अध्यायमा देखिएको येशुको प्रस्तुतिप्रति प्रतिक्रिया जनाउनुभएको उपासनाको दैनिकी आफ्नो साथमा राख्नुहोस्। (यो पाठको लागि यो गर्नुपर्ने कार्य १ हो।) उदाहरणको लागि, अध्याय १ मा, तपाईंले अनन्तको "वचन"को रूपमा देखिएको येशुको प्रस्तुतिप्रति प्रतिक्रिया जनाउनुभएको हुनसक्छ। एक ख्रीष्टियानको रूपमा तपाईंको लागि त्यसले के अर्थ लाग्छ? येशुको अनन्तको स्वभावले उहाँको सन्तानको रूपमा तपाईंको विश्वास र आत्मविश्वासमा कसरी प्रभाव पार्छ?*

*यूहन्ना २०:३०-३१ कण्ठ गर्नुहोस्।*

## परिचय

» ख्रीष्टयानहरूलाई "विश्वासीहरू" भनिन्छ । विश्वास गर्नुको अर्थ के हो? साँचो विश्वासले हाम्रो जीवनलाई कसरी असर पुर्याउनेछ?

> किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् । किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो । जसले उहाँमाथि विश्वास गर्छ, त्यो दोषी ठहरिँदैन, तर विश्वास नगर्नेचाहिँ अघि नै दोषी ठहरिएको छ, किनभने उसले परमेश्वरका एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन ।[१०४]

त्यहाँ धर्मशास्त्रका सबैभन्दा प्रसिद्ध केही वचनहरू छन् । येशुमा विश्वास गर्नेले अनन्त जीवन पाउनेछ भन्ने तिनीहरूले प्रतिज्ञा गर्छन् । यी धर्मशास्त्रका सबैभन्दा धेरै दुरुपयोग गरिएका वचनहरू पनि हुन् । "खाली विश्वास गर"लाई प्रायजसो अपरिवर्तित जीवन सहितको मानसिक विश्वासको अर्थमा गलत व्याख्या गरिन्छ । यूहन्नाले विश्वास मानिसक स्वीकारभन्दा अझ बढी कुरा हो भन्ने देखाउँछ । "म विश्वास गर्छु" भन्ने शब्दहरू हृदयबाट भनिन्छ, र यसले तपाईंको जीवन परिवर्तन गर्नेछ । साँचो विश्वासले व्यक्तिको इच्छा र व्यवहारमा परिवर्तन ल्याउँछ ।

# यूहन्नाको सुसमाचारको पृष्ठभूमि

## लेखक, मिति र स्थान

जब्दियाको छोरा यूहन्ना यो चौथो सुसमाचारको लेखक थिए । एन्टिओखियाको इग्नेसियस, जस्टिन मार्टर, पोलीकार्प र इरेनायस सबै जनाले यूहन्नाको लेखकत्वको गवाही दिए ।

यूहन्ना, उनको दाजु याकूब र सिमोन पत्रुससँगै येशुको सबैभन्दा नजिकका चेलाहरू थिए । येशुले मृतक केटीलाई जीवित पार्नुहुँदा यी चेलाहरू मात्र त्यस केटीको कोठामा थिए ।[१०५] यिनीहरू डाँडामा येशुको रूप परिवर्तनको समयमा र गेतसमनी बगैंचामा येशुसँगै थिए ।[१०६]

यूहन्ना प्रारम्भिक मण्डलीको एक प्रभावशाली अगुवा थिए । केवल पावलले यूहन्नाले भन्दा बढी नयाँ करारका पुस्तकहरू लेखे । यूहन्नाले यूहन्नाको सुसमाचार, तीन वटा पत्रहरू र प्रकाश लेखे ।

चलिआएको भनाइ अनुसार, यूहन्ना एफिससमा बस्दथे । डोमिशियनको शासनकालमा यूहन्नालाई पत्मोस टापुको निर्वासनमा पठाइयो, जहाँ उनले प्रकाशको पुस्तक लेखे । पछिबाट उनी एफिससमा फर्किए र त्यहीँ १०० वर्षको उमेरमा उनको निधन भयो । यूहन्नाको सुसमाचार सम्भवत: एफिससबाट लेखिएको थियो । यो सामान्यतया इ.स. ८५-९५ तिरको हो, र यो सुसमाचारहरूमा अन्तिममा लेखिएको सुसमाचार हो ।

## उद्देश्य

यूहन्नाको सुसमाचार सिनप्टिक (एकै दृष्टिकोणका) गस्पल्सभन्दा सुस्पष्ट रूपले भिन्न छ । यूहन्नामा येशुले दुष्टात्मा निकाल्नुभएको कुनै कथा छैन; कुनै दृष्टान्त छैन; र मर्कूसमा जस्तै, कुनै मसिही रहस्य पनि छैन ।

---

१०४ यूहन्ना ३:१६-१८

१०५ मर्कूस ५:३७-४२

१०६ मत्ती १७:१-९; मर्कूस १४:३२-३६

थुप्रै लेखकहरूले यूहन्ना र सिनप्टिक (एकै दृष्टिकोणका) गस्पल्स बीच भिन्नताहरू पाए तापनि, यिनीहरू बीचका समानताहरूलाई हेर्नु पनि महत्त्वपूर्ण छ। यूहन्नाले येशुको जीवनलाई एउटा फरक दृष्टिकोणबाट प्रस्तुत गर्छन्, तर अन्य सुसमाचारका लेखकहरूका जस्तै उनको सन्देश उही छ। यूहन्नाले हाम्रो माझमा जिउनुहुने येशु परमेश्वरको पुत्र हुनुहुन्छ, उहाँ हाम्रा पापका लागि क्रूसमा टाँगिएर मर्नुभयो, र तेस्रो तीनमा मृतकबाट जीवित हुनुभयो भन्ने देखाउँछन्। यूहन्नाको अभिव्यक्त उद्देश्य भनेको येशुको ईश्वरत्वको प्रमाणहरू अभिलेख गर्नु हो।

येशुसँग सम्बन्धित त्यहाँ प्रारम्भिक दुई वटा झुटा शिक्षाहरू थिए। एउटाले येशु शरीरमा मात्र मानिस हुनुहुन्थ्यो भन्दै उहाँको पूर्ण मानव स्वभावलाई अस्वीकार गर्‍यो। लूकाले येशु पूर्णतया मानिस हुनुहुन्छ भन्ने बताएर यस त्रुटीको खण्डन गरे। अर्को झुटो शिक्षाले उहाँ परमेश्वरको पुत्र नभई केवल एउटा महान् शिक्षक हुनुहुन्थ्यो भन्दै उहाँको ईश्वरत्वलाई अस्वीकार गर्‍यो। यूहन्नाले परमेश्वरको पुत्रको रूपमा उहाँलाई प्रकट गर्ने आश्चर्यकर्महरूको एउटा श्रृङ्खला र उहाँलाई देहधारी हुनुभएको वचन देखाउने अभिव्यक्तिहरू मार्फत येशुको ईश्वरत्वमा विशेष ध्यान दिन्छन्। यूहन्नाको उद्देश्य "तिमीहरूले येशु परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस्" भन्ने हो।[१०७]

# यूहन्नाको सुसमाचारको विषयवस्तु

## प्रस्तावना (यूहन्ना १:१-१८)

यहूदी पाठकका सामु **राजा येशु**लाई प्रस्तुत गर्दै मत्तीले येशुको वंशावलीलाई दाऊद हुँदै अब्राहामसम्म पहिल्याए। रोमी पाठकका सामु **सेवक येशु**लाई प्रस्तुत गर्दै मर्कूशले कुनै वंशावली समावेश गर्दैनन्। ग्रीक पाठकका सामु **मानिसको पुत्र येशु**लाई प्रस्तुत गर्दै लूकाले येशुको वंशावलीलाई पहिलो मानिस, आदमसम्म पहिल्याए। **परमेश्वरको पुत्र येशु**लाई प्रस्तुत गर्दै यूहन्नाले "ईश्वरीय वंशावली" भनिने भनाइबाट सुरु गर्छन्।

> आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो। सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन।[१०८]

यूहन्नाको सुसमाचार येशु वचन हुनुहुन्थ्यो र त्यो वचन परमेश्वर हुनुहुन्थ्यो भन्ने एउटा नाटकीय दाबीबाट सुरु हुन्छ। उनी लेख्छन्, "अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो (हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो)।"[१०९] यस सुसमाचारका बाँकी अंशले यो दाबीलाई पुष्टि गर्ने प्रमाण प्रस्तुत गर्छ।

## चिन्हहरूको पुस्तक (यूहन्ना १-१२)

यूहन्नाको पहिलो खण्डलाई धेरैजसो "चिन्हहरूको पुस्तक" भनिन्छ। यस खण्डमा यूहन्नाले येशुको ईश्वरीय शक्ति देखाउने सात वटा आश्चर्यकर्महरूलाई अभिलेख गर्छ। जब काना नगरको विवाहमा येशुले पानीलाई दाखमद्यमा परिणत गर्नुभयो, उहाँले आफैंलाई आफ्ना चेलाहरूका सामु प्रकट गर्नुभयो। "उहाँका चिन्हहरूमध्ये यो पहिलो चिन्ह येशुले गालीलको कानामा गर्नुभयो। यसरी उहाँले आफ्नो महिमा प्रकट गर्नुभयो, अनि उहाँका चेलाहरूले उहाँमाथि विश्वास गरे।"[११०]

---

१०७ यूहन्ना २०:३१

१०८ यूहन्ना १:१-३

१०९ यूहन्ना १:१४

११० यूहन्ना २:११, *इङ्लिस स्ट्यान्डर्ड भर्सन*

यूहन्ना १-१२ का सात वटा आश्चर्यकर्महरूको श्रृङ्खलामा काना नगरको आश्चर्यकर्म पहिलो थियो । अन्य छ वटा यहाँ छन्:

- कफर्नहुममा एक जना उच्च अधिकारीको छोरालाई निको पार्नुभएको (४:४६-५४)
- बेथस्दामा पक्षाघातीलाई निको पार्नुभएको (५:१-१८)
- ५, ००० जनालाई खुवाउनुभएको (६:५-१४)[१११]
- पानीमाथि हिँड्नुभएको (६:१६-२४)
- जन्मैको अन्धोलाई निको पार्नुभएको (९:१-७)
- लाजरसलाई मरेकाबाट जीवित बनाउनुभएको (११:१-४५)

प्रत्येक आश्चर्यकर्मले येशु परमेश्वरको पुत्रको रूपमा देखायो । यूहन्नाले येशुका आश्चर्यकर्महरूलाई बताउन *चिन्हहरू*भन्ने शब्दको प्रयोग गर्छन् । ती आश्चर्यकर्महरूले येशुलाई परमेश्वरको पुत्रको रूपमा देखाउने चिन्हहरू थिए । हामीले बाटो वा एयरपोर्ट खोज्नलाई सडक चिन्हहरूलाई पछ्याए जस्तै, यूहन्नाले हामीलाई येशुको ईश्वरत्वलाई खोज्न उहाँका आश्चर्यकर्मका चिन्हहरूलाई पछ्याउन अनुरोध गर्छन् ।[११२] येशुको अन्तिम आश्चर्यकर्म, मरेको लाजरसलाई जीवित बनाउनु केवल यूहन्नामा मात्र अभिलेख गरिएको छ र यो यस सुसमाचारको पहिलो खण्डको पराकाष्ठा हो । यस आश्चर्यकर्मले येशु र धार्मिक अगुवाहरू बीचको अन्तिम भनाभनमा सीधै डोर्‍यायो । धेरै यहूदीहरू यस अकाट्य आश्चर्यकर्मको परिणाम स्वरूप येशुतिर लागेको कारण, ती अगुवाहरूले येशु र लाजरस दुवैलाई मार्ने निर्णय गरे ।[११३]

> **"एउटा चमत्कार जुन हामी व्याख्या गर्न सक्दैनौं त्यो एउटा घटना भन्दा बढी हो । चमत्कारमा" प्रकृति वा घटनाहरूको क्रममा अलौकिक हस्तक्षेप "समावेश छ । मण्डलीको इतिहासमा, चमत्कारहरूलाई परमेश्वरको अनुग्रहको असाधारण अभिव्यक्तिको रूपमा मात्र होइन, तर व्यक्तिको ईश्वरीय प्रमाणीकरण वा चमत्कार गर्ने व्यक्तिको शिक्षाको रूपमा हेरिएको छ ।" यसैकारण यूहन्नाले येशुका चमत्कारहरू वर्णन गर्न *चिन्ह* शब्द प्रयोग गर्छन् ।**
>
> **सिन्क्लेयर बी. फर्ग्युसन र जे.आई. प्याकर**
> *न्यू डिक्सनेरी अफ थिओलोजी, १९८८*

सात वटा आश्चर्यकर्महरूका अतिरिक्त, यूहन्नाले येशुका अभिव्यक्तिहरूको एउटा श्रृङ्खलाको अभिलेख गर्छन् जसले उहाँको ईश्वरत्वको गवाही दिन्छ । । मर्कूसले येशुले उहाँ मसिहा हुनुहुन्छ भनेर बचाउन चेलाहरूलाई गर्नुभएको निषेधका घटनाहरूलाई उल्लेख गर्छन्, जब कि यूहन्नाले येशुले अरूहरूलाई आफ्नो स्वभाव प्रकट गर्नुहुँदाखेरिका घटनाहरूको अभिलेख गर्छन् । यूहन्ना अभिलेख गरिएका गवाहीहरू यिनै हुन्:

- निकोदेमसलाई दिनुभएको येशुको गवाही (यूहन्ना ३:१-२१)
- सामरी स्त्रीलाई दिनुभएको येशुको गवाही (यूहन्ना ४:१-४१)[११४]
- बेथस्दाको पक्षाघातीलाई निको पार्नु भएपछिको येशुको गवाही (यूहन्ना ५:१७-१८)

१११ चार वटै सुसमाचारहरूमा सूचित गरिएको यो एक मात्र आश्चर्यकर्म हो ।

११२ क्रिस स्यामोन्स, "'आश्चर्यकर्म'को बाइबलीय परिभाषा के हो?" https://probe.org/what-is-a-biblical-definition-of-miracle/ May २२, २०२० बाट लिइएको ।

११३ यूहन्ना ११:४५-५३, १२:९-११

११४ खास गरी यूहन्ना ४:२५-२६ हेर्नुहोस् ।

- ५००० जनालाई खुवाउनु भएपछिको येशुको गवाही (यूहन्ना ६:२४-५९)
- छाप्रो-वासको चाडमा दिनुभएको येशुको गवाही (यूहन्ना ७:१४-४४)
- "अब्राहाम हुनुभन्दा अघिबाटै म छँदैछु" भन्ने येशुको गवाही (यूहन्ना ८:५२-५९)
- समर्पणको चाडमा दिनुभएको येशुको गवाही (यूहन्ना १०:२२-३८)

सन्देहवादीहरू येशुले परमेश्वर हुनुभएको दाबी गर्नुभएन भन्ने तर्क गरेका छन् । येशुले आफ्नो ईश्वरत्वको गवाही बारम्बार दिनुभयो भन्ने यूहन्नाले देखाउँछन् । "अब्राहाम हुनुभन्दा अघिबाटै म छँदैछु" भन्नुहुँदा येशुका पाठकहरूलाई उहाँको आशय के हो भन्ने राम्रोसँग थाहा थियो ।[११५] मोशालाई आफैलाई प्रकट गर्न परमेश्वरले प्रयोग गर्नुभएका शब्दहरू यिनै हुन्, "म हुँ जो म हुँ ।"[११६] येशुका कुरा सुन्नेहरूलाई उहाँको आशय थाहा थियो; तिनीहरूले ईश्वरनिन्दा गरेको सजाय दिन उहाँलाई ढुङ्गा हान्ने प्रयास गरे ।[११७] तिनीहरूले उहाँ एक असल शिक्षक र निको पार्ने व्यक्ति हुनुभएको कारण उहाँलाई मार्न खोजेका थिएनन्; परमेश्वर हुँ भन्ने उहाँको दाबीको कारण तिनीहरूले उहाँलाई मार्न खोजे । मानिसहरूले येशुको ईश्वरत्वको दाबीलाई इन्कार गर्न सक्ला, तर उहाँले यो दाबी गर्नुभयो भन्ने कुरालाई इन्कार गर्नु चाहिँ मूर्खता हो ।

**"...मान्छेहरू अक्सर भन्छन्: 'म येशुलाई एक महान नैतिक शिक्षकको रूपमा स्वीकार गर्न तयार छु, तर उहाँ ईश्वर भएको दाबी म स्वीकार गर्दिन ।' हामीले भन्न नहुने कुरा यही हो । येशुले जस्तै बोल्नुभएका कुराहरू बोल्ने मानिस कुनै ठुलो नैतिक शिक्षक हुन सक्दैन । ऊ या त पागल हुनुपर्छ वा नर्कको शैतान हुनुपर्छ । तपाईले आफ्नो छनौट गर्नु पर्छ .... तपाईं उहाँलाई मूर्ख भएको कारण चूप गराउन सक्नुहुन्छ, तपाईं... उहाँलाई दानवको रूपमा मार्न सक्नुहुन्छ; वा तपाईं उहाँको पाउमा पर्न सक्नुहुन्छ र उहाँलाई प्रभु र परमेश्वर पुकार्न सक्नुहुन्छ । तर उहाँ एक महान मानव शिक्षक हुनु भएको कारण हामी कुनै अर्थहिन घमण्डको साथ हामी नआऔं । उहाँले त्यो हाम्रो हातमा छोड्नु भएको छैन ।"**

**सी.एस. लुइस**
*मेर ख्रीष्ट्यानिटी*

## महिमाको पुस्तक (यूहन्ना १३-२०)

येशुमा हामी "अनुग्रह र सत्यताले पूर्ण पिताबाट आउनुभएको एकमात्र पुत्रको महिमा" देख्छौं ।[११८] येशुको संसारिक सेवाकाइको अन्तिम हप्तामा उहाँको महिमा चेलाहरूको अपेक्षाभन्दा एकदमै फरक तवरले प्रकट भयो । चेलाहरूले येशुको महिमालाई सैन्य विजय, राजनैतिक शक्ति र लोकप्रिय सार्वजनिक सेवाकाइको अर्थमा लिए । यसको विपरीत, येशुले आफ्नो महिमामा क्रूस र आत्म-बलिदान समावेश छ भन्ने देखाउनुभयो ।

अन्तिम रात्री भोजनमा, येशुले आफ्ना चेलाहरूले एकअर्काको सेवा गर्दा देखाउनुपर्ने विनम्रताको प्रर्दशन गर्नुभयो ।[११९] आफ्नो अन्तिम कुराकानीमा, येशुले "हामीसँग सधैंका लागि निवास

---

११५ यूहन्ना ८:५८

११६ प्रस्थान ३:१४

११७ यूहन्ना ८:५९

११८ यूहन्ना १:१४

११९ यूहन्ना १३

गर्नुहुने" सल्लाहकारको बारेमा सिकाउनुभयो।[१२०] दाखको बोट र हाँगाहरूको रूपक सहित, उहाँले उहाँमा निरन्तर रहिरहनुको आवश्यकताको बारेमा सिकाउनुभयो; "कोही मिनस ममा रहेन भने, त्यो हाँगाझैं बाहिर मिल्काइन्छ र त्यो सुकिहाल्छ..."[१२१] यी उदाहरणहरू राजनैतिक र सैन्य शक्तिको ठीक विपरीत थिए; बरु, येशुको बाटो आत्म-समर्पण र विनम्रताको बाटो थियो।

येशुको प्रधान पुजारीको प्रार्थनामा उहाँले आफ्नो हृदयका कुराहरूका विषयमा प्रार्थना गर्नुभयो। क्रूसको सामना गर्दैगर्दा, येशुले प्रार्थना गर्नुभयो

- आफ्नो लागि: पिताद्वारा उहाँ महिमित हुनेछ (यूहन्ना १७:१-८)
- चेलाहरूका लागि: तिनीहरूलाई सुरक्षित राख्नुहुनेछ र पवित्र पार्नुहुनेछ (यूहन्ना १७:९-१९)
- सबै विश्वासीहरूका लागि: तिनीहरूको एकताले संसारलाई गवाही दिनछ (यूहन्ना १७:२०-२६)

यूहन्नाले येशुको पक्राउ, केरकार, क्रूसीकरण र पुनरूत्थानको अभिलेख गर्छन्। यूहन्नाको सुरुतिर, येशुले निकोदेमसलाई भन्नुभयो, "जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ, र जस-जसले उहाँमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ।"[१२२] पछिबाट, येशुले आफ्नो मृत्युको बारेमा यसरी बताउनुभयो; "अनि जब म पृथ्वीबाट उचालिन्छु, म सबै मानिसलाई आफूतिर खिँच्नेछु।"[१२३] मानिसहरू नाश नहोस्, तर अनन्त जीवन पाऊन् भनेर सबै मानिसहरूलाई आफूकहाँ खिँच्न मानिसको पुत्र क्रूसमा उचालिनुभयो। यही लक्ष्यको लागि येशुको सम्पूर्ण जीवन लक्षित थियो। उहाँको क्रूसको मृत्युलाई "उहाँको महिमाको घडी" भनेर समेत भनिन्छ।[१२४] यो त्यही महिमा थियो जसको लागि उहाँ यस संसारमा आउनुभयो।

यूहन्नाले यो खण्डलाई पुनरूत्थानपछिको थोमाको "मेरो प्रभु र मेरो परमेश्वर" भन्ने गवाहीको साथ अन्त गर्छन्।[१२५] येशुको पुनरूत्थानको परिवर्तनकारी शक्तिलाई थोमाको पछिल्लो जीवनमा देख्न सकिन्छ; उनी भारतमा सुसमाचार सुनाउने क्रममा सहिदको रूपमा मारिएको थियो।

## परिशिष्ट (यूहन्ना २१)

यूहन्नाको अन्तिम अध्यायले पुनरूत्थानपछि गालील समुद्रमा चेलाहरूको एउटा समूहकहाँ येशु देखा पर्नुभएको घटना बताउँछ।[१२६] यूहन्नाले आफ्नो कथनको सत्यतालाई पुष्टि गर्दै आफ्नो सुसमाचारको अन्त्य गर्छन्; "यी ती नै चेला हुन्, जसले यी कुराका विषयमा गवाही दिँदछन्, र यी कुरा लेखेका छन्, अनि हामी जान्दछौं कि तिनको गवाही साँचो छ।"[१२७]

---

१२० यूहन्ना १४:१६

१२१ यूहन्ना १५:६

१२२ यूहन्ना ३:१४-१५

१२३ यूहन्ना १२:३२

१२४ यूहन्ना १२:२३

१२५ यूहन्ना २०:२८

१२६ यूहन्ना २१:१ यूहन्नाले गलीली समुद्रलाई त्यसको अर्को नाउँ तिबेरियास समुद्र भनेर बोलाउँछन्। तिबेरियास गालील सहरको राजधानी थियो।

१२७ यूहन्ना २१:२४

## आजको मण्डलीमा यूहन्नाको सुसमाचार

नयाँ विश्वासीहरूलाई यूहन्नाले येशुको ईश्वरत्वको स्वभाव प्रकट गर्छन् । येशुको बारेमा यसको सुस्पष्ट र साधारण प्रस्तुतिकरणले गर्दा, पास्टरहरूले नयाँ विश्वासीहरूलाई धेरैजसो यूहन्नाको सुसमाचार पढ्न प्रोत्साहन दिन्छन् । यूहन्नामा येशुलाई हामी जीवनको रोटी (यूहन्ना ६:३५); संसारको ज्याति (यूहन्ना ८:१२); असल गोठालो (यूहन्ना १०:११); पुनरूत्थान र जीवन (यूहन्ना ११:२५) र एक मात्र बाटो, सत्य र जीवन (यूहन्ना १४:६) को रूपमा देख्छौं ।

शङ्कालु दृष्टिकोण राख्ने संसारलाई यूहन्नाले परमेश्वरको पुत्रको रूपमा येशुको तस्बीर दिँदछ । यूहन्नाका आश्चर्यकर्महरूले ती व्यक्तिहरूसँग बोल्छ जसले ईश्वरत्वको येशुको दाबीको प्रामाणिकताको लागि शक्तिशाली चिन्हहरू खोज्छन् । आश्चर्यकर्महरू मार्फत, येशुले म छँदैछु भन्ने उहाँको दाबीलाई उहाँको ईश्वरीय शक्तिद्वारा पुष्टि गरेर देखाउनुभयो ।[१२८]

साँचो चेलापनको लागि कुनै आह्वान विना सस्तो अनुग्रह प्रचार गर्ने एउटा आधुनिक मण्डलीलाई[१२९] यूहन्नाको सुसमाचारले विश्वासको साँचो अर्थ के हो भनी देखाउँछ । साँचो विश्वासले ख्रीष्टियानको जीवनमा परिवर्तन ल्याउँछ । तिनीहरूले जीवनको रोटीको बारेमा येशुको व्याख्या सुनिसकेपछि, "उहाँका चेलाहरूमध्ये धेरै जना पछि हटे, र उहाँसँग हिँड्न छोडे ।"[१३०] ती चेलाहरू हामी येशुमा विश्वास गर्छौं भनी दाबी गरे । तिनीहरूले उहाँलाई पछ्याए; तिनीहरूले रोटी र माछा खाए; तर तिनीहरूले साँचो तवरले विश्वास गरेनन् । तिनीहरू येशुका आज्ञाहरू निरन्तर पालना गरेर आफ्नो मुखले स्वीकारेको विश्वासअनुसार जिएनन् । यूहन्नाको सुसमाचारले साँचो विश्वासको अर्थ सिकाउँछ ।

## निष्कर्ष

यूहन्नाको सुसमाचारले साँचो विश्वासले विश्वासीको जीवनमा परिवर्तन ल्याउँछ भन्ने देखाउँछ; विश्वासीको ज्यानको मोल समेत चकाउनुपर्ने हुन सक्छ । डाइट्रिच बोनहोफरले "महङ्गो अनुग्रह"लाई सस्तो अनुग्रहसँग तुलना गरे । उनले लेखे, "जब ख्रीष्टले कुनै व्यक्तिलाई बोलाउनुहुन्छ, उहाँले उसलाई आउन र मर्न आज्ञा दिनुहुन्छ ।"[१३१] यस किसिमको साँचो विश्वास दोस्रो शताब्दीका सहिद, पोलिकार्पको जीवनमा देखिन्छ ।

पोलिकार्प प्रेरित यूहन्नाका चेला थिए । उनले यूहन्नाका शिक्षा र येशुको जीवनबारे यूहन्नाका सम्झनाहरू सुनेका थिए । ८६ वर्षको उमेरमा पोलिकार्प पक्राउ परे । रोमी अधिकारीहरूले आदरणीय बुढा मानिसलाई मृत्युदण्ड दिन चाहेनन् र उनलाई आफ्नो विश्वास त्याग्दै "कैसर प्रभु हो" भनेर शपथ खाएर आफ्नो जीवन जोगाउने मौका दिए । रोमी हाकिमले भन्यो, "कसम खाऊ, र म तिमीलाई मुक्त गरिदिनेछु ।" पोलिकार्पको प्रतिक्रिया साँचो विश्वासको अर्थ को हो भन्ने कुराको गवाहीको रूपमा शताब्दीयौंदेखि गुञ्जिरहेको छ: "मैले उहाँको सेवा गरेको छयासी बर्ष भयो, र उहाँले मेरो कुनै अहित गर्नुभएको छैन । तब मलाई बचाउनुहुने मेरा राजाको निन्दा म कसरी गर्न सक्छु?"[१३२] पोलिकार्पले आफ्नो शिक्षक यूहन्नाले सिकाएका पाठहरू सिकेका थिए । उनलाई साँचो विश्वासले मृत्युसम्मै विश्वासीको जीवनमा परिवर्तन ल्याउँछ भन्ने थाहा थियो ।

---

१२८ यूहन्ना ८:५८

१२९ "सस्तो अनुग्रह" भन्ने शब्द आर. एच. फूलरबाट अनुवादित, डाइट्रिच बोनहोफरबाट लिखित *द कस्ट अफ डिसाइपलसिप*बाट आएको हो । (न्यू योर्क: टचस्टोन, १९९५), ८९

१३० यूहन्ना ६:६६

१३१ डाइट्रिच बोनहोफरबाट लिखित *द कस्ट अफ डिसाइपलसिप* आर. एच. फूलरद्वारा अङ्ग्रेजीमा अनुवादित । (न्यू योर्क: टचस्टोन, १९९५), ८९

१३२ पोलिकार्प सहिद भएको कथा http://www.ccel.org/ccel/richardson/fathers.vii.i.iii.html May २२, २०२० बाट साभार गरिएको हो ।

## पाठ ३ को गर्नुपर्ने कार्यहरू

निम्न लिखित गर्नुपर्ने कार्यहरूसँगै यस पाठको तपाईंको बुझाइलाई प्रस्तुत गर्नुहोस्:

१. (पाठ ३ को तयारी पूरा भयो ।) तपाईंले यूहन्नाको सुसमाचार पढ्दैगर्दा, तपाईंले हरेक अध्यायमा देखिएको येशुको प्रस्तुतिप्रति प्रतिक्रिया जनाउनुभएको उपासनाको दैनिकी आफ्नो साथमा राख्नुहोस् । उदाहरणको लागि, अध्याय १ मा, तपाईंले अनन्तको वचनको रूपमा देखिएको येशुको प्रस्तुतिप्रति प्रतिक्रिया जनाउनुभएको हुनसक्छ । एक ख्रीष्टियानको रूपमा तपाईंको लागि त्यसले के अर्थ लाग्छ? येशुको अनन्तको स्वभावले उहाँको सन्तानको रूपमा तपाईंको विश्वास र आत्मविश्वासमा कसरी प्रभाव पार्छ?

२. अर्को पाठको सुरुमा, यस पाठको आधारमा जाँच लिनुहोस् । तयारी गर्दा जाँचमा सोधिने प्रश्नहरूलाई राम्रोसँग अध्ययन गर्नुहोस् ।

# पाठ ३ जाँच

१. यूहन्नाको लेखकत्वबारे पोलिकार्पको गवाही किन विशेष महत्त्वको छ?

२. यूहन्नाले आफ्नो सुसमाचार लेख्नुको उद्देश्य के थियो?

३. यूहन्नाको उद्देश्य उनको सुसमाचारका विषयवस्तुमा कसरी देखिन्छ?

४. येशुको वंशावलीबारे यूहन्नाको प्रस्तावनाले के देखाउँछ?

५. यूहन्नाका सात वटा चिन्हहरूलाई सूचीकृत गर्नुहोस्।

६. येशुले आफ्नो ईश्वरत्वबारे दिनुभएका गवाहीका तीन वटा उदाहरणहरू दिनुहोस्।

७. आफ्नो ईश्वरत्वबारे येशुका दाबीहरूप्रति यहूदी अगुवाहरूको प्रतिक्रिया कस्तो थियो?

८. येशुको प्रधान पुजारीको प्रार्थनामा उहाँले कुन-कुन तीन वटा कुराहरूका लागि प्रार्थना गर्नुभयो?

९. कण्ठ गरेको यूहन्ना २०:३०-३१ लेख्नुहोस्।

# पाठ ४

# प्रेरितका पुस्तक

## पाठका उद्देश्यहरू

१. प्रारम्भिक मण्डलीको भौगोलिक र ऐतिहासिक पृष्ठभूमिलाई बुझ्नुहोस् ।

२. प्रेरितका पुस्तकको लेखक र मिति थाहा गर्नुहोस् ।

३. प्रेरितका पुस्तकको उद्देश्य र महत्त्वलाई चिन्नुहोस् ।

४. यरूशलेमबाट रोमी संसारमा सुसमाचारको विस्तारलाई पहिल्याउनुहोस् ।

५. प्रेरितका पुस्तकको निर्देशनात्मक र वर्णनात्मक शिक्षा बीचको भिन्नतालाई बुझ्नुहोस् ।

६. पावलको सेवाकाइको संक्षिप्त विवरण प्राप्त गर्नुहोस् ।

७. प्रेरितका पुस्तकको सन्देशलाई आजको संसारको आवश्यकताहरूसँग सम्बन्धित गर्नुहोस् ।

## यो पाठको तयारी

*प्रेरितका पुस्तक पढ्नुहोस्* ।

*प्रेरित १:७-८ कण्ठ गर्नुहोस्* ।

## परिचय

पुरानो करारमा यहोशूको पुस्तकले इस्राएलको उजाड-स्थानको जीवनबाट कनानको जीवनमा र मोशाको नेतृत्वबाट यहोशूको नेतृत्वमा भएको रूपान्तरणलाई देखाउँछ । यहोशूले परमेश्वरको मानिस, इस्राएलको इतिहासमा भएको एउटा महत्त्वपूर्ण रूपान्तरणलाई चित्रण गर्छ ।

नयाँ करारमा प्रेरितका पुस्तकले येशुको संसारिक सेवाकाइबाट प्रारम्भिक मण्डलीद्वारा पवित्र आत्माको आत्मिक सेवाकाइमा रूपान्तरणलाई देखाउँछ । यो येशुको कामबाट प्रेरितहरूका काममा केन्द्रित हुन्छ । प्रेरितका पुस्तकले परमेश्वरको मानिस-मण्डलीको इतिहासको एउटा महत्त्वपूर्ण रूपान्तरणलाई चित्रण गर्छ ।

यहोशूको पुस्तकले आंशिक रूपमा सफल रूपान्तरणलाई देखाउँछ। त्यो पुस्तकको अन्तमा इस्राएलका मानिसहरूले परमेश्वरप्रति वफादार रहने प्रतिज्ञा गर्छन्।[१३३] यद्यपि, कनानीहरू पूर्ण रूपमा पराजित भएका छैनन्। अर्को पुस्ताबाट इस्राएलले कनानी देवीदेवताहरूको आराधना गर्दैछन्।[१३४]

प्रेरितका पुस्तकले धेरैभन्दा धेरै सफल रूपान्तरणलाई देखाउँछ। महान् आज्ञा जसबाट यो पुस्तक सुरु हुन्छ त्यो यो पुस्तकको अन्तमा पूरा हुन्छ।[१३५] प्रेरितका पुस्तक यरूशलेमका केन्द्रित यहूदी मण्डलीबाट सुरु हुन्छ; यसको अन्त एन्टिओखियामा केन्द्रित बहुसांस्कृतिक मण्डलीमा हुन्छ। प्रेरितका पुस्तक यरूशलेममा सुरु हुन्छ; अन्त रोममा हुन्छ। प्रेरितका पुस्तक येशुको सबैभन्दा नजिकका चेलाहरूमध्ये एक पत्रुसको अग्रभूमिकाबाट सुरु हुन्छ; यसको अन्त मण्डलीको पूर्व सतावटकर्ता पावलको अग्रभूमिकामा हुन्छ।

## प्रारम्भिक मण्डलीको संसार

पाठ १ ले नयाँ करारको संसारबारे संक्षिप्त विवरण प्रस्तुत गर्यो। त्यस पाठको समीक्षाले प्रेरितका पुस्तकको अध्ययनको लागि तपाईंको सम्झनालाई ताजा बनाउनेछ। केही अतिरिक्त तथ्यहरू रोमी साम्राज्यभरि प्रारम्भिक मण्डलीको विस्तारलाई बुझ्न महत्त्वपूर्ण छन्।

### भूगोल

प्रेरितका पुस्तकको ध्यान प्यालेस्टाइनबाट रोमी साम्राज्यको बृहत् संसारमा जान्छ। तपाईंको बाइबल वा बाइबल मानचित्रका नक्साचित्रहरू हेर्न समय निकाल्नुहोस्।[१३६] प्रेरितका पुस्तकमा महत्त्वपूर्ण निम्न स्थानहरूलाई ध्यान दिनुहोस्:

- सिरिया प्रान्तको **एन्टिओखिया**: यहूदियाभन्दा बाहिरको सुसमाचार प्रचारको ख्रीष्टियान केन्द्र थियो।
- माकेडोनिया प्रान्तको **फिलिप्पी**: युरोपेली भूमिमा स्थापना गरिएको पहिलो मण्डली थियो।
- एसिया प्रान्तको **एफिसस**: यस प्रान्तको राजधानी थियो। पावलको रणनीति भनेको रोमी सम्राज्यका मुख्य सहरहरूमा मण्डलीहरू स्थापना गर्नु थियो। केन्द्रीय स्थानको प्रारम्भिक मण्डलीबाट सुसमाचार त्यस प्रान्तभरि विस्तार हुने थियो।
- अखैया प्रान्तको **कोरिन्थ**: कोरिन्थलाई यसको भूमध्य सागरको बन्दरगाहले सुमसाचारको लागि एउटा महत्त्वपूर्ण सहर बनायो किनभने विभिन्न देशका मानिसहरूले त्यहाँको भ्रमण गरे।
- **रोम**: पावलको लक्ष्य रोमी साम्राज्यलाई सुसमाचार सुनाउने कार्यमा सहायता गर्न रोमको यात्रा गर्ने थियो। उनले आफ्नो सेवाकाइको अन्त्यतिर रोमबाट स्पेनमा जाने योजना बनाए।

### इतिहास

दुई जना रोमी सम्राटहरू प्रेरितका पुस्तक र पत्रहरूमा महत्त्वपूर्ण छन्।

---

१३३ यहोशू २४:३१

१३४ न्यायकर्ताहरू २:७-११

१३५ प्रेरित १:७-८; २८:३०-३१

१३६ अनलाइन बाइबल मानचित्र यहाँ उपलब्ध छ http://www.openbible.info/geo/.

- **नेरो** इ.स. ५४-६८ सम्म सम्राट भए। नेरोले ख्रीष्टियानहरूलाई रोमको अधिकांश भाग जलाएर ध्वस्त पार्ने ठुलो आगलागीको जिम्मेवार ठहराए। यस झुटो आरोपले गर्दा ख्रीष्टियानहरूमा व्यापक सतावट ल्यायो। नेरोद्वारा मारिने थुप्रै ख्रीष्टियानहरूमध्ये पत्रुस र पावल पनि थिए।
- **डोमिशियन** इ.स. ८१-९६ सम्म सम्राट भए। उनले "प्रभु र परमेश्वर" भएको दाबी गरे र आफूप्रति वफादरिता देखाउन नमान्ने ख्रीष्टियानहरूलाई सताए। सम्भवत: यसै समयतिर प्रकाशको पुस्तक लेखिएको हुनसक्छ।

# प्रेरितका पुस्तकको पृष्ठभूमि

## लेखक र मिति

प्रेरितमा लूकाले आफ्नो सुसमाचारमा सुरु गरेकै कथनलाई निरन्तरता दिन्छन्। "प्रिय थियोफिलस, येशुले गर्न र सिकाउन थाल्नुभएका सबै कुराका विषयमा मेरो पहिलो पुस्तकमा मैले लेखेको छु।[१३७]

प्रेरितका पुस्तकको अन्तमा पावल रोममा नजरबन्दमा छन्।[१३८] यसले ५० को दशकको उत्तरार्ध वा ६० को दशकको सुरुको सम्भावित मितिलाई सङ्केत गर्छ।

## उद्देश्य

लूकाको सुसमाचारले मण्डलीको अगुवाइ गर्न येशुले चेलाहरूलाई तालिम दिनुभएको कुरा देखाउँछ। प्रेरितका पुस्तकले तिनै चेलाहरूले संसारमा सुसमाचार लिएर गएको देखाउँछ। प्रेरितका पुस्तकले यरूशलेमबाट हुँदै यहूदिया, सामरिया र संसारको अन्तिम छेउसम्म भएको सुसमाचारको विस्तारलाई देखाउँछ।

## महत्त्वपूर्ण विषयवस्तुहरू

### ऐतिहासिक विस्तृत विवरण

लूकाको सुसमाचारले जस्तै, प्रेरितका पुस्तकले ऐतिहासिक विस्तृत विवरणहरूमाथि सावधानपूर्वक ध्यान दिन्छ। प्रेरितका पुस्तकले तीन वटा भन्दा बढी देशहरू, पाँच वटा भन्दा बढी सहरहरू र लगभग एक सय जनाभन्दा बढी व्यक्तिहरूका बारेमा उल्लेख गर्छ।[१३९]

### सुसमाचार प्रचार र मिसन

प्रेरितका पुस्तकको सुरुआतमा येशुले आफ्ना चेलाहरूलाई यरूशलेम, यहूदिया, सामरिया र पृथ्वीको अन्तिम छेउसम्म सुसमाचार लैजान आज्ञा दिनुहुन्छ। प्रेरितका पुस्तकको अन्तमा सुसमाचार रोमी साम्राज्यभरि प्रचार गरिन्छ।

---

१३७ प्रेरित १:१

१३८ प्रेरित २८:३०

१३९ वाल्टर ए. एलवेल र रोबर्ट डब्लू. यारवर्ग *इन्काउन्टरिङ द न्यू टेष्टामेन्ट* (एडिए: वेकर एकाडेमिक, २००५), २११

### पवित्र आत्माको काम

लूकाको सुसमाचारले येशुको संसारिक सेवाकाइमा पवित्र आत्माको भूमिकामा ध्यान दिन्छ । प्रेरितका पुस्तकमा लूकाले प्रारम्भिक मण्डलीमा पवित्र आत्माको भूमिकालाई देखाउँछ । पवित्र आत्मा प्रेरितका पुस्तकको मुख्य व्यक्ति हुनुहुन्छ । पवित्र आत्माद्वारा चेलाहरूलाई सेवाकाइको लागि शक्ति प्रदान गरिन्छ ।

### यस सुसमाचारको सन्देश

लूकाको सुसमाचार नयाँ विश्वासी थियोफिलसलाई सिकाइएका कुराहरूका सत्यतालाई पुष्टि गर्न लेखियो । प्रेरितका पुस्तकले नयाँ विश्वासीहरूलाई सुसमाचार सिकाउने यही रूची देखाउँछ । यो पुस्तकको एक-चौथाइ भाग प्रवचनहरूले ओगटेको छ । प्रेरितका पुस्तका महत्त्वपूर्ण प्रवचनहरू:

- पेन्तकोसमा दिइएको पत्रुसको प्रवचन (प्रेरित २)
- महासभा अघि स्तिफनसको बचाउ (प्रेरित ७)
- कर्नेलियसको घरमा दिइएको पत्रुसको प्रवचन (प्रेरित १०)
- एथेन्सको अरियोपागस दिइएको पावलको प्रवचन (प्रेरित १७)

ती प्रवचनहरूले प्रेरितहरूबाट प्रचार गरिएका मूल सन्देशलाई देखाउँछन्:[१४०]

- येशु ख्रीष्टको प्रभुत्व
- सुसमाचारको ऐतिहासिक सत्यता
- विश्वास गरेर अनुग्रहबाट पाइने मुक्ति

## प्रेरितका पुस्तकको विषयवस्तु

प्रेरितका पुस्तक अलमलिएका चेलाहरूबाट सुरु हुन्छ । यरूशलेममा उहाँको भव्य प्रवेशसँगै चेलाहरूले येशुले आफ्नो संसारिक राज्य खडा गर्ने अपेक्षा गरे । यस विपरीत, उहाँ पक्राउ पर्नुभयो, उहाँलाई केरकार गरियो र क्रूसमा टाँगियो । उहाँको पुनरूत्थानसँगै तिनीहरू फेरि मसिही राज्यको सम्भावना देखेर उत्साहित भए ।

प्रेरितका पुस्तकको सुरुआतमा, येशुले चेलाहरूलाई पिताको प्रतिज्ञा पूरा नभएसमम यरूशलेममै पर्खेर बस्न आज्ञा दिनुभयो । तिनीहरूले सोधे, "हे प्रभु, के तपाईंले इस्राएल राज्यको पुनर्स्थापना गरिदिनुहुन्छ?" पछिसम्मै तिनीहरूले उहाँको प्रतिउत्तर बुझ्न सकेनन् ।

> पिताले आफ्नो अधिकारद्वारा तोक्नुभएको बेला वा समय जान्ने तिमीहरूको काम होइन । तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ ।[१४१]

यो आज्ञाले प्रेरितका पुस्तको संरचनालाई हेर्ने एउटा तरिका प्रदान गर्छ:यरूशलेममा सुसमाचार (१-७); यहूदियार सामरियामा सुसमाचार (८-१२); पृथ्वीको अन्तिम छेउसम्म सुसमाचार (१३-२८) ।

---

१४० ईश्वरशास्त्रीहरूले यस मूल सन्देशलाई *केरिग्मा* भन्छन् जसको अर्थ हो, प्रचार गरिएको सुसमाचार ।

१४१ प्रेरित १:४-८

## यरूशलेममा सुसमाचार (प्रेरित १-७)

प्रेरित १-७ का गतिविधिहरूका केन्द्र यरूशलेम हो। यस वर्णनमा पन्तिकोसको कथा, प्रारम्भिक मण्डलीको जीवनको चित्रण र स्तिफनसको शहादत पाइन्छ।

### पेन्तिकोस: मण्डलीको जन्मदिन

स्वर्गमा उचालिनुभएपछि, चेलाहरू यरूशलेममा फर्किए र एकै मनका भएर प्रार्थनामा र अर्जबिन्तीमा लागिरहे।[१४२] निस्तार चाडपछि सात हप्तासम्म मनाइने साताहरूको चाड, पेन्तिकोसमा तिनीहरू त्यहाँ थिए।[१४३] पेन्तिकोसमा व्यवस्था दिइएको कुराको स्मरण गरी मनाइन्छ। आज, पेन्तिकोसमा पवित्र आत्मा दिइएको कुराको स्मरण गरी मनाइन्छ। पेन्तिकोसको आफ्नो प्रवचनमा त्यस दिन घटेका अचम्मका चिन्हहरूबारे स्पष्ट पार्दै पत्रुसले आफ्ना श्रोताहरूलाई परमेश्वरले सबै मानिसहरूमाथि आफ्नो आत्मा खन्याउनुहुनेछ भनी योएल अगमवक्ताले गरेको भविष्यवाणीको बारेमा याद दिलाए। यो प्रतिज्ञा पेन्तिकोसमा पूरा भयो।[१४४]

### प्रारम्भिक मण्डलीको जीवन

» प्रारम्भिक मण्डली कसरी आजको मण्डलीको लागि एउटा नमुना हो? आज हामीले पेन्तिकोसका के-कस्ता पक्षहरू अनुभव गर्नुपर्छ?

प्रारम्भिक मण्डलीको जीवनको चित्रणले प्रेरितका पुस्तकको व्याख्या गराइमा एउटा महत्त्वपूर्ण प्रश्न खडा गर्छ। प्रेरितका पुस्तक रोमी जस्तो कुनै ईश्वरशास्त्रीय पत्र नभई, एउटा ऐतिहासिक पुस्तक हो। एउटा ऐतिहासिक पुस्तकमा **वर्णन** ("यिनीहरूले गरेका कुरा यिनै हुन्") र **निर्देशन** ("तिमीले गर्नुपर्ने कुरा यही हो") दुवै हुन्छन्। प्रारम्भिक मण्डलीको जीवन बारेमा पढ्दाखेरि, पाठकले यो प्रश्न सोध्नुपर्छ, "के प्रेरितका पुस्तकले यो विशेषता आजको मण्डलीको जीवनको एउटा भाग हुनुपर्छ भनेर हामीलाई बताउँदै छ?" अथवा "के प्रेरितका पुस्तकले केवल मण्डली इतिहासको एउटा कालखण्डको मात्र वर्णन गरिरहेको छ? यसको उत्तर सुनिश्चित गर्ने एउटा तरिका भनेको यो प्रश्न सोध्ने हो, "यो कसरी बाँकी बाइबलीय शिक्षासँग मेल खान्छ? के यही आज्ञा बाइबलमा अरू कतै दिइएको छ?"

दुई वटा उदाहरणहरूले प्रेरितका पुस्तकका निर्देशन र वर्णन बीचको भिन्नतालाई देखाउँछन्।

- प्रेरित २:४२ का अनुसार, पहिलो शताब्दीका ख्रीष्टियानहरूले आफैलाई प्रेरितहरूका शिक्षामा, एक-अर्कासँगको सङ्गतिमा र प्रार्थनामा समर्पित गरे। पावलका सम्पूर्ण पत्रहरूमा बाइबल अध्ययन गर्न, आराधनाको भेला हुन र प्रार्थना गर्न आज्ञा दिइएको छ। यसबाट हामी आज हाम्रो लागि ती क्रियाकलापहरूको आज्ञा दिइएको छ भन्ने निश्चित गर्न सक्छौं; तिनीहरू केवल ऐतिहासिक समयका विवरण मात्र होइनन्।

---

१४२ प्रेरित १:१४

१४३ व्यवस्था १६:१६

१४४ योएल २:२८; प्रेरित २:१६

- प्रेरित २:४५ का अनुसार, प्रारम्भिक ख्रीष्टियानहरूले आफ्ना सम्पत्ति बेचे र सबै कुरा बाँडचुँड गरे। यो अभ्यासबारे बाइबलमा अन्त कतै आज्ञा नदिइएको हुँदा, यो आजको लागि दिइएको निर्देशन नभई, त्यति बेलाको जीवनको विवरण हो भनेर हामील अड्कल लगाउन सक्छौं।[१४५]

» यस पाठमा अगाडि बढ्नु भन्दा पहिला, प्रारम्भिक मण्डलीका केही क्रियाकलापहरूलाई विचार गर्नुहोस्। प्रत्येक क्रियाकलापसँगै यो विचार गर्नुहोस्, "के आज यो गर्नलाई आज्ञा दिइएको छ वा यो प्रारम्भिक मण्डलीको जीवन विवरण मात्र हो?" तपाईंको उत्तर "मलाई के मन पर्छ?" भन्ने सोधेर होइन, तर सम्पूर्ण बाइबल हेरेर निर्धारण गर्नुपर्छ।

- प्रेरितका शिक्षाको अध्यायन
- यरूशलेम मन्दिरमा गरिएको दैनिक आराधना
- आफ्ना धन-सम्पत्तिको बेचबिखन
- जारी सुसमाचार प्रचार
- अरू विश्वासीहरूसँगको सङ्गति
- आत्माको कामलाई प्रमाणित गर्ने चिन्हहरू र अचम्मका कामहरू
- परमेश्वरको प्रशंसा
- अन्य भाषाहरूमा बोल्नु

## स्तिफनस: पहिलो ख्रीष्टियान सहिद

पेन्तिकोसपछि, मण्डली तीव्र गतिमा बढ्दै गयो। थुप्रै मानिसहरूले विश्वास गरे, त्यसमा पुजारीहरूको एउटा ठुलो समूह पनि समावेश थियो।[१४६] यहूदी धर्मगुरुहरूले पुनरूत्थानको सत्यता लुकाउने प्रयास गरे तापनि, मन्दिरको च्यातिएको पर्दा, चिहानबाट हराएको शरीर र यस सत्यतालाई लुकाउने षड्यन्त्रबारे ती पुजारीहरूलाई थाहा थियो। येशुको सवाकाइको निरन्तरताको रूपमा प्रेरितका सेवाकाइलाई प्रमाणित गर्दै प्रारम्भिक मण्डलीका सुरुका दिनहरूमा चिन्हहरू र अचम्मका कामहरूले निरन्तरता पाए।

त्यस्तो परिवेशमा विरोध अपरिहार्य थियो। झुटा साक्षीहरूले स्तिफनसलाई ईश्वरनिन्दा गरेको आरोप लगाएपछि, उनलाई ढुङ्गाले हानेर मारियो। शहादतको सामना गर्दैगर्दा, स्तिफनसले एउटा शक्तिशाली प्रवचन प्रचार गरे जसमा उनले अब्राहामदेखि येशुसम्म परमेश्वरले गर्नुभएको कामलाई केलाए। प्रेरितका पुस्तकले यस भनाइसँगै शाऊललाई परिचित गराउँछ, "तिनको हत्यामा शाऊल पनि सहमत थिए।"[१४७] पावल, जो प्रारम्भिक मण्डलीको सबैभन्दा ठुलो मिसनरी हुन जाँदैथियो, सर्वप्रथम उनलाई विश्वासीहरूलाई झ्यालखानमा हालेर मण्डलीलाई तहसनहस पार्ने शाऊलको रूपमा हेरिन्छ।[१४८]

---

१४५ यो अभ्यास (१) आफ्नो विश्वासको कारण आफ्नो कामहरू र घरहरू गुमाएका ख्रीष्टियानहरूलाई सहायोग गर्ने आवश्यकता र (२) येशुको आसन्न आगमनमा प्रारम्भिक मण्डलीको विश्वाससँग सम्बन्धित थियो भन्ने धेरैजसो विद्वानहरू विश्वास गर्छन्।

१४६ प्रेरित ६:७

१४७ प्रेरित ८:१

१४८ प्रेरित ८:३

## यहूदिया र सामरियामा सुसमाचार (प्रेरित ८-१२)

प्रेरित ८-१२ मा सुसमाचार यरूशलेम हुँदै यहूदिया र सामरियामा पुग्छ। सतावटले प्रारम्भिक विश्वासीहरूलाई यरूशलेमबाट यहूदिया र सामरियामा धकेल्ने काम गर्‍यो। तिनीहरू भागेर जाने क्रममा तिनीहरूले सुसमाचार सुनाए। परमेश्वरले प्रेरित १:८ को आज्ञा पूरा गर्न सतावटलाई प्रयोग गर्नुभयो। प्रेरित ८-१२ मा

- ग्रीक भाषी यहूदी फिलिपले सामरियामा गरेको प्रचारले एउटा ठुलो नतिजा ल्याउँछ (प्रेरित ८:४-२५)।
- फिलिपले आराधना गर्न बाटोमा जाँदै गरेका इथोपियाली अधिकारीलाई सुसमाचार सुनाउँछन् (प्रेरित ८:२६-४०)।
- विश्वासीलाई पक्रने अधिकार लिन दमस्कस जाँदै गरेको शाऊल परिवर्तन हुन्छन् (प्रेरित ९:१-२२)।
- पत्रुसले रोमी सैन्य अधिकारी कर्नेलियसलाई सुसमाचार सुनाउँछन् (प्रेरित १०:१– प्रेरित ११:१८)।
- बारनाबास रोमी प्रान्त सिरियाको राजधानी एन्टिओखियामा सेवा गर्छन् (प्रेरित ११:२२-३०)। यो सेवाकाइ दुई वटा कारणहरूले गर्दा महत्त्वपूर्ण छन्:
    - बारनाबासले शाऊललाई एन्टिओखियाको मण्डलीसँग परिचित गराउँछन्। त्यस ठाउँको शाऊलको सेवाकाइले उनको विकासमा एउटा महत्त्वपूर्ण भूमिका खेल्छ।
    - एन्टिओखिया मध्य-पहिलो शताब्दीको मिसनरी पठाउने मण्डली हुन्छ। पावलको प्रत्येक मिसनरी यात्रा एन्टिओखियाबाट सुरु हुन्छ।

## पृथ्वीको अन्तिम छेउसम्म पुगेको सुसमाचार (प्रेरित १३-२८)

### पहिलो मिसनरी यात्रा (प्रेरित १३-१४)

प्रेरितका पुस्तकको अन्तिम खण्डले प्रेरित पावलको सेवाकाइ अभिलेख गर्छ। आफ्नो परिवर्तनपछि, पावलले अरेबिया, दमस्कस र किलिकियामा समय बिताए। त्यसपछि शाऊलको सतावटले गर्दा यरूशलेमबाट भागेका ख्रीष्टयानहरूबाट सुरु भएको एन्टिओखियाको मण्डलीमा सिकाउन बारनाबासले उनलाई आफूसँग लिए।

इ.स. ४७-४९ बाट पावल र बारनाबास, बारनबासको नातेदार यूहन्ना मर्कूससँगै साइप्रस (बारनाबासको घर) र एसिया माइनरको यात्रा गरे। यस यात्राको अधिकांश समय एसिया माइनरमा पर्ने रोमी प्रान्त, गलातीमा मण्डलीहरू स्थापना गर्न बिताइएको थियो। त्यस यात्रादेखि उता शाऊललाई पावल भनेर चिनियो। शाऊल एक हिब्रू नाउँ थियो; पावल चाहिँ रोमी नाउँ थियो। नाउँ यस परिवर्तनले अन्य जातिहरूकहाँ जाने पावलको विशेष बोलावटलाई सङ्केत गर्छ।

जतिबेला तिनीहरू पामफिलियाको पर्गामा थिए, यूहन्ना मर्कूसले समूह छोड्यो र फर्केर घर गयो।[१४९] डर्बीसम्मको यात्रा गरिसकेपछि, पावल र बारनाबासले एन्टिओखियामा रहेको तिनीहरूको मूलथलोमा फर्कनु अघि, तिनीहरूले स्थापना गरेका मण्डलीहरूलाई पहिल्याउँदै पुन:भेटघाट गरे।

---

१४९ प्रेरित १३:१३

## यरूशलेमको परिषद (प्रेरित १५:१-३५)

पावलको सेवाकाइद्वारा अन्य जातिहरूको परिवर्तनले प्रारम्भिक मण्डलीमा एउटा अप्ठ्यारो मुद्दा उठ्यो । अन्यजाति ख्रीष्टियानहरूले मोशाका सबै व्यवस्थाहरू[१५०] पालना गर्नुपर्छ भनेर जोड दिने र अन्यजाति ख्रीष्टियानहरूमा मोशाको व्यवस्था बाध्यकारी छैन भनेर जोड दिने यहूदी ख्रीष्टियानहरू बीच त्यहाँ मतभेद थियो ।

इ.स. ४९ मा मण्डलीका अगुवाहरू यो विवाद मिलाउन यरूशलेममा भेला भए । अन्यजातिले खतना गरेको चाहनेहरूले पहिला बोले । त्यसपछि पत्रुसले कर्नेलियसको घरमा भोगेको आफ्नो अनुभवबारे बताए जहाँ परमेश्वरले "विश्वासद्वारा तिनीहरूका हृदयलाई शुद्ध गर्नु भएर हामी (यहूदीहरू) र तिनीहरू (अन्यजातिहरू) बीच कुनै भेदभाव छुट्याउनु भएन ।"[१५१] पावल र बारनाबासले अन्य जातिहरू माझ गरिएको परमेश्वरको कामका प्रमाणहरूलाई देखाए ।

यरूशलेम मण्डलीको अगुवा याकूबले अन्यजातिहरूले चार वटा कुराहरूबाट टाढा बस्नुपर्छ भन्ने परिषदको निर्णय सुनाएर बैठकको अन्त्य गरे:

- मूर्तिलाई चढाइएको मासु
- घाँटी अँठ्याएर मारेको पशुको मासु
- रगत सहितको मासु
- व्यभिचार

यी अन्यजातिले मुक्ति पाउने नियमहरूको सूची थिएन । बरु, यो एकदमै भिन्न पृष्ठभूमिका ख्रीष्टियानहरू बीचमा एकताको एउटा नमूना थियो । खानासँग सम्बन्धित नियमले यहूदीहरू र अन्याजतिहरूलाई एक साथ खाना खान सके, जुन प्रारम्भिक मण्डलीमा एकताको एउटा महत्त्वपूर्ण प्रतीक थियो । थुप्रै नयाँ अन्यजाति विश्वासीहरू छाडा पृष्ठभूमिबाट आएका कारण व्यभिचारमाथि जोड दिन आवश्यक थियो ।

यरूशलेमको परिषदले दुई वटा सिद्धान्तहरूलाई सन्तुलित राख्न खोज्यो । स्वतन्त्रताको सिद्धान्तले अनावश्यक व्यवस्थाका जुवा चेलाहरूका काँधमाथि बोकाउन यहूदी ख्रीष्टियानहरूलाई निषेध गर्यो ।[१५२] सङ्गतिको सिद्धान्तले अन्यजाति विश्वासीहरूलाई त्यस्ता अभ्यासहरूबाट टाढा बस्न लगायो जुन आफ्ना यहूदी भाइहरूका लागि आपत्तिजनक थिए ।

» आजको समयमा हामीले यी दुई वटा सिद्धान्तहरूलाई कसरी व्यवहारमा लागू गर्नुपर्छ? बाइबलले स्पष्ट आज्ञाहरू नदिने क्षेत्रहरूमा हामीले कसरी विवेकको स्वतन्त्राको प्रयोग गर्न सक्छौं? हाम्रो भन्दा फरक विश्वास भएकाहरूलाई चोट पुर्याउनबाट हामी कसरी जोगिन सक्छौं?

## दोस्रो मिसनरी यात्रा (प्रेरित १५:३६– प्रेरित १८:२२)

प्रारम्भिक मण्डलीका हरेक बखेडा ईश्वरशास्त्रीय सिद्धान्तहरूको विषयमा थिएनन । पावल र बारनाबास यूहन्ना मर्कूसको विषयमा व्यक्तिगत असहमतिका कारण छुट्टिए ।[१५३] यस असहमतिले गाह्रा व्यक्तिगत परिस्थितिहरूमा समेत परमेश्वरले काम

---

१५० ती ख्रीष्टियानहरू "फरिसी दल"का थिए (प्रेरित १५:५) यो मुद्दा विश्वव्यापी "यहूदी विरुद्ध अन्यजाति" बहसको थिएन । उदाहरणको लागि, याकूबले यस समस्याको हल खोज्नमा नेतृत्व गरे ।

१५१ प्रेरित १५:९

१५२ प्रेरित १५:१०

१५३ प्रेरित १५:३६-४१

गरिरहनुभएको छ भन्ने देखाउँछ । सिलास एक महत्त्वपूर्ण सहकर्मी भए; पावल र बारनाबासको प्रयास तिनीहरू छुट्टिएपछि दोब्बर भयो; र पछिबाट पावलले यूहन्ना मर्कूससँग मेलमिलाप गरे ।[१५४]

पावल र सिलासले पहिलो मिसनरी यात्रामा पावल र बारनाबासद्वारा स्थापना गरिएका मण्डलीहरूमा पुन:भेटघाट गरेर यस दोस्रो मिसनरी यात्राको सुरुआत गरे । साथै, पावल र सिलासले फिलिप्पी, थोसलोनिकी, बेरिया, एथेन्स र कोरिन्थमा सेवा गरे । यस यात्रामा पावलले माकेडोनिया आएर सहायता गर्ने आग्रह गर्दैगरेको मानिसको दर्शन देखेपछि त्यस युरोपेली भूमिमा सुसमाचार प्रचार गरिएको थियो ।[१५५] जवान तिमोथी लुस्त्रमा पावलको समूहमा सहभागी भए; र लूका चाहिँ त्रोआसमा पावलसँग सहभागी भए ।[१५६] पावलले कोरिन्थमा मण्डली स्थापना गर्दै करिब अठार महिना बिताए । त्यो समूह तीन वर्षभन्दा बढी समयको यात्रापछि एन्टिओखियामा फर्कियो (इ.स. ५०-५३) ।

दोस्रो मिसनरी यात्राले सुसमाचार प्रचार गर्दा पावलले सामना गरेको विरोधलाई देखाउँछ । फिलिप्पीमा तिनीहरूलाई झ्यालखानामा हालियो; थेसलोनिकीमा तिनीहरू बसेको घरमा एउटा भीडले आक्रमण गर्‍यो; थेसलोनिकीका विरोधीहरूले बेरियासम्मै तिनीहरूलाई पछ्याए; र कोरिन्थमा पावललाई केरकार गर्न लगियो ।[१५७]

मण्डलीको वृद्धिको लागि ठुलो मूल्य चुकाउनुपर्‍यो । शैतानले युद्ध विना कुनै भूभाग छोड्दैन । यद्यपि, प्रेरितको पुस्तकले पवित्र आत्माको शक्ति र एसिया माइनर, माकेडोनिया र अखैयाभरि स्थापना गरिएका मण्डलीहरूको रूपमा सुसमाचारको विजयलाई देखाउँछ ।

## तेस्रो मिसनरी यात्रा (प्रेरित १८: २३–प्रेरित २१:१५)

गलाती र फ्रिगिया इलाकाका मण्डलीहरूमा फर्केर जानु अघि पावलले एन्टिओखियामा केही समय बिताए । यस यात्राको पहिलो भाग अघिल्ला यात्राहरूमा स्थापना गरिएका मण्डलीहरूमा विश्वासीहरूलाई बलियो बनाउने काममा बिताए ।[१५८] तेस्रो मिसनरी यात्रा इ.स. ५३-५७ सम्म चल्यो । एफिससमा सबैभन्दा लामो समय (तीन वर्ष) बितेको थियो । एफिससमा छँदा पावलले कोरिन्थीका दुवै पत्रहरू त्यहाँको तनावग्रस्त मण्डलीका समस्याहरूलाई सम्बोधन गर्न लेखे ।

वैरीहरूका विरोधको कारण एफिसस छोडेर गएपछि, पावलले माकेडोनिया र अखैयाको यात्रा गरे । उनले यरूशलेममा खाँचोमा परेका यहूदी ख्रीष्टियानहरूलाई सहायता गर्न मुख्य गरी अन्यजातिहरूका मण्डलीहरूबाट भेटी उठाए । मण्डलीको एकताको यस उदाहरणले यूहदीहरू र अन्यजातिहरू दुवै ख्रीष्टको मण्डलीका सङ्गी सदस्यहरू थिए भन्ने कुरा देखाउँछ ।

## पक्राउ र कैद (प्रेरित २१:१५– प्रेरित २८:३१)

तेस्रो मिसनरी यात्राबाट फर्कंदा, पावल कैसरियामा रोकिए जहाँ उनलाई अगाबस अगमवक्ताले यरूशलेममा उनी पक्राउ पर्नेछन् भन्ने चेताउनी दिए ।[१५९] प्रेरितका पुस्तकको अन्तिम भागले पावलको पक्राउ, कैसरियामा उनको कैद, रोममा उनको पुनरावेदन (रोमी नागरिकको अधिकार), रोमको जोखिमपूर्ण समुन्द्री यात्रा (यसमा माल्टको जहाज दुर्घटनामा पनि पर्छ) र नजरबन्द अवस्थामा दुई वर्षको रोमी सेवाकाइबारे बताउँछ ।

---

१५४ २ तिमोथी ४:११

१५५ प्रेरित १६:६-१०

१५६ प्रेरित १६:१० मा लूकाले “हामी” को ठाउँमा “तिनीहरू” सर्वनामको प्रयोग गर्न सुरु गर्छन् ।

१५७ प्रेरित १६:२३-३९; १७:५-७; १७:१३; र १८:१२-१७

१५८ प्रेरित १८:२३

१५९ प्रेरित २१:१०-११

**पावलको जीवन र सेवाको समयरेखा (अनुमानित मितिहरू)**

| | |
|---|---|
| ईस्वी संवत् ३३ | **पावलको रूपान्तरण** |
| ईस्वी संवत् ३५-४६ | **अरब, दमस्कस र सिलिसियामा पावल** |
| ईस्वी संवत् ४७-४९ | **पहिलो यात्रा (बरनाबास संग)**<br>***गलाती* लिखित** |
| ईस्वी संवत् ४९ | **यरूशलेम परिषद** |
| ईस्वी संवत् ५०-५३ | **दोस्रो यात्रा (सिलास संग)**<br>***१ र २ थेसलोनिकीहरू* लेखिएको** |
| ईस्वी संवत् ५३-५७ | **तेस्रो यात्रा (सिलास सँग) *रोमी, १ र २ कोरिन्थी* लेखिएको समय** |
| ईस्वी संवत् ५७-५९ | **पावल कैसरीया कैदमा परे**<br>**पावल रोममा पठाइएको** |
| ईस्वी संवत् ६०-६२ | **रोमको जेलमा नजरबन्द हुँदा लेखिएका पत्रहरू** |
| ईस्वी संवत् ६४-६५ | **पावलको जेलबाट रिहाई**<br>**चौथो यात्रा**<br>***१ तिमोथी, तीतस* लेखिएको समय** |
| ईस्वी संवत् ६६-६७ | **पावलको अन्तिम कैद**<br>***२ तिमोथीको अध्यायमा* लेखिएको**<br>**पावललाई नेरोद्वारा मृत्युदण्ड** |

प्रेरितका पुस्तकको अन्तले यरूशलेम, यहूदया, सामरिया र पृथ्वीको अन्तिम छेउसम्म साक्षी हुने येशुको आज्ञा पूरा भएको देखाउँछ। नजरबन्दमा छँदा, पावलले निर्धक्क सेवा गर्न सके, "तिनले खुल्लमखुल्ला र विनारोकटोक परमेश्वरका राज्यको प्रचार गर्थे, र प्रभु येशु ख्रीष्टको बारेमा शिक्षा दिन्थे।" (प्रेरित २८:३१) यहूदी धर्मगुरुहरू(प्रेरितका पुस्तकको पहिलो भागमा) वा रोमी सरकारको विरोधको बावजुद पनि (प्रेरितका पुस्तकको दोस्रो भागमा), पवित्र आत्माले ख्रीष्टको आज्ञा पूरा गर्न मण्डलीलाई सशक्त गरिरहनुभएको थियो।

## आजको मण्डलीमा प्रेरितका पुस्तक

लूकाको सुसमाचारले येशुको संसारिक सेवाकाइमा पवित्र आत्माको महत्त्वलाई देखायो; प्रेरितका पुस्तकले प्रारम्भिक मण्डलीमा **पवित्र आत्माको महत्त्व**लाई देखाउँछ। प्रारम्भिक मण्डलीको अनुभवका केही पक्षहरूलाई विनापवित्र आत्मा नक्कल गर्न सकिन्छ। हाम्रो आफ्नै बलबुतामा बाइबल अध्ययन गर्न सक्छौं; हामी आफ्नो बलबुतामा मण्डलीको सङ्गतिलाई केही हदसम्म कायम राख्न सक्छौं; हामीले आफ्नो बलबुतामा केही चिन्हहरू र अचम्मका कामहरूको नक्कल पनि गर्न सक्छौं। तर हाम्रो माझमा पवित्र आत्माको उपस्थितिको कमीमा हामीले प्रेरितका पुस्तकमा चित्रित घटनालाई कहिल्यै महसुस गर्ने छैनौं।

प्रेरितका पुस्तकमा **मण्डलीको अन्तर-सांस्कृतिक वृद्धि**ले आजको मण्डलीको लागि एउटा नमुना प्रदान गर्छ। पेन्तिकोसले युरोप (रोम), एसिया (पार्थी र मादी) र अफ्रिका (मिश्र र लिबिया)का नयाँ विश्वासीहरूलाई भर्खरको नयाँ मण्डलीमा ल्यायो। प्रेरितका पुस्तकले एकसाथ काम गरिराखेका विपरीत संस्कृतिहरू रहेको मण्डलीलाई देखाउँछ। द्वन्द उत्पन्न हुँदाखेरि त्यो मण्डलीले पवित्र आत्माको अगुवाइद्वारा हल खोज्न सिक्यो। आज हाम्रो सुसमाचारको लक्ष्य पनि सम्पूर्ण सांस्कृतिक सीमानाहरूमा येशु ख्रीष्टको सुसमाचार प्रचार गर्ने हुनुपर्छ। प्रेरितका पुस्तकले सम्पूर्ण साँचो विश्वासीहरूलाई ख्रीष्टको शरीरमा समेट्ने मण्डलीको लागि एउटा नमुना प्रदान गर्छ।

यरूशलेमको परिषदमा उल्लिखित **स्वतन्त्रता र सङ्गतिको सिद्धान्तहरू**ले आजको मण्डलीमा विवेकको मुद्दासँग

सम्बन्धित कुराको हलका लागि एउटा नमुना प्रदान गर्छ । रोमी १४ र १ कोरिन्थी ८ मा पावलले दोहोर्याए भनेकाले ख्रीष्टियानहरू दुई वटा गल्तीहरू गर्नबाट जोगिनुपर्छ ।

- **स्वतन्त्रताको सिद्धान्त** अनुसार हामीले आफ्नो व्यक्तिगत विश्वासहरूलाई अरू विश्वासीहरूमाथि लाद्नदेखि जोगिनु पर्छ ।
- **सङ्गतिको सिद्धान्त** अनुसार हामीले विश्वासमा कमजोर भाइको मूल्य चुकाएर आफ्नो स्वतन्त्रताको अभ्यास गर्नदेखि जोगिनु पर्छ । यस किसिमको दुवै तर्फको विन्रमताले ख्रीष्टियान भाइ तथा बहिनीहरू बीच रहेका अवरोधहरू धेरै हदसम्म हटाउनेछ ।

सतावट भोगिराखेका मण्डलीहरूका लागि, **विरोधकै मध्य भएको प्रारम्भिक मण्डलीको वृद्धि** विश्वासयोग्य रहनको लागि एउटा प्रेरणा हो । मण्डलीलाई जोगिनमा मदत गर्नुभन्दा पनि, परमेश्वरले चेलाहरूलाई यरूशलेम बाहिर धकेल्न र मण्डलीको लागि उहाँको मिसन पूरा गर्न सतावटलाई प्रयोग गर्नुभयो । जब हामीले परमेश्वरलाई हामीद्वारा काम गर्न दिन्छौं, उहाँले हाम्रो संसारबाट गरिने विरोधकै मध्य उहाँको मण्डली निर्माण गर्नुहुन्छ ।

## निष्कर्ष

प्रेरितका पुस्तकमा हामी यरूशलेममा जम्मा भएका सङ्कोची चेलाहरू रोम र त्यसभन्दा परसम्म सुसमाचार प्रचार गर्ने प्रचारकहरूको साहसिलो समूहमा रूपान्तरण भएको देख्छौं । प्रेरितका पुस्तकले पवित्र आत्माको शक्तिलाई मण्डलीमा र मण्डलीद्वारा काम गरिरहेको देखाउँछ ।

पवित्र आत्माको परिवर्तनकारी शक्तिका ठुला प्रमाणहरूमध्ये एक बाह्र प्रेरितहरूका जीवन हो । येशुको पक्राउको दृश्यमा भाग्ने मानिसहरूबाट ती चेलाहरू जीवित हुनुभएको प्रभुको लागि मर्न तयार हुने मानिसहरू भए । प्रेरितहरूका मृत्युसँग सम्बन्धित एउटा परम्परागत संक्षिप्त भनाइले पेन्तिकोमा भएको परिवर्तनलाई प्रमाणित गर्छ । ती चेलाहरूले आफ्नो गवाहीमा रगतले छाप लगाए:

- **याकूब** पेन्तिकोसको १२ वर्षपछि हेरोद अग्रिपाबाट मारिए ।
- **सिमोन पत्रुस** लाई क्रूसमा टाँगेर मारियो । आफ्नो प्रभु जसरी मर्न उनले आफूलाई लायक नसम्झेको हुँदा, उनले क्रूसमा उल्टो टाँग्न बिन्ती गरे ।
- पत्रुसको भाइ **अन्द्रियास**लाई कोरिन्थी नजिकैको अखैयामा क्रूसमा टाँगेर मारियो ।
- **थोमा**, “शङ्कालु थोमा”बाट यस्तो प्रतिवद्ध व्यक्तिमा परिवर्तन भए कि उनी मिसनरी भएर भारतमा गए जहाँ उनलाई भाला हानियो र सहिद भए ।
- **फिलिप** लाई फ्रिगियामा चरम यातना दिइयो र क्रूसमा टाँगेर मारियो ।
- **मत्ती**लाई इथोपियाको नाद-डावर भन्ने ठाउँमा घाँटी काटर मारियो ।
- **नथानेल (बारथोलोमाइ)** को छाला काढियो र त्यसपछि क्रूसमा टाँगेर मारियो ।
- **सानो याकूब**लाई मन्दिरको टुप्पोमा लगेर येशुलाई इन्कार गर्न लगाइयो । जब उनले यो गर्न अस्वीकार गरे, उनलाई त्यही मन्दिरबाट तल फ्याँकियो ।

- **उग्रपन्थी सिमोन**लाई मिश्र र फारसमा सुसमाचार प्रचार गरिसकेपछि सिरियामा क्रूसमा टाँगेर मारियो ।
- **याकूबका छोरा यहूदा**लाई मेसोपोटामियाका मूर्तिपूजक पुजारीहरूलाई सुसमाचार प्रचार गर्ने क्रममा कुटेर मारियो ।
- **मतियास**लाई यहूदा इस्करियोतको सट्टामा छानियो । उनले इथोपियामा सुसमाचार प्रचार गरे र पछिबाट उनलाई क्रूसमा झुण्ड्याइ ढुङ्गाले हानेर मारियो ।
- **यूहन्ना** मात्र प्राकृतिक मृत्यु मर्ने चेला हुन् । यद्यपि, उनले पत्मोस टापूको निर्वासनमा वर्षौं बिताए ।

निष्कर्षमा यो कुरामा विचार गर्नुहोस्, “आज परमेश्वर मण्डलीद्वारा के गर्न चाहनुहुन्छ?” पेन्तिकोसमा १२० जना चेलाहरू थिए; त्यति बेला, लगभग ४ कोरड ४५ लाख मानिसहरू रोमी साम्राज्यमा बसोबास गर्थे । मानव दृष्टिकोणबाट यस संसारलाई सुसमाचार सुनाउने काम असम्भव थियो । अचम्मको कुरा, पहिलो शताब्दीको अन्तसम्म, १२० आत्माले भरिएका विश्वासीहरूबाट रोमी साम्राज्यको हरेक कुनामा सुसमाचार फैलिसकेको थियो । आज परमेश्वर आफ्नो मण्डलीद्वारा के गर्न चाहनुहुन्छ?

## पाठ ४ को गर्नुपर्ने कार्यहरू

निम्न लिखित गर्नुपर्ने कार्यहरूसँगै यस पाठको तपाईंको बुझाइलाई प्रस्तुत गर्नुहोस्:

**१.** निम्न लिखित गर्नुपर्ने कार्यहरूमध्ये **एक**लाई छान्नुहोस्:

- यस पाठको सुरुमा तपाईंहरूलाई प्रारम्भिक मण्डलीका क्रियाकलापहरूको सूचीमाथि विचार गर्न भनिएको थियो। तपाईंलाई ती प्रत्येक क्रियाकलाप प्रारम्भिक मण्डलीको वर्णन थियो वा वर्तमान समयको लागि निर्देशन थियो भनेर निर्णय लिन भनिएको थियो। तपाईंलाई निर्देशन हो भन्ने लाग्ने प्रत्येक क्रियाकलापको लागि, कम्तिमा पनि एउटा बाइबलीय सन्दर्भ पद खोज्नुहोस् जसले त्यो कार्य गर्ने स्पष्ट आज्ञा दिन्छ।
- प्रेरित २ को पत्रुसको प्रचवन वा प्रेरित १७ को पावलको प्रवचनलाई प्रयोग गरेर प्रेरितीय प्रचारको मुख्य विषयवस्तुहरूको सारांश लेखेको एक पृष्ठको निबन्ध लेख्नुहोस्।

**२.** अर्को पाठको सुरुमा, यस पाठको आधारमा जाँच लिनुहोस्। तयारी गर्दा जाँचमा सोधिने प्रश्नहरूलाई राम्रोसँग अध्ययन गर्नुहोस्।

## पाठ ४ जाँच

१. पावलको सुसमाचार प्रचार गर्ने रणनीतिको लागि एफिसस किन महत्त्वपूर्ण थियो?

२. पावलको सुसमाचार प्रचार गर्ने रणनीतिको लागि रोम किन महत्त्वपूर्ण थियो?

३. प्रारम्भिक मण्डलीको सतावटसँग सम्बन्धित रोमी सम्राटहरू को-को छन्?

४. प्रेरितको पुस्तक ५० को दशकको अन्ततिर वा ६० को दशकको सुरुतिर लेखिएको हुने सम्भावना किन छ?

५. प्रेरितहरूले प्रचार गरेको प्रमुख सन्देश, *केरिग्मा* का तीन वटा दृष्टिकोणहरूको सूची बनाउनुहोस्।

६. पहिलो ख्रीष्टियान सहिद को थिए?

७. प्रारम्भिक मण्डलीको सुसमाचारीय प्रचार कार्यमा सतावटको भूमिका कस्तो थियो?

८. पहिलो शताब्दीको बहु-सांस्कृतिक र मिसनरी पठाउने पहिलो मण्डली कुन थियो?

९. अन्यजाति विश्वासीहरूका अघि यरूशलेमको परिषदले राखेका चार वटा मागहरूको सूची बनाउनुहोस्।

१०. पावल र बारनाबास बीचको फाटोबाट आएका सकारात्मक नजिताहरू के-के हुन्?

११. कण्ठ गरेकोबाट प्रेरित १:७-८ लेख्नुहोस्।

# पाठ ५

# रोमीको पत्र

## पाठका उद्देश्यहरू

१. रोमीको पत्र लेखनको मिति र उद्देश्यहरू थाहा गर्नुहोस् ।

२. रोमीको पत्रको मुख्य धर्मसिद्धान्त सम्बन्धिका शिक्षाहरूको सारांश लेख्नुहोस् ।

३. दोषी ठहराउने काम र सुसमाचार बीचको सम्बन्धलाई बुझ्नुहोस् ।

४. जानीबुझीकन गरिने पापबाट ख्रीष्टियानको स्वतन्त्रताबारे पावलको शिक्षालाई लागू गर्नुहोस् ।

५. आजको संसारका आवश्यकताहरूप्रति रोमीको पत्रको सन्देशलाई सम्बन्धित गर्नुहोस् ।

## यो पाठको तयारी

*रोमीको पत्र पढ्नुहोस्* ।

*रोमी १:१६-१७ लाई कण्ठ गर्नुहोस्* ।

## परिचय

रोमीलाई लेखिएको पावलको पत्रले भन्दा बाइबलका अरू कुनै पुस्तकले मण्डलीमा ठुलो प्रभाव पारेको छैन । तीन वटा ठुला जागृतीहरू रोमीको पत्रको अध्ययनबाट सुरु भएको छ ।

रोमी साम्राज्यको पतन वरिपरिको अँध्यारो समयमा अगस्टाइनले ख्रीष्टियान मण्डलीमा जागृति ल्याए । अगस्टाइनले आफ्नो पापको बन्धनबाट स्वतन्त्रताको श्रेय रोमीको पत्रको उनको पढाइलाई दिए । रोमीको पत्रले अगस्टाइनलाई पापबाट उद्धार गर्ने परमेश्वरको शक्तिबारे सिकायो ।

रोमन क्याथोलिकले रीतिरिवाज र झुटो धर्मसिद्धान्तको बन्धनमा बाँधेर राखेको समयमा मार्टिन लूथरले रोमी १:१७ बाट थाहा पाए कि "परमेश्वरको न्याय त्यो धार्मिकता हो जसद्वारा अनुग्रह र कृपा मार्फत परमेश्वरले हामीलाई विश्वासद्वारा धर्मी

ठहराउनुहुन्छ...पावलको यो अंश मेरो लागि स्वर्ग पुग्ने ढोका भयो ।"[१६०] रोमीको पत्रले मार्टिन लूथरलाई विश्वासद्वारा धर्मी ठहराउने परमेश्वरको शक्तिको बारेमा सिकायो ।

१८औं शताब्दीको इङ्ल्याण्डमा केही ख्रीष्टियान हुँ भन्नेहरूले मुक्तिको व्यक्तिगत निश्चयता पाउन सम्भव छ भनेर विश्वास गर्थे । जोन वेस्लीले रोमीको पत्रको उनको अध्ययनद्वारा विश्वासको निश्चयता पाए र हाम्रो वर्तमान समयसम्म संसारलाई असर गर्ने जागृतीको थालनी गरे । रोमीको पत्रले जोन वेस्लीलाई मुक्तिको निम्ति परमेश्वरको शक्तिबारे सिकायो ।

**"[रोमी] शुद्ध सुसमाचार हो । यसलाई शब्द शब्द कण्ठ गर्नु मात्र होइन तर यो दैनिक आत्मिक रोटी जस्तै गरी दैनिक रूपमा उपभोग गर्न, ख्रीष्टियानको लागि अति महत्वपूर्ण छ । यो पत्र अत्याधिक वा धेरै राम्रोसँग पढ्न वा मनन गर्न असम्भव छ । जति धेरै रोमीको पुस्तकको अध्ययन गरिन्छ, यो जति मूल्यवान बन्छ त्यति नै स्वादिलो हुन्छ ।"**

**मार्टिन लुथर**
*रोमीहरूको लागि प्रस्तावना*

## रोमीको पत्रको पृष्ठभूमि

### मिति

रोमीको पत्र इ.स. ५७ को आसपासतिर पावलको तेस्रो मिसनरी यात्राको समयमा लेखिएको थियो । पावल सम्भवत: कोरिन्थमा थिए । पावलले रोमको यात्रा गर्न बाँकी नै भए तापनि, यस पत्रको निष्कर्षले देखाउँछ कि रोमको मण्डलीका थुप्रै विश्वासीहरूलाई पावलले चिन्थे । उनले रोमको यात्रा गर्ने आशा गरे, तर उनी पहिला एसिया माइनरका मण्डलीहरूबाट दिइएको राहत भेटी पुर्याउन यरूशलेम जानुपर्ने थियो ।[१६१] यरूशलेममा हुँदै पावललाई पक्राउ गरियो र अन्तत: कैदीको रूपमा रोममा लगियो ।

### उद्देश्यहरू

रोमीहरलाई पत्र लेख्नुको पावलको उद्देश्यमा तीन वटा अभिप्रायहरू छन्: रोमको मण्डलीसँग सम्बन्धित तात्कालिक मामिलाहरू, पावलको भविष्यको सेवाकाइसँग सम्बन्धित व्यक्तिगत चासो र हामी कसरी परमेश्वरको अघि धर्मी ठहराइन्छौं भन्ने सिकाउने प्रमुख उद्देश्य ।

१. **तात्कालिक उद्देश्य** भनेको यहूदी र अन्यजाति विश्वासीहरू दुवै संलग्न मण्डलीका मामिलाहरूलाई सम्बोधन गर्नु थियो । रोमको मण्डली सम्भवत: पेन्तिकोस पश्चात् यरूशलेमबाट विश्वास गरेर फर्किएका यहूदीहरूले स्थापना गरेका थिए । इ.स. ४९ मा सम्राट क्लाउडियसले यहूदीहरूलाई रोमबाट निकाला गरे ।[१६२] यसको केही वर्षपछि जब यहूदीहरू रोममा फर्किए, त्यहाँको मण्डलीमा दुई वटा समूहहरू थिए: मोशाको व्यवस्था पालन गर्ने यहूदी ख्रीष्टियानहरू र मोशाको नियमन विना स्वतन्त्र रूपमा बाँच्न अभ्यस्त अन्यजाति ख्रीष्टियानहरू । पावलले यहूदीहरू र अन्यजातिहरू सहितको मण्डलीसँग सम्बन्धित प्रश्नहरूको जवाफ दिए:

---

१६० रोल्याण्ड एच. बेनटनको *हियर आइ स्ट्याण्ड: अ लाइफ अफ मार्टिन लूथर* मा उद्धृत गरिएको । (न्यासभिल, अबिङ्डन प्रेस, १९५०), ४९-५०

१६१ रोमी १५:२५-२७

१६२ प्रेरित १८:२ इतिहासविद् सुएटोनियसले यो उर्दी यहूदीहरू र "ख्रीष्टोस्" बीचको दङ्गाफसादको कारण यो उर्दी जारी गरियो भनेर लेखे । "ख्रीष्टोस्," ख्रीष्टको ल्याटिन हिज्जे भएको हुँदा, यहूदी र ख्रीष्टियानहरू बीच झगडा भएको हुनसक्छ ।

- के व्यवस्था पालन गरेर मुक्ति पाइन्छ?
- परमेश्वरका मानिसका रूपमा इस्राएलको भविष्य कस्तो छ?
- खाना सम्बन्धि नियमनजस्ता मामिलाहरूमा भिन्नै मत राख्नेहरूलाई ख्रीष्टियानहरूले कसरी लिनुपर्छ?

२. रोमीको पत्रको अन्तले यो पत्र लेखनको पावलको **व्यक्तिगत अभिप्राय**लाई देखाउँछ । रोमी साम्राज्यको बढ्दो महत्त्वपूर्ण भागको रूपमा रहेको स्पेन रोमी संसारका रणनीतिक केन्द्रहरूमा पुग्ने पावलको तीव्र चाहनामा फिट हुन्छ । यो पत्रले स्पेनको सुसमाचारीय अभियानको लागि रोमलाई परिचालनको आधारको रूपमा प्रयोग गर्ने योजना प्रस्तुत गर्यो ।[१६३]

३. पावलको **प्रमुख उद्देश्य** भनेको हामी कसरी परमेश्वरको अघि धर्मी ठहराइन्छौं भनि सिकाउनु थियो । यहूदी ख्रीष्टियानहरूले व्यवस्था पालन गरेर धर्मी ठहरिँदैन; यो विश्वासद्वारा अनुग्रहले भइन्छ भन्ने थाहा पाए । अन्यजाति ख्रीष्टियानहरूलाई यहूदी जातिद्वारा काम गर्न परमेश्वरले रोज्नुभएको छ; तिनीहरूलाई आफ्ना यहूदी दाजुभाइ तथा दिदीबहिनीहरूलाई तुच्छ ठान्नु हुँदैन भन्ने कुरा याद दिलाइयो यहूदी होस् वा अन्यजाति, सबै विश्वासीहरू अनुग्रहको कारणले मात्र परमेश्वरको अघि धर्मी ठहिरन्छ ।

# रोमीको पत्रको विषयवस्तु

## परिचय मुक्तिको निम्ति परमेश्वरको शक्ति (रोमी १:१-१७)

कहिलेकाहीँ पाठकहरूले पुस्तकको मुख्य भागमा जान परिचय पढ्न छोडिदिन्छन् । तर, बाइबलमा परिचयको भाग समेत पनि महत्त्वपूर्ण छ । यो परमेश्वरको अभिप्रेरित वचन हो र यो “सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ ।”[१६४] पावलको परिचयहरूले प्रायजसो उनको उद्देश्यको केन्द्रबिन्दुमा रहेका कुराहरूको जानकारी दिन्छ । रोमीको पत्रको परिचयमा हामी यी कुरा सिक्छौँ:

- सुसमाचारबारे पुरानो करारमा अगमवाणी गरिएको थियो ।
- सुसमाचारले येशु मसिहा हुनुहुन्छ भनेर घोषणा गर्छ । उहाँ:
    - दाऊदको पुत्र ।
    - परमेश्वरको पुत्र हुनुहुन्थ्यो ।
    - मृतकबाट जीवित पारिनुभयो ।
- सुसमाचार विश्वास गर्ने सबै यहूदी र अन्यजातिका लागि मुक्तिको निम्ति शक्ति हो ।
- सुसमाचारले विश्वास गर्नेहरूमा परमेश्वरको धार्मिकता प्रकट गर्छ ।

---

१६३ रोमी १५:२२-२९

१६४ २ तिमोथी ३:१६

## न्यायमा प्रकट गरिएको परमेश्वरको धार्मिकता (रोमी १:१७–३:२०)

» सुसमाचारमा रहेको असल खबरको लागि न्यायको सत्यता किन आवश्यक छ?

पावलले दोषी ठहराइने नराम्रो खबरबाट सुरु गर्छन्; सबै मानिस जाति धार्मिक परमेश्वरको अघि दोषी ठहराइन्छन् ।

**"उनीहरूले न्याय र पवित्र व्यवस्थाको सामु काँप्दासम्म अनुग्रह स्वीकार गर्नेछैनन् ।"**

**चार्ल्स स्पर्जन**

**रोमी १:१७-३२** मा पावलले **अन्यजातिको पाप**बारे लेख्छन्, खास गरी मूर्तिपूजकका पापबारे जसले "विनाशी मानिसजस्ता कुराहरूसँग अविनाशी परमेश्वरको महिमा साटफेर गरे ।"[१६५] यस खण्डमा उनले आफ्ना यहूदी पाठकहरूले देख्ने अन्यजातिका पापहरू: मूर्तिपूजा, समलैङ्गिकता, हत्या, क्रूरता इत्यादि बारे सम्बोधन गर्छन् । पावलले यी पापहरू मृत्युलायक छन् भनी चेताउनी दिन्छन् ।

२:१-१६ मा पावल **नैतिकवादी विचार**मा जान्छन् । यो एक जना त्यस्तो असल व्यक्ति हुन् जसले अध्याय १को मूर्तिपूजक अन्यजातिलाई दोष लगाउँछ, तर जो आफै पनि पापको दोषी छ ।

**"जबसम्म हामी पहिले मोशाको अगाडि दोषी ठहरिदैनौ हामी ख्रीष्टकहाँ धर्मी ठहरिन आउन सक्दैनौं ।"**

**जोन स्टट**

२:१७–३:८ मा पावलले **यहूदी पाठक**लाई सम्बोधन गर्छन् । आलङ्कारिक प्रश्नहरूको श्रृङ्खला मार्फत् पावलले व्यवस्थामुनि रहेर पाप गर्ने यहूदीहरूको न्याय गर्ने सन्दर्भमा परमेश्वरको धार्मिकताको बचाउ गर्छन् ।

३:९-२० मा पावलले निष्कर्षमा भन्छन्, "त्यहाँ एक जना पनि धर्मी छैन, अहँ एक जना पनि छैन ।"[१६६] **सम्पूर्ण मानिस जाति** पवित्र परमेश्वरको अघि दोषी ठहराइन्छन् ।

## मुक्तिमा प्रकट गरिएको परमेश्वरको धार्मिकता (रोमी ३:२१–८:३९)

दोषी ठहराइने नराम्रो खबर लगत्तै, पावल हाम्रो कामद्वारा नभई, तर "सबैका निम्ति येशुको ख्रीष्टको विश्वासद्वारा र विश्वास गर्ने सबैका निम्ति परमेश्वरको धार्मिकताद्वारा" हामी परमेश्वरको अघि ठीक ठहरिन्छौं भन्ने असल खबर (सुसमाचार)मा जान्छन् ।[१६७] पावलले मुक्तिमा कसरी परमेश्वरको धार्मिकता र विश्वासको रूपान्तरण प्रकट गरिएको छ भन्ने देखाउँछन् ।

### विश्वासद्वारा मात्र धर्मीकरण (रोमी ३:२१–५:२१)

जसरी अब्राहाम केवल विश्वासद्वारा धर्मी ठहरिएका थिए, त्यसरी नै हामी पनि कामद्वारा नभई विश्वासद्वारा धर्मी ठहरिन्छौं । येशु ख्रीष्टको मृत्युद्वारा गरिएको प्रायश्चित मार्फत् हाम्रो परमेश्वरसँग मेलमिलाप भएको छ । उहाँद्वारा, हामी महिमाको आशामा आनन्दित हुन्छौं । उहाँद्वारा, हामीसँग जीवन छ । पावलले येशु ख्रीष्टद्वारा परमेश्वरले प्रदान गर्नुभएको सित्तैंको

१६५ रोमी १:२३

१६६ रोमी ३:१०

१६७ रोमी ३:२२

अनुग्रहमा बाहेक यहूदी र अन्यजातिसँग घमण्ड गर्ने अरू कुनै कारण छैन भन्ने देखाउँछन् । परमेश्वरको धार्मिकता उहाँको मानिस जातिलाई दिनुभएको सित्तैंको अनुग्रहमा प्रकट गरिएको छ ।

## पवित्रीकरण र पाप (रोमी ६:१-२३)

अनुग्रहको शक्तिबारे पावलको खुशीलाई सुन्दा पाठकमा यस्तो प्रश्न आउन सक्छ, "अनुग्रह प्रशस्त होस् भन्नको लागि के हामी पापमा नै लागिरहने त?" पावलको अनुग्रहको धर्मसिद्धान्तले मानिसलाई जानीबुझी गरिने पापमा नै लागिरहनतर्फ डोर्याउनेछ भन्दै अर्को व्यक्तिले प्रतिवाद गर्न सक्छ । पावलले जोरदार आवाजमा भन्छन्, "परमेश्वरले यस्तो हुन नदेऊन्!" हामी पापका निम्ति मरेकाहरू अब कसरी त्यसमै जिउन सक्छौं?" जब हामीले ख्रीष्टमा बप्तिस्मा लियौं, हामी पापको निम्ति मर्यौं । अनुग्रहको कारण अब हामी पापको शक्तिको अधीनतामा जिउन सक्दैनौं । हाम्रा शरीर अब अधार्मिकताका साधनहरू हुँदैनन्; मुक्तिको शक्तिद्वारा, हाम्रा शरीर धार्मिकताको साधनको रूपमा परमेश्वरमा चढाइएको छ । "तिमीहरू पापबाट मुक्त गराइएर धार्मिकताका कमारा बनेका छौ ।" परमेश्वरको धार्मिकता हामीलाई पापबाट स्वतन्त्र गर्ने उहाँको शक्तिमा प्रकट गरिएको छ ।

## पाप र व्यवस्था (रोमी ७:१-२५)

» रोमी ७ अध्याय पढ्नुहोस् । यस अध्यायमा के विषयमा बताइएको छ?

परमेश्वरको अनुग्रहद्वारा हामी धर्मी ठहरिएको हुँदा, अब हामी "पुरानो लिखित विधानको अधीनमा होइन तर पवित्र आत्माको नयाँ जीवनमा सेवा गर्दछौं ।"[१६८] एक यहूदी पाठकले पावललाई यो प्रश्न गर्न सक्छ, "तिमी के भन्दैछौ? के व्यवस्था नै पाप हो?" पावलले जवाफ दिन्छन्, "परमेश्वर त्यसो हुन नदेऊन्!" व्यवस्थाले पापलाई परिभाषित गर्छ । यसरी, यसले हामीलाई पापको वास्तविकताप्रति जागृत गर्छ र हाम्रो विद्रोही हृदयहरूमा पापको इच्छा जगाउँछ । परमेश्वरले हाम्रो भलाइको खातिर दिनुभएको व्यवस्था दुष्टताको एउटा साधन बन्यो ।

पावलले यो सिद्धान्तबारे त्यस खण्डमा प्रस्ट्याउँछन् जुन रोमीको सबैभन्दा विवादित खण्डहरूमध्ये एक भएको छ । रोमी ७:७-१५ व्याख्या गर्ने त्यहाँ तीन वटा मूलभूत पद्धतिहरू छन् ।

१. **एउटा सामान्य ख्रीष्टयान जीवनको चित्रण** सुधारवादी परम्पराका थुप्रैले पावलले परमेश्वरको व्यवस्था पालन गर्न चाहन्छ तर पालना गर्न नसक्ने विश्वासीको जीवनलाई चित्रण गर्दैछन् भनेर तर्क राख्छन् । जे होस्, रोमी ४-६ ("परमेश्वरसँग हाम्रो मिलाप भएको छ..."; "पापबाट मुक्त बनाइएको...") मा बताइएको धर्मीकृत जीवनको महिमामय चित्रणलाई रोमी ७ ("हाय, म कसतो दु:खी मानिस! यस मृत्युको शरीरबाट मलाई कसले छुटाउला?")को बन्धनसँग मिलान गर्न गाह्रो छ ।

२. **पवित्रीकरण नगरिएको विश्वासको चित्रण** वेसलियन परम्पराका केहीले पावलले धर्मी ठहराइएको तर पूर्ण रूपमा पवित्रीकरण नगरिएको विश्वासीको जीवनलाई चित्रित गर्दैछन् भन्ने सुझाव दिन्छन् । फेरि, यसलाई पावलको परमेश्वरसँग मिलापको जीवन जिउँदै गरेको विजयी विश्वासीको चित्रणसँग मिलान गर्न त्यहाँ कठिनाइहरू छन् ।

३. **प्रबोधित पापीको चित्रण** प्रारम्भिक मण्डलीका अग्रणी-अगुवाहरू (चर्च फादर्स)ले यस अध्यायलाई आफ्नै बलबुताले व्यवस्था पालना गर्न खोज्ने पावलको परिवर्तन पूर्वको चित्रणको रूपमा देखे । यो एउटा त्यो पापीको चित्रण हो जो आफ्नो आवश्यकताप्रति प्रबोधित भएको छ, तर अझैसम्म पनि विश्वासद्वारा आउने अनुग्रहबाट धर्मी ठहरिएको

---

१६८ रोमी ७:६

> छैन । यो व्यक्तिले कुनै न कुनै तरिकाले धार्मिकताको खोजी गर्छ, तर उसले अझैसम्म रोमी ८:१, "यसकारण अब ख्रीष्ट येशुमा भएकाहरूलाई दण्डको आज्ञा छैन, जो पापमय स्वभावमा होइन, तर पवित्र आत्मामा चल्दछ भन्ने कुराको आनन्दलाई अनुभव गरेको छैन ।"

### पवित्रीकरण: आत्मामा जीवन (रोमी ८:१-१७)

रोमी ७ का सङ्घर्षहरूको उत्तर पवित्र आत्माको शक्ति हो । "पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशुमा मुक्त पारेको छ ।"[१६९] आफ्नै बलबुतामा व्यवस्था पालन गर्ने निरासजनक प्रयास गर्नुको साटो, हामीलाई पवित्र आत्माले "शरीरका कार्यहरू निर्मूल पार्न" शक्ति दिइएको छ ।[१७०] रोमी ८ को विजयी लबज रोमी ७ का सङ्घर्षहरूभन्दा एकदम भिन्न छ । किन? "त्योचाहिँ हामी परमेश्वरका सन्तान हौं भनी पवित्र आत्माले हाम्रो आत्मासँग गवाही दिनुभएको हो ।" रोमी ७ को नभई यो विजयी जीवन चाहिँ ख्रीष्टियान अनुभवको लागि पावलको नमुना हो ।

विजयी जीवन हाम्रो शक्तिमा होइन, तर पवित्र आत्माको शक्तिमा जिइन्छ । पवित्र आत्माले हामीलाई पापको दासत्वबाट मुक्त गर्नुहुन्छ[१७१]; पवित्र आत्माले मुक्तिको निश्चयता दिनुहुन्छ[१७२]; पवित्र आत्माले हाम्रा प्रार्थनाहरूलाई निर्देशित गर्नुहुन्छ[१७३]; विश्वासीको जीवन पूर्णत: पवित्र आत्माको शक्तिमा जिइन्छ ।

### आशाको निश्चयता (रोमी ८:१८-३९)

मुक्तिबारे पावलको शिक्षाको चरमोत्कर्ष भनेको सबै विश्वासीहरूलाई पर्खिरहेको महिमाको उनको आनन्द हो । पावल लेख्छन्, "हामीमा जुन महिमा प्रकट गरिनेछ, त्यससँग वर्तमान समयका कष्टहरू तुलना गर्न योग्य छैनन् ।" उनले आफ्ना पाठकहरूलाई "उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ" भन्ने प्रतिज्ञाका साथ प्रोत्साहन दिन्छन् । अनि उनले हामीलाई हाम्रो मुक्ति सम्भव बनाउनुहुने परमेश्वरबाट हाम्रो आशा आउँछ भन्ने याद दिलाउँछन् । "यदि परमेश्वर हामीतर्फ हुनुहुन्छ भने, हाम्रो विरुद्ध को हुन्छ?"

हामीलाई ठहराउनुहुने परमेश्वर हुनुहुन्छ; हाम्रो वास्ता गर्नुहुने पनि परमेश्वर नै हुनुहुन्छ । पावलले परमेश्वरको सन्तानको रूपमा हाम्रो आत्मविश्वासमा खुशी हुन्छन्:

> किनकि म यो पक्का गरी जान्दछु, कि मृत्युले वा जीवनले, स्वर्गदूतहरूले वा प्रधानताहरूले, वर्तमानका कुराहरूले वा पछि हुने कुराहरूले, वा शक्तिहरूले, उचाइले वा गहिराइले, वा सारा सृष्टिमा भएका कुनै पनि कुराले, ख्रीष्ट येशु हाम्रा प्रभुमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैन ।

## चुनाउमा प्रकट गरिएको परमेश्वरको धार्मिकता (रोमी ९:१–११:३६)

पावलको शिक्षा सुन्ने व्यक्तिले उठाउन सक्ने अर्को प्रश्न हो, "इस्राएलको बारेमा चाहिँ के त?" के परमेश्वर आफ्ना चुनिएका मानिसहरूलाई गर्नुभएका प्रतिज्ञाहरूमा विफल हुनु भएको हो?" रोमी ९–११ मा पावलले अब्राहामको वंशको आधार विश्वास

---

१६९ रोमी ८:२

१७० रोमी ८:१३, *इङ्लिस स्ट्यान्डर्ड भर्सन*

१७१ रोमी ८:२

१७२ रोमी ८:१५-१६

१७३ रोमी ८:२६

हो, जातीय जन्म होइन भनेर स्पष्ट पार्छन् ।[१७४] परमेश्वरले इस्राएललाई त्याग्नुभएको छैन; बरु परमेश्वरले इस्राएलद्वारा सबै जातिहरूलाई आशिष् दिन काम गरिरहनुभएको छ । जातिहरूमा आशिष्को स्रोत हुने कुरा अब्राहामलाई प्रतिज्ञा गरिएको थियो[१७५]; यो कुरा इस्राएलका अगमवक्ताहरूले घोषणा गरेका थिए[१७६]; अहिले यो अन्यजातिहरू माझ पूरा भइरहेको छ ।[१७७] अन्यजातिहरूलाई परमेश्वरले दिनुभएको आशिष् इस्राएलको अन्तिम अस्वीकार होइन । इस्राएलको निम्ति उहाँको उद्देश्य पूरा हुनेछ ।

रोमी ९–११ ले तीन वटा सत्यताहरू सहित इस्राएलको अविश्वासको समस्यालाई सम्बोधन गर्छ:[१७८]

- परमेश्वरका प्रतिज्ञाहरू सधैं विश्वासीहरूका दिइएका थिए । **विगतमा** इस्राएललाई गरिएका प्रतिज्ञाहरू विश्वास गर्ने सबै जना–अन्यजातिहरू र इस्राएलको विश्वासयोग्य बाँकी रहेकाहरूका लागि थिए (९:६-२९) ।
- इस्राएललाई तिनको अविश्वासको लागि अस्वीकार गरिएको छ । **वर्तमानमा**, अन्यजातिहरूले विश्वासद्वारा धार्मिकता प्राप्त गरेका छन् भने इस्राएलले धार्मिकता प्राप्त गरेको छैन किनभने तिनीहरूले यसलाई व्यवस्था पालन गरेर प्राप्त गर्न खोज्छन् (९:३०–१०:२१) ।
- इस्राएलको अस्वीकार अन्तिम नभएर केही समयकोलागि हो । परमेश्वरले आफ्ना प्रतिज्ञाहरू बिर्सनुभएको छैन । **भविष्यमा**, जब सबै इस्राएलले विश्वास गरेर परमेश्वरतिर फर्किन्छन् तिनीहरूको उद्धार हुनेछ (११:१-३६) ।

पावलले रोमीको पत्रको यो खण्डलाई एउटा स्तुतिगानबाट अन्त गर्छन्, जसमा उनले परमेश्वरलाई उहाँको गहिरो बुद्धि, ज्ञान, इन्साफहरू र मार्ग निम्ति प्रशंसा गर्छन् ।[१७९] हामीले परमेश्वरका मार्गहरूलाई पूर्ण रूपमा थाहा गर्न नसके तापनि, हामी उहाँको प्रशंसा गर्छौं किनभने हामी उहाँको भलाइ र धार्मिकतामा भरोसा राख्छौं । हामीलाई थाहा छ कि "सबै थोक उहाँबाट, उहाँद्वारा र उहाँकै निम्ति हुन् ।"[१८०] उहाँका मार्गहरू हाम्रा प्रशंसाका योग्य छन् ।

## विश्वासीको जीवनमा देखिने परमेश्वरको धार्मिकता (रोमी १२:१–१५:१३) ।

पावलको ईश्वरशास्त्र सधैं व्यवहारिक छ । पावलका पत्रहरूमध्ये धेरै दुई वटा ठुला खण्डहरूमा विभाजित छन् । पहिलो खण्डमा पावलले हामी के विश्वास गर्छौं भनी सिकाउँछन्; दोस्रो खण्डमा उनले हामीले कसरी जिउनुपर्छ भनी सिकाउँछन् । यो खाका रोमीमा देख्न सकिन्छ ।

१. **धर्मसिद्धान्त** पावलले परमेश्वरको अघि व्यक्ति कसरी धर्मी ठहरिन्छ भनी सिकाउँछन् (रोमी १–११) ।
२. **व्यवहारिक प्रयोग** पावलले एउटा धर्मी व्यक्ति कसरी जिउनेछ भनी सिकाउँछन् (रोमी १२–१६) ।

रोमी १२–१५ ले रोमी १–११ का सिद्धान्तहरूलाई कसरी दैनिक जीवनमा जिइन्छ भन्ने देखाउँछ । रोमी १२ मा, पावलले आफ्ना पाठकहरूलाई परमेश्वरको लागि एउटा जीवित र पवित्र बलिको रूपमा अर्पण गर्न आह्वान गर्छन् । धर्मीकरण र

१७४ रोमी ९:६-८

१७५ उत्पत्ति १२:३

**य**सको धेरै उदाहरणहरू मध्ये एक 176 यशैया ५६:१-८ हो ।

१७७ रोमी ११:११

१७८ विलियम एम. ग्रेटहाउस र जर्ज लायन्सको *रोमन्स: ए कमेन्ट्री इन द वेस्लियन ट्रेडिसन बाट रूपान्तरित* । (कानजेसिस सिटी: बेकन हिल प्रेस, २००८) ।

१७९ रोमी ११:३३-३६

१८० रोमी ११:३६

पवित्रीकरणमा देखिने परमेश्वरको धार्मिकताले जीवनका सबै क्षेत्रहरूलाई परिवर्तन गर्छ । शरीरको सट्टा पवित्र आत्मामा हिँड्ने व्यक्तिले दैनिक जीवनमा परमेश्वरको धार्मिकता देखाउनेछ । पावलले यस नयाँ जीवन शैलीका केही व्यवहारिक पक्षहरूका पहिचान गर्छन्:

- हामीले आफ्ना आत्मिक वरदानहरू अरूका सेवा गर्नलाई प्रयोग गर्छौं (रोमी १२:३-८) ।
- हामीले साँचो ख्रीष्टियान विश्वास देखाउने तरिकाले अरूहरूसँग व्यवहार गर्छौं (रोमी १२:९-२१) ।
- हामी प्रशासकहरूको अधीनमा बस्छौं (रोमी १३:१-७) ।
- हामी प्रेमद्वारा व्यवस्था पूरा गर्छौं (रोमी १३:८-१४)
- हामी आफ्ना भाइको न्याय नगरेर स्वतन्त्रताको सिद्धान्तको अभ्यास गर्छौं (रोमी १४:१-१२) ।
- हामी विश्वासमा कमजोर भाइको ठोकरको कारण नहुन आफ्नो स्वतन्त्रताको अभ्यास गर्दैनौं र यसरी प्रेमको सिद्धान्तको अभ्यास गर्छौं (रोमी १४:१३–१४:२३) ।
- हामी "पवित्र आत्माको शक्तिले आशामा प्रशस्त हुन सकौं" भनेर ख्रीष्टको उदाहरण पछ्याउछौं (रोमी १५:१-१३)

### निष्कर्ष (रोमी १५:१४–१६:२७)

आफ्नो निष्कर्षमा पावलले स्पेन जाने क्रममा रोमको यात्रा गर्ने आफ्नो योजनाबारे बताउँछन् । उनले स्पेनको आफ्नो अभियानको लागि रोम एक आधार क्षेत्र बन्नेछ भन्ने आशा गर्छन् । उनले सहकर्मीहरूलाई अभिवादन पठाउँछन् र जुन पावलका पत्रहरूमा सामान्यतया पाइन्छ, उनले एउटा स्तुतिगानसँगै अन्त गर्छन् । यो स्तुतिगानले अहिले प्रकट गरिएको रहस्यको प्रकाशको निम्ति परमेश्वरको प्रशंसा गर्छ ।[१८१] प्रकट गरिएको रहस्य सुसमाचार सबै मानिसका लागि हो भन्ने खुशीको खबर हो । परमेश्वरको धार्मिकता विश्वासमा प्रकट गरिएको छ; विश्वास गर्ने सबैले उद्धार पाएका छन् ।

## आजको मण्डलीमा रोमीको पत्र

रोमीको पत्रले आजको मण्डलीलाई **स्पष्ट धर्मसिद्धान्तको महत्त्व**बारे सिकाउँछ । पावलले यो पत्र सामान्य ख्रीष्टियानहरूलाई लेखेका थिए भन्ने कुरा याद राख्नुहोस् । ख्रीष्टियानहरूलाई कहिलेकाहीँ बाइबलीय सत्यको ठोस खाना पचाउन नसक्ने आत्मिक बालकहरू जसरी व्यवसहार गरिने यस युगमा, रोमीको पत्रले विश्वासीहरूलाई गहन धर्मशासत्र सिकाउन सकिन्छ भन्ने देखाउँछ ।

रोमीको पत्रले आजको मण्डलीलाई **दैनिक जीवनमा धर्मसिद्धान्तलाई लागू गर्नुको महत्त्व**बारे सिकाउँछ । पावलले बौद्धिक बहसको लागि मात्र धर्मसिद्धान्तमा चासो देखाउँदैनन् । उनले विश्वासीको जीवन परिवर्तन हेतु धर्मसिद्धान्त सिकाउँछन् ।

रोमी १–११ का ठुला सत्यताहरूपछि, पावलले यसो भन्दै निरन्तरता दिन्छन् "त्यसकारण म तिमीहरूलाई बिन्ती गर्छु..."[१८२] "यसकारण"ले उनले भनिसकेका कुरालाई उनले भन्न तयारी गर्दैगरेको कुरासँग जोड्छ । यसलाई हामी आफ्नो शब्दमा यसरी भन्न सक्छौं, "यी सत्यताहरू (धर्मीकरण, पवित्रीकरण र चुनाउ)को कारण, तिमीहरूलाई यी कुराका आशिषहरू दिनुहुने परमेश्वरमा आफैलाई जीवन बलिका रूपमा अर्पण गर... यो रूपान्तरण तिमीहरूका दैनिक जीवनमा यसरी देखिनेछ ।"

---

**१८१** रोमी १६:२५-२६

**१८२** रोमी १२:१

यसपछि पावलले रोमी १२–१५ को यस रूपान्तरणको व्यवहारिक प्रयोगलाई निरन्तरता दिन्छन् । ठीक धर्मसिद्धान्त हुनु मात्र पर्याप्त छैन; हामीले त्यस धर्मसिद्धान्तअनुसार हरेक दिन जिउनुपर्छ ।

## निष्कर्ष

१७३८, मे २४ तारिक बुधवारको दिन, जोन वेस्ली लण्डनको ओडर्सगेट स्ट्रीटमा मोराभियन सभामा गए । वेस्ली वर्षौंदेखि मुक्तिको निश्चयता खोज्न सङ्घर्षरत थिए । त्यस समयका थुप्रै मानिसहरू जस्तै, उनी धर्मीकरण भनेको धार्मिक जीवन जिउन सक्ने मानिसको क्षमतामा आधारित छ भन्ने विश्वास गर्थे । विलियम होल्याण्डले रोमीको पत्रबारे मार्टिन लूथरले लेखेको भूमिका पढ्दैगर्दा, त्यो सुनेर वेस्ली परिवर्तन भएका थिए । पछिबाट वेस्लीले लेखे:

> त्यो साँझ म इच्छा नभइ-नभइ ओडर्सगेट स्ट्रीटमा रहेको समाजमा गएँ, जहाँ एक जनाले रोमीको पत्रबारे लूथरको भूमिका पढ्दै थिए । करिब पौने नौतिर, त्यस अगुवाले ख्रीष्टमाथिको विश्वासद्वारा परमेश्वरले गर्नुहुने हृदय परिवर्तनबारे वर्णन गर्दै थिए, मैले आफ्नो हृदयमा एक प्रकारको न्यानो आभास गरेँ । मलाई मुक्तिको लागि मैले केवल ख्रीष्टमा मात्र भरोसा गरेँ भन्ने लाग्यो; **र उहाँले पापहरू उठाइलैजानु भएको थियो, मेरा पापहरू पनि, र पाप र मृत्युको व्यवस्थाबाट उद्धार गर्नुभएको छ भन्ने मलाई निश्चयता दिइयो** ।[१८३]

त्यो रात, जोन वेस्लीले रोमी १:१७; “धर्मी विश्वासद्वारा जिउनेछ” भन्ने सत्यता बुझे । यस ठुलो सत्यताले एउटा जागृतिलाई अभिप्रेरित गर्यो जुन इङ्ल्याण्डभरि र पछिबाट संसारभरि फैलियो ।

---

**१८३** जोन वेस्ली, *द जर्नल अफ जोन वेस्ली*, मे २४, १७३८ ।

## पाठ ५ को गर्नुपर्ने कार्यहरू

निम्न लिखित गर्नुपर्ने कार्यहरूसँगै यस पाठको तपाईंको बुझाइलाई प्रस्तुत गर्नुहोस्:

१. निम्न लिखित गर्नुपर्ने कार्यहरूमध्ये **एक**लाई छान्नुहोस्:

- रोमीको पत्रबाट विश्वासद्वारा धर्मीकरणमाथि प्रवचन वा बाइबल पाठ तयार गर्नुहोस्। यो ५-६ पृष्ठको आलेख वा रेकर्ड गरिएको प्रवचन वा बाइबल पाठ जे पनि हुन सक्छ।
- रोमी १–११ को धर्मसैद्धान्तिक शिक्षाहरू र रोमी १२–१६ को व्यवहारिक प्रयोग दुवै देखाउने रोमीको पत्रको एक पृष्ठको रूपरेखा लेख्नुहोस्। यो कुनै टिप्पणी वा अध्ययन बाइबलबाट सारिएको नभई, तपाईंको आफ्नै रूपरेखा हुनुपर्छ।

२. अर्को पाठको सुरुमा, यस पाठको आधारमा जाँच लिनुहोस्। तयारी गर्दा जाँचमा सोधिने प्रश्नहरूलाई राम्रोसँग अध्ययन गर्नुहोस्।

# पाठ ५ जाँच

१. रोमीको पत्रका तीन वटा उद्देश्यहरूलाई सूचीबद्ध गर्नुहोस् ।

२. रोमीको पत्रको परिचयमा भेट्टाइने सुसमाचा बारेका चार वटा सत्यताहरूलाई सूचीबद्ध गर्नुहोस् ।

३. रोमी १–३ मा दोषी ठहराइएकाहरूका तीन वटा समूहहरूलाई सूचीबद्ध गर्नुहोस् ।

४. रोमी ६ मा, अनुग्रह प्रशस्त होस् भन्नाका लागि पापमै लागि रहन सक्छौं कि सक्दैनौं भनेर प्रश्न सोध्नेलाई पावलले कस्तो प्रतिउत्तर दिन्छन्?

५. रोमी ७:७-२५ का तीन वटा व्याख्याहरू के-के हुन्?

६. पावलले इस्राएलको अविश्वासको समस्याको जवाफ तीन वटा सत्यताहरूद्वारा दिन्छन् । ती सत्यताहरूलाई सूचीबद्ध गर्नुहोस् ।

७. रोमी १२–१५ बाट परमेश्वरको धार्मिकता जिउने तीन वटा तरिकाहरूलाई सूचीबद्ध गर्नुहोस् ।

८. कण्ठ गरेकोबाट रोमी १:१६-१७ लेख्नुहोस् ।

# पाठ ६

# कोरिन्थी र गलाती

## पाठका उद्देश्यहरू

१. १ र २ कोरिन्थी तथा गलातीका पत्रहरू लेखनको मिति र उद्देश्यहरू थाहा गर्नु ।

२. १ र २ कोरिन्थी तथा गलातीका पत्रहरूका मुख्य विषयवस्तुको रूपरेखा लेख्नु ।

३. १ कोरिन्थी को व्याख्या गराइएको लागि महत्त्वपूर्ण मुद्दाहरू बुझ्नु ।

४. ख्रीष्टियान र व्यवस्था बीचको सम्बन्धबारे छलफल गर्नु ।

५. व्यवस्थावादको बाइबलीय परिभाषालाई ठम्याउनु ।

६. प्रारम्भिक मण्डलीका मतभेद र अन्यौलका क्षेत्रहरूलाई पहिचान गर्नु ।

७. यी पत्रहरूको सन्देशलाई आजको संसारका आवश्यकताहरूसित सम्बन्धित गर्नु ।

## यो पाठको तयारी

*१ र २ कोरिन्थी तथा गलातीका पत्रहरू पढ्नुहोस्* ।

*१ कोरिन्थी १:२०-२१ र गलाती ५:२२-२३ कण्ठ गर्नुहोस्* ।

## परिचय

कहिलेकाहीँ आधुनिक पाठकहरूले प्रारम्भिक मण्डली ठुला समस्याहरूबाट मुक्त थियो भन्ने अनुमान लगाउँछन् । हामी सोच्छौं, "सबै एकता र जागा रहेको अवस्थामा प्रारम्भिक मण्डलीमा जिउनु पाएको भए कस्तो राम्रो हुन्थ्यो!" कोरिन्थी र गलातीलाई लेखिएका पावलका पत्रहरूले एउटा एकदम भिन्नै चित्र देखाउँछ । पहिलो शताब्दीका मण्डलीहरू झुटा धर्मसिद्धान्त, विश्वासी माझको पाप, महत्त्वपूर्ण बाइबलीय शिक्षाहरूबारे अन्यौल र अगुवाको अख्तियार र मण्डली अनुशासनबारे प्रश्नहरूसित जुझिरहेका थिए । अर्को शब्दमा भन्दा, यी पत्रहरूले आजको संसारसँग एकदम मिल्दो संसारलाई देखाउँछन् । यस कारणले गर्दा,

पहिलो शताब्दीका समस्याग्रस्त मण्डलीहरूलाई लेखिएका यी पत्रहरूमा एक्काइसौं शताब्दीका समस्याग्रस्त मण्डलीहरूलाई सिकाउन धेरै कुराहरू पाइन्छन् ।

# १ कोरिन्थी

## लेखक र मिति

कोरिन्थ एजियन र आयोनियन समुद्रहरू बीच रहेको इस्थुमसको एउटा बन्दरगाह सहर थियो । इस्थुमसको एकातिर मालसमानहरू झारिन्थ्यो, तिनीहरूलाई साँघुरो जमिन हुँदै ओसारपसार गरिन्थ्यो र अर्कोतिर रहेका पानीजहाजहरूमा लादिन्थ्यो । कोरिन्थको रणनैतिक स्थानले सुसमाचारको लागि ठुलो अवसर प्रदान गर्‍यो । नाविकहरू आफ्ना पानीजहाजहरूबाट मालसमानहरू झारिँदा र लादिँदा यस सहरमा पर्खेर बस्थे । यसले रोमी साम्राज्य वरिपरिका मानिसहरूलाई सुसमाचार सुनाउने अवसर प्रदान गर्‍यो ।

पावलले इ.स. ५० तिर गरेको आफ्नो दोस्रो मिसनरी यात्राको दौडान कोरिन्थमा मण्डली स्थापना गरे ।[१८४] रोमका दुई जना ख्रीष्टयानहरू अकिलास र प्रिस्किलासँगै पावलले कोरिन्थमा सुसमाचार प्रचार गर्दै अठार महिना बिताए । उनले सभाघरमा शिक्षा दिएर सुरु गरे । जब उनलाई सभाघरबाट धपाइयो, उनी नजिकैको एक जना व्यक्तिका घरमा गए । थुप्रै कोरिन्थीहरू, सभाघरका शासक समेतले उनको सुसमाचार सुनेर विश्वास गरे ।

पावलले १ कोरिन्थीको पत्र यसको पाँच वर्षपछि लेखे । यो पत्र पावलको तेस्रो मिसनरी यात्राको दौडान एफिसीमा बस्दा लेखिएको थियो ।[१८५] पावलले कोरिन्थको मण्डलीमा उत्पन्न समस्याहरूको प्रतिक्रिया दिन लेखे । पावल त्यति बेलै कोरिन्थमा जान सकेनन्, त्यसैले उनले यो पत्र लेखे र यसलाई तिमोथीको हातमा पठाए । तिमोथीलाई यो पत्र पुर्‍याउन र आफ्नो भ्रमणको दौडान थप निर्देशन दिन नियुक्त गरिएको थियो ।[१८६]

## शैली

१ कोरिन्थी व्याख्या गर्न सजिलो पनि छ र गाह्रो पनि! यो बुझ्न सजिलो छ किनभने १ कोरिन्थी एउटा खास परिस्थित (वा अवसर)प्रति प्रतिक्रिया जनाउन लेखिएको समसामयिक पत्र हो । एक अर्थमा यसले पत्रलाई बुझ्न सजिलो बनाउँछ । जटिल धर्मसिद्धान्तका लेखनको साटो, पावलले सीधै समस्याहरूलाई सम्बोधन गर्दैछन् ।

यद्यपि, यस किसिमको पत्र बुझ्न गाह्रो छ किनभने हामीसँग पावल र यस मण्डली बीचको पत्राचारमध्ये एउटा पाटो मात्र छ । पावलले प्रतिक्रिया जनाउँदै गरेका समस्याहरूको निष्कर्षमा पुग्दा यसले १ कोरिन्थीलाई व्याख्या गर्न गाह्रो बनाउन सक्छ ।

दुई वटा उदाहरणहरूले कोरिन्थीका प्रश्नहरूका जवाफ पावलले कसरी दिन्छन् भन्ने देखाउँछ । १ कोरिन्थी ७:१ यसरी सुरु हुन्छ, “अब तिमीहरूले लेखेका कुराहरूका विषयमा...” त्यसपछि पावलले जे लेख्छन् त्यो सम्भवत: तिनीहरूका पत्रबाटको उद्धरण हुन सक्छ, “पुरुषले स्त्रीलाई नछुनु नै असल हो ।” त्यसपछि पावलले पुरुष र स्त्रीले हर किसिमका यौन सम्बन्धहरूबाट टाढा बस्नु राम्रो हो भन्ने यस विचारप्रति प्रतिक्रिया जनाउँछन्: “तर व्यभिचारसम्बन्धी परीक्षा अनेक भएका हुनाले हरेक मानिसको आफ्नै पत्नी होस्, र हरेक स्त्रीको पनि आफ्नै पति होस् ।”

---

१८४ प्रेरित १८:१-१८

१८५ १ कोरिन्थी १६:८

१८६ १ कोरिन्थी ४:१७

त्यसैगरी, १ कोरिन्थी ८:१ यसरी सुरु हुन्छ, “अब मूर्तिहरूलाई चढाएको खानेकुरा बारेमा...” अबको भनाइ सम्भवत: तिनीहरूका पत्रबाटको उद्धरण हुन सक्छ, “हामी जान्दछौं, कि हामी सबैसित ज्ञान छ।” पावल अगाडि भन्छन्, “ज्ञानले घमण्ड ल्याउँछ, तर प्रेमले उन्नति गराउँछ।”[१८७] हामीले कोरिन्थीका पत्रहरू पढ्दा पत्राचारको एक पाटो मात्रै पढिरहेका हुन्छौं। कहिलेकाहीँ, हामीले कोरिन्थीका ख्रीष्टियानका उद्धारणबाट पावलका सल्लाहलाई छुट्याउनुपर्छ।

## उद्देश्य

कोरिन्थलाई लेखिएको पावलको पहिलो पत्र त्यस मण्डलीका तीन जना अगुवाहरूका चिन्तित गराउने खबरबाट अभिप्रेरित थियो।[१८८] स्तिफनास, फोर्टुनाटस र अखाइकसले मण्डलीमा विभाजित भएको, सर्वविदित पापबारे कसैले नबोलेको र पावलको प्रेरितीय अख्तिरलाई चुनौती दिइएको खबर गरे। पावलले यिनै समस्याहरू र कोरिन्थीका ख्रीष्टियानहरूका प्रश्नहरूको उत्तर दिन १ कोरिन्थीको पत्र लेखे।

## १ कोरिन्थीको विषयवस्तु

परिचयमा पावलले येशु ख्रीष्टको प्रेरितको रूपमा आफ्नो अख्तियारको बारेमा बताउँछन् र कोरिन्थीका विश्वासीहरूलाई येशु ख्रीष्टमा पवित्रीकरण गरिएर सन्त हुन बोलाइएका हुन् भन्ने कुरा स्मरण गराउँछन्।[१८९] त्यसपछि उनले आफ्ना मानिसहरूलाई दिनुभएको परमेश्वरको बोलावटअनुसार जिउन असफल कोरिन्थीहरूलाई चित्रित गर्ने समस्याहरूको श्रृङ्खलालाई सम्बोधन गर्छन्।

### विभाजन (१ कोरिन्थी १–४)

कोरिन्थको मण्डली पावलले स्थापना गरेका थिए। प्रतिभाशाली वक्ता अपोल्लोसले अकिलास र प्रिस्किलाको अनुमति पाएपछि त्यस मण्डलीमा प्रचार गरेका थिए।[१९०] पत्रुसले कोरिन्थीको भ्रमण गरेको हुन सक्छ।[१९१] कोरिन्थको मण्डली गुटहरूमा विभाजित थियो र प्रत्येक समूहले यी शिक्षकहरूमध्ये एकलाई आफ्नो अगुवाको रूपमा दाबी गरे। केहीले त ती गुटहरूभन्दा आफैलाई माथि उचाल्दै यस्तो दाबी गरे, “म ख्रीष्टको हुँ।” यद्यपि, यो गुट पनि विनम्रतामा होइन, तर घमण्डको आत्माले प्रेरित थियो।[१९२]

१ कोरिन्थीमा पछिबाट छलफल गरिएका मुद्दाहरूले देखाउँछ कि यो विभाजनले कोरिन्थीको मण्डलीको साप्ताहिक आराधना सङ्गति र प्रभु-भोजलाई असर गर्‍यो। यस बाहेक, आफ्ना सदस्य-विश्वासीहरू बीचको पापलाई सम्बोधन गर्न मण्डली अनिच्छुक हुनको एउटा कारण यही विभाजन पनि हुन सक्छ।

पावलले आफ्नो सेवाकाइको बचाउबाट सुरु गर्छन्। अपोल्लोसलाई आफ्नो अगुवा ठान्नेहरूले पावलको प्रेरितीय अख्तियार अस्वीकार गरे र उनको आकर्षणहीन रूप र बोलीको खिल्ली उडाए। पावलले यस मण्डलीका समस्याहरूलाई सम्बोधन गर्नका लागि आवश्यक मञ्च प्राप्त गर्न आफ्नो प्रेरितीय अख्तियारको बचाउ गर्छन्। तिनीहरूका आत्मिक पिताको रूपमा पावलले

---

१८७ १ कोरिन्थी ८:१, *इङ्लिस स्ट्यान्डर्ड भर्सन*

१८८ १ कोरिन्थी १६:१७

१८९ १ कोरिन्थी १:१-२

१९० प्रेरित १८:२७

१९१ १ कोरिन्थी ९:५

१९२ १ कोरिन्थी १:१०-१२

आफ्ना प्रिय छोराहरूलाई जसरी[१९३] औधी माया गर्दै तिनीहरूलाई तिनीहरूकै हालमा छोडिदिँदैनन् । त्यसैले, पावलले आफ्नो सेवाकाइको बलियो बचाउबाट सुरु गर्छन्; "परमेश्वरको इच्छाद्वारा ख्रीष्ट येशुको प्रेरित हुनलाई बोलाइएका पावल..."[१९४]

केही सदस्य-विश्वासीहरूले पावलको सरल अभिव्यक्तिलाई अपोल्लोसको प्रभावशाली भाषणसँग तुलना गरेकाले, पावलले "ठुला-ठुला कुराहरू र बुद्धिमा" म आइनँ भनेर स्पष्ट पार्छन् । "मेरो उपदेश र सन्देश घतलाग्दो र बुद्धिपूर्ण शब्दमा थिएन, तर पवित्र आत्माको र शक्तिको प्रदर्शनमा थियो..."[१९५] पावलले अपोल्लोसमाथि आक्रमण गर्दैनन्,[१९६] तर कोरिन्थीको उनको सेवाकाइ पवित्र आत्माले उनको सन्देशद्वारा गर्नुभएको कामको आधारमा थियो भनी देखाउँछन् । कोरिन्थीहरूले मानव बुद्धिलाई माथि उचालिरहेका छन्; पावलले तिनीहरूलाई सुसमाचारमा फर्कन आह्वान गर्छन् ।

## व्यभिचार (१ कोरिन्थी ५-६)

» मण्डलीका अगुवाहरू मण्डली सदस्यहरू बीच सर्वविदित पापको सामना कसरी गर्नुपर्छ?

रोमी बन्दरगाह सहर र मूर्तपूजाको एउटा पाटोको रूपमा वेश्यावृत्ति सहितको अन्यजातिका मन्दिरहरूले भरिएको सहरको रूपमा कोरिन्थी यसको यौन दुराचारका लागि चिनिन्थ्यो । *कोरिन्थीएनाइज* भन्ने शब्दको अर्थ व्यक्तिको नैतिकता भ्रष्ट पार्नु हो ।

कोरिन्थीको मण्डलीले मूर्तिपूजकहरूमा समेत नपाइने व्यवहार, आफ्नै सौतेनी आमासँग अनैतिक सम्बन्धमा बस्ने आफ्ना सदस्यहरूमध्ये एकलाई अनुशासनमा राख्न अस्वीकार गर्‍यो ।[१९७] तथापि, कोरिन्थीको मण्डली यति घमण्डी भएको थियो कि यसले यो समस्या हल गर्न अस्वीकार गर्‍यो ।

पावलको निर्देशन सही मण्डली अनुशासन बुझ्नका लागि महत्त्वपूर्ण छ । पावलले पश्चात्ताप गर्ला कि भन्ने आशामा त्यस अनैतिक व्यक्तिलाई निकाल्ने माग राखे ।[१९८] मण्डलीले दुई वटा कारणहरूले गर्दा आफ्ना सदस्यहरूका पापको न्याय गर्नुपर्छ: पापीलाई पश्चात्तापमा डोर्‍याउन र सुसमाचारको निन्दा हुनबाट बचाउन । पावलले अविश्वासी वा विश्वासबाट पछि हटेको विश्वासीका व्यवहारहरूबारे सम्बोधन गर्दैछैनन् । उनले मण्डलीको सक्रिय सदस्यको स्वेच्छापूर्वक भइरहेको पापबारे सम्बोधन गर्दैछन् ।

यस सम्बन्धमा पावलले विश्वासीहरू बीचका मुद्दाहरूलाई सम्बोधन गर्छन् । कोरिन्थीहरूले मण्डलीमा सर्वविदित पापको न्याय गर्न अस्वीकार गरेको पनि, आफ्ना व्यक्तिगत गुनासोहरू भने अदालतमा तुरुन्तै लैजान्छन् । ख्रीष्टियान भाइहरू बीचको विवादहरू मिलाउन नसक्ने तिनीहरूले कसरी संसारको न्याय गर्न सक्छन् भनी पावल प्रश्न गर्छन् ।

---

१९३ १ कोरिन्थी ४:१४-१५

१९४ १ कोरिन्थी १:१

१९५ १ कोरिन्थी २:१-४

१९६ १ कोरिन्थी १६:१२ ले देखाउँछ कि पावल र अपोल्लोस परमेश्वरको राज्यको काम गर्न एक भए ।

१९७ १ कोरिन्थी ५:१

१९८ "त्यस मानिसलाई शैतानकहाँ सुम्पिदेओ"ले सायद त्यसलाई मण्डलीबाट निकाल्ने कुराको सङ्केत गर्छ । मण्डली बाहिर, ऊ संसार- शैतानको राज्यमा हुन्छ ।

## कोरिन्थीबाट प्रश्नहरू (१ कोरिन्थी ७:१–१६:९)

अब पावलले आफूलाई पठाएको पत्रमा कोरिन्थीहरूले सोधेका प्रश्नहरूको श्रृङ्खलाको जवाफ दिन्छन्।[१९९] प्रत्येक विषय यस वाक्यांशसँगै परिचित गराइएको छ, "अब...विषयमा..." पावलले तिनीहरूका प्रश्न उद्‌धृत गर्छन् अनि त्यसपछि उठाइएको त्यस विषयको जवाफ दिन्छन्।

## ब्रह्मचर्य र विवाह (१ कोरिन्थी ७:१-२३)

कोहीकोहीले "पुरुषको लागि स्त्रीसँग यौन सम्बन्ध नराख्नु नै असल हो" भनेर सिकाइरहेका थिए।[२००] पावलले विवाह यौन अभिव्यक्तिको उचित प्रकरण हो भन्ने जवाफ दिन्छन्। यस खण्डमा उनले सम्बन्ध विच्छेदको समस्याबारे पनि सम्बोधन गर्छन्, यो त्यस्तो विषय हो जुन खास गरी अविश्वासीसँग विवाह गरेका नयाँ विश्वासीहरूका लागि गाह्रो थियो।

## अविवाहित र विधवा (१ कोरिन्थी ७:२५-४०)

वर्तमान सङ्‌कष्टको कारण, अविवाहितहरू अविवाहित नै रहनु उत्तम हो भन्ने पावललाई लाग्यो। जे होस्, उनले यो आफ्नो व्यक्तिगत धारणा हो, प्रभुको आज्ञा होइन भन्ने कुरा स्पष्ट पारे। "वर्तमान सङ्‌कष्ट"ले रोमी सरकारद्वारा विश्वासीहरूलाई दिइएको सतावटलाई जनाउँछ। यसले प्रभुको पुनरागमनको समय नजिकिँदै जाँदा सतावट बढ्ने सम्भावनालाई पनि जनाएको हुन सक्छ।[२०१]

## मूर्तलाई चढाइएको खानेकुरा (१ कोरिन्थी ८:१–११:१)

» तपाईंको सेवाकाइको सन्दर्भमा भन्नुपर्दा, कस्ता सांस्कृतिक अभ्यासहरू मूर्तिलाई चढाइएको खानेकुराबारे कोरिन्थीको मुद्दासँग मिल्दोजुल्दो छन्?

पावलको सबैभन्दा लामो छलफल मूर्तिलाई चढाइएको खानेकुरा बारेको गाह्रो प्रश्नको उत्तरमा पाइन्छ। कोरिन्थीहरूले आफ्ना निर्णय उच्च ज्ञानको आधारमा लिए, "हामी सबैसँग ज्ञान छ भन्ने हामीलाई थाहा छ।" पावलले जवाफ दिए कि, हाम्रो निर्णयलाई विशुद्ध रूपमा ज्ञानमा आधारित गर्नुको साटो (जसले घमण्ड ल्याउँछ), हामीले प्रेममा जिउनुपर्छ (जसले उन्नति गराउँछ)।

पावलले अन्यजातिका मन्दिर परिसरमा खाना खाने र बजारमा किनमेल गरिने खानेकुरा बीचको भिन्नता बताउँछन्। मन्दिरको भोजन गृहमा खाना खाएर परिपक्व विश्वासी भाइले आफ्नो विवेकको प्रयोग गर्नमा चुक्न सक्ने अर्को कमजोर (अपरिपक्व) भाइलाई बाधा पार्न सक्छ। कोरिन्थीहरूले देखाउनुपर्ने चाहनाको उदाहरण दिँदै पावलले तिनीहरूका सहरमा सुसमाचार प्रचार गर्ने पास्टरको हैसितले आर्थिक सहायताको अपेक्षा राख्ने आफ्नो अधिकार त्यागेको कुरा तिनीहरूलाई याद दिलाउँछन्।

यस बाहेक, अन्यजातिका मन्दिरमा खानु भनेको मूर्तिपूजामा सहभागी हुनु थियो।[२०२] पावलले निष्कर्ष निकाल्छन्, "तिमीहरू प्रभुको कचौरा र भूतप्रेतको कचौरा दुवैबाट पिउन सक्दैनौ।"

---

१९९ १ कोरिन्थी ७:१

२०० १ कोरिन्थी ७:१, *इङलिस स्ट्यान्डर्ड भर्सन*

२०१ १ कोरिन्थी ७:२९, *इङलिस स्ट्यान्डर्ड*

२०२ १ कोरिन्थी १०:१-२२ ले इस्राएलको अविश्वासनीयताको कथालाई मूर्तिपूजामा सहभागी हुनेको विरुद्ध चेतावनीको रूपमा प्रयोग गर्छ।

विश्वासीहरूले धार्मिक सन्दर्भमा गरिएको मूर्तिपूजाको खानेकुरा खानु हुँदैन, तर पावलले मूर्तिलाई चढाइएको मासु बेच्ने बजारमा किनमेल गर्ने विषयलाई फरक तरिकाले लिन्छन् । यसको मूर्तिपूजासँग प्रत्यक्ष सम्बन्ध नभएको हुँदा, पावलले ख्रीष्टियानहरूलाई बिनाकुनै प्रश्न उपलब्ध खानेकुरा किन्न सुझाव दिन्छन् । यदि यो कार्यले ठेस लाग्ने व्यक्ति त्यहाँ उपस्थिति छ भने यो स्वतन्त्रताको अपवाद हो । कमजोर (अपरिपक्व) भाइले यस किसिमको मासुको किनमेललाई मूर्तिपूजासँग जोडेर हेर्न सक्छ । यस्तो अवस्थामा पावलले कोरिन्थीहरूलाई "आफ्नो नभई आफ्नो छिमेकीको हित" खोज्ने ख्रीष्टियान उत्तरदायित्वबारे सम्झना दिलाउँछन् ।

यसको मुख्य सिद्धान्त प्रेम हो । परमेश्वर प्रतिको प्रेमले विश्वासीलाई अन्यजातिको मन्दिरमा गरिने मूर्तिपूजाको भोजमा सहभागी हुनबाट रोक्दछ । सङ्गी ख्रीष्टियान प्रतिको प्रेमले एउटा विश्वासीलाई चढाएको मासु खानबाट रोक्दछ जसले कमजोर (अपरिपक्व) भाइको विश्वासमा ठेस पुर्याउन सक्छ ।

## आराधना र वरदानहरू (१ कोरिन्थी ११:२–१४:४०)

पावलले त्यसपछि अख्तियारको विषयहरूमा, प्रभु-भोजको विषयमा र आत्मिक वरदानहरूको विषयमा सम्बोधन गर्छन् । घमण्ड र विभाजनबाट उब्जिएका यी मुद्दाहरूले कोरिन्थीको मण्डलीलाई क्षति पुर्याइराखेको थियो । एउटै शरीरका सङ्गी अङ्गहरूको रूपमा आफैलाई हेर्नुको साटो, कोरिन्थीहरूले आत्मिक वरदानहरूलाई आत्म-प्रचार गर्ने माध्यमको रूपमा प्रयोग गरिरहेका थिए । यस किसिमको प्रवृत्ति प्रतिको उचित प्रतिक्रिया भनेको आत्मिक वरदानहरूभन्दा प्रेम ठुलो हो भनेर सम्झनु हो ।

## ख्रीष्ट र मृतकको पुनरूत्थान (१ कोरिन्थी १५)

मरेका विश्वासीहरूको भविष्यबारे गरिएका प्रश्नहरूको उत्तर दिन पावलले ख्रीष्टको पुनरूत्थानको ऐतिहासिक सत्यलाई स्थापित गरेर सुरु गर्छन् । त्यसपछि उनी येशुको पुनरूत्थान "मरेकाहरूमा अगौटे फल" हो भनेर तर्क गर्छन् । ख्रीष्टले मृत्युलाई जित्नु भएकोले विश्वासीसँग पुनरूत्थानको प्रतिज्ञा छ ।

## यरूशलेमका सन्तहरूका निम्ति भेटी (१ कोरिन्थी १६:१-४)

आफ्नो तेस्रो मिसनरी यात्रामा पावलले यहूदी अगुवाहरूका विरोधको कारण कष्ट भोग्दैगरेका यरूशलेमका विश्वासीहरूलाई सहायता गर्न अन्यजाति मण्डलीहरूबाट भेटी सङ्कलन गरे । मण्डलीको एकताको धर्मसिद्धान्तको व्यवहारिक अभिव्यक्तिको रूपमा रहेको यो भेटी पावलको लागि महत्त्वपूर्ण थियो । यो भेटी दिएर अन्यजाति ख्रीष्टियानहरूले मण्डलीको आफ्नो सदस्यतामा सङ्गी (यहूदी) ख्रीष्टियानहरूलाई सहायोग गर्ने कर्तव्य समावेश छ भन्ने देखाए ।

## बिदाइ (१ कोरिन्थी १६:५-२४)

पावलले भविष्यमा कोरिन्थ भ्रमण गर्ने आफ्नो योजनाहरू, आफ्नै हातले लेखेका अभिवादनहरू र बिदाइको रूपरेखा सहित आफ्नो पत्रलाई अन्त गर्छन् ।

# २ कोरिन्थी

## २ कोरिन्थीको परिवेश र उद्देश्य

१ कोरिन्थी लेखिएको एक वर्षपछि २ कोरिन्थी लेखिएको थियो। तिमोथीको भ्रमणले कोरिन्थीको समस्या हल गर्न सकेन जस्तो देखिन्छ। तब पावलले आफै त्यस मण्डलीको भ्रमण गरे। त्यस मण्डलीले उनको अख्तियारलाई विरोध गरेकोले त्यो भ्रमण पीडादायी भयो।[२०३] पावल एफिसीमा फर्किए, जहाँबाट उनले अर्को एउटा पत्र लेखे (जुन अहिले हराएको छ) र तीतसको हातमा पठाए।[२०४]

एफिसीबाट पावल माकेडोनिया गए जहाँ उनले कोरिन्थीबाट खबर पाउने प्रतीक्षा गरे। तीतसले कोरिन्थीका धेरैजसो विश्वासीहरूले आफ्नो विद्रोहको पश्चात्ताप गरे भन्ने खबर दिए।[२०५] तैपनि, एउटा सानो समूहले भने पावलको अख्तियारलाई अस्वीकार गरिरह्यो। २ कोरिन्थीको अन्तिम खण्डले यही समूहलाई सम्बोधन गर्छ र पावलको तेस्रो भ्रमणको तयारी गर्छ।

२ कोरिन्थीका उद्देश्यहरू यिनै हुन्:

- तीतसले बताएको पश्चात्तापको लागि कोरिन्थीहरूको प्रशंसा गर्न (१–७)
- यरूशलेमको लागि उठाइएको भेटी सङ्कलन पूरा गर्न (८–९)
- केही सदस्यहरूको निरन्तर विद्रोहलाई सम्बोधन गर्छ (१०–१३)

दिइएको चार्टले १ कोरिन्थी र २ कोरिन्थीका समयरेखा देखाउँछ। केही मितिहरू अनिश्चित भए तापनि, कोरिन्थको मण्डलीमा पावलको संलग्नताको यो सबैभन्दा सम्भावित समयतालिका हो।

---

२०३ २ कोरिन्थी २:१

२०४ २ कोरिन्थी २:३-९

२०५ २ कोरिन्थी ७:५-१६

| पावल र कोरिन्थको मण्डली | | |
|---|---|---|
| **वर्ष** | **पावलका भ्रमणहरू** | **पावलका पत्रहरू** |
| इ.स. ५० | पावलको दोस्रो मिसनरी यात्रामो स्थापना गरिएको मण्डली | |
| | | जगेर्ना नभएको पत्र (१ कोरिन्थी ५:९) |
| इ.स. ५५ | | *१ कोरिन्थी*, एफिसीबाट लेखिएको र तिमोथीको हातमा पठाइएको। |
| | एउटा पीडादायी भ्रमण जसमा पावलको अख्तियारलाई इन्कार गरिएको थियो (२ कोरिन्थी २:१) | |
| | | एफिसीबाट तीतसको हातमा पठाइएको जगेर्ना नभएको पत्र, जसले पश्चात्तापमा डोर्यायो (२ कोरिन्थी ७:८-१६) |
| इ.स. ५६ | | *२ कोरिन्थी*, माकेडोनियाबाट लेखिएको र तीतसको हातमा पठाइएको |
| इ.स. ५७ | पावलको कोरिन्थीको अन्तिम भ्रमण (२ कोरिन्थी १२:१४) | |

## २ कोरिन्थीका विषयवस्तु

२ कोरिन्थीको शैलीले यसका विविध उद्देश्यहरूलाई देखाउँछ। यसले विभिन्न थरीका मुद्दाहरूबारे पावलले दिएका प्रतिक्रियाको सङ्कलित पद्यजस्तै सुनिन्छ। १ कोरिन्थी जस्तै, यो कोरिन्थको परिस्थितिसँग सम्बन्धित विशेष मुद्दाहरूको सम्बोधन गर्ने एउटा समसामयिक पत्र हो। यस असंगठित पत्रको रूपरेखाको साटो, यस पत्रमा सम्बोधन गरिएका केही विषयवस्तुहरूलाई पहिचान गर्नु बढी उपयुक्त छ।

### पावलको प्रेरितीयपनको बचाउ

केही प्रतीत लज्जासँगै पावलले एउटा विस्तृत अच्छेदमा आफ्नो प्रेरितीयपनको बचाउ गर्छन्। पावलका विरोधीहरूले उनका कष्ट-भोगाइहरू र कमजोरीलाई उनको प्रेरितीय अख्तियारको विरुद्ध प्रमाणको रूपमा प्रयोग गरेका छन्। ती विरोधीहरूले सफलता र शक्तिमा घमण्ड गर्छन्; पावले "ख्रीष्टको शक्ति ममा वास गरोस् भनेर" आफ्नो कमजोरीहरूमा घमण्ड गर्छन्।[२०६] उनको अख्तियार परमेश्वरबाट आउँछ, जसले परमेश्वरको महिमा प्रकट गर्ने माध्यमको रूपमा पावलको कमजोरीद्वारा काम गर्नलाई रोज्नुभयो।

---

२०६ २ कोरिन्थी १२:९

### पावलको सत्यनिष्ठाको बचाउ

पहिला पावलले कोरिन्थ जाने सोचेका थिए, तर उनले आफ्नो पछिल्लो भ्रमणका घाउहरू निको हुन समय दिनलाई आफ्नो भ्रमणमा ढिलाइ गरे। यस कारणले गर्दा, उनी सीधै कोरिन्थमा जानुको साटो माकेडोनियामा गए। योजनाहरूको यस हेरफेर पावलका विरोधीहरूका लागि आक्रमण गर्ने आधार बन्यो; तिनीहरूले उनलाई भरोसा गर्न अयोग्य भन्ने आरोप लगाए। पावलले आफ्नो सेवाकाइमा परमेश्वरको गर्नुभएको नेतृत्वको प्रकाशमा आफ्ना योजनाहरू हेरफेर गरिएको स्पष्ट पार्छन्।[२०७]

### पावलको तेस्रो भ्रमणका योजनाहरू

त्यहाँ उनको अख्तियारलाई निरन्तर अस्वीकार गरिरहने र पावल कमजोर छन् भनेर भन्नेहरू छन्। आफू कोरिन्थ फर्कन लागेको र तिनीहरूलाई आफ्नो अगमन अगावै पश्चत्ताप गर्न आग्रह गर्दै लेख्छन्। ती विरोधीहरूले मच्चाएका उथलपुथलको बावजुद पनि, पावलको लक्ष्य मेलमिलाप हो। यो पत्रको सुरुमा उनले पश्चत्ताप गर्नेहरूलाई क्षमा दिने विश्वास दिलाउँछन्।[२०८] यो पत्रको अन्तमा उनले मेलमिलापको लागि पुन: एकपटक आग्रह गर्छन्। पावलको लक्ष्य बदला नभई, मेलमिलाप हो।

# गलाती

## मिति

गलातीको सबैभन्दा सम्भावित मिति इ.स. ४८ को आसपास हो। इ.स. ४७ मा सुरु गरिएको पहिलो मिसनरी यात्रामा पावल र बारनबासले गलातीको दक्षिणी भागमा सुसमाचार प्रचार गरे। यस्तो देखिन्छ कि उनी फर्किए लगत्तै ती नयाँ विश्वासीहरू बीच उत्पन्न भएका समस्याहरूको प्रतिउत्तर दिन पावलले गलातीको पत्र लेखे।

यो मितिको पक्षबाट गरिने तर्कहरूमा एउटा तर्क भनेको यस पत्रमा पावलले यरूशलेमको परिषदबारे उल्लेख गर्दैनन् भन्ने हो। यस पत्रले अन्यजातिहरू र व्यवस्थाका विषयहरू (इ.स. ४९ मा यरूशलेमको परिषदमा फैसला गरिएको मामिला)लाई सम्बोधन गरेको हुँदा, यदि पावलले इ.स. ४९ पछि लेखिरहेका थिए भने, सायद उनले त्यस परिषदबारे उल्लेख गर्ने थिए। इ.स. ४८ को मितिले पावलका पत्रहरूमा गलातीलाई सबैभन्दा पहिलो पत्र बनाउँछ।

## उद्देश्य

गलातीको उद्देश्य सुरुकै अनुच्छेदबाट स्पष्ट छ। पावलको सेवाकाइको कारण ख्रीष्टमा विश्वास गरिसकेपछि, गलातीका विश्वासीहरूले सुसमाचारलाई त्यागेका छन्। पावलले तिनीहरूलाई येशु ख्रीष्टको सुसमाचारमा फर्कनलाई आह्वान गर्न लेख्छन्।

पावल र बारनाबासले गलाती छोडे लगत्तै, झुटा शिक्षाहरू त्यहाँको मण्डलीमा आए। तिनीहरूले अन्यजाति ख्रीष्टियानहरूले पनि खतना गर्न र यहूदी व्यवस्था पालन गर्नुपर्छ भनेर सिकाए। ती शिक्षकहरूले येशुको उद्धारको कार्यलाई पूर्णत: इन्कार गरेनन्। यद्यपि, तिनीहरूले ख्रीष्टमा विश्वास गरेर साथै व्यवस्था पालन गरेर हामी धर्मी ठहरिन्छौं भन्ने कुरामा जोड दिए। पावलले हामी अनुग्रहको माध्यमबाट विश्वासद्वारा धर्मी ठहरिएका छौं भन्ने कुरा आफ्ना विश्वासीहरूलाई याद दिलाउन लेखे।

२०७ २ कोरिन्थी १:१५–२:४; २:१२-१७

२०८ २ कोरिन्थी २:५-११

## विषयवस्तु

गलाती पावलको सबैभन्दा कडा शब्दहरूमा लेखिएको पत्र हो। उनले गलातीहरूलाई अर्कै सुसमाचारतिर लाग्ने तिनीहरूको मूर्खताको लागि हप्काउँछन् र ख्रीष्टको साँचो सुसमाचारमा फर्कन तिनीहरूलाई आह्वान गर्छन्। उनले यो काम विरोधाभासी रोजाइहरूको एउटा श्रृङ्खलाद्वारा गर्छन्। गलातीको पत्र ख्रीष्टमा रहेको स्वतन्त्रता वा शरीरको दासत्व बीचको नाटकीय रोजाइको आह्वान हो।

### साँचो सुसमाचार विरुद्ध झुटो सुसमाचार

पावलले आफूलाई येशु ख्रीष्टको प्रेरित र दासको रूपमा प्राय: परिचित गराउने पछिका पत्रहरूको विपरीत, गलातीमा उनले आफैंलाई अख्तियारका शब्दहरूमा मात्र परिचित गराउँछन्। "पावल ख्रीष्टको एक प्रेरित, (जो मानिसहरूबाट वा कुनै मानिसद्वारा पठाइएको होइन, तर येशु ख्रीष्ट र परमेश्वर पिता, जसले उहाँलाई मृत्युबाट जीवित पार्नुभयो)..."[२०९] यो पावलको प्रेरितीय अख्तियारको भाषा हो।

पावलको सन्देशलाई गलातीका व्यवस्थावादी यहूदी इसाईहरूद्वारा चुनौती दिइयो। यो चुनौती यस्तो हुनसक्छ, "पावल येशुको चेला थिएनन्। वास्तवमा, उनी त मण्डलीलाई सताउँथे! तिमीहरूले उनको सन्देश किन सुन्ने? उनी साँचो प्रेरित होइनन्।" पावल जवाफ दिन्छन्, "म मानिसहरूद्वारा वा तिनीहरूका प्रयासले चुनिएको थिइनँ। म येशुद्वारा र उहाँलाई मृतकबाट जीवित बनाउनुहुने परमेश्वर पिताद्वारा बोलाइएको प्रेरित हुँ।"

पावल आफूले तिनीहरूलाई सुनाएको सुसमाचार येशु ख्रीष्टको साँचो सुसमाचार थियो भन्ने कुरा गलातीका विश्वासीहरूले बुझेका चाहन्छन्। गलातीमा पावलले प्रचार गरेका प्रवचनहरूमध्ये एउटा प्रेरित १३:१६-४१ मा अभिलेख गरिएको छ।

» प्रेरित १३:१६-४१ मा पावलको प्रवचन पढ्नुहोस्। त्यस प्रवचनमा के-कस्ता विषयहरू छन्?

यो सुसमाचारको सारांशको विषयवस्तुलाई ध्यान दिनुहोस्:

- परमेश्वरले मुक्तिदाता ल्याउन इस्राएलको इतिहास मार्फत् काम गर्नुभयो।
- येशु मुक्तिदाता हुनुहुन्छ भनेर बप्तिस्मा दिने यूहन्नाले उद्घोष गरे।
- येशुलाई "यरूशलेममा बस्नेतहरू र तिनीहरूका शासकहरू"ले इन्कार गरेका थिए।[२१०]
- तिनीहरूले येशुलाई क्रूसमा टाँगे, तर परमेश्वरले उहाँलाई मृतकबाट जीवित बनाउनुभयो।[२११]
- येशुको पुनरूत्थानपछि धेरै साक्षीहरूले उहाँलाई देखेका थिए।
- "तपाईं विश्वास गर्नेहरू हरेकले उहाँद्वारा नै सबै कुराबाट छुटकारा पाउनुभएको छ, जुन छुटकारा मोशाको व्यवस्थाद्वारा तपाईंहरूका निम्ति सम्भव थिएन।"[२१२] यो अन्यजाति विश्वासीहरूका लागि एउटा महत्त्वपूर्ण सन्देश हो। आफ्नो पहिलो सन्देशदेखि नै पावलले हामी (विश्वास गर्ने सबैले) मोशाको व्यवस्थाबाट होइन, तर विश्वासद्वारा धर्मी ठहरिन्छौं भनेर प्रचार गरे।

---

२०९ गलाती १:१

२१० प्रेरित १३:२७

२११ प्रेरित १३:३०

२१२ प्रेरित १३:३९

यो साँचो सुसमाचार अर्थात् विश्वासद्वारा मात्र धर्मी ठहरिने सन्देश हो। पावलले गलातीको पत्र लेख्दासम्म, नयाँ विश्वासीहरू अर्कै सुसमाचारतिर लागिसकेका छन्, जुन सुसमाचार नै होइन।[२१३] व्यवस्था पालनद्वारा धर्मी ठहरिने बन्धन पावलले प्रचार गरेको विश्वासद्वारा धर्मी ठहरिने खुशीको खबर बीच निकै अन्तर छ।

| विश्वासद्वारा धर्मी ठहरिनु | |
|---|---|
| **सुसमाचारले भन्छ** | हाम्रो उद्धार विश्वासद्वारा हुन्छ। |
| **व्यवस्थावादी यहूदी इसाईहरूले भने** | हाम्रो उद्धार विश्वास + व्यवस्थाद्वारा हुन्छ |
| **आजका गलत ईश्वरशास्त्रले भन्छ** | हाम्रो उद्धार विश्वास + _______________ द्वारा हुन्छ। |

## अनुग्रह विरुद्ध व्यवस्थावाद

व्यवस्थावादीका झुटो सुसमाचार के थियो? *व्यवस्थावादी यहूदी इसाईहरू*[२१४] ले मोशाको व्यवस्थाका सबै कुराहरू पालना गरेर उद्धार पाउन सकिन्छ भनेर अन्यजाति विश्वासीहरूलाई सिकाए। त्यस विपरीत, पावलले हामी कामद्वारा होइन, अनुग्रहद्वारा धर्मी ठहिरन्छौं भन्ने सिकाए। उनले यो कुरा चार वटा तर्कहरूका आधारमा भने:

- **पावलको अनुभव**। पावलले दमस्कस जाने बाटोमा प्रकट गरिएको सुसमाचारतिर इङ्गित गर्छन्। पावल मण्डलीलाई सताएर सुसमाचारको शत्रु भएका थिए। उनी "आफ्ना जातिमा, उनका दौंतरकाहरू धेरैलाई उछिनेर यहूदी धर्ममा अगि बढिरहेका थिए, र पिता-पुर्खाको परम्परामा ज्यादै जोशिलो" थिए।[२१५] यदि व्यवस्था पालन गरेर उद्धार आउँदो हो त, पावललाई सुसमाचारको आवश्कता थिए; उनी व्यवस्था पालना गर्न निष्ठावान् थिए। परमेश्वरलाई आफ्नो पुत्र प्रकट गर्न र पावललाई "व्यवस्था पालन गरेर होइन तर येशु ख्रीष्टमा विश्वास गरेर मानिस धर्मी ठहरिन्छ" भन्ने सत्यता देखाउन उचित लाग्यो।[२१६]

- **गलातीका अनुभव** गलातीहरूले व्यवस्था पालन गरेर नभई विश्वासका साथ सुनेर पवित्र आत्मा पाएका थिए। पवित्र आत्माबाट सुरु गरिएको कामलाई तिनीहरूले शरीरद्वारा सिद्ध गर्न सक्दैनन्।[२१७]

- **अब्राहामको अनुभव** "अब्राहामले परमेश्वरमाथि विश्वास गरे, र त्यो उनको निम्ति धार्मिकतामा गनियो।" अब, विश्वास गर्ने सबै जना अब्राहामका सन्तान हुन्।[२१८] जसरी अब्राहाम विश्वासद्वारा धर्मी ठहरिएका थिए, त्यसरी नै ख्रीष्टियानहरू पनि विश्वासद्वारा धर्मी ठहरिन्छन्, कामद्वारा होइन।

---

२१३ गलाती १:६-७

२१४ *व्यवस्थावादी यहूदी इसाईहरू* शब्दावली प्रारम्भिक मण्डलीका त्यस्ता शिक्षकहरूका बारेमा बताउन प्रयोग गरिन्छ जसले ख्रीष्टियान धर्मसिद्धान्तसँग यहूदी अभ्यास मिसाउने प्रयास गरे। तिनीहरूले आफैलाई ख्रीष्टियान हुँ भने, तर तिनीहरूले अन्यजाति विश्वासीहरूले यहूदी व्यवस्था पनि पालना गर्नुपर्छ भन्ने कुरामा जोड दिए।

२१५ गलाती १:१४, *इङलिस स्ट्यान्डर्ड*

२१६ गलाती १:१६; २:१६

२१७ गलाती ३:३

२१८ गलाती ३:६-७

- **व्यवस्था आफै** पावलले व्यवस्थाका कामहरूमा भरोसा राख्नेहरू सबै परमेश्वरको श्रापको अधीनतामा छन्, तर धर्मी चाहिँ विश्वासद्वारा जिउँछ भन्ने देखाउँछन् ।[२१९] पावलले गलाती विश्वासीहरूलाई "स्वतन्त्रताको निम्ति ख्रीष्टले स्वतन्त्र पार्नुभएको छ, यसकारण दह्रा भएर खडा होओ र फेरि दासत्वको जुवामुनि नपर" भन्ने चुनौती दिन्छन् ।[२२०]

## व्यवस्थावादी को हुन्?

के होशियारपूर्वक परमेश्वरको आज्ञा पालन गर्ने व्यक्ति व्यवस्थावादी हो? होइन! आफ्ना छोराछोरीहरूले आज्ञा पालना गरेको परमेश्वर अपेक्षा गर्नुहुन्छ । व्यवस्थावादी त्यो व्यक्ति हो जसले उद्धार पाउनकोलागि परमेश्वरको व्यवस्था पालन गर्छ ।

यहाँ समस्या मन हो । **बाहिरबाट हेर्दा व्यवस्थावादी र विश्वासी व्यक्ति झण्डै उस्तै देखिन सक्छ ।** विश्वासी व्यक्तिले परमेश्वरको आज्ञा पालन गर्छ किनभने उसले परमेश्वरलाई प्रेम गर्छ र उहाँलाई प्रसन्न पार्न चाहन्छ । व्यवस्थावादीले परमेश्वरको कृपा दृष्टि पाउन उहाँको आज्ञा पालन गर्छ । आज्ञा पालनको लागि व्यक्तिको प्रेरणाले (उसको आज्ञा पालन आफै चाहिँ होइन) नै ऊ व्यवस्थावादी हो वा होइन भन्ने निर्धारण गर्छ ।

### पवित्र आत्माको फल विरुद्ध शरीरको दासत्व

» के हामीलाई व्यवस्थाका कामहरूबाटको स्वतन्त्रताले शारीरिक अभिलाषाहरू पूरा गर्ने अनुमति दिन्छ?

पावलले विश्वासद्वारा मात्र धर्मी ठहरिने सन्देशलाई गलत ढङ्गले लागू गर्न सकिने खतरालाई बुझेका थिए । पावलको पत्रको पाठकले यस्तो नतिजामा पुग्न सक्ला, "यो त राम्रो खबर हो! म विश्वासद्वारा अनुग्रह मार्फत् धर्मी ठहरिएको छु । व्यवस्था पालना गर्नुको कुनै अर्थ छैन । म जे चाहन्छु त्यही गर्न सक्छु! म मेरा शारीरिक अभिलापाहरू पूरा गरेर जिउन सक्छु ।" रोमी र गलाती दुवै पत्रहरूमा पावलले यस्तो किसिमको झुटो शिक्षाप्रति प्रतिक्रियाहरू जनाएका छन् । रोमीको पत्रमा, उनले आफ्ना पाठकहरूलाई पापका लागि मरेकाहरूले निरन्तर पाप गरेर जिउन सक्दैनन् भन्ने स्मरण गराउँछन् ।[२२१] गलातीमा पावलले यस्तो आज्ञा दिन्छन्, "पवित्र आत्माद्वारा हिँड, र पापमय स्वभावका लालसा पूरा नगर ।"[२२२]

पावलले आफ्ना पाठकहरूलाई हामीले "स्वतन्त्रतालाई पापमय स्वभावको निम्ति प्रयोग नगरिकन, प्रेममा एक-अर्काको सेवक बन्नुपर्छ" भन्ने चेताउनी दिन्छन् ।[२२३] पावलले कहिल्यै पनि व्यवस्था बेकार छ भनेर सिकाउँदैनन्; उनले प्रेमद्वारा व्यवस्था परिपूर्ण (पूरा) भयो भनेर सिकाउँछन् । व्यवस्थावाद प्रतिको पावलको उत्तरलाई जानीजानी पाप गर्ने अनुमतिको रूपमा लिनुहुँदैन । व्यवस्थावाद प्रतिको उत्तर भनेको प्रेम हो । व्यवस्था प्रेममा पुरा हुँदछ । यदि हामी परमेश्वरलाई प्रेम गर्छौं भने,

---

२१९ गलाती ३:११-१२

२२० गलाती ५:१

२२१ गलाती ६:२

२२२ गलाती ५:१६

२२३ गलाती ५:१३

हामी स्वइच्छापूर्वक परमेश्वरको व्यवस्था पालन गर्नेछौं; व्यवस्थाद्वारा परमेश्वरलाई प्रसन्न पार्ने जीवन कसरी जिउने भन्ने कुरा हामी थाहा पाउनेछौं । हामी दासत्वको कारण नभई, प्रेमको कारण व्यवस्था पालन गर्नेछौं । प्रेमले व्यवस्था पूरा गर्छ ।

| कामका तीन दृष्टिकोणहरू | | |
|---|---|---|
| **व्यवस्थावाद** | **अनुमति पत्र** | **प्रेम** |
| "मेरा कामहरूद्वारा मैले उद्धार पाएको छु ।" | "मैले अनुग्रहद्वारा उद्धार पाएको छु; व्यवस्था पालना गर्नुको कुनै अर्थ छैन ।" | "मैले अनुग्रहद्वारा उद्धार पाएको छु; आफ्नो अनुग्रहद्वारा मेरो उद्धार गर्नुहुने परमेश्वर प्रतिको मेरो प्रेमले गर्दा म उहाँलाई आज्ञा पालन गर्छु!" |

पावलले शरीरका कामहरूलाई आत्माको फलसँग तुलना गर्छन् ।[२२४] उनले सिकाउँछन् कि यदि हामी आत्मामा जिउँछौं भने आत्मामा पनि हिँड्ने छौं; हामीले आफ्नो जीवनमा उहाँको फल देखाउने छौं । यदि हामी शरीरमा रोप्छौं भने, हामीले भ्रष्टता कटनी गर्ने छौं । यदि हामी आत्मामा रोप्छौं भने, हामिले अनन्त जीवन कटनी गर्ने छौं ।[२२५] प्रेमको व्यवस्था पाप गर्न दिइएको अनुमति-पत्र होइन । बरु, प्रेमले हामीलाई परमेश्वरप्रति आज्ञाकारी भएर हिँड्न सशक्त गर्छ ।

विश्वासीहरूका लागि प्रेमको व्यवस्थाले ठुलो व्यवहारिक अर्थ राख्छ । यस प्रकारले जिएर, हामी परीक्षामा पतन भएकाहरूलाई पुनर्स्थापित गर्ने छौं; एक-अर्काका बोझ उठाउने छौं; हामी आफ्नोबारे ठीकसँग सोच्ने छौं; हामीले अनन्त जीवन कटनी गर्ने छौं ।[२२६] यही साँचो ख्रीष्टियान स्वतन्त्रता हो ।

## आजको मण्डलीमा कोरिन्थी र गलातीका पत्रहरू

हामीले मण्डलीमा समस्याको सामना गर्दा, कहिलेकाहीँ हामी यस्तो सोच्छौं, "विगतमा यस्तो दु:ख भोगेको थिइनँ!" कोरिन्थी र गलातीले हामीलाई "आजका समस्याहरू कुनै नयाँ कुरा होइनन्" भन्ने सम्झना दिलाउँछन् । यी पत्रहरूले २१औं शताब्दीको मण्डलीसँग सोझै कुराकानी गर्छ ।

१ कोरिन्थीले हामीलाई **मण्डलीको एकता**बारे सम्झना दिलाउँछ । हामी थुप्रै क्षेत्रहरूमा भिन्न भए तापनि, ख्रीष्टमा एउटै शरीर हौं । यो सत्यले हामीलाई मण्डलीभित्रका भिन्नताहरू सम्हाल्नमा मार्गदर्शन गर्नुपर्छ; यसले हामीलाई ख्रीष्टियानहरू बीचको झैझगडाहरूलाई सम्बोधन गर्नमा मार्गदर्शन गर्नुपर्छ; र यसले ख्रीष्टको शरीर निर्माण गर्नलाई हाम्रो वरदानहरू चलाउन हामीलाई मार्गदर्शन गर्नुपर्छ ।

यी पत्रहरूले हामीलाई **मेलमिलापको सेवाकाइ**को निम्ति बोलाइएको छ भन्ने याद दिलाउँछन् । कोरिन्थीको पत्रमा पावलले मण्डलीमा गुटबन्दी भएको अवस्थामा उदारचित्तले क्षमा दिनुपर्छ भन्ने देखाउँछन् । त्यसैगरी, गलातीको पत्रमा पावलले देखाउँछन् कि हामीले विश्वासबाट पतन भएकाहरूलाई पुनर्स्थापित गर्न खोज्नुपर्छ ।

गलातीको पत्रले हामीलाई **विश्वासद्वारा अनुग्रह मार्फत धर्मीकरणको** महा **धर्मसिद्धान्त**बारे याद दिलाउँछन् । पावलले "विश्वासका साथै...द्वारा धर्मीकरण" सिकाउने कुनै पनि प्रयास विरुद्ध चेताउनी दिन्छन्, परमेश्वरको सामु हाम्रो धार्मिकताको

२२४ गलाती ५:१९-२३

२२५ गलाती ६:८

२२६ गलाती ६:१-८

आधारको रूपमा ख्रीष्टको काममाथिको विश्वासमा अरू कुनै कुरा (मोशाको व्यवस्था, कामहरू वा अरू कुनै कुराहरू) थप्न सकिँदैन।

गलातीको पत्रले हामीलाई **प्रेमको व्यवस्थाको जीवन उपयोगी अर्थहरू**बारे सम्झना दिलाउँछ। प्रेमको व्यवस्थाले विश्वासीहरूको रूपमा हाम्रो जीवन परिवर्तन गर्छ।

## निष्कर्ष

१७३८ को मे महिनाको सुरुतिर, चार्ल्स वेस्लीले लुथरको *गलातीको पत्रको टिप्पणी* बाट पढेको सुन्दैगर्दा विलियम होल्याण्डले विश्वासको निश्चयताको अनुभव गरे। चार्ल्स वेस्लीले आफ्नो दैनिकीमा लेखे, "आज साँझ केही बेर मार्टिन लुथरसँग एकान्तमा केही समय बिताए, जसले मलाई एकदम धेरै आशिषित बनाउनुभयो..." मैले मिहिनेत गरेँ, पर्खिएँ र "मलाई प्रेम गर्नुहुने, र आफैलाई मेरो लागि दिनुहुने"लाई अनुभव गर्न सकूँ भनेर प्रार्थना गरेँ।

केही समयपछि, पेन्तिकोसको आइतबार चार्ल्स आफैले निश्चयता अनुभव गरे। यसको ठीक चार दिनपछि, विलियम होल्याण्डले मार्टिन लूथरको *रोमीको भूमिका*बाट पढेको सुन्दैगर्दा, जोन वेस्लीले विश्वासको निश्चयता पाए।

विश्वासद्वारा धर्मी ठहरिने सन्देशले लूथर परिवर्तन भए, वेस्ली परिवर्तन भए र लाखौं अन्य विश्वासीहरू परिवर्तन भए। यो सन्देश १७औं शताब्दीमा जति महत्त्वपूर्ण थियो त्यति नै आज पनि महत्त्वपूर्ण छ।[२२७]

---

२२७ लूथरको *गलातीको पत्रको टिप्पणी*मा दिइएको जे. आई. प्याकरको "परिचय" बाट। (ह्विटन, आइ.एल: क्रसवे क्लासिक कमेन्ट्रिज, १९९८)।

## पाठ ६ को गर्नुपर्ने कार्यहरू

निम्न लिखित गर्नुपर्ने कार्यहरूसँगै यस पाठको तपाईंको बुझाइलाई प्रस्तुत गर्नुहोस्:

१. निम्न लिखित गर्नुपर्ने कार्यहरूमध्ये **एक**लाई छान्नुहोस्:

- १ कोरिन्थीको अध्ययन मार्गदर्शकको रूपमा, यस पत्रमा पावलले सम्बोधन गरेका प्रत्येक विषयहरूलाई पहिचान गर्दै एक पृष्ठ लामो रूपरेखा तयार गर्नुहोस् । तपाईंको रूपरेखामा यी तीन कुराहरू हुनुपर्छ:
  - प्रश्न वा समस्या
  - पावलको जवाफको एउटा छोटो सारांश
  - १ कोरिन्थीमा जुन प्रश्नमाथि छलफल गरिएको छ त्यसको सन्दर्भ पद
- विश्वाद्वारा अनुग्रह मार्फत धर्मी ठहरिनु धर्मसिद्धान्तका आधुनिक चुनौतीहरूबारे एक पृष्ठ लामो निबन्ध लेख्नुहोस् । अहिले हामीले व्यवस्थावादी यहूदी इसाईहरू र तिनीहरूका खतनाको मागको सामना गर्नु नपरे तापनि, कहिलेकाहीँ ख्रीष्टियानहरूले धर्मी ठहरिने आधारको रूपमा विश्वासद्वारा अनुग्रह मार्फतमा के कुराहरू थप्छन्?

२. अर्को पाठको सुरुमा, यस पाठको आधारमा जाँच लिनुहोस् । तयारी गर्दा जाँचमा सोधिने प्रश्नहरूलाई राम्रोसँग अध्ययन गर्नुहोस् ।

## पाठ ६ जाँच

१. पावलको सुसमाचार प्रचार गर्ने रणनीतिको लागि कोरिन्थ किन महत्त्वपूर्ण थियो?

२. कोरिन्थको मण्डली स्थापना गर्न पावलसँगै अर्को कसले काम गरे?

३. कोरिन्थको के-कस्ता समस्याहरूले १ कोरिन्थीको पत्रले अभिप्रेरित गर्यो?

४. १ कोरिन्थीमा पावलले जवाफ दिएका प्रत्येक प्रश्नहरूलाई कुन वाक्यांशले परिचित गराउँछ?

५. २ कोरिन्थीमा पावलले सम्बोधन गरेका तीन वटा विषयहरूलाई सूचीबद्ध गर्नुहोस् ।

६. गलातीलाई लेखिएको पावलको पत्रको उद्देश्य के हो?

७. व्यवस्थावादी यहूदी इसाईहरूका झुटो शिक्षा के थियो?

८. गलातीमा कस्तो रोजाइ दिइएको छ?

९. *व्यवस्थावादी* लाई परिभाषित गर्नुहोस् ।

१०. व्यवस्थावादी विरुद्धको आफ्नो तर्कमा पावलले चार वटा कुराहरूलाई इङ्गित गरे । तिनीहरू के-के हुन्?

११. कण्ठ गरेकोबाट १ कोरिन्थी १:२०-२१ र गलाती ५:२२-२३ लेख्नुहोस् ।

# पाठ ७

# एफिसी, फिलिप्पी, कलस्सी र फिलेमोन

## पाठका उद्देश्यहरू

१. कैदबाट लेखिएका पत्रहरूका सम्भावित मिति र ऐतिहासिक परिवेशलाई थाहा गर्नुहोस् ।

२. कैदबाट लेखिएका पत्रहरूका विषयवस्तुहरू र उद्देश्यहरूको रूपरेखा लेख्नुहोस् ।

३. पूर्वनियतिको बाइबलीय अर्थलाई बुझ्नुहोस् ।

४. मण्डली, ख्रीष्टको धर्मसिद्धान्त र आत्मिक युद्ध जस्ता क्षेत्रहरूका बाइबलीय शिक्षाको महत्त्वको कदर गर्नुहोस् ।

५. कैदबाट लेखिएका पत्रहरूबाट ख्रीष्टियान जीवनको व्यवहारिक सिद्धान्तहरूको सारांश लेख्नुहोस् ।

६. यी पत्रहरूको सन्देशलाई आजको संसारका आवश्यकताहरूसँग सम्बन्धित गर्नुहोस् ।

## यो पाठको तयारी

*एफिसी, फिलिप्पी, कलस्सी र फिलेमोन पढ्नुहोस्।*

*एफिसी ४:११-१६ र कलस्सी ३:१-४ कण्ठ गर्नुहोस्।*

## परिचय

इ.स. ६० को सुरुतिर, पावललाई २ वर्षका लागि नजरबन्द गरेर राखिएको थियो। एक कैदी भए तापनि, उनीसँग आपेक्षिक स्वतन्त्रता थियो । उनी भाडाको घरमा बस्थे र उनीसँग मानिसहरूसँग भेटघाट गर्ने अनुमति दिइएको थियो ।[२२८] यस

२२८ प्रेरित २८:३०-३१

कैदको दौडान पावलले चार वटा पत्रहरू लेखे (जसलाई चिठ्ठीहरू पनि भनिन्छ)। ती मध्ये तीन वटा पत्रहरू मण्डलीहरूलाई लेखिएको छ; चौथो पत्र चाहिँ पावलको सेवाकाइबाट विश्वासी भएको मानिसलाई लेखिएको छ।

यी पत्रहरू पावलका सबैभन्दा आनन्दित पत्रहरूमध्ये एक हुन्। यिनीहरूले उनको जीवनका गाह्रा परिस्थितिहरू माथिको उनको विजयलाई देखाउँछ र हामीलाई आफ्नो सङ्घर्षहरूको समयमा मनलाई आनन्दित राखिराख्न प्रोत्साहन दिन्छ।

यी पत्रहरू अत्यन्त व्यावहारिक छन्। यिनीहरूले पारिवारिक सम्बन्धहरू र आत्मिक युद्ध (एफिसी), विनम्रता र एकता (फिलिप्पी), ख्रीष्टको श्रेष्ठता (कलस्सी), क्षमा र मेलमिलाप (फिलेमोन) जस्ता विषयहरूलाई सम्बोधन गर्छन्।

# एफिसी

## ऐतिहासिक परिवेश

पावलको तेस्रो मिसनरी यात्राको क्रममा एफिसीको मण्डली स्थापना गरिएको थियो। प्रवक्ता अपोल्लसले एफिसीमा प्रचार गरे; प्रिस्किला र अकिलास त्यहाँ सेवा गर्दथे; एफिसीमा पावलले प्रचार र शिक्षा दिएर तीन वर्ष बिताए। यो सहर आफ्नो वरिपरिको प्रान्तका लागि सुसमाचार सेवाकाइको केन्द्र बन्यो; एफिसीबाट एसियामा बस्ने जम्मैले प्रभु येशुको बारेमा सुने।[२२९]

एफिसीमा देवी डायना (जसलाई आर्टेमिस पनि भनिन्छ)को प्रख्यात मन्दिर थियो। तन्त्रमन्त्र गर्नु सामान्य अभ्यास थियो, र यस सहरको अर्थतन्त्र यसै मन्दिरसँग सम्बन्धित वस्तुहरूका वरिपरि घुम्थ्यो। पावलको सेवाकाइले यी दुवै कुरामा बाधा पुर्यायो। नयाँ विश्वासीहरूले ६० लाख डलर मूल्य बराबरका तन्त्रमन्त्रका किताबहरू जलाएका थिए।[२३०] परिणाम स्वरूप, डायनालाई चढाउने वस्तुहरू बेचेर आफ्नो जीविका चलाउने डेमेत्रियस र अरू कारीगरहरूले पावलको सेवाकाइ विरुद्ध दङ्गाफसाद गर्न सुरु गरे। आत्मिक युद्ध एफिसीको एउटा महत्त्वपूर्ण विषयवस्तु हो।

एफिसीको सन्दर्भमा एउटा थप कुरा उल्लेख गर्नुपर्छ। पावलको पत्रहरूमा मण्डलीका मानिसहरूलाई व्यक्तिगत अभिवादन समावेश नगरिनु असमान्य कुरा हो। रोमीको पत्रमा समेत, जहाँको यात्रा पावलले अझैसम्म गरिसकेकै थिएनन्, पावलले चिनेका त्यस मण्डलीका सदस्यहरूलाई गरिएको अभिवादन पाइन्छ। पावलले तीन वर्षसम्म प्रचार गरेको मण्डली, एफिसीलाई लेख्दा, व्यक्तिका नाउँहरूको एउटा लामो सूचीको अपेक्षा गरिन्छ। त्यसको विपरीत, एफिसीमा कुनै व्यक्तिगत अभिवादनहरू पाइँदैन। यसको सबैभन्दा सम्भावित कारण यो हुन सक्छ कि एफिसी र कलस्सीका पत्रहरू एसिया माइनरका विभिन्न मण्डलीहरू बीच पालैपालो पढिनका लागि लेखिएका परिपत्र गरिने पत्रहरू थिए। तुखिकसलाई एफिसी र कलस्सीमा पत्रहरू पुर्याउन र ती मण्डलीहरूका अभिवादन ल्याउन नियुक्त गरिएको थियो।[२३१]

## विषयवस्तु

एफिसीको संक्षिप्त विवरणले दुई वटा ठुला खण्डहरूलाई देखाउँछ:

१. **धर्मसिद्धान्त**: मण्डलीको लागि परमेश्वरले गर्नुभएको काम (एफिसी १–३)

---

२२९ प्रेरित १८:२४–१९:१०

२३० *इङ्लिस स्ट्यान्डर्ड भर्सन स्टडी बाइबल*

२३१ एफिसी ६:२१ र कलस्सी ४:७

२. **व्यवहारिक प्रयोग**: मण्डलीमा परमेश्वरले गरिरहनुभएको काम (एफिसी ४–६)[२३२]

पहिलो खण्डमा पावलले चुनाउ र मण्डली बारेको धर्मसिद्धान्तलाई सम्बोधन गर्छन् । दोस्रो खण्डमा पावलले आफ्ना पाठकहरूलाई परमेश्वरबाट चुनिएको मण्डलीको योग्य जीवन जिउने अर्ती दिन्छन् ।

## धर्मसिद्धान्त: मण्डलीको लागि परमेश्वरले गर्नुभएको काम (एफिसी १–३)

### विश्वासीहरूका मुक्ति (एफिसी १:३–२:१०)

छोटो अभिवादनपछि, पावलले प्रार्थनाबाट आफ्नो भनाइ राख्न सुरु गर्छन् जसमा उनले ख्रीष्टमा हामीले प्राप्त गरेका आशिष्हरूलाई सूचीकृत गर्छन् । एफिसी १:३-१४ एउटा सुन्दर प्रशंसाको भजन हो जसमा पावलले आफ्ना पाठकहरूलाई ख्रीष्टमा रहेको हाम्रो स्थान मार्फत हामीले प्राप्त गर्ने आत्मिक लाभहरूबारे याद दिलाउँछन् ।

» एफिसी १:३-१४ पढ्नुहोस् । ख्रीष्टमा हामीले प्राप्त गर्ने आत्मिक आशिष्हरू के-के छन्?

हाम्रो मुक्तिमा त्रिएकत्वका तीनै व्यक्तिहरू संलग्न हुनुहुन्छ । १:३-६ मा पावलले **हाम्रो चुनाउमा परमेश्वर पिताको भूमिका**लाई देखाउँछन् । परमेश्वरले उहाँमा हामीलाई संसारको जग बसाल्नु भन्दा अघिबाट नै चुन्नुभएको छ, जसकारण हामी प्रेममा उहाँको अघि पवित्र र निष्कलङ्क हुनुपर्छ । हामी उहाँ (ख्रीष्ट)मा पवित्र र निष्कलङ्क हुनको लागि चुनिएका छौं । मुक्तिको योजनाकार परमेश्वर पिता हुनुहुन्थ्यो ।

१:७-१२ मा पावलले **हाम्रो उद्धारमा परमेश्वर पुत्रको भूमिका**लाई देखाउँछन् । येशुको प्रायश्चितको मृत्युको कारण, हामीले उहाँको रगतद्वारा उद्धार पाएका छौं र उहाँको अनुग्रहको प्रशस्ततामा पाप क्षमा पाएका छौं । कसैलाई छुट्कारा दिनुको अर्थ त्यस व्यक्तिलाई बन्दी-अवस्थाबाट फिरौती तिरेर छुटाउनु हो । पुरानो करारमा यसको सबैभन्दा ठुलो उदाहरण मिश्रको दासत्वबाट इस्राएलको छुट्कारा थियो । नयाँ करारमा येशुमाथि विश्वास गर्ने सबैलाई शैतानको दासत्वबाट छुट्कारा दिइएको छ ।

१:१३-१४ मा पावलले **हाम्रो सुरक्षामा पवित्र आत्माको भूमिका**लाई देखाउँछन् । पवित्र आत्माद्वारा हामी छाप लगाइएका छौं । एउटा सुन्दर चित्रणद्वारा पावल भन्छन् कि किनिएको सम्पत्तिको छुट्कारा भइनसक्दासम्म पवित्र आत्मा हाम्रो उत्तराधिकारको बैना हुनुहुन्छ । उहाँले परमेश्वरको अनन्तको राज्यमा हाम्रो उत्तराधिकारको अग्रिम भुक्तानी प्रदान गर्नुहुन्छ । पवित्र आत्माको कारण हामी परमेश्वरद्वारा किनिएको सम्पत्ति हौं र हामीलाई स्वर्गको प्रतिज्ञा गरिएको छ ।

एफिसी २ मा उद्धारको धर्मसिद्धान्तले निरन्तरता पाउँछ जहाँ पावलले हामी आफ्ना अपराध र पापमा मरेका थियौं भन्ने हामीलाई याद दिलाउँछन् । हाम्रो मुक्ति हाम्रो कुनै असल काममा आधारित छैन; बरु, "परमेश्वर, जो कामा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान् प्रेमद्वारा हामीलाई प्रेम गर्नुभयो, यसकारण पापमा हामी मरेका भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो, (अनुग्रहबाट नै तिमीहरूले उद्धार पाएका छौ) ।"[२३३] "किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ; यो तिमीहरू आफैबाट होइन: यो त परमेश्वरको वरदान हो: कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ ।"[२३४] यसको सम्पूर्ण प्रक्रिया नै परमेश्वरको वरदान हो । घमण्ड गर्ने हामीसँग केही कुरा छैन ।

---

२३२ वाल्टर ए. एल्वेल र रबर्ट डब्लू. यार्बर्गको *इन्काउण्टरिङ द न्यू टेष्टामेन्ट*बाट लिइएको । (एडिए: बेकर एकाडेमिक, २००५) ।

२३३ एफिसी २: ४-५

२३४ एफिसी २: ८-९

## विशेष विषय: चुनाउ

पावल लेख्छन् कि हामी येशु ख्रीष्टद्वारा धर्मसन्तानको रूपमा ग्रहण गरिन ***पूर्वनियतित*** छौं । हामी संसारको जग बसाल्न अघिबाटै उहाँमा चुनिएका थियौं ।

केहीले संसारको जग बसाल्न अघि नै उद्धार गरिने हरेक व्यक्तिलाई परमेश्वरले चुन्नुभयो भन्ने अर्थमा ***चुनाउ*** शब्दको प्रयोग गर्छन् । चुनिएकाहरू मुक्तिका लागि पूर्वनियतित छन् । तार्किक रूपमा, यसको अर्थ यो लाग्छ कि बाँकी रहेकाहरू चाहिँ विनाशको लागि पूर्वनियतित छन् र उद्धार पाउने छैनन् । यो तर्क परमेश्वरले सबै मानव जातिलाई प्रेम गर्नुहुन्छ भन्ने बाइबलको सन्देशसँग विरोधाभास भएजस्तो देखिन्छ ।

केहीले चुनाउलाई उद्धारा पाउन को-कसले रोज्नेछ भन्ने परमेश्वरको पूर्वज्ञान भन्दा बढी **अरू केही होइन** भन्ने अर्थमा प्रयोग गर्छन् । पूर्वनियति केवल मानिसको रोजाइबारे परमेश्वरको पूर्वज्ञान हो भन्ने तिनीहरू तर्क राख्छन् । यस धारणामा मुक्ति हाम्रो रोजाइमा आधारित छ । यो बुझाइ परमेश्वरको सार्वभौमिकता माथिको बाइबलको जोडसँग विरोधाभास भएजस्तो देखिन्छ ।

यी दुई वटा सिद्धान्तहरू (परमेश्वरको सार्वभौमिकता र परमेश्वरको विश्वव्यापी प्रेम) पूर्वनियतिका दुई केन्द्रीय खण्डहरूमा समाधान गरिएको छ: रोमी ९–११ र एफिसी १ । रोमी ९–११ ले मुक्तिको बाटो निर्धारण गर्नमा परमेश्वरको न्यायलाई देखाउँछ । परमेश्वर सर्वोच्च हुनुहुन्छ । येशु ख्रीष्टमाथिको विश्वास नगरिकन कसैले मुक्ति पाउने छैन, यसलाई मुक्तिको मार्ग हुनलाई परमेश्वरले अनन्तकालसम्म उर्दी गर्नुभएको छ ।

एफिसी १ मा पावलले **ख्रीष्टमा रहेको हाम्रो स्थानको कारण** मुक्ति हरेक व्यक्तिसँग सम्बन्धित छ भनेर देखाउँछन् । संसारको जग बसाल्नु भन्दा अघि, ख्रीष्टलाई मुक्ति दिने व्यक्तिको रूपमा चुनिएको थियो । विश्वास गर्ने सबै "उहाँमा" चुनिएका छन् । परमेश्वरको विश्वव्यापी प्रेमको कारण विश्वास गर्ने सबैका लागि मुक्तिको बाटो खुल्ला छ ।

यही सन्तुलनलाई पुरानो करारमा देख्न सकिन्छ । इस्राएल परमेश्वरले छान्नुभएको जाति, चुनिएको राष्ट्र थियो । तिनीहरू इस्राएलका भए तापनि, तिनीहरू सबै इस्राएल होइनन् ।[२३५] परमेश्वरले इस्राएललाई एउटा राष्ट्रको रूपमा चुन्नुको अर्थ प्रत्येक इस्राएलीलाई उद्धार प्रदान गर्नुभयो भन्ने थिएन । अनाज्ञाकारिताद्वारा, कोहीकोही (जस्तै आकान) ले प्रतिज्ञाहरू गुमाए । अरूहरूले जो इस्राएलमा जन्मिएका थिएनन् (जस्तै राहाब) परमेश्वरका प्रतिज्ञाहरूमा विश्वास गरे र इस्राएललाई गरिएका प्रतिज्ञाहरूमा उत्तराधिकार गरे । मुक्तिको लागि मानिसहरूले इस्राएललाई चुन्ने परमेश्वरका प्रतिज्ञामा विश्वास गर्नु र सहभागी हुनु आवश्यक छ ।

त्यसैगरी, संसारको जग बसाल्नु भन्दा अघि नै ख्रीष्टलाई मुक्ति दिने व्यक्तिको रूपमा चुनिएको थियो । जब हामी विश्वासद्वारा "ख्रीष्टमा" हुन्छौं, हामीले उहाँको मुक्तिका आशिष्‌हरू प्राप्त गर्छौं । हामी ख्रीष्टमा चुनिएका छौं ।

चुनाउ मुक्तिको एक मात्र बाटोको रूपमा ख्रीष्टमाथि विश्वास गर्ने परमेश्वरको सार्वभौम छनौट हो । "अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन ।"[२३६] यही विचार १ पत्रुस १:१८-२० मा देख्न सकिन्छ । हामीले भ्रष्ट कुराहरूद्वारा होइन, तर ख्रीष्टको बहुमूल्य रगतद्वारा उद्धार पाएका छौं । पत्रुसले भन्छन्, संसारको जग बसाल्नु भन्दा अघि नै ख्रीष्टलाई पूर्व नियुक्त गरिएको थियो ।[२३७] चुनाउ केवल ख्रीष्टमा मात्र छ र ख्रीष्टद्वारा मात्र छ ।

---

२३५ रोमी ९:६

२३६ प्रेरित ४:१२

२३७ १ पत्रुस १:१९-२०

# एफिसी (निरन्तरता)

## धर्मसिद्धान्त: मण्डलीका लागि परमेश्वरले गर्नुभएको काम (एफिसी १-३) (निरन्तरता)

### मण्डलीको एकता (एफिसी २:११–३:२१)

» एफिसीमा "सुसमाचारको रहस्य" के हो?

एफिसी १ मा पावल विश्वासीहरूका मुक्तिमा आनन्दित हुन्छन्। एफिसी २-३ मा उनी परमेश्वरको सृष्टि, मण्डलीमा आनन्दित हुन्छन्। एफिसीको महत्त्वपूर्ण विषयवस्तु भनेको यहूदी र अन्यजाति दुवै मिलेर बनेको एउटै शरीर, मण्डलीको एकता हो। अन्यजातिहरू जो कुनै समयमा प्रतिज्ञाको करारहरूबाट टाढा थिए अहिले ख्रीष्टको रगतद्वारा नजिक ल्याइएका छन्।[२३८] सुरुवातबाटै, परमेश्वरको योजना भनेको अन्यजातिहरूलाई आफ्नो परिवारमा सामेल गर्नु थियो। पावलका यहूदी भाइहरूका लागि, यो सुसमाचारको चकित पार्ने पाटो थियो; ख्रीष्टमा यहूदीहरू र अन्यजातिहरू दुवै मिलेर मण्डली बनेको छ।

बाइबलमा रहस्य भनेको थाहा गर्न नसकिने कुरा होइन; रहस्य त्यस्तो कुरा हो जुन अज्ञात थियो तर अहिले प्रकट गरिएको छ। एफिसी ३ मा पावलले त्यस रहस्यबारे स्पष्ट पार्छन् जुन अहिले प्रकट गरिएको छ: "सुसमाचारद्वारा नै अन्यजातिहरू सह-उत्तराधिकारीहरू हुन्, एउटै शरीरका अङ्गहरू र ख्रीष्ट येशुमा रहेका प्रतिज्ञाका साझेदार हुन्।"[२३९] परमेश्वरको अनुग्रहको शक्तिको चिन्हको रूपमा, पावल-सबै सन्तहरूमा कनिष्ठ र ख्रीष्ट अनि उहाँको मण्डलीलाई सताउने व्यक्ति- अन्यजातिहरू माझ ख्रीष्टको अपार धनको प्रचार गर्न चुनिएका छन्।[२४०]

पहिलेबाटै सन्तहरू र ख्रीष्टमा विश्वासयोग्य एफिसीका विश्वासीहरू परमेश्वरको सारा पूर्णताले परिपूर्ण हुनेछन् भनी प्रार्थना गर्दै पावलले यस धर्मसैद्धान्तिक खण्डको अन्त्य गर्छन्।

## व्यावहारिक प्रयोग: मण्डलीमा परमेश्वरले गरिरहनुभएको काम (एफिसी ४–६)

यस पत्रको दोस्रो खण्डमा पावलले विश्वासीहरूलाई "जुन बोलावटमा बोलाइएका छौ त्यही योग्यको जीवन यापन" गर्न चुनौती दिन्छन्।[२४१] हाम्रो बोलावट योग्यको जीवन:

- मण्डलीमा एकता ल्याउनु (एफिसी ४:१-१६)
- नैतिक आचरणका नतिजाहरू (एफिसी ४:१७–५:२१)
- परिवार र कामको सम्बन्धहरूमा असर पार्छ (एफिसी ५:२१–६:९)
- प्रभुको शक्तिको सामर्थ्यमा मात्र जिउन सकिन्छ (एफिसी ६:१०-१८)

ख्रीष्टियान धर्मसिद्धान्तलाई ख्रीष्टियान जीवनबाट अलग गर्न सकिँदैन। मण्डलीको धर्मसिद्धान्तलाई प्रत्येक पाटोले ठीकसँग काम गरिरहेको मण्डलीको जीवनमा देखिनुपर्छ, मण्डली जसले आफैलाई प्रेममा निर्माण गरिरहेको छ।[२४२] अनुग्रहद्वारा

२३८ एफिसी २:१२-१३

२३९ एफिसी ३:६

२४० एफिसी ३:८, *इङ्गलिस स्ट्यान्डर्ड भर्सन*

२४१ एफिसी ४:१, *इङ्गलिस स्ट्यान्डर्ड भर्सन*

२४२ एफिसी ४:१६, *इङ्गलिस स्ट्यान्डर्ड*

मुक्तिको धर्मसिद्धान्तलाई नयाँ मानिसको व्यवहारमा देखिन्छ, जसलाई परमेश्वरको धार्मिकता र साँचो पवित्रताको स्वरूपमा सृष्टि गरिएको छ।[२४३]

पावलले यस पत्रलाई मण्डली आफ्नो मिसन पूरा गर्न र अन्धकारका शक्तिहरूलाई पराजित गर्न सक्षम छ भन्ने प्रोत्साहनसँगै अन्त्य गर्छन्। उनले आफ्नो सुसमाचार प्रचारको निरन्तरताको लागि प्रार्थना गर्ने आग्रह गर्दै अन्तिम प्रार्थनाबाट अन्त्य गर्छन्।

# फिलिप्पी

## ऐतिहासिक परिवेश

फिलिप्पीको मण्डली पावलको दोस्रो मिसनरी यात्राको समयमा स्थापना गरिएको थियो। यो यूरोपमा स्थापना गरिएको पहिलो मण्डली थियो। पावलले माकेडोनियाका एक जना मानिसले सहायताको निम्ति पुकारा गरिरहेको दर्शन देखेपछि उनी र सिलास फिलिप्पीमा गए।[२४४] फिलिप्पी माकेडोनियाको मुख्य सहर भए तापनि, त्यहाँ उल्लेखनीय यहूदी जनसङ्ख्या थिएन। नदी किनारहरूमा प्रार्थना गरिन्थ्यो किनभने त्यहाँ कुनै सभाघर थिएन।[२४५]

फिलिप्पीमा सबैभन्दा पहिला विश्वास गर्ने व्यक्ति लीडिया थिइन्, जो धनी थिइन्। तिनको बप्तिस्मापछि, लीडियाको घर विश्वासीहरूका लागि आराधना गर्ने स्थान बन्यो। यहूदीहरूको ठुलो जनसङ्ख्या भएका सहरहरूमा प्रायजसो धर्म गुरुहरूबाट सुसमाचारको विरोध हुन्थ्यो; तर फिलिप्मा भने पावल र सिलासले दुष्ट आत्माले पक्रिएकी दासी केटीबाट कमाउने मानिसहरूको आय आर्जनमा बाधा पुर्याएपछि विरोध भयो। पावल र सिलासलाई पक्रियो, कुटियो र झ्यालखानामा हालियो। त्यही रात, भुइँचालो गयो र झ्यालखानाको ढोका खुल्यो र ती कैदीहरू तिनीहरूका साङ्लाबाट छुटे। भाग्नुको साटो, पावल र सिलासले त्यहाँको जेलरलाई सुसमाचार सुनाए।

प्रेरितमा लूकाले फिलिप्पी एउटा उपनिवेश थियो भन्ने विवरण समावेश गर्छन्।[२४६] यो सामान्य भनाइले प्रेरितका प्रारम्भिक पाठकहरूमा ठुलो अर्थ लाग्थ्यो। रोमी सेनापति एन्टोनीले फिलिप्पीलाई इ.पू. ४२ मा रोमी उपनिवेशको रूपमा स्थापना गरेका थिए। धेरै सिपाहीहरू यसै सहरमा सेवानिवृत्त भए, र यसरी यसका बासिन्दाहरूले थुप्रै रोमी करहरूमा छुट पाए। उपनिवेशको रूपमा फिलिप्पीको हैसियत यसका बासिन्दाहरूका लागि गर्वको विषय थियो। पावलले फिलिप्पीका ख्रीष्टियानहरूलाई स्वर्गका नागरिक जसरी जिउन दिइएको चुनौतीहरूले यो कुरालाई सङ्केत गर्छ।[२४७]

## उद्देश्यहरू

फिलिप्पी पावलका केही सकारात्मक पत्रहरूमध्ये एक हो जसले कोरिन्थी र गलातीलाई लेखिएको पत्रमा उनले सम्बोधन गरेका समस्याहरूमध्ये केहीलाई देखाउँछ। यो पत्रका दुई वटा उद्देश्यहरू छन्।

---

२४३ एफिसी ४:२४

२४४ प्रेरित १६:८-४०

२४५ दश जना यहूदी मानिसहरू बस्ने जुनसुकै सहरमा सभाघर हुन्थ्यो।

२४६ प्रेरित १६:१२

२४७ फिलिप्पी ३:२०, *इङ्लिस स्ट्यान्डर्ड भर्सन*: "तर हाम्रो नागरिकता स्वर्गमा छ..." यही ग्रीक शब्द फिलिप्पी १:२७ मा पनि प्रयोग गरिएको छ: "तिमीहरूका **जीवनको चाल** ख्रीष्टका सुसमाचारको योग्य होस्..."

यस पत्रको व्यक्तिगत उद्देश्य भनेको पावलको कैदको खबर दिनु र उनको सेवाकाइमा यस मण्डलीले पुर्याएको आर्थिक सहायताको लागि कृतज्ञता व्यक्त गर्नु हो।[२४८] पावल तिनीहरूका विश्वासनीयतामा आनन्दित हुन्छन् र तिनीहरूलाई आनन्दित जीवन जिउन प्रोत्साहन दिन्छन्।

यस पत्रको उपदेशात्मक उद्देश्य भनेको फिलिप्पीको मण्डलीका लागि दुई खतराहरूलाई सम्बोधन गर्नु हो: बाह्य खतरा झुटा शिक्षकहरूबाट आउँछ जब कि भित्री खतरा चाहिँ मण्डलीका दुई सदस्यहरू बीचको विभाजनबाट आउँछ।

## विषयवस्तु

### जस्तो सुकै परिस्थितिहरूमा पनि आनन्दित हुनु (फिलिप्पी १)

पावल झ्यालखानामा भए तापनि, परमेश्वरले आफ्ना उद्देश्यहरू अनुरूप काम गरिरहनुभएको छ भन्नेमा उनी विश्वस्त छन्। पावलको पक्राउको कारण, उनीसँग राज दरबारको गारदलाई सुसमाचार सुनाउने अवसर छ। पावललाई उनको कैद छुट्कारा वा मृत्यु के मा अन्त्य हुनेछ भन्ने थाहा छैन। तर नतिजा जे सुकै भए पनि, जिउनु ख्रीष्ट, र मर्नु लाभ भएकोले उनी आनन्दित छन्।[२४९]

पावलको आनन्दलाई खतरामा पार्न सक्ने अर्को परिस्थिति भनेको सङ्गी विश्वासीहरूको ईर्ष्या हो। रोमको एउटा समूहले पावलको कष्टमाथि कष्ट थप्दै ख्रीष्टको विवादबारे प्रचार गरिरहेको छ। यद्यपि, तिनीहरूका मनसाय जे जस्तो भए तापनि, सुसमाचार प्रचार गरिएकोमा पावल आनन्दित छन्। ती मानिसहरूको गलत मनसायको बावजुद पनि, पावल सुसमाचारबाट भलाइ हुनेछ भन्नेमा विश्वस्त छन्। पावलको व्यक्तिगत परिस्थिति परमेश्वरको राज्यभन्दा कम महत्त्वपूर्ण छ।[२५०]

### विनम्रता एकताको कुञ्जी (फिलिप्पी २)

यस पत्रमा पछिबाट, पावलले फिलिप्पीको मण्डलीका दुई दिदीबहिनीहरू बीचको विभाजनलाई सम्बोधन गर्नेछन्।[२५१] तिनीहरू सुसमाचारको खातिर पावलसँगै मिहिनेत गर्ने असल ख्रीष्टियानहरू हुन्। दुर्भाग्यवश, ती दिदीबहिनीहरू बीचको व्यक्तिगत झगडाले त्यस मण्डलीको एकतालाई खतरामा पार्यो। यस विभाजनको समाधानको आधार तयार पार्दै पावलले ख्रीष्टियान एकताको नमूनाको रूपमा ख्रीष्टको उदाहरणतिर औंल्याए।

---

२४८ फिलिप्पी ४:१५-१८

२४९ फिलिप्पी १:१२-१४, १९-२५

२५० फिलिप्पी १:१५-१८

२५१ फिलिप्पी ४:२-३

## येशुले "आफैलाई विनम्र बनाउनुभयो" भन्नुको अर्थ के हो?

फिलिप्पी २:५-११ लाई येशुको जीवन, मृत्यु, पुनरूत्थान र स्वर्गारोहणको यसको सारांशको कारणले गर्दा "ख्रीष्टको भजन" भनिन्छ। पावलले येशुले "आफैलाई विनम्र बनाउनुभयो" भनेर बताएको २:८ को अर्थलाई लिएर धेरै जनाले बहस गरेका छन्। येशुले आफ्नो ईश्वरत्व त्याग्‍नु भएन। बरु, उहाँले ब्रम्हाण्डको राजाको हैसितले उहाँका सबै अधिकारहरूलाई त्याग्‍नुभयो। देहधारी हुनुभएर ख्रीष्टले आफैलाई विनम्र बनाउनुभयो; उहाँले आफ्नो ईश्वरीय स्वभावलाई त्याग्‍नुभएन।

धेरै द्वन्दहरू हाम्रो अधिकारहरूको रक्षा गर्ने इच्छाबाट प्रेरित हुन्छन्। पावलले ख्रीष्टको उदाहरणतिर औंल्याउँछन् जसले मानव जातिको सेवा गर्न परमेश्वरको रूपमा आफ्ना अधिकारहरू त्याग्‍नुभयो। येशु ईश्वरत्वका अधिकारहरूमा अडिग भइबस्नु भएन, तर क्रूसको मृत्युसम्मै आज्ञाकारी बन्नुभयो। उहाँले मुक्ति प्रदान गर्न क्रूसको लाजमर्दो मृत्यु जस्तो हरेक अपमान सहनुभयो। परिणाम स्वरूप, परमेश्वरले येशुलाई आफ्नो सार्वभौमिक अख्तियार जनाउने दाहिने बाहुलीतिर येशुलाई उच्च पार्नुभयो।[२५२]

हरेक ख्रीष्टियानसित यही विनम्रताको मनोवृत्ति हुनुपर्छ र सङ्गी विश्वासीहरूका आवश्यकतामा ध्यान दिनुपर्छ। "तिमीहरू हरेकले आफ्नै हित मात्र नखोज, तर अरूका हितलाई पनि हेर।"[२५३]

### सुसमाचारका शत्रुहरू विरुद्ध चेताउनीहरू (फिलिप्पी ३)

फिलिप्पीमा धैरै हदसम्म सकारात्मक कुराहरू भए तापनि, पावलले मण्डलीमा समस्या खडा गर्ने एउटा समूह विरुद्ध एउटा कडा चेताउनी दिन्छन्। यस अघि गलातीको पत्रमा देखिएको यी तिनै यहूदीकरण गर्ने व्यक्तिहरू हुन्। ख्रीष्टियानहरूले खतना र यहूदी व्यवस्था पालना गर्नुपर्छ भनेर तिनीहरू जोड दिन्छन्। पावलले तिनीहरूलाई "कुकुरहरू," "खराब काम गर्नेहरू," र "अङ्ग कटाइ गर्नेहरू" भनी सम्बोधन गर्छन्।

पावलले उदाहरणको रूपमा आफ्नै जीवनतिर औंल्याउँदै व्यवस्थाका रीतिहरू पालना गर्नमा जोड दिने यहूदीकरण गर्नेहरूलाई जवाफ दिन्छन्। यदि व्यवस्था पालना गरेर मुक्ति पाइन्छ भने पावलले शरीरमा भरोसा राख्ने थिए। व्यवस्था अनुसार उनको खतना गरिएको थियो; उनी यहूदीहरूका यहूदी, बेन्यामीन कूलका थिए; उनी त्यस्ता फरिसी थिए जसले व्यवस्था होशियार साथ पालना गर्दथे; उनी यहूदी-धर्मप्रति जोशिला थिए, यतिसम्म कि ख्रीष्टियानहरूलाई सताउनसम्म पछि परेनन्; व्यवस्थाको सम्बन्धमा पावल खोटरहित थिए। यद्यपि, यी सबै कुराहरू ख्रीष्ट येशुमा परमेश्वरको उच्च बोलावटको इनामको तुलनामा सबै व्यर्थ थियो। पावलले उद्धार पाएको थियो, फिलिप्पीले उद्धार पाएको थियो र हामीले उद्धार पाएका छौं, व्यवस्था पालना गरेर होइन, तर मेरो प्रभु ख्रीष्ट येशुको अनुभवात्मक ज्ञानद्वारा।[२५४]

---

२५२ फिलिप्पी २:५-११

२५३ फिलिप्पी २:४

२५४ फिलिप्पी ३:४-८

### अन्तिम उपदेशहरू (फिलिप्पी ४)

अन्तिम अध्यायमा पावलले इयोदिया र सुन्तुखे अध्याय २ मा आफूले सिकाएको एकता देखाउने अर्ती दिन्छन् । यदि ती स्त्रीहरूसित ख्रीष्टको मन छ भने, तिनीहरूले आफ्नो झगडा मिलाउनेछन् । उनले यस मण्डलीलाई सबै परिस्थितिहरूमा आनन्द गर्न र आफ्ना मन, मस्तिष्कमा परमेश्वरको शान्ति कायम राख्ने अर्ती दिन्छन् । उनले आफ्नो सेवाकाइमा यस मण्डलीको सहायताको लागि धन्यवाद दिँदै अन्त गर्छन् ।

# कलस्सी

## ऐतिहासिक परिवेश

पावल रोमको झ्यालखानामा हुँदा कलस्सीको पत्र लेखिएको थियो । सायद पावलको सहायक भएर होला,[२५५] यसको लेखकको रूपमा तिमोथीको पनि नाउँ आउँछ ।

पावलले कलस्सीको मण्डली भ्रमण गरेका थिए भन्ने त्यहाँ कुनै प्रमाण पाइँदैन । पावल र यस मण्डलीलाई जोड्ने सम्भावित व्यक्ति इपाफ्रास हुन् । कलस्सीको मूल निवासी इपाफ्रासले, १६० किलोमिटर टाढा रहेको एफिसीको पावलको सेवाकाइको समयमा विश्वास गरेको हुन सक्छ । इपाफ्रास कलस्सी र त्यसका वरिवरिका नगरहरू लाउडिकिया र हिरापोलिसमा मण्डली स्थापना गर्न फर्किए । पावलले एक आपसमा पत्रहरू पालैपालो पढ्न निर्देशन दिँदै लाउडिकिया र कलस्सी दुवैलाई पत्रहरू लेखे ।[२५६]

## उद्देश्य

पावलको कैदको समयमा इपाफ्रासले कलस्सीको मण्डलीमा समस्या ल्याउने झुटो शिक्षाबारे खबर गरे । पावलले यस जोखिमपूर्ण शिक्षालाई सम्बोधन गर्न कलस्सीको पत्र लेखे । यस बाहेक, पावलले कलस्सीका ख्रीष्टियानहहरूलाई ख्रीष्टमा परिपक्कतातिर अघि बढ्नलाई प्रोत्साहन दिन लेखे । यस पत्रमा झुटा धर्मसिद्धान्त विरुद्ध चेताउनी र आत्मिक उन्नतिको लागि प्रोत्साहनहरू दुवै पाइन्छन् ।

## विषयवस्तु

एफिसीकै विषयवस्तु कलस्सीमा भेट्टाइन्छ: मण्डलीको एकता, आत्मिक युद्धको वास्तविकता र ख्रीष्टियानको रूपमा हाम्रो बोलावट योग्यको जीवन जिउनुको आवश्यकता । यो समानताले कुनै अचम्मित गराउँदैन । पावलले एकै समयमा यी पत्रहरू लेख्दैछन् र यी पत्रहरूले एकै खाले आवश्यकताहरूलाई सम्बोधन गर्छन् ।

कलस्सीमा सिकाइएको झुटो शिक्षा आजको मण्डलीमा समस्या बनेको झुटा शिक्षाहरूभन्दा फरक हुन सक्ने भए तापनि, पावलको सन्देश आजको मण्डलीको लागि पनि महत्त्वपूर्ण छ:

- ख्रीष्ट सृष्टिमा सर्वश्रेष्ठ हुनुहुन्छ ।
- ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ ।

---

२५५ कलस्सी १:१

२५६ कलस्सी ४:१६

- हामीले परमेश्वरको सन्तानको रूपमा हाम्रो बोलावट योग्यको जीवन जिउनुपर्छ ।

## ख्रीष्टको सर्वश्रेष्ठता (कलस्सी १)

कलस्सीको मुख्य विषय जीवित ख्रीष्टको सर्वश्रेष्ठता हो । एउटा सुन्दर अभिव्यक्तिमा पावलले प्रकृतिमाथि ख्रीष्टको सर्वश्रेष्ठता, मण्डलीमाथि उहाँको अख्तियार र मुक्तिमा उहाँको भूमिका देखाउँछन् । ख्रीष्ट सृष्टिको कारक (सबै थोक उहाँद्वारा सृष्टि भयो) र सृष्टिको लक्ष्य (सबै थोक उहाँका लागि सृष्टि भयो) दुवै हुनुहुन्थ्यो । ख्रीष्ट शरीर अर्थात् मण्डलीको शिर हुनुहुन्छ । अनि, हामी जो कुनै समय टाढिएका थियौं र दुष्ट कामहरूद्वारा हाम्रो मनको शत्रुहरू थियौं, ख्रीष्ट र उहाँको क्रूसको रगतद्वारा हाम्रो मिलाप भएको छ । ख्रीष्ट सृष्टिको केन्द्र, मण्डलीको शिर र मुक्तिको प्रभु हुनुहुन्छ ।[२५७]

## कलस्सीको झुटो शिक्षा (कलस्सी २)

ख्रीष्टको स्वभावबारे यस सकरात्मक अभिव्यक्तिपछि, पावल कलस्सीको मण्डलीलाई समस्या दिने झुटो शिक्षा विरुद्ध नकरात्मक चेताउनी दिनतिर अघि बढ्छन् । कलस्सीको झुटो शिक्षाको ठ्याक्कै स्वरूप स्पष्ट छैन । तैपनि, पावलका जवाफहरूले त्यस झुटो शिक्षाका केही पहिचानहरूलाई प्रकट गर्छ । कलस्सीको मण्डलीले रूढीवादी यहूदी-धर्म, यहूदी रहस्यवाद र मूर्तिपूजक शिक्षाहरूको मिश्रित रूपको सामना गर्‍यो । कलस्सीको झुटो शिक्षामा यी झुटा अवधारणाहरूको मिश्रित रूप रहेको छ:

- रूढीवादी यहूदीहरूले कलस्सीका ख्रीष्टियानहरूलाई यहूदी चाडपर्वहरू मान्न, खाना सम्बन्धिको व्यवस्था पालना गर्न र खतना गर्न आग्रह गरे ।[२५८]
- यहूदी रहस्यवादीहरूले कलस्सीका ख्रीष्टियानहरूलाई परमेश्वरका स्वर्गदूतलाई पुज्ने क्रममा व्रत बस्न आग्रह गरे ।[२५९]
- मूर्तिपूजकहरूले कलस्सीका ख्रीष्टियानहरूलाई दुष्ट आत्माहरूबाट रक्षाका लागि रीतितिथीहरू गर्न हौस्याउँदै थिए । पावलले दुष्ट आत्माहरूको शक्तिलाई इन्कार गर्दैनन्, तर उनले यसको हल मूर्तिपूजक रीतितिथीहरूमा भेटिँदैन, तर अन्धकारको शक्तिहरूलाई जितिसक्नु भएको ख्रीष्टको विजयमा छ भन्ने कुरा स्पष्ट पार्छन् ।[२६०]

» आज कलस्सीको झुटो शिक्षा हामीसँग कसरी सम्बन्धित छ?

*समन्वयवाद* ले एक भन्दा बढी धर्महरूको संयोजनलाई जनाउँछ । कलस्सीमा, यस समन्वयवादले यहूदी-धर्म, रहस्यवाद, मूर्तिपूजा र ख्रीष्टियान विश्वासलाई मिसाएको थियो । आज, मूर्तिपूजक संस्कृतिका मण्डलीहरूले कहिलेकाहीँ ख्रीष्टियान धर्मसिद्धान्तलाई वरिपरिका संस्कृतिका अभ्यासहरू (पितृ पुज्ने, चाडपर्व मनाउने, भूतात्मा र मरेका आत्मालाई भगाउने अनुष्ठान इत्यादि)सँग मिसाउने परीक्षाको सामना गर्छन् । पहिलो र एक्काइसौं शताब्दी दुवैमा यस किसिमको शिक्षाको हल

---

२५७ कलस्सी १:१५-२३

२५८ कलस्सी २:१६ र ३:११

२५९ कलस्सी २:१८ "स्वर्गदूतलाई पुज्नु"को अर्थ सम्भवत: तिनीहरू स्वर्गदूतहरूका आराधना गर्दै थिए भन्ने होइन (जुन सम्पूर्ण यहूदी शिक्षा विपरीत हुनेछ) । बरु, यस वाक्यांशले सम्भवत: धेरै समयसम्म निराहार बसेर ध्यान मार्फत आराधकहरूले परमेश्वरको स्वर्गीय सिंहासन वरिपरि बस्ने स्वर्गदूतहरूसँग रहस्यमयी तरिकाले जोडिन सक्छ भन्ने यहूदी रहस्यवादी विचारलाई जनाउँछ । कलस्सीका झुटा शिक्षकहरूले त्यहाँ ख्रीष्टियानहरूलाई यिनै अभ्यासहरू गर्न निमन्त्रणा दिइरहेका थिए ।

२६० कलस्सी २:१५

एउटै छ: येशु प्रभु हुनुहुन्छ । उहाँले अन्धकारको शक्तिलाई पराजित गरिसक्नुभएको छ, र ख्रीष्टद्वारा मात्र हामीसँग विजय छ । ख्रीष्टियान विश्वासमा कुनै पनि रीतितिथीहरू वा अभ्यासहरूका निम्ति स्थान छैन ।

यस अघि भनिएजस्तै, पावलले कलस्सीको झुटो शिक्षाको पूर्ण विवरण दिएका छैनन् । सृष्टि र मण्डलीको प्रभु, ख्रीष्टको साँचो सुसमाचारमा भन्दा झुटो शिक्षाको सटिक प्रकृतिमा उनको रुचि कम छ ।

### ख्रीष्टयान परिपक्वतामा वृद्धि (कलस्सी ३–४)

एफिसीमा जस्तै, यसमा पनि पावल धर्मसिद्धान्त हुँदै अभ्यासमा जान्छन् । ख्रीष्ट परमेश्वरको दाहिने बाहुली पट्टि बस्नु भएकोले गर्दा, ख्रीष्टसँगै जीवित बनाइएका हामीले स्वर्गीय कुराहरूमा हाम्रो मनलाई लगाउनुपर्छ । झुटा शिक्षाहरूमा अस्वस्थ किसिमले ध्यान दिनुको साट्टा, हामी त्यस्ता कुराहरूका लागि मरिसकेका छौं र अब परमेश्वरमा ख्रीष्टसँगै जीवित पारिएका छौं भन्ने कुरालाई हामीले सम्झनु पर्छ ।[२६१]

परमेश्वरमा ख्रीष्टसँगै लुकेको जीवन कस्तो देखिन्छ? पावलले यस नयाँ जीवनलाई व्यावहारिक तवरले वर्णन गर्छन् । यस जीवनका दुई वटा पक्षहरू छन्:

१. **हामीले पुराना अभ्यासहरू त्याग्नुपर्छ** । हामीले संसारिक कुराहरू: व्यभिचार, कामुकता, रिस, फोहर बोली, बेइमानी इत्यादिलाई मार्नुपर्छ । यस्ता व्यावहारहरू परमेश्वरको क्रोधको लायक छन् ।[२६२]

२. **हामीले नयाँ मनुष्यत्व अर्थात् ख्रीष्टको स्वरूप धारण गर्नुपर्छ** । यसमा दया, भलाइ, विनम्रता, धैर्य, क्षमा र सबैभन्दा महत्त्वपूर्ण प्रेम गर्छन् । जब हामीले यी गुणहरू विकास गर्छौं, परमेश्वरको शान्तिले हाम्रो मनलाई अधिन गर्नेछ र ख्रीष्टको वचन हामीभित्र निवास गर्नेछ ।[२६३] यस नयाँ जीवनले पारिवारिक सम्बन्धहरू रूपान्तरण गर्छ (३:१८–४:१) र अविश्वासीमा सुसमाचारलाई आकर्षित बनाउँछ (४:५-६) ।

## फिलेमोन

### ऐतिहासिक परिवेश

पावलको सबैभन्दा छोटो पत्रले कलस्सीका धनी ख्रीष्टियान, फिलेमोनलाई सम्बोधन गरेको छ । यस्तो देखिन्छ कि एफिसीमा पावलको सेवाकाइको दौडान फिलेमोन विश्वासी भएका थिए । उनको घर कलस्सीको मण्डली जम्मा हुने स्थान भयो ।

फिलेमोन एक दासको मालिक थिए जुन पहिलो शताब्दीमा सामान्य अभ्यास थियो । फिलेमोनको दास ओनेसिमस रोमबाट भागेका थिए । रोमी साम्राज्यमा रोम सबैभन्दा बढी जनसङ्ख्या भएको सहर थियो, जुन भगौटेका लागि सबैभन्दा सुरक्षित ठाउँ थियो । (अहिलेको भगौटे सायद न्यू योर्क सिटी, मेक्सिको सिटी, लागोस वा यस्तै अन्य ठुला सहरमा गायब हुन्छन् ।) ।

तर, ओनेसिमस परमेश्वरबाट लुक्न सक्दैनन्! यस ठुलो सहरमा परमेश्वरले पावल र भगौटे दासलाई एकै ठाउँमा ल्याउनुभयो । ओनेसिमस विश्वास भए र पावललाई सहायता गर्न सुरु गरे ।

---

२६१ कलस्सी ३:१-३ को पुन:वर्णन

२६२ कलस्सी ३:५-१०

२६३ कलस्सी ३:१२-१७

कुनै बिन्दुमा आएर, यस नयाँ ख्रीष्टिय आफ्नो विगतसँग सामना गर्न बाध्य भए । हुन सक्छ यिनी भाग्नु अघि यिनले आफ्नो मालिकको पैसा चोरेको थियो ।[२६४] ओनेसिमसले सम्भावित कडा सजायको भोग्नुपर्यो; भगौटे दासको निधारमा भगुवाको नाउँ दिन वा मार्न सम्म पनि सकिन्थ्यो । यो कुरा जानेर, पावलले बिन्ती-पत्र लेखे जसलाई ओनेसिमसले फर्केर फिलेमोनलाई भेट्दा देखाउन आफूसँग लैजान सक्थ्यो ।

## उद्देश्य

पावलको पत्रको उद्देश्य सरल छ: मेलमिलापको आग्रह । ओनेसिमसको परमेश्वरसँग मेलमिलाप भएको छ; पावलले फिलेमोनलाई आफ्नो भगौटे दाससित मेलमिलाप गर्न आग्रह गर्छन् ।

## विषयवस्तु

पावलले विगमा सङ्गी विश्वासीहरूलाई देखाएको फिलेमोनको उदारताको निम्ति उनलाई धन्यवाद दिएर सुरु गर्छ । सङ्गी विश्वासीहरू प्रतिको फिलेमोनको प्रेम नै अहिले सङ्गी विश्वासी भएका ओनेसिमसको तर्फबाट पावलले गरेको आग्रहको आधार हुनेछ ।

पावलले आफ्नो आग्रहलाई (गलातीको पत्रमा जस्तै) प्रेरितीय अख्तियार बनाएनन्, तर प्रेमको आधारमा आग्रह गरे । उनले पत्र लेख्नुको आफ्नो कारण बताउनु अघि नै यस पत्रको लगभग आधा भागमा पुग्छन्; "मेरा छोरा ओनेसिमसको निम्ति म निवेदन गर्दछु ।"[२६५] फिलेमोन विश्वासमा पावलका छोरा हुन्; अहिले उनले अर्को छोरा भगौटे फिलेमोनलाई जन्माएका छन् ।

ओनेसिमस नाउँको अर्थ "काम लाग्ने" वा "फाइदाजनक" हो; यो दासहरूमा पाइने सामान्य नाउँ थियो । पावल लेख्छन्, "तिनी अगाडि तिम्रो निम्ति बेकम्मा थिए, तर अहिले तिम्रो निम्ति र मेरो निम्ति पनि काम लाग्ने भएका छन् ।"[२६६] ओनेसिमसले अब आफ्नो नाउँ अनुसार जिउनेछ; ख्रीष्टको शक्तिद्वारा उ अहिले काम लाग्ने भएको छ ।

फिलेमोनले ओनेसिमसलाई फुक्का गर्न सक्छन् भनेर सङ्केत गर्छन्, तर उनले त्यसो गर्ने आज्ञा दिँदैनन् ।[२६७] फफिलेमोनले जुन किसिमले पावललाई ग्रहण गर्थे त्यसरी नै ओनेसिमसलाई पनि ग्रहण गर्न फिलेमोनलाई आग्रह गर्छन् ।[२६८]

पावलले फिलेमोनलाई आफ्नो रिहाईको लागि प्रार्थना गर्न अनुरोध गर्दै अन्त गर्छन् । झ्यालखानाबाट छुटेपछि फिलेमोनलाई भेट्ने आफ्नो आशाबारे उनी लेख्छन् । यो फिलेमोनले ओनेसिमसलाई कस्तो व्यवहार गर्छन् भन्ने कुरा पावलले चाँडै देख्नेछन् भन्ने कुरा स्मरण गराउनु हो भनी के तपाईंलाई लाग्छ?

**"हामी सबै प्रभुका हौं *ओनेसिमी*। बेकम्मा चाँही लाभदायक बन्छ । ख्रीष्टले मानसिहरूसँग गर्ने व्यवहारको यो नै अनन्त चरित्र हो । हामी सबै पाप गर्नबाट बाँचेका दासहरू थियौं ।"**

**मार्टनि लुथर**

२६४ फिलेमोन १:१८

२६५ फिलेमोन १:१०

२६६ फिलेमोन १:११, *इङ्लिस स्ट्यान्डर्ड भर्सन*

२६७ फिलेमोन १:१३

२६८ फिलेमोन १:१७

पावलले दासत्वको निन्दा नगरेकोले धेरैले गुनासो गरेका छन् । तथापि, मालिकहरूलाई दिइएका पावलका आज्ञाहरूले त्यस्तो वातावरण सृजना गर्छ जसमा दासत्वले निरन्तरता पाइरहन सक्दैन ।[२६९] तपाईंले ख्रीष्टमा साँच्चै दाजुभाइ वा दिदीबहिनी देख्नुहुने व्यक्तिलाई दास बनाउन सम्भव छैन ।

## ऐतिहासिक उपसंहार

धर्मशास्त्रले ओनेसिमस फिलेमोनकहाँ फर्केर गएपछि के भयो भन्ने कुरा बताउँदैन । इतिहासले फिलेमोनले ओनेसिमसलाई फुक्का गरे भनेर बताउने दुई वटा सङ्केतहरू दिन्छ ।

- (कलस्सी नजिकै) लाउडोकियामा भेट्टाइएको एउटा प्राचीन शिलालेखलाई एउटा दासले आफूलाई फुक्का गर्ने मालिकप्रति समर्पित गरेको छ । उल्लेखित मालिकको नाउँ हो मार्कस सेस्टियस फिलेमोन ।
- यो पत्र लेखिएको केही समयपछि, ओनेसिमस एफिसीको मण्डलीको विशप भए ।

फिलेमोनले ओनेसिमसलाई पावलकहाँ फर्केर जान फुक्का गरेको र त्यसपछि पावलले नै पास्टरको रूपमा ओनेसिमसलाई तालिम दिएको हुन सक्छ । यदि त्यसो हो भने, एफिसीमा पावलको सेवाकाइले एफिसीमै पावलको सुसमाचार प्रचारको क्रममा विश्वासी भएका फिलेमोनको भूतपूर्व दास ओनेसिमसको प्रचारद्वारा निरन्तरता पाएको हुन सक्छ । परमेश्वरको उद्देश्यहरू हाम्रो नजरको दायराभन्दा टाढा छन्!

# आजको मण्डलीमा कैदबाट लेखिएका पत्रहरू

कैदबाट लेखिएका पत्रहरूले हामीलाई **धर्मसिद्धान्त दैनिक जीवनमा लागू गर्नुपर्छ** भन्ने याद दिलाउँछन् । यी पत्रहरूमा पावलले आफ्ना पाठकहरूलाई विश्वासीको रूपमा आफ्नो बोलावटको योग्य जीवन जिउन चुनौती दिन्छन् । ठीक धर्मसिद्धान्तलाई मुखले स्वीकार गर्नु मात्र पर्याप्त छैन; प्रति दिन हाम्रो विश्वास अनुसार जिउनुपर्छ ।

एफिसी र कलस्सीले **आत्मिक युद्धको वास्तविकता**बारे सिकाउँछन् । "किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याइँका आत्मिक सेनाहरूका विरुद्ध हो ।"[२७०] आत्मिक युद्ध वास्तविक हो । तर, यी पत्रहरूले यो पनि सिकाउँछन् कि यो युद्ध पहिले नै ख्रीष्टमा जितिसकेको छ । हामी आत्मविश्वासका साथ युद्ध लड्छौं किनभने उहाँले युद्ध जितिसक्नु भएको छ । हाम्रो प्राथमिक ध्यान विजयी हुनुहुने ख्रीष्टमा हुनुपर्छ, न कि हारेको लडाइँ लडिरहेका हाम्रो शत्रुमा ।

फिलेमोनले हामीलाई **मेलमिलापको सुसमाचार वास्तविक जीवनमा जिउनुपर्छ** भनेर याद दिलाउँछ । पावल वास्तविक जीवनमा काम नलाग्ने सुसमाचारसित सन्तुष्ट थिएनन् । उनले सुसमाचार जसले भगौटे पापी र परमेश्वर बीच मिलाप गरायो, त्यही सुसमाचारले फिलेमोन र भगौटे दास बीच पनि मिलाप गराउनेछ भन्ने कुरामा जोड दिन्छन् । सङ्घर्ष र टुटेका सम्बन्धहरूको संसारमा मिलाप ल्याउन हामीले सुसमाचारको शक्ति देखाउनुपर्छ ।

---

२६९ गलाती ३:२८; एफिसी ६:९; कलस्सी ४:१; फिलेमोन १:१६

२७० एफिसी ६:१२

## निष्कर्ष

रोमी साम्राज्यका ख्रीष्टियानहरूले पतित संसारमा सुसमाचार अनुरूप जिउनुको अर्थ के हो भन्ने थाहा पाएँ। पावलले फिलिप्पीलाई "निर्दोष र सुधा भएर टेढा र बरालिएका पुस्ताको बीचमा परमेश्वरका निष्खोट सन्तान भई यस पुस्ताको बीच संसारमा तिमीहरू ताराहरूँझै चम्केर" जिउनुपर्छ भनेर लेखे।[२७१] अँध्यारो हुँदै गएको हाम्रो संसारमा मण्डलीको प्रकाश बल्दो उज्यालोका साथ चम्किन्छ भन्ने पावललाई थाहा थियो।

रोमी साम्राज्यको अँध्यारो समयमा केही ख्रीष्टियानहरूले अरूका जीवन बचाउन आफ्नो जीवनलाई जोखिममा पारेको हुनाले तिनीहरू "ख्रीष्टका निम्ति जोखिम मोल्नेहरू" भनेर चिनिन थाले। पावलले जब प्रिस्किला र अकिलासले "मेरो निम्ति आफ्ना जीवन सङ्कष्टमा हाले" भन्दाखेरि यही शब्दको प्रयोग गर्छन्।[२७२] ततिनीहरूले पावलको लागि आफ्नो जीवनलाई जोखिममा पारे।

पहिलो शताब्दीमा रोमी ख्रीष्टियानहरूले सहरको फोहरको थुप्रोमा छाडिएको अवाञ्छित शिशुहरूको उद्धार गर्न समुदायको क्रोध व्यहोर्ने जोखिम उठाए। तेस्रो शताब्दीमा, कार्थेजको विशपले एउटा महामारीको समयमा आफ्नो मण्डलीको भेला बोलाए, र मर्न लागेकाहरूको हेरविचार गर्ने र मृतकलाई गाँड्ने काम गरेर त्यस सहरको उद्धार गर्नमा आफ्नो ज्यान जोखिममा हाल्न अनुरोध गरे।

प्रारम्भिक मण्डलीलाई पुरानो मनुष्यत्वलाई फुकाल्नु र नयाँ मनुष्यत्व धारण गर्नुको अर्थ मण्डली जानुभन्दा बढी लाग्छ भन्ने थाहा थियो। यसको अर्थ परमेश्वर र उहाँका उद्देश्यहरूसँग सम्बन्धित नयाँ जीवन जिउनु हो। यसको अर्थ संसारमा सुसमाचारलाई ज्योति जसरी चम्काउन हाम्रो जीवनलाई सङ्कष्टमा हाल्नु हुन सक्छ।

---

२७१ फिलिप्पी २:१५

२७२ रोमी १६:४

## पाठ ७ को गर्नुपर्ने कार्यहरू

निम्न लिखित गर्नुपर्ने कार्यहरूसँगै यस पाठको तपाईंको बुझाइलाई प्रस्तुत गर्नुहोस्:

१. निम्न लिखित गर्नुपर्ने कार्यहरूमध्ये **एक**लाई छान्नुहोस्:

- एफिसीबाट परिवारबारे प्रवचन वा बाइबल पाठ तयार गर्नुहोस्। यसबारे तपाईंले ५-६ पृष्ठको आलेख लेख्न सक्नु हुन्छ वा प्रवचन वा बाइबल पाठ रेकर्ड गर्न सक्नुहुन्छ।
- एफिसीबाट मण्डलीबारे प्रवचन वा बाइबल पाठ तयार गर्नुहोस्। यसबारे तपाईंले ५-६ पृष्ठको आलेख लेख्न सक्नु हुन्छ वा प्रवचन वा बाइबल पाठ रेकर्ड गर्न सक्नुहुन्छ।
- फिलिप्पीबाट ख्रीष्टियान जीवनमा आनन्दबारे प्रवचन वा बाइबल पाठ तयार गर्नुहोस्। यसबारे तपाईंले ५-६ पृष्ठको आलेख लेख्न सक्नु हुन्छ वा प्रवचन वा बाइबल पाठ रेकर्ड गर्न सक्नुहुन्छ।
- कलस्सीबाट ख्रीष्टमा भएको हाम्रो नयाँ जीवनबारे प्रवचन वा बाइबल पाठ तयार गर्नुहोस्। यसबारे तपाईंले ५-६ पृष्ठको आलेख लेख्न सक्नु हुन्छ वा प्रवचन वा बाइबल पाठ रेकर्ड गर्न सक्नुहुन्छ।

२. अर्को पाठको सुरुमा, यस पाठको आधारमा जाँच लिनुहोस्। तयारी गर्दा जाँचमा सोधिने प्रश्नहरूलाई राम्रोसँग अध्ययन गर्नुहोस्।

# पाठ ७ जाँच

१. कैदबाट लेखिएका पत्रहरू कहिले र कहाँबाट लेखिएका थिए?

२. एफिसीमा किन कुनै व्यक्तिगत अभिवादन पाइँदैन?

३. एफिसीको दुई वटा ठुला खण्डहरूलाई सूचीबद्ध गर्नुहोस्।

४. एफिसी १ बाट, हाम्रो मुक्तिमा त्रिएकत्वको हरेक सदस्यहरूको भूमिकालाई सूचीबद्ध गर्नुहोस्।

५. एफिसी ३ का अनुसार, सुसमाचारको रहस्य के हो?

६. फिलिप्पीको मण्डलीले सामना गरेका दुई वटा खतराहरूलाई सूचीबद्ध गर्नुहोस्।

७. फिलिप्पी २ मा ख्रीष्टले "आफैलाई विनम्र बनाउनुभयो" भनेर भन्नुको अर्थ के हो?

८. कलस्सीको झुटो शिक्षा कुन-कुन तीन वटा प्रभावहरु मिलेर निर्माण भएको छ?

९. *समन्वयवाद* लाई परिभाषित गर्नुहोस्।

१०. आजको मण्डलीसँग कैदबाट लेखिएका पत्रहरूले गर्ने सञ्चारका तीन वटा तरिकाहरूलाई सूचीबद्ध गर्नुहोस्।

११. कण्ठ गरेको एफिसी ४:११-१६ र कलस्सी ३:१-४ लेख्नुहोस्।

# पाठ ८

# थेसलोनिकी

## पाठका उद्देश्यहरू

१. १ र २ थेसलोनिकीको सम्भावित मिति र ऐतिहासिक परिवेशलाई थाहा गर्नुहोस्।

२. १ र २ थेसलोनिकीका प्रमुख विषयवस्तुहरू र उद्देश्यहरूको रूपरेखा कोर्नुहोस्।

३. अविश्वासीहरूबाट विरोधको सामना गर्दा विश्वासयोग्य रहनमा प्रोत्साहन प्राप्त गर्नुहोस्।

४. ख्रीष्टको पुनरागमनको धर्मसिद्धान्तबारे गहन बुझाइ देखाउनुहोस्।

५. आज ख्रीष्टको पुनरागमनको प्रकाशमा जिउनुहोस्।

६. आजको संसारका आवश्यकताहरूसँग यी पुस्तकहरूको सन्देशलाई सम्बन्धित गर्नुहोस्।

## यो पाठको तयारी

*१ र २ थेसलोनिकी पढ्नुहोस्।*

*१ थेसलोनिकी ४:२३-२४ कण्ठ गर्नुहोस्।*

## परिचय

थेसलोनिकीको मण्डली सतावटकै मध्य स्थापना गरिएको थियो। ती विश्वासीहरूलाई ख्रीष्टको नाउँको खातिर कष्ट-भोग्नुको अर्थ के हो भन्ने थाहा थियो। पावलले प्रचार गरेको "येशु, जसको सुसमाचार म तिमीहरूलाई सुनाउँछु, उहाँ नै ख्रीष्ट हुनुहुन्छ" भन्ने सत्य कुरामा विश्वासी गरेर तिनीहरू ख्रीष्टियान भए।[२७३] यिनीहरू आफ्ना विश्वासको खातिर कष्ट-भोग्न तयार साहसी ख्रीष्टियानहरू थिए।

२७३ प्रेरित १७:३

विरोधको कारण, पावलले थेसलोनिकीमा थोरै समय मात्र बिताउन पाए। यसैकारण, तिनीहरूलाई ख्रीष्टियान धर्मसिद्धान्तमा पूर्ण रूपमा शिक्षा दिन पावल असमर्थ भए। थेसलोनिकीबाट पावल गइसकेपछि, त्यहाँ ख्रीष्टको पुनरागमनको बिषयमा प्रश्नहरू खडा भए। सतावटको कारण ती नयाँ विश्वासीहरूसँग आफ्ना भविष्यको आशाबारे थुप्रै प्रश्नहरू थिए।

पावलले यी दुवै पत्रहरू तिनीहरूलाई विश्वासयोग्य रहनमा प्रोत्साहन दिन लेख्छन्। उनले तिनीहरूलाई येशु फेरि फर्केर आउनुहुनेछ र तिनीहरूले आज उहाँको पुनरागमनको आशामा जिउनुपर्छ भन्ने आश्वासन दिन्छन्।

# १ र २ थेसलोनिकीका पृष्ठभूमि

## ऐतिहासिक पृष्ठभूमि

थेसलोनिकीको मण्डली पावलको दोस्रो मिसनरी यात्राको समयमा स्थापना गरिएको थियो। फिलिप्पी छोडेर हिँडेपछि, पावल अम्फिपोलिस र अपोल्लोनिया हुँदै करिब १६० किलोमिटर टाढा पर्ने थेसलोनिकीमा गए।

पावलले तीन वटा शबाथसम्म थेसलोनिकीको सभाघरमा सिकाए। केही यहूदीहरू र थुप्रै ईश्वरभक्त ग्रीकहरू विश्वासी भए।[२७४] यसको प्रतिकार गर्न अविश्वासी यहूदीहरूको एउटा समूहले दङ्गा मच्चाउन थाले, अनि पावल र सिलास बसिरहेको यासोनको घरमा आक्रमण गरे।

खतराको कारण, पावल र सिलास राति नै त्यो सहर छोडेर गए र थेसलोनिकीबाट ८० किलोमिटर टाढा पर्ने बेरियामा गए। जब थेसलोनिकीका यहूदीहरूले पावल बेरियामा छन् भन्ने सुने, तिनीहरूले उनलाई त्यहाँ पनि पछ्याए र त्यहाँ समस्या खडा गरे। त्यो विरोध स्पष्ट तवरले पावलमा केन्द्रित थियो, किनभने उनले सिलास र तिमोथीलाई बेरियामै छोडेर उनी चाहिँ एथेन्समा गएका थिए।

एथेन्सबाट पावल पश्चिमतिर कोरिन्थमा गए, जहाँ उनले अठार महिना सेवाकाइ गरे। कोरिन्थीमा सिलास र तिमोथीले पावललाई भेट र उनलाई थेसलनिकीको नयाँ मण्डलीको खबर सुनाए।

पावलले सिलास र तिमोथीको खबरको प्रतिक्रिया दिँदै १ थेसलोनिकीको पत्र लेखे। सायद उनले यो पत्र दिएर तिमोथीलाई थेसलोनिकीमा पठाए। त्यसको केही महिनापछि, अरू खबरहरूका प्रतिक्रिया दिँदै उनले २ थेसलोनिकीको पत्र लेखे। यी दुई पत्रहरूको मिति इ.स. ५०-५१ मा पावलको कोरिन्थीको बसाइतिरको हो। यी पत्रहरू गलातीपछिका प्रारम्भिक पत्रहरूमध्येका हुन्।

---

२७४ प्रेरितको पुस्तकको "ईश्वरभक्त ग्रीक" वाक्यांशले पूर्णत: यहूदी-धर्ममा परिवर्तन नभएका यहोवाको आराधना गर्न सभाघरमा जाने अन्यजातिहरूलाई बुझाउँछ।

| पावल र थेसलोनिकीको मण्डली | |
|---|---|
| लगभग इ.सं. ५० | **थेसलोनिकीमा पावल, सिलास र तिमोथीले सुसमाचार प्रचार गर्छन् (प्रेरित १७:१-४)** |
| | केही सातापछि, तिनीहरू बेरियामा भागेर जान्छन् (प्रेरित १७:५-१०) |
| | पावलले सिलास र तिमोथीलाई बेरियामै छोडर आफू चाहिँ एथेन्समा जान्छन् (प्रेरित १७:१४-१५) |
| | एथेन्समा पावलसँग सिलास र तिमाथी सहभागी हुन्छन् (प्रेरित १८:१६) |
| | **पावलले तिमोथीलाई थसेलोनिकीलाई भेट्न पठाउँछन् (१ थेसलोनिकी ३:१)** |
| | पावलले एथेन्स छोड्छन् र कोरिन्थमा जान्छन् (प्रेरित १८:१) |
| | **थेसलोनिकीको खबरका साथ सिलास र तिमोथीले पावललाई कोरिन्थीमा भेट्छन् (प्रेरित १८:५; १ थेसलोनिकी ३:६)** |
| लगभग इ.सं. ५०-५१ | **तिमोथीको खबरको प्रतिक्रिया दिँदै पावलले *१ थेसलोनिकी* लेख्छन् ।** |
| | **थप प्रश्नहरूको उत्तर दिन पावलले *२ थेसलोनिकी* लेख्छन् (२ थेसलोनिकी २:१५)** |

# १ थेसलोनिकी: ख्रीष्ट फेरि फर्कनु हुनेछ

## उद्देश्य

तिमोथी कोरिन्थमा आउँद थेसलोनिकीको मण्डलीबारे उनको खबर सकरात्मक थियो; त्यहाँका नयाँ विश्वासीहरू सुसमाचारप्रति विश्वासयोग्य थिए । पावलले तिनीहरूलाई विश्वासमा प्रोत्साहन दिन र त्यस मण्डलीमा उठेको प्रश्नलाई सम्बोधन गर्न लेखे । त्यस मण्डलीका केही सदस्यहरूको मृत्यु भएकोले प्रभुको पुनरागमनबारे प्रश्नहरू खडा भए । केही ख्रीष्टियानहरू ख्रीष्टको पुनरागमनको प्रतिज्ञालाई ती मृतकहरूले गुमाए कि भनेर डराउँछन् । सतावट खेप्ने ख्रीष्टियानहरूका लागि, आफ्नो विश्वासयोग्यता खेर गएछ भन्ने लाग्नु दु:खद कुरा हो । पावलले थेसलोनिकीहरूलाई विरोधको मध्य पनि विश्वासयोग्य रहनलाई प्रोत्साहन दिन र विश्वासमा मर्नेहरू र उहाँको आगमनसम्म जीवित हुनेहरू दुवैका लागि ख्रीष्ट फर्कनुहुन्छ भन्ने कुराको निश्चयता दिन लेख्छन् ।

## विषयवस्तु

» दोस्रो आगमनको विचारले डर वा आशा के ल्याउँछ? दोस्रो आगमनको धर्मसिद्धान्तले कसरी तपाईंको दैनिक जीवनमा असर पार्छ?

थेसलोनिकीमा पावलको सेवाकाइ लगत्तै लेखिएको यो पत्र एकदम व्यक्तिगत छ । पावलले कुनै व्यक्तिको नाउँ नलिए पनि, उनले थेसलोनिकीको आफ्नो सेवाकाइबारे विस्तृत जानकारी दिन्छन् । उनी ती विश्वासीहरूलाई लेख्दैछन् जो उनको सेवाकाइको समयमा विश्वासी भएका थिए; उनको पत्रले विश्वासमा उनको सन्तानप्रति प्रगाढ प्रेमलाई देखाउँछ ।

## विरोधको सामुन्ने प्रोत्साहन

थेसलोनिकीमा प्रचार गर्दा पावलले सतावटको अपेक्षा गर्न त्यस मण्डलीलाई चेताउनी दिए।[२७५] अहिले, पावलले त्यही सतावटको मध्य तिनीहरूलाई प्रोत्साहन दिन लेख्छन्। उनका सन्देशमा यी कुराहरू छन्:

- **पावलका प्रार्थनाहरूको निश्चयता** (१ थेसलोनिकी १:२; १ थेसलोनिकी ३:१७– १ थेसलोनिकी ४:५) उनले तिनीहरूलाई बिर्सेका छैनन् भन्ने कुरा तिनीहरूले थाहा गरून् भन्ने उनी चाहन्छन्। तिनीहरूले विरोधको सामना गर्दा उनले तिनीहरूका लागि प्रार्थना गर्न जारी राख्छन्।

- **पावलको कष्ट-भोगाइको उदाहरणको सम्झना** (१ थेसलोनिकी १:४– १ थेसलोनिकी २:१२) पावलले थेसलोनिकीहरूलाई परिवर्तन गर्नमा दृढ आफ्नो तत्परताको फलतिर औंल्याउँछन्। थेसलोनिकीको उनको सेवाकाइले उनका विरोधीहरूबाट सतावट भोग्नु र आफ्नो खाँचो पूरा गर्न काम गर्नु जस्ता व्यक्तिगत मूल्य चुकाउनु पर्यो।[२७६] तथापि, यस मूल्यको तुलनामा इनाम अतुलनीय छ। यी नयाँ विश्वासीहरू उनका गर्व र आनन्द हुन्।[२७७] यसले तिनीहरूका कष्ट-भोगाइले परमेश्वरबाट इनाम ल्याउनेछ भनेर थेसलोनिकीका ख्रीष्टियानलाई हौसला दिएको हुनुपर्छ।

- **तिनीहरूका विश्वासनीयताको निम्ति धन्यवाद ज्ञापन** (१ थेसलोनिकी १:६-१०; १थेलसलोनिकी ३:६-१०) पावल आफूले पाएको खबरले उत्साहित छन्, जसले गर्दा, उनले थेसलोनिकीहरूलाई पनि उत्साह दिन्छन्। तिनीहरूका विश्वास र कष्ट-भोगाइमा तिनी विश्वासनीयता "माकेडोनिया र अखैयाका सबै विश्वासीहरूका निम्ति" एउटा गवाही भएको छ।[२७८]

## ख्रीष्टको पुनरागमन

पावलले आफ्नो शिक्षा सिकाइसक्नु अघि नै थेसलोनिकी छोड्न बाध्य भएका थिए। यसले गर्दा, नयाँ विश्वासीहरूलाई विश्वासीहरूका मृत्युबारे पूर्ण रूपमा शिक्षा दिइएको थिएन। पावलले ख्रीष्टको पुनरागमन र अन्तिम समयबारे थप शिक्षा दिन लेखे (१ थेसलोनिकी ४:१३– १थेसलोनिकी ५:११)।

ख्रीष्टको पुनरागमनको प्रतिज्ञा थेसलोनिकीहरूका लागि प्रोत्साहनको विषय हो, तर अहिले तिनीहरूले एउटा बुझ्न गाह्रो समस्याको समाना गर्दैछन्। तिनीहरूका केही सदस्यहरू यस प्रतिज्ञा पूरा भएको देख्नु अगावै मरेका छन्। पावलले ती सुतिगएकाहरूले पनि प्रभुको पुनरागमन देख्नेछन् भन्ने भरोसा दिलाउँछन्।

आशा रहित भएर दु:खित हुनुको साट्टा, ख्रीष्टियानहरूले प्रभु तुरहीको आवाज सहित स्वर्गबाट तल ओर्लेर आउनुहुनेछ र ख्रीष्टमा मरेकाहरू पहिला जिई उठ्नेछन् भन्ने याद राख्नुपर्छ। हामी जो जीवित र बाँचेकाहरू छौं, ती मरिगएकाहरूलाई हावामा भेट्नेछौं र एकसाथ सधैंको लागि प्रभुसँग हुनेछौं।[२७९]

थेसलोनिकीहरू ख्रीष्टको पुनरागमनको समय र काल सम्बन्धी विस्तृत जानकारी चाहेका भए तापनि, पावलले तिनीहरूलाई यस विषयमा लेख्न उनलाई आवश्यक छैन भनेर विश्वास्त पारे। बरु, ख्रीष्टमाथिको तिनीहरूका विश्वासको कारण तिनीहरूले आत्मविश्वासका साथ भविष्यको सामना गर्नुपर्छ।

---

२७५ १ थेसलोनिकी ३:३-४

२७६ प्रेरित १७; १ थेसलोनिकी २:२, ९, १६

२७७ १ थेसलोनिकी २:२०

२७८ १ थेसलोनिकी १:७

२७९ १ थेसलोनिकी ४:१६-१७

जब प्रभुको दिन रातमा आउने चोर जसरी आउँछ, तब अँध्यारोका सन्तानहरूमाथि विनाश आउनेछ। तर ज्योतिका सन्तानका लागि, प्रभुको दिन चाहिँ हाम्रा प्रभु येशु ख्रीष्टद्वारा पाइने उद्धारको दिन हुनेछ।[२८०] विश्वासीहरूका लागि, येशुको पुनरागमन डरको सन्देश नभई, प्रोत्साहनको सन्देश हो।

## ख्रीष्टको पुनरागमनको प्रकाश आजको समयमा जिउनु

पावलको शिक्षा सधैं व्यावहारिक प्रयोगमा लक्षित छ। यसले युगान्तशास्त्रबारे पावलको शिक्षामा डोर्याउँछ।[२८१] पावलको रूचि ख्रीष्टको पुनरागमनको मितिबारे बेकारका अनुमानहरूमा छैन।

जीवित र मृतक दुवैका लागि ख्रीष्ट फर्कनुहुन्छ भनेर देखाइसकेपछि, पावलले आज ख्रीष्टको पुनरागमनको तयारीमा जिउनुको महत्त्वबारे बताउँछन् (१ थेसलोनिकी ४:१-१२ र १ थेसलोनिकी ५:१-२४) पावलले आफ्ना पाठकहरूलाई अँध्यारो सन्तान नभई, ज्योतिका सन्तान जसरी जिउन आह्वान गर्छन्। उनले भोलिको ख्रीष्टको पुनरागमनको लागि आज हामीलाई तयारी गर्न विशेष निर्देशनहरू दिन्छन्:

- परमेश्वरलाई प्रसन्न पार्ने किसिमले होसियारी साथ निरन्तर हिँड्नुहोस् (१ थेसलोनिकी ४:१-२)
- यौन शुद्धताको जीवन जिउनुहोस् (१ थेसलोनिकी ४:३-८)
- भातृत्व प्रेममा निरन्तर बढ्नुहोस् (१ थेसलोनिकी ४:९-१०)
- आफ्नै धन्धाको आफै फिक्री गर्नुहोस् (१ थसलोनिकी ४:११)
- अविश्वासीहरूका नजरमा लज्जित हुनबाट बच्न आफ्नो निम्ति आफै काम गर्नुहोस् (१ थेसलोनिकी ४:११-१२)
- होसियार र संयमी हुनुहोस् (१ थेसलोनिकी ५:६-८)
- प्रभुको पुनरागमनको विषयमा एकअर्कालाई प्रोत्साहन दिनुहोस् र दह्रिलो पार्नुहोस् (१ थेसलोनिकी ५:९-११)
- मण्डलीमा नेतृत्वपनको उत्तरदायित्व भएकाहरूलाई आदर गर्नुहोस् (१ थेसलोनिकी ५:१२-१३)
- विश्वासीहरू बीच मेलमिलाप कायम राख्नुहोस् (१ थेसलोनिकी ५:१३)
- राम्रोसँग नजिउनेहरू: अल्छे, हरेस खाने र कमजोरलाई सच्याउनुहोस् (१ थेसलोनिकी ५:१४)
- अन्य विश्वासीहरू र आफ्ना वरिपरिको भलाई गर्नुहोस् (१ थेसलोनिकी ५:१५)
- आनन्दित भएर जिउनुहोस् (१ थेसलोनिकी ५:१६)
- निरन्तर प्रार्थना गर्ने जीवन जिउनुहोस् (१ थेसलोनिकी ५:१७)
- धन्यवाद दिँदै जिउनुहोस् (१ थेसलोनिकी ५:१८)
- पवित्र आत्मालाई ननिभाउनुहोस् (१ थेसलोनिकी ५:१९)

---

२८० १ थेसलोनिकी ५:१-५,९

२८१ *युगान्तशास्त्र* ले अन्तिम समयको धर्मसिद्धान्त वा अध्ययनलाई जनाउँछ।

- प्रभु येशुको नाउँमा बोलिएका कुराहरूलाई इन्कार नगर्नुहोस्। बरु, सबै शिक्षाहरूलाई जाँच्नुहोस् र त्यसपछि ठीक शिक्षामा कायम रहिरहनुहोस्। (१ थेसलोनिकी ५:२०-२१)
- हर किसिमका दुष्टताबाट टाढै बस्नुहोस् (१ थेसलोनिकी ५:२२)

पावलले निर्देशनहरू दिने बाहेक घनिष्ठ सम्बन्ध भएको महसुस गरेका ती विश्वासीहरूका लागि प्रार्थना गर्ने काम पनि गर्छन्। १ थेसलोनिकीका दुई वटा प्रार्थनाहरू ख्रीष्टको पुनरागमनको प्रकाममा तिनीहरू होसियार भएर जिउन भन्ने उनको चासोसँग सम्बन्धित छन्। १ थेसलोनिकी ३:११-१३ मा ती विश्वासीहरू येशुको आगमनको तयारीमा प्रेम र पवित्रतामा वृद्धि होऊन् भनी पावल प्रार्थना गर्छन्।

त्यसपछि १ थेसलोनिकी ५:२३-२४ मा, पावलले यी विश्वासीहरूलाई आफूसँग मिलाप गराउनुहुने परमेश्वरले (शान्तिको परमेश्वर) तिमीहरूलाई सम्पूर्ण तवरले (वा पूर्ण रूपले) चोखो पार्नुहुनेछ भनी प्रार्थना गर्छन्। यसले यो सुनिश्चित गर्दछ कि तिनीहरूको सम्पूर्ण अस्तित्व (आत्मा र प्राण र शरीर) हाम्रा प्रभु येशु ख्रीष्टको आगमनको लागि तयार हुनेछ। अन्तिम प्रोत्साहनमा, पावलले आफ्ना पाठकहरूलाई आश्वासन दिन्छन् कि यो पवित्रता हाम्रो आफ्नै शक्तिद्वारा होइन, परमेश्वरको कामद्वारा हुन्छ। जसले हामीलाई पवित्रतामा बोलाउनुहुन्छ, उहाँले नै हामीलाई पवित्र बनाउनुहुन्छ।

## २ थेसलोनिकी: ख्रीष्टको पुनरागमनको बारेमा गलत बुझाइहरू

### विषयवस्तु र उद्देश्य

थेसलोनिकीहरूलाई पहिलो पत्र पठाएको केही समयपछि, पावलले दोस्रो आगमनको बारेमा थप प्रश्नहरू सिके। २ थेसलोनिकीहरूमा, पावलले यी प्रश्नहरूको जवाफ दिन्छन् र फेरि थेसलोनिकीहरूलाई ख्रीष्टको पुनरागमनको लागि तयारीमा विश्वासयोग्य हुन प्रोत्साहन दिन्छन्। २ थेसलोनिकीको पत्रले १ थेसलोनिकीमा पावल दिएको शिक्षालाई थप स्पष्ट पार्छ। पावलले प्रभुको पुनरागमनको बारेमा रहेको भ्रम र विश्वासीहरू बीचको भइरहेको गलत व्यवहारलाई सम्बोधन गर्दछन्।

| १ थेसलोनिकी | २ थेसलोनिकी |
|---|---|
| ख्रीष्ट फर्कनुहुनेछ। | ख्रीष्ट अझै फर्कनुभएको छैन। |

#### प्रभुको दिनलाई बुझ्नु (२ थेसलोनिकी १-२)

१ थेसलोनिकीमा, पावलले विश्वासीहरूको मृत्युमा हामी निराश हुनुपर्दैन भनेर सिकाउनुभयो। ख्रीष्ट बाँचिरहेकाहरू र मरेकाहरू दुवैको लागि फर्कनुहुनेछ। छोटो अभिवादन र उनीहरूको बढ्दो विश्वास र प्रेमको लागि धन्यवादको अभिव्यक्ति पछि, २ थेसलोनिकीको पत्रले ख्रीष्टको पुनरागमनको बारेमा थप निर्देशन दिन्छन्। दोस्रो आगमनले न्यायको समय र अनन्त विनाशको नेतृत्व गर्नेछ भनी पावलले लेख्छन्। यद्यपि, विश्वासीहरूले डराउनु पर्दैन; न्यायको दिन पनि त्यो दिन हुनेछ जहाँ ख्रीष्ट "उहाँका सन्तहरूमा महिमित हुनुहुनेछ।"[२८२]

---

२८२ २ थेसलोनिकी १:९-१०

१ थेसलोनिकीमा, पावलले गलत धारणालाई जवाफ दिन्छन् कि मृत्यु भएका विश्वासीहरूले प्रभुको पुनरागमनलाई गुमाए। २ थेसलोनिकीमा, उनले प्रभु पहिले नै फर्किनुभएको छ भन्ने गलत धारणालाई जवाफ दिन्छन् । १ थेसलोनिकीमा, पावलले ख्रीष्ट फर्कनुहुनेछ भनी सिकाउँछन्; २ थेसलोनिकीमा, पावलले ख्रीष्ट अझै फर्कनुभएको छैन भनी सिकाउँछन् ।

कोही कोहीले झूटो दाबी गरे कि प्रभुको दिन आइसकेको छ । पावललाई यस विवरणको स्रोत थाहा छैन: कसैले भविष्यवाणीको वरदानको दाबी गरे ("आत्मा"), प्रचार गरिएको वचन भने, वा पावल नै यस्तो कुरा लेख्ने लेखक हुन् भनेर नक्कली पत्र निकाले ।[२८३] स्रोत जे भए पनि, पावलले आफ्ना पाठकहरूलाई आश्वासन दिन्छन् कि दिन आएको छैन । प्रभुको दिन अघि दुईवटा घटनाहरू हुनुपर्दछ: एक झर्नु र पापको मानिसको प्रकटीकरण ।[२८४] यी घटनाहरू अहिलेसम्म भएका छैनन् । पावलले उनीहरूलाई आश्वासन दिन्छने कि ख्रीष्टको पुनरागमन अझै भविष्यमा छ, र उनले आश्चर्य व्यक्त गर्छन् कि उनीहरूले यस विषयमा उनको पहिलेको शिक्षालाई बिर्सेका छन् ।[२८५]

**"जोन वेस्लीलाई सोधिएको थियो "यदि प्रभु भोलिपल्ट आउनुहुने कुरा उनलाई थाहा भयो भने उनले के गर्लान्।" उसले भन्यो, 'आज राती म ओछ्यानमा जान्छु र सुत्छु। बिहान, म उठेर आफ्नो काममा लाग्ने थिएँ, किनकि म चाहन्छु कि उहाँले मलाई नियुक्त गर्नुभएको काम गररिहेको बेला भेट्टाउनुभएकोहोस्।'"**

**जी. क्याम्पबेल मोर्गनद्वारा उद्धृत**

### प्रभुको दिनको लागि तयारीमा बाँच्नु (२ थेसलोनिकी ३)

१ थेसलोनिकीमा जस्तै, २ थेसलोनिकीमा पावलको मुख्य चासो भनेको ख्रीष्टको भविष्यको पुनरागमनको प्रकाशमा ख्रीष्टियनहरू आज कसरी बाँच्छन् भन्ने हो । १ थेसलोनिकीमा, पावलले सिकाए, "ख्रीष्ट आउँदै हुनुहुन्छ, यसरी जिउनुहोस्... ।" २ थेसलोनिकीमा, पावलले सिकाउँछन्, "ख्रीष्ट आइसक्नु भएको छैन, यसरी जीउँदै गर... ।"

जब हामी ख्रीष्टको पुनरागमनको लागि पर्खिरहेका छौं, हामी यस्तो हुनुपर्छ:

- हामीलाई सिकाइएको कुरामा दृढ रहनुहोस् (२ थेसलोनिकी २:१५)
- आलस्यपनबाट बच्नुहोस् (२ थेसलोनिकी ३:६-१२)
- अरूको मामिलामा हस्तक्षेप नगर्नुहोस् (२ थेसलोनिकी ३:११-१२)[२८६]
- अरूको भलाइ गरिरहनुहोस् (२ थेसलोनिकी ३:१३)
- पावलका निर्देशनहरू पालन गर्न हठी भई अस्वीकार गर्नेहरूलाई चेताउनी दिनुहोस् (२ थेसलोनिकी ३:१४-१५)

---

२८३ २ थेसलोनिकी २:२

२८४ २ थेसलोनिकी २:३-४

२८५ २ थेसलोनिकी २:५

२८६ २ थेस्सलोनिकी ३:६-१२ ले दुई सम्बन्धित समस्याहरूसँग व्यवहार गर्छ । काममा व्यस्त नभएकाहरू अन्य विश्वासीहरूको मामिलामा हस्तक्षेप गर्न व्यस्त थिए । पावलले तिनीहरूलाई आफ्नो काम गर्न र अरूको मामिलाबाट टाढा रहन भन्छन् । यदि तिनीहरूले पहिलो निर्देशन पालना गरे भने, तिनीहरूसँग अरूको मामिलामा दखल दिने समय हुनेछैन ।

## आजको मण्डलीमा १ र २ थेसलोनिकी

युगान्तशास्त्र र येशुको पुनरागमनको विषयमा आज ठूलो चासो रहेको छ। भविष्यसूचक शिक्षकहरूले प्रभुको पुनरागमनको समयलाई अनुमान गर्ने प्रयास गर्छन्। तथाकथित "बाइबल संकेतहरू" मा भएका पुस्तकहरूले धर्मशास्त्रमा रहेका गोप्य सत्यहरूलाई उजागर गर्ने प्रयास गर्छन्। येशुको पुनरागमन पछि के हुनेछ भन्ने कल्पनामा आधारित ख्रीष्टियन लेखकहरूले लोकप्रिय उपन्यासहरू प्रकाशित गर्छन्।

१ र २ थेसलोनिकीहरूले धेरै फरक महत्त्व देखाउँछन्। यी पत्रहरूले देखाउँछन् कि हामीले उहाँको पुनरागमनको लुकेका विवरणहरू खोल्ने भन्दा पनि ख्रीष्टको पुनरागमन नहुँदासम्म विश्वासी भई जिउने बारे बढी चिन्तित हुनुपर्छ। पावलले समय र ऋतुहरूबारे छलफल गर्न कुनै समय खर्च गर्दैनन्। बरु, उनले भन्छन्, "ख्रीष्ट फर्कनुहुनेछ। उहाँ फर्केर आउँदा आफूलाई भेट्न चाहेको बाटोमा बाँच्ने कुरामा सुनिश्चित गर्नुहोस्।" प्रभुको पुनरागमनको सन्दर्भमा हाम्रो प्रचारको लागि यो नमुना हुनुपर्छ।

## निष्कर्ष

१९९८ मा, ताइवानको एउटा पंथले येशु मार्च ३१ मा फर्कनुहुनेछ भनी भविष्यवाणी गरेको थियो। केही ख्रीष्टियनहरूले आफ्नो घरबार बेचे र आफ्नो जागिर छोडे। ख्रीष्टको पुनरागमनको प्रतीक्षा गर्न तिनीहरू पहाडमा भेला भए। ताइवानका खबरपत्रिकाहरूले यस समूहको बारेमा विवरणहरू प्रकाशित गरे र उनीहरूको शिक्षालाई लोकप्रिय बनाए। जब येशु अपेक्षित समयमा फर्कनुभएन, मण्डलीहरूलाई तिनीहरूका अविश्वासी छिमेकीहरूले गिल्ला गरे।

येशुको पुनरागमनको झुटा भविष्यवाणीहरूले मण्डलीलाई लाजमर्दो बनाएको यो पहिलो पटक होइन। अमेरिकामा, १९८८ मा येशुको पुनरागमनको भविष्यवाणी गर्ने पुस्तकको लगभग ५ मिलियन प्रतिहरू बिक्री भए। केही धार्मिक रेडियो र टेलिभिजन स्टेशनहरूले उठाइलगिने घटनाको (र्‍याप्चर) तयारीको लागि विशेष निर्देशनहरू प्रसारण गर्छन्।

हालसालै, ह्यारोल्ड क्याम्पिङले २०११ मा उठाइलगिने घटनाको भविष्यवाणी गरे। भविष्यवाणी गलत साबित भयो। फेरि, अविश्वासीहरूले यो भविष्यवाणीलाई विश्वास गरेकोमा ख्रीष्टिहरूलाई गिल्ला गरे।

मानिसहरूले बारम्बार उठाइलगिने घटनाको भविष्यवाणी गर्छन् - र बारम्बार भविष्यवाणीहरू गलत साबित हुन्छन्। येशु आफैले उहाँको पुनरागमनको मिति निर्धारण गर्ने प्रयास नगर्न चेतावनी दिनुभयो।[२८७] येशुको पुनरागमनको मितिको भविष्यवाणी गर्ने प्रयास गर्नुको सट्टा, हामी हाम्रो मालिकको काममा व्यस्त हुनुपर्छ। थिस्सलोनिकाका विश्वासीहरूले जस्तै, हामीले आफूलाई कुनै पनि समयमा येशुको पुनरागमनको लागि तयार पार्ने तरिकामा जीवन बिताउन समर्पित गर्नुपर्छ।

---

२८७ मत्ती २४:३६

## पाठ ८ को गर्नुपर्ने कार्यहरू

निम्न लिखित गर्नुपर्ने कार्यहरूसँगै यस पाठप्रति तपाईंको बुझाइलाई प्रस्तुत गर्नुहोस्:

१. निम्न लिखित गर्नुपर्ने कार्यहरूमध्ये **एक**लाई छान्नुहोस्:

- १ र २ थेसलोनिकीहरू पढिसकेपछि, "ख्रीष्टको पुनरागमनको प्रकाशमा आज जीउँनु" मा एक पृष्ठको निबन्ध लेख्नुहोस्। यो एक व्यावहारिक निबन्ध हुनुपर्छ जसले ख्रीष्टको पुनरागमनले आज हाम्रो जीवनलाई कसरी असर गर्छ भनेर देखाउँछ।
- १ र २ थिस्सलोनिकीहरूमा आधारित दोस्रो आगमनको विषयमा उपदेश वा बाइबल पाठ तयार गर्नुहोस्। यो ५-६ पृष्ठको आलेख वा रेकर्ड गरिएको प्रवचन वा बाइबल पाठ जे पनि हुन सक्छ।

२. अर्को पाठको सुरुमा, यस पाठको आधारमा जाँच लिनुहोस्। तयारी गर्दा जाँचमा सोधिने प्रश्नहरूलाई राम्रोसँग अध्ययन गर्नुहोस्।

# पाठ ८ जाँच

१. थिस्सलोनिकामा मण्डली स्थापना हुँदाखेरीको परिस्थितिलाई वर्णन गर्नुहोस् ।

२. विरोधको सामना गर्दा थिस्सलोनिकाको मण्डलीलाई प्रोत्साहन गर्न पावलले दिएका तीन तरिकाहरूलाई सूचीबद्ध गर्नुहोस् ।

३. पावलले थिस्सलोनिकीहरूलाई ख्रीष्टको पुनरागमनको समय र ऋतुहरूको बारेमा के बताउँछन्?

४. पावलले यी ख्रीष्टियनहरूलाई पवित्रीकरणको बारेमा विशेष प्रोत्साहन दिन्छन् । उनले तिनीहरूलाई के भन्छन्?

५. यदि १ थेसलोनिकीको प्राथमिक सन्देश "ख्रीष्ट आउँनुहुनेछ" हो भने, २ थेसलोनिकीको प्राथमिक सन्देश के हो?

६. यदि हामी पावलको उदाहरणलाई पछ्याउँछौं भने, दोस्रो आगमनको बारेमा प्रचार गर्दा हाम्रो मुख्य जोड के हुनेछ?

७. कण्ठगरेकोबाट १ थेसलोनिकी ४:२३-२४ लेख्नुहोस् ।

# पाठ ९

# तिमोथी र तीतस

## पाठका उद्देश्यहरू

१. पास्टरीय पत्रहरूको सम्भावित मिति र ऐतिहासिक स्थितिलाई जान्नुहोस् ।

२. पास्टरीय पत्रहरूको प्राथमिक विषयवस्तु र उद्देश्यहरूको रूपरेखा बनाउनुहोस् ।

३. मण्डलीका अगुवाहरूका लागि बाइबलीय योग्यताहरू विकास गर्नुहोस् ।

४. सैद्धान्तिक निर्देशन, मण्डली संगठन, र आत्मिक नेतृत्व जस्ता क्षेत्रहरूमा पास्टरको जिम्मेवारीहरूको लागि बढेको सम्मानलाई प्राप्त गर्नुहोस् ।

५. परमेश्वरको बोलावटमा जीवनभरको इमानदारीताको लागि चुनौती लिनुहोस् ।

६. पास्टरीय पत्रहरूबाट ख्रीष्टियन सेवकाइको लागि व्यावहारिक सिद्धान्तहरूलाई संक्षेप गर्नुहोस् ।

७. यी पुस्तकहरूको सन्देशलाई आजको संसारको आवश्यकतासँग जोड्नुहोस् ।

## यो पाठको तयारी

*एक जवान पास्टरप्रति सरोकारको केही मुद्दाहरूलाई सूचीबद्ध गर्नुहोस् । त्यसोभए, १ तिमोथी र तीतसमा तपाइँका कुन मुद्दाहरूलाई सम्बोधन गरिएको छ पत्ता लगाउनुहोस् । १ र २ तिमोथी र तीतसलाई पढ्नुहोस् ।*

*२ तिमोथी ४:७-८ र तीतस २:११-१४ कण्ठ गर्नुहोस् ।*

## परिचय

तीतस र तिमोथीलाई पास्टरीय पत्रहरू, वा पास्टोरल चिठ्ठीहरू भनेर चिनिन्छ । २ तिमोथी र तीतस सम्भवतः इ.स. ६४ र ६५ को बीचमा लेखिएको थियो । २ तिमोथी पावलको अन्तिम पत्र हो, र यो इ.स. ६६ वा ६७ मा उनी शहीद हुनु भन्दा पहिले लेखिएको थियो ।

यी पत्रहरू पावलबाट तालिम लिएका जवान मानिसहरूलाई लेखिएका थिए । तिनीहरू अब पास्टरहरू भएका थिए जसले मण्डलीहरूको नेतृत्व गरिरहेका थिए । पावलले तिनीहरूका मण्डलीहरूमा उत्पन्न भएका समस्याहरूलाई सम्बोधन गर्न लेख्छन् ।

मण्डलीहरूलाई लेखिएका पत्रहरूको विपरीत, यी व्यक्तिगत पत्रहरू हुन् । ती पत्रहरू पहिलो नियुक्तिमा चुनौतीहरूको सामना गर्ने विद्यार्थीहरूलाई सम्माननिय गुरुबाट दिइएका हुन् । यस पृष्ठभूमिको कारण, यी पुस्तकहरू मण्डलीको नेतृत्व गर्न बाइबलीय सल्लाह खोज्ने नयाँ पास्टरहरूका लागि मूल्यवान स्रोतहरू हुन् ।[२८८]

# १ तिमोथी

## उद्देश्य

जेलबाट छुटकारा पाए पछि आफ्नो यात्रामा, पावलले तिमोथीलाई एफिससको मण्डलीमा पास्टरीय सेवा गर्न त्यहीँ छोडे र पावलले म्यासेडोनियाको लागि आफ्नो यात्रालाई जारी राखे ।[२८९] यो सानो मण्डली पाँच देखि आठ वर्ष पहिले पावलद्वारा सुरु गरिएको थियो । पावलले यो पत्र झुटा शिक्षकहरूको सम्बन्धमा निर्देशन दिन, जवान तिमोथीलाई पास्टरको रूपमा आफ्नो पदमा प्रोत्साहित गर्न र मण्डली नीति र मण्डली अगुवाहरूको नियुक्तिसम्बन्धी विशेष निर्देशन दिनको लागि लेख्छन् ।

## विषयवस्तु

### मण्डलीमा झुटा शिक्षकहरू

यस पत्रमा पावलको पहिलो चिन्ता भनेको तिमोथीलाई एफिससको मण्डलीलाई समस्यामा पार्ने झुटा शिक्षकहरूसँग व्यवहार गर्न मद्दत गर्नु हो । यस शिक्षाको विवरणलाई सम्बोधन गर्नुको सट्टा, पावलले शिक्षाको प्रभावहरूबारे चेतावनी दिन्छन् । झूटो शिक्षाले तर्कपूर्ण प्रश्न र छलफलको परिणाम ल्यायो ।[२९०] यी शिक्षकहरू शिक्षकको रूपमा देखिन चाहन्छन्, तर उनीहरूले सिकाउने कुराहरू बुझ्दैनन् ।[२९१] खाली तर्क र अनुमानको सट्टा, परमेश्वरले उहाँको मण्डलीले एक अर्कालाई शुद्ध हृदय, असल विवेक र निष्कपट विश्वासबाट आउने प्रेममा निर्माण गरोस् भन्ने चाहनुहुन्छ ।[२९२]

यो झुटा शिक्षकहरूको सन्देशको अंश कानूनको दुरुपयोगसँग सम्बन्धित देखिन्छ । पावलले व्यवस्थाको मूल्य पुष्टि गर्दछन् यदि एक व्यक्तिले यसलाई विधिपूर्वक प्रयोग गर्छ र व्यवस्थामा सिकाइएका सिद्धान्तहरूको अनाज्ञाकारिताको कारणले पापहरू देखाउँछ भने ।[२९३] जबकि गलातीहरूले देखाउँछन् कि ईसाईहरू अनुग्रहद्वारा धर्मी ठहरीन्छन्, व्यवस्थाद्वारा होइन; १ तिमोथीले परमेश्वरलाई अप्रसन्न पार्ने आचरण विरुद्ध चेतावनी दिन व्यवस्थाले महत्त्वपूर्ण भूमिका खेल्छ भनी देखाउँछ ।

पावलले यी झुटा शिक्षकहरूलाई तीनवटा जवाफहरू दिन्छन्:

---

२८८ चित्र: पावल जे. बक्रेलको "तीतसको नक्सा,"
https://www.foundationsforfreedom.net/References/NT/Pauline/Titus/index.html बाट लिइएको

२८९ १ तिमोथी १:३

२९० १ तिमोथी १:४, ६

२९१ १ तिमोथी १:७

२९२ १ तिमोथी १:५

२९३ १ तिमोथी १:८-१०

- **तिमोथीलाई प्रोत्साहन**। पावलले ख्रीष्टको शत्रु भएको तर कृपा पाएको व्यक्तिको रूपमा आफ्नो गवाही दिन्छन्। यसकारणले गर्दा, तिमोथीले जीवन परिवर्तन गर्न ख्रीष्टको शक्तिमा विश्वासका साथ "राम्रो युद्ध" छेड्न सक्छन्।[२९४]

- **सत्य शिक्षामा जोड**। पावलले झूटो सिद्धान्तलाई सत्य शिक्षाको साथ जवाफ दिन्छन्। १ तिमोथी ४ मा, पावलले सही सिद्धान्तलाई झुटा सिद्धान्तको विषको मारकको रूपमा प्रस्तुत गरेका छन्।

- **गलत प्रेरणा विरुद्ध चेतावनी**। पत्रको अन्तमा, पावलले झुटा शिक्षकहरूको प्रेरणालाई हेर्छन्। १ तिमोथी ६ मा, पावलले चेताउनी दिन्छन् कि तिनीहरूको शिक्षा घमण्ड, भ्रष्ट दिमाग र लोभबाट आउँछ। यसको उत्तर भनेको हामीसँग भएको सन्तुष्टि हो। पैसाको मायाले कतिपयलाई विश्वासबाट पाप गर्नतर्फ डोर्याएको छ। बरु, साँचो ख्रीष्टियनहरूले धार्मिकता, भक्ति, विश्वास, प्रेम, धैर्य र नम्रताको पछि लाग्नु पर्छ।[२९५]

## मण्डलीको लागि निर्देशन

» तपाईंको मण्डलीमा अगुवाहरूको लागि योग्यताहरू के-के हुन्? एउटा सूची बनाउनुहोस् र आफ्नो सूचीलाई १ तिमोथी ३ र तीतस १ सँग तुलना गर्नुहोस्।

१ तिमोथीमा धेरै जसो तिमोथीलाई पावलको सल्लाह समावेश छ। पावलले जवान तिमोथीलाई निम्न मुद्दाहरूमा निर्देशन दिन्छन्:

### संयुक्त प्रार्थना र सार्वजनिक आराधना (१ तिमोथी २)

तिमोथी जस्ता युवा पास्टरका लागि सार्वजनिक उपासनामा आराधना र व्यवहारका मुद्दाहरू महत्त्वपूर्ण थिए।

### मण्डलीका अगुवाहरूका लागि योग्यताहरू (१ तिमोथी ३)

प्रारम्भिक मण्डलीमा दुईवटा कार्यालयहरू थिए। बिशपहरूले (निरीक्षकहरू) सिकाए र प्रचार गरे; तिनीहरू बगालको हेरचाह गर्न र सदस्यहरूलाई आत्मिक हानिबाट जोगाउन जिम्मेवार थिए।[२९६] डिकनहरूसँग पनि आत्मिक जिम्मेवारीहरू थिए, तर विशेष गरी भौतिक सेवाका क्षेत्रहरूका लागि उनीहरू जिम्मेवार थिए।[२९७] दुवै कार्यालयका लागि पावलको योग्यता कर्तव्यमा भन्दा चरित्रमा बढी केन्द्रित छ। पावलको मुख्य चासो नै मण्डलीका अगुवाहरूको चरित्र थियो जसले तिनीहरूलाई परमेश्वरको मण्डलीको नेतृत्व गर्न योग्य बनाउँथ्यो।

### मण्डलीभित्र विशेष समूहहरूका आवश्यकताहरू (१ तिमोथी ५:१–१ तिमोथी ६:२)

एक युवा पास्टरको लागि अर्को मुद्दा भनेको मण्डलीमा विभिन्न समूहहरूको आवश्यकतालाई कसरी व्यवहार गर्ने भन्ने हो। पावलले विधवाहरू, मण्डलीका एल्डरहरू र दासहरूलाई पनि मद्दत गर्न निर्देशन दिन्छन्।

---

२९४ १ तिमोथी १:१२-२०

२९५ १ तिमोथी ६:११-१२

२९६ प्रेरित २०:२८-३१

२९७ डिकनको लागि ग्रीक शब्द, *डियाकोनोस हो*, जसको अर्थ "सेवक" हुन्छ।

### निष्कर्ष

पावलले आफ्नो पत्रको अन्त्यमा तिमोथीलाई विश्वासको उत्तम लडाइँमा इमानदार हुन र व्यर्थका बकबक र झुटा ज्ञानबाट विचलित हुनुहुँदैन भनेर निर्देशन दिन्छन् ।[२९८] तिमोथीलाई सुसमाचार सुम्पिएको छ । त्यो उनको प्राथमिक चिन्ता हुनुपर्दछ - र तिमोथीको पाइला पछ्याउने हरेक पास्टरको निम्ति यो प्राथमिक चिन्ता हुनुपर्दछ ।

# तीतस

## ऐतिहासिक परिवेश

तीतस एक गैरयहूदी ख्रीष्टियन थिए, सम्भवतः पावलको सेवकाइमा उनी परिवर्तन भएका थिए ।[२९९] उनी यरूशलेमको परिषदमा पावलसँग थिए र त्यो समस्याग्रस्त मण्डलीसँग पावलको सङ्घर्षको क्रममा कोरिन्थमा पावलको प्रतिनिधित्व गरेका थिए । यो पत्रको समयमा, तीतसले क्रेटको पहाडी टापुमा सेवा गरिरहेका थिए । पावलको क्रेटको भ्रमण पछि, तीतसलाई धेरै जनसङ्ख्या भएका तटवर्ती सहरहरूमा मण्डलीहरूको निरीक्षण गर्न छोडियो ।

पत्रको अन्त्यमा, पावलले टाइटसलाई निकोपोलिसमा आफूसँग सामेल हुन आग्रह गर्छन् ।[३००] २ तिमोथी ४:१० बाट, तीतसलाई पछि निकोपोलिसबाट नजिकैको दालमातिया शहरमा पठाइएको देखिन्छ । यस समय सम्म, पावललाई गिरफ्तार गरी रोम पठाइएको थियो जहाँ उनले सहिदको मृत्यु भोगे ।

## उद्देश्य

१ तिमोथी जस्तै, तीतसको पुस्तक एक युवा पास्टरलाई स्थानीय मण्डली निर्माण गर्न मार्गदर्शनको निम्ति लेखिएको थियो । पावलले यस पत्रमा झुटा शिक्षकहरू, मण्डलीको नेतृत्व र ख्रीष्टियन व्यवहारलाई सम्बोधन गर्छन् । पत्रको केन्द्रीय विषयवस्तु भनेको ख्रीष्टियन जीवनशैलीको महत्त्वलाई उद्धार गर्ने विश्वासको रूपमा प्रदर्शनको गर्नु हो ।

## विषयवस्तु

### झुटा शिक्षकहरूको खतरा

झूटो शिक्षा सुरुको मण्डलीमा निरन्तरको खतरा थियो । पावलले तीन तरिकामा जवाफ दिन्छन्:

१. उहाँले मण्डलीमा राम्रो नेतृत्वको लागि आह्वान गर्नुहुन्छ (तीतस १:५-९) ।

२. उनी तर्क गर्छान् कि यी झुटा शिक्षकहरूको जीवनशैलीले तिनीहरूको सन्देशको त्रुटिलाई प्रमाणित गर्दछ (तीतस १:१०-१६ र तीतस ३:९-११) ।

---

२९८ १ तिमोथी ६:१२-२१

२९९ गलाती २:१-४ र तीतस १:४

३०० तीतस ३:१२

३. उनले सही जीवनको चित्र प्रदान गर्छन् (तीतस २:१-३:९)। सधैं जस्तै, पावलको दृष्टिकोण सत्यलाई जोड दिनु हो, भूल गल्तीलाई आक्रमण गर्ने मात्र होइन।

## असल कामहरूको महत्व

झुटा शिक्षकहरू तिनीहरूको शिक्षाको दुष्ट जीवनशैलीबाट चिनिन्थ्यो। क्रेटका झुटा शिक्षकहरूलाई पछ्याउनेहरू घृणित, अनाज्ञाकारी र निन्दक थिए।[३०१] त्यसैगरी, सत्य शिक्षालाई यसले प्रोत्साहित गर्ने जीवनशैलीद्वारा चिनिनु पर्छ। झूटो शिक्षा विरुद्ध चेतावनी दिएपछि, पावलले आफ्नो पत्रको धेरैजसो साँचो मसीही जीवनको चित्रमा समर्पित गर्छन्। पावलले सही सिद्धान्तले सही व्यवहारतर्फ डोऱ्याउने कुरामा जोड दिन्छन्।

पावलले तीतसलाई सही सिद्धान्तसँग मिल्ने कुरा सिकाउन चुनौती दिन्छन्।[३०२] यदि क्रेटका मण्डलीका सदस्यहरू उनीहरूले जस्तै जीवन बिताउँछन् भने, तिनीहरूको जीवन पावल र तीतसले सिकाएको सिद्धान्तसँग मेल खानेछ। पावलले वृद्ध पुरुष, वृद्ध महिला, युवती, जवान पुरुष र नोकरहरूका लागि विशेष निर्देशनहरू दिन्छन्। पावलले तीतसलाई सम्झाउँछन् कि अगुवाले असल काम र राम्रो सिद्धान्त दुवैको नमूना प्रदान गर्नुपर्छ।

**"'परमेश्वरको कृपा सबै मानिसहरूमा देखा परेको छ...' जसरी स्वतन्त्र रूपमा सूर्य हरेक मानिसमा चम्कन्छ, त्यसरी नै आत्मिक सूर्य सबैलाई प्रकट हुन्छ। दुवै अवस्थामा, जानाजानी आफ्नो आँखा बन्द गर्नेहरू मात्र अनुग्रही लाभबाट वञ्चित छन्।"**

**एडम क्लार्कबाट साभार गरिएको**
*नयाँ करारको टिप्पणी*

होशियारी जीवन शैली सुसमाचारको सत्यताको लागि बहुमूल्य गवाही हो। पावलले असल कामको लागि दुईवटा प्रेरणा दिन्छन्:

- *नकारात्मक प्रेरणा*: "परमेश्वरको वचनको निन्दा नहोस्।"[३०३]
- *एक सकारात्मक प्रेरणा*: "सबै कुरामा हाम्रा मुक्तिदाता परमेश्वरको सिद्धान्तलाई सजाउन।"[३०४]

हाम्रो जीवनशैलीले येशुको उदाहरणलाई प्रतिबिम्बित गर्नुपर्छ "जसले हामीलाई सबै अधर्मबाट मोल तिरेर उद्धार गर्नुभयो, सुकर्ममा जोशिलो भएको आफ्नै निम्ति एक विशेष जाति शुद्ध पार्नलाई आफूलाई दिइहाल्नुभयो।"[३०५] अविश्वासीहरू धार्मीक मानिसहरूको जीवनबाट सुसमाचारमा आकर्षित हुन्छन्।

तीतसको पुस्तकमा रहेको पावलको शिक्षा गलातीको पुस्तकको शिक्षाको निम्ति महत्त्वपूर्ण सहयोगी हो। गलातीको पुस्तकमा, असल कामद्वारा धर्मी ठहरिनेछ भनी विश्वास गर्नेहरूलाई पावलले चेतावनी दिन्छन्। तीतसको पुस्तकमा, धर्मी ठहरिने कुराले असल कामहरू पैदा गर्न सक्दैन भनेर सिकाउनेहरू विरुद्ध पावलले चेताउनी दिन्छन्।

---

३०१ तीतस १:१६

३०२ तीतस २:१, *इङलिस स्टयाण्डर्ड भर्सन*

३०३ तीतस २:५

३०४ तीतस २:१०

३०५ तीतस २:१४, *इङलिस स्टयाण्डर्ड भर्सन*

जब हामी विश्वासबाट अनुग्रहद्वारा साँच्चै धर्मी ठहरिन्छौं, तब हामी परिवर्तन भएको जीवन जीउँनेछौं । पावलले तीतसमा गलातीमा जस्तै स्पष्ट पारेका छन् कि हामी "हामीले गरेका धार्मिकताका कामहरूद्वारा होइन, तर उहाँको कृपाद्वारा" मुक्ति पाएका छौं ।[३०६] यद्यपि हामीले हाम्रा असल कामहरूद्वारा मुक्ति पाएका होइनौं, मुक्तिले हाम्रो जीवनको हरेक पक्षलाई परिवर्तन गर्छ । हामी धर्मी हुनु अघि, हामी "मूर्ख, अनाज्ञाकारी, छलिएका, विविध कामवासना र अभिलाशाको सेवा गर्ने ..." थियौं ।[३०७] अब हामी नयाँ बनेका छौं, हामीले "असल कामहरू कायम राख्न होसियार हुनुपर्छ ।"[३०८]

पावलले व्यक्तिगत निर्देशन सँगसँगै समापन गर्छन् । उनले क्रेटमा तीतसलाई बदल्न आर्त्तिमास वा तुखिकसलाई पठाउँदैछन् । जब यो प्रतिस्थापन कुरा आउँछ, तीतसले जिनस र अपोल्लोसलाई ल्याउने र निकोपोलिसमा पावलसँग सामेल गराउनुपर्ने थियो ।

# २ तिमोथी

## उद्देश्य

२ तिमोथी, पावलको अन्तिम पत्र, ईस्वी संवत ६५-६७ मा लेखिएको थियो जब उनी आफ्नो मृत्युदण्डको पर्खाइमा थिए । केही साथीहरूले उनलाई त्यागेका छन्, र अरूहरू नियुक्त गरिएको काममा टाढा छन्; त्यसैले उनी एक्लै छन् । तिनले तिमोथीलाई आफ्नो मद्दतको लागि अनुरोध गर्न लेख्छन् । पावललाई ठन्डी लागेको छ; त्यसैले उनले तिमोथीलाई एउटा खास्टो ल्याउन आग्रह गर्छन् । उनलाई सहयोगी चाहिन्छ; त्यसैले उनले तिमोथीलाई मार्कूस भनिने यूहन्नालाई ल्याउन आग्रह गर्छन् । उनी अन्त सम्म आफ्नो काम जारी राख्न चाहनुहुन्छन्; त्यसैले उसले आफ्ना पुस्तकहरू सोध्छन्, "विशेष गरी चर्मपत्रहरू ।"[३०९]

| पावलको दुई पटकको कैद | |
|---|---|
| **पहिलो कैद** | **दोस्रो कैद** |
| यहूदीहरूले आरोप लगाए | रोमद्वारा पक्राउ |
| पावलसँग आगन्तुकहरूलाई स्वागत गर्ने सापेक्ष स्वतन्त्रता छ | पावल एकदमै एक्लै छन् |
| भाडाको घरमा | चिसो जेलको कोठामा |
| पावलको रिहाई सँगसँगै समाप्त हुन्छ | पावलको मृत्युदण्डसँगै समाप्त हुन्छ |

३०६ तीतस ३:५
३०७ तीतस ३:३
३०८ तीतस ३:८
३०९ २ तिमोथी ४:९-१३

# विषयवस्तु

## इमानदारीपना

आफ्नो जीवनको अन्त्यमा, पावलले परमेश्वरको बोलावटप्रति आज्ञाकारितामा इमानदार भएर बिताएको जीवनलाई फर्केर हेर्छन् । तिमोथीजस्तै भविष्यमा सेवकाइमा लाग्नेहरूको पनि उनी बाटो हेर्छन् । आफ्नो जीवनको यस बिन्दुमा पावलको लागि इमानदारपना महत्त्वपूर्ण चिन्ता हो । तिनले तिमोथीलाई सेवकाइमा इमानदार भइरहन चुनौती दिन्छन् ।

अविश्वासको उदाहरणको रूपमा, पावलले एशिया प्रान्तका केहीलाई औंल्याए जसले उनलाई त्यागेका थिए, विशेष गरी फिगेलस र हर्मोजेन्स ।[310] सँगै यात्रा गर्ने सहकर्मीहरू पतन भएकोमा पावल निराश छन् । पछि, उनले डेमासलाई उल्लेख गर्छन्, अर्को पूर्व सहकर्मी जसले उनलाई त्यागेका थिए ।[311] परमेश्वरप्रतिको विश्वासले निराशामुक्त जीवन सुनिश्चित गर्दैन । सायद जहाज नष्ट हुने, कुटपिट र कैदको शारीरिक पीडा, गलातिया र कोरिन्थजस्ता समस्याग्रस्त मण्डलीहरूसँग व्यवहार गर्ने मानसिक दबाबभन्दा बढी, पावलले यस गम्भीर समयमा परित्यागको भावनात्मक चोटबाट ग्रस्त थिए ।

खुसीको कुरा, पावल विश्वासनीयताको उदाहरणहरूमा रमाउन सक्छन् । उनले ओनेसिफोरसलाई सम्झन्छन्, जो एफिसस र रोम दुवैमा सेवाको उदाहरण थिए ।[312] उनले क्रेससेन्स, तीतस र तुखिकस जस्ता सहकर्मीहरूलाई औंल्याउँछन् जसले विश्वासपूर्वक सेवा गरिरहेका छन् ।[313] परमेश्वरको अनुग्रहको अद्भुत प्रदर्शनमा, पावलले तिमोथीलाई रोममा साथ दिन मर्कूशलाई आग्रह गरे । मर्कूश भनिने यूहन्ना एक जना थिए जसले पावलको पहिलो मिसनरी यात्राको माध्यमबाट भाग छोडेका थिए र जो पावल र बर्नाबास बीचको विभाजनको कारण थिए ।[314] पन्ध्र वर्ष पछि, मर्कूशले आफ्नो निर्भरता देखाएका थिए; पावलले मार्कूसको मद्दत माग्छन् "किनकि उनी मेरो लागि सेवकाइमा लागि लाभदायक व्यक्ति थिए ।"[315]

यी व्यक्तिगत सम्झना भन्दा बढी छन्; पावल तिमोथीकोमा विश्वासयोग्यताको प्रेरणा दिन चाहन्छन् । रूपकहरूको एक श्रृंखलाको साथ, पावलले इमानदार हुनुको अर्थ के हो भनेर देखाउँदछन् ।

- एउटा सिपाही उसलाई भर्ती गर्नेको निम्ति इमानदार हुन्छ (२ तिमोथी २:३-४) ।
- एउटा खेलाडीले नियम अनुसार प्रतिस्पर्धा गर्छ (२ तिमोथी २:५) ।
- एउटा किसानले देखाउँछ कि इमानदारीताले भविष्यमा इनाम ल्याउँनेछ (२ तिमोथी २:६) ।

## झुटा शिक्षकहरू

झुटा शिक्षाको धम्की पावलको लागि वास्तविक निरन्तर चिन्ताको विषय हो । तिनले तिमोथीलाई इमानदार रहन र मूर्खतापूर्ण र अज्ञानी प्रश्नहरूबाट विचलित हुन इन्कार गर्न चुनौती दिन्छन् । यी दुष्ट मानिसहरू र बहकाउनेहरूबाट आएका हुन् जसले धोका दिइरहेका, र धोका खाएका थिए ।[316] बरु, तिमोथीले "तिमीले सिकेका र आश्वस्त भएका कुराहरूमा..." निरन्तर

---

३१० २ तिमोथी १:१५

३११ २ तिमोथी ४:१०

३१२ २ तिमोथी १:१६-१८

३१३ २ तिमोथी ४:१०-१२

३१४ प्रेरित १५:३६-३९

३१५ २ तिमोथी ४:११

३१६ २ तिमोथी २:२३, ३:१३-१४

जारी राख्नुपर्छ।[३१७] उसले वचन प्रचार गर्नुपर्छ; उसले सच्चाउनुपर्छ, हप्काउनुपर्छ र अर्ती दिनुपर्छ; उसले सबै कुरामा हेरचाह गर्नुपर्छ, दु:खहरू सहनु पर्छ, एक प्रचारकको काम गर्नुपर्छ; छोटकरीमा, उसले आफ्नो सेवकाइको पूर्ण प्रमाण दिनुपर्छ।[३१८] यहाँ, १ तिमोथी र तीतसको रूपमा, झूटो शिक्षाको जवाफ सत्यप्रति इमानदारीता हो।

### अन्तिम बिदाइ

२ तिमोथी पार्थिव जीवन र सेवाको लागि पावलको अन्तिम विदाई हो। जे होस्, पावलले आत्मविश्वासका साथ भविष्यको सामना गर्छन्; उनी इमानदारीताको लागि इनामको पर्खाइमा छन्।

वर्षौं अघि, पावलले गवाही दिएका थिए, "तर म आफ्नो जीवनलाई कुनै मोलको र आफ्नो निम्ति प्रिय ठान्दिनँ। यति मात्र चाहन्छु, कि परमेश्वरका अनुग्रहको सुसमाचारको गवाही दिनलाई मेरो दौड र प्रभु येशुबाट मिलेको मेरो सेवकाइ म पूरा गर्न सकूँ।"[३१९] अब, मृत्युको सामना गर्दै, उनले गवाही दिन्छन्, "मैले उत्तम लड़ाइँ लड़ेको छु। मैले दौड सिद्ध्याएको छु। मैले विश्वासलाई बचाइराखेको छु: अब उप्रान्त मेरो निम्ति धार्मिकताको मुकुट राखिएको छ, जो धार्मिकताका न्यायाधीश प्रभुले त्यस दिन मलाई दिनुहुनेछ, र मलाई मात्र होइन, तर उहाँको पुनरागमन प्रिय मान्नेहरू सबैलाई दिनुहुनेछ।"[३२०]

## आज मण्डलीमा पास्टरीय पत्रहरू

पास्टरीय पत्रहरूले **सही सिद्धान्तको महत्त्व** सिकाउँछन्। झूटो शिक्षाको सबैभन्दा प्रभावकारी जवाफ सत्य हो। यी पत्रहरूमा, पावलले झुटा शिक्षामा भन्दा सही शिक्षामा बढी ध्यान दिन्छन्। त्यसै गरी, आज झुटा सिद्धान्तको लागि हाम्रो सबैभन्दा प्रभावकारी प्रतिक्रिया सुसमाचार हो जुन एक पटक सन्तहरूलाई सुम्पिएको थियो।[३२१]

त्यो युग जहाँ नैतिक असफलता र नास्तिक शिक्षाले केही मण्डलीका अगुवाहरूलाई नष्ट गरेको छ, पास्टरीय पत्रहरू **मण्डलीका अगुवाहरूको लागि चाहिने योग्यताहरू** सिकाउन मूल्यवान हुन्छ। कुनै पनि मण्डलीले यी मापदण्डहरूलाई बेवास्ता गर्न सक्नेछैन। बुद्धिमान् मण्डलीहरूले पावलले १ तिमोथी र तीतसमा पहिचान गरेका गुणहरूप्रति प्रतिबद्ध अगुवाहरू छान्नेछन्।

तीतसको पुस्तकले **सुसमाचारको प्रदर्शनको रूपमा असल कामहरूको महत्त्व** सिकाउँछ। ख्रीष्टियन भनौदाहरूको जीवनले कहिलेकाहीं मण्डलीको साक्षीलाई हानि पुर्‍याएको छ। विश्वासीहरूले सुसमाचारलाई अविश्वासीहरूका लागि आकर्षक बनाउनै पर्छ। सही सिद्धान्तले सही व्यवहारको परिणाम दिनुपर्छ।

पावलका समापन शब्दहरूले **आजीवन विश्वासयोग्यताको लागि आह्वान** जारी गर्दछ। विद्यार्थीहरू, जसै तपाईं सेवकाइमा जारी रहनुहुन्छ, तपाईंले चुनौतीपूर्ण जीवनको सामना गर्नुहुन्छ। पावल जस्तै, तपाईं आफ्ना सहकर्मीहरूद्वारा त्यागिएको हुनसक्नुहुन्छ। तिमोथी र तीतसले जस्तै तपाईंले झुटा शिक्षकहरूको सामना गर्न सक्नुहुन्छ। र, सबै उमेरका विश्वासीहरू जस्तै, तपाईंले परिक्षा र विरोधको सामना गर्नुहुनेछ। पावलका अन्तिम शब्दहरूले तपाईंलाई यो सम्झाउँछ की, इनाम मूल्यको योग्य छ। हार नमान्नुहोस्; एउटा मुकुट तपाईंको पर्खाइमा छ।

---

३१७ २ तिमोथी ३:१४

३१८ २ तिमोथी ४:२, ५

३१९ प्रेरित २०:२४, *इङलिस स्टयाण्डर्ड भर्सन*

३२० २ तिमोथी ४:७-८

३२१ यहूदा३

## निष्कर्ष

विलियम बोर्डेन १८८७ मा एक धनी परिवारमा जन्मेका थिए। बोर्डेनले येल विश्वविद्यालयमा व्यापारिक पेशाको लागि तयारी गरे, तर परमेश्वरले उनलाई उत्तरी चीनका मुस्लिमहरूको लागि मिसनरी हुन बोलाउनुभयो। चीन जाने बाटोमा, इजिप्टमा अरबी पढ्दा, बोर्डेनलाई मेनिन्जाइटिस भयो र २५ वर्षको उमेरमा मृत्यु भयो। उनले चीनलाई कहिल्यै देखेनन्।

उनको मृत्यु पछि, विलियमको बाइबल उनका आमाबाबुलाई दिइयो। बाइबलमा तिनीहरूले एउटा मितिबाट एउटा नोट फेला पारे जसमा उनले चीनमा परमेश्वरको बोलावटलाई स्वीकार गरेका थिए। बोर्डेनले "आफूलाई जोगाएर राख्दिन" शब्दहरू लेखेका थिए। उनी परमेश्वरको बोलावटमा आफूलाई पूर्ण रूपमा समर्पित गर्न प्रतिबद्ध थिए। जब उनको परिवारले उनको बोलावटको विरोध गरे र विलियमलाई पारिवारिक व्यवसायमा सामेल हुन दबाब दिए, उनले "पछि हट्दिन" लेखे। बोर्डेन पछाडि नफर्की दौड जारी राख्न प्रतिबद्ध थिए। आफ्नो मृत्युको केही दिन अघि, बोर्डेनले अन्तिम नोट थपे, "कुनै पछुतो छैन।" बोर्डेनले ढुक्कसँग भविष्यको सामना गर्न सक्थे कि उनी परमेश्वरको बोलावटको आज्ञाकारितामा बाँचेका थिए।

विलियम बोर्डेनले पावलको अन्तिम गवाहीलाई बुझे। जो व्यक्ति आफैलाई नजोगाइकन अर्पण गर्दछ र जो पछि नहटी परमेश्वरलाई पछ्याउँछ, त्यहाँ उसको लागि धार्मिकताको मुकुट छ। त्यस दिन, हामी पावल र विलियम बोर्डेनसँग भन्नेछौं, "मलाई कुनै पछुतो छैन।" त्यो हरेक विश्वासीको लागि एक योग्य लक्ष्य हो।

## पाठ ९ को गर्नुपर्ने कार्यहरू

निम्न लिखित गर्नुपर्ने कार्यहरूसँगै यस पाठको तपाईंको बुझाइलाई प्रस्तुत गर्नुहोस्:

१. निम्न गर्नुपर्ने कार्यहरू मध्ये **दुवै** गर्नुहोस्:

- तपाईंको परिवेशमा मण्डलीका अगुवाहरूको लागि योग्यताहरूको सूची तयार गर्नुहोस्। तपाईंले १ तिमोथी र तीतसको बाइबलीय मापदण्डहरूलाई तपाईंले सेवा गर्ने सांस्कृतिक परिवेशमा लागू गर्नुपर्छ।
- २ तिमोथी पढिसकेपछि, एक पृष्ठको बिदाइ पत्र लेख्नुहोस्। यदि तपाईं मृत्युको सामना गर्दै हुनुहुन्छ भने, तपाईंको पछाडि तपाईंले के गवाही छोड्नुहुन्छ? यस गर्नुपर्ने कार्यले तपाईंलाई आफ्नो वर्तमान जीवन र सेवकाइको मूल्याङ्कन गर्न र तपाईंको भविष्यको सेवकाइलाई आकार दिन मद्दत गर्न सक्छ जसै तपाईं आफूलाई पछ्याउनेहरूमा आफ्नो उत्तराधिकारको बारेमा अझ बढी सचेत हुनुहुनेछ।

२. अर्को पाठको सुरुमा, यस पाठको आधारमा जाँच लिनुहोस्। तयारी गर्दा जाँचमा सोधिने प्रश्नहरूलाई राम्रोसँग अध्ययन गर्नुहोस्।

## पाठ ९ जाँच

१. पास्टरीय पत्रहरूको लागि सबैभन्दा सम्भावित मिति कुन हो?

२. २ तिमोथी र तीतसको विषयवस्तुले पावललाई लेखकको रूपमा देखाउने एउटा तरिका पहिचान गर्नुहोस्।

३. १ तिमोथी लेख्नुको लागि पावलको उद्देश्य के थियो?

४. झुटा शिक्षकहरूको सामना गर्दा पावलको गवाहीले तिमोथीलाई कसरी प्रोत्साहन दिन्छ?

५. प्रारम्भिक मण्डलीका दुई कार्य-क्षेत्रहरूलाई सूचीगत र परिभाषित गर्नुहोस्।

६. पावलसँग तीतसको सम्बन्ध कस्तो थियो?

७. तीतसलाई पत्र लेख्नुमा पावलको उद्देश्य के थियो?

८. पावलले तीतसमा दिएका असल कामहरूका लागि दुईवटा प्रेरणाहरू के-के हुन्?

९. मार्कूस भनिने यूहन्नाको अनुभवले २ तिमोथीमा पावलको इमानदारीताको सन्देशलाई कसरी मिलाउँछ?

१०. पास्टरीय पत्रहरूले आज मण्डलीसँग बोल्ने चार तरिकाहरू सूचीबद्ध गर्नुहोस्।

११. कण्ठ गरेको २ तिमोथी ४:७-८ र तीतस २:११-१४ लेख्नुहोस्।

# पाठ १०

# हिब्रू र याकूब

## पाठका उद्देश्यहरू

१. हिब्रू र याकूबको पुस्तकहरूको सम्भावित मिति र एतिहासिक परिवेश जान्नुहोस् ।

२. हिब्रू र याकूबको पुस्तकहरूको मुख्य विषयवस्तुहरू र उद्धेश्यहरूको रूपरेखा बनाउनुहोस् ।

३. विश्वास त्याग विरुद्ध बाइबलीय चेतावनीहरूलाई ध्यान दिनुहोस् ।

४. नयाँ करार अन्तर्गत हाम्रा विशेष अधिकारहरू र जिम्मेवारीहरूलाई कदर गर्नुहोस् ।

५. ख्रीष्टीयन जीवनमा विश्वास र काम बीचको सम्बन्ध बझ्नुहोस् ।

६. हिब्रू र याकूबबाट ख्रीष्टीयन जीवनको लागि व्यवहारीक सिद्धान्तहरू लागू गर्नुहोस् ।

७. यी पुस्तकहरूको सन्देशलाई आजको संसारको आवश्यकताहरूसँग जोड्नुहोस् ।

## यो पाठको तयारी

*हिब्रू र याकूबको पुस्तक पढ्नुहोस्* ।

*हिब्रू ४:१४-१६ र याकूब २:१७-१८ कण्ठ गर्नुहोस्* ।

## परिचय

नयाँ करारको पुस्तकहरू हिब्रू देखि यहूदासम्म लाई सामान्य पत्रहरू भनिन्छ ।[३२२] पावलको पत्रहरू भन्दा यी पत्रहरू फरक छन्, यी पत्रहरूमा विषेश श्रोता वा व्यक्तिलाई सम्बोधन गरिएको छैन वा कोही जसलाई हामी एकदम कम चिन्छौ उनीहरूलाई सम्बोधन गरिएको छ ।

---

३२२ यी पत्रहरूलाई कहिलेकाहीँ "क्याथोलिक पत्र" भनिन्छ । यस सन्दर्भमा "क्याथोलिक" को लागी अर्को शब्द "सामान्य" हो; यसले रोमन क्याथोलिक मण्डलीलाई जनाउँदैन । यसको प्रयोग प्रेरितहरूको विश्वासको सारमा गरिएको जस्तै हो: "हामी विश्वास गर्दछौं पवित्र

यी पत्रहरू, हिब्रूहरूका लागि लेखिएको लामो पत्रहरू देखि प्रेरित यूहन्नाबाट गायसलाई लेखिएको छोटो पत्रहरू सम्म छन्। यी साधारण पत्रहरूले विभिन्न प्रकारका सरोकारहरूलाई सम्बोधन गर्दछ, तर सबै पुस्तकहरूद्वारा साझा रुपमा व्यावहारिक ख्रीष्टियान जीवनमा जोड दिइएको छ। यी पुस्तकहरूले हामीलाई गैर-ख्रीष्टियान संसारमा ख्रीष्टियानको रूपमा कसरी बाँच्ने भनेर सिकाउँछन्। प्रथम शताब्दीका ख्रीष्टियानहरूले त्यही चुनौतीहरूको सामना गरे जुन आज हामीले गरिरहेका छौं: झूटा सिद्धान्त, परीक्षा र अविश्वासीहरूको विरोध। ती प्रत्येक सरोकारहरूलाई यी पत्रहरूमा सम्बोधन गरिएको छ। यी पत्रहरु आकारमा साना भएतापनि, हाम्रो विश्वासका लागि चुनौतीहरूको सामना गर्ने विश्वासीहरूका लागि यी पत्रहरु महत्त्वपूर्ण छन्।

## हिब्रूहरूका लागि पत्र: अझै उत्तम तरिका

### लेखक

हिब्रूको पुस्तकले यसको लेखकको पहिचान गरेको पाइदैन। प्रायः यसको लेखकको रूपमा पावललाई मानिन्छ।

पावलको लेखकत्वको पक्षमा यी तर्कहरू समावेश छन्:

१. हिब्रूको पुस्तकमा ख्रीष्टको व्यक्ति र काम प्रतिको जोड पावलसँग साझा छ/पावलको पत्रमा उल्लेख भए जस्तै छ।
२. लेखक तिमोथीसँग सम्बन्धित छन्।[३२३]
३. अन्तिम अध्यायमा भएको आशीर्वाद/आशिष पावलको जस्तै छ।[३२४]

पावलको लेखकत्वको बिरूद्धका तर्कहरूले हिब्रू र अन्य पत्रहरू बीचको शैलीको विभिन्न भिन्नताहरू समावेश गर्दछ:

१. हिब्रूले "ख्रीष्ट येशु" भन्ने वाक्यांश कहिल्यै प्रयोग गर्दैन, यो वाक्यांश पावलका पत्रहरूमा पचास पटक भन्दा बढी प्रयोग गरिएको थियो।

२. हिब्रू २:३ मा, लेखकले प्रेरितहरूबाट सुसमाचार सुनेको बताए। गलाती १:१२ मा, पावलले येशु ख्रीष्टको प्रकाशबाट प्रत्यक्ष रूपमा सुसमाचार सुनेको कुरालाई जोड दिन्छन्।

३. अन्य पावलिय पत्रहरूको विपरीत, हिब्रूको पुस्तक अभिवादनबाट सुरु हुँदैन र व्यक्तिगत अभिवादनको सूचीमा समाप्त हुँदैन।

मण्डलीको इतिहासमा अन्य धेरै लेखकहरू प्रस्तावित गरिएका छन्। प्रायः बर्नाबास, लूका वा अपोल्लोस जस्ता प्रस्तावित लेखकहरू, पावलका सहयोगीहरू हुन्। हिब्रूको पुस्तक पावलको शैलीसँग मिल्दोजुल्दो हुन सक्नुको कारण यो हुन सक्छ। अन्ततः, लेखक अज्ञात छन्।

---

मण्डलीमाथि, सन्त (पवित्र) हरूको सङ्गतिमाथि...."

३२३ हिब्रू १३:२३

३२४ हिब्रू १३:१८-२५

## उद्देश्य

हिब्रूको पुस्तकले एउटा पत्रको तत्वहरू (अन्तमा व्यक्तिगत अभिवादनहरू) एक वचनका विशेषताहरू (पुरानो करारका पदहरूको प्रदर्शनी) सँग संयोजन गर्दछ। लेखकले आफ्नो पत्रलाई "उपदेशको शब्द" को रूपमा उल्लेख गरेका छन्,[३२५] जुन वाक्यांश प्रेरित १३:१५मा वचन व्याख्या गर्न प्रयोग गरिएको छ। हिब्रूको सबैभन्दा राम्रो वर्णन यो हो कि, यो पत्रको रूपमा एक उपदेश वा नितिशिक्षा हो।

यस पत्रको पहिलो प्रापकहरू यहूदी ख्रीष्टियानहरू हुन्, जो ख्रीष्टमा भएको विश्वासबाट आफ्ना पुराना रितिहरूमा फर्कन प्रलोभित भएका छन्। तिनीहरूको यहूदी पृष्ठभूमि, उनीहरूको पुरानो करारको बलिदान र रितिहरूसँग भएको परिचिततामा देखिन्छ।

यी ख्रीष्टियानहरूले वफादारीका (विश्वासको) साथ सतावट सहेका छन्, तर थकित र मुर्छित हुने खतरामा छन्।[३२६] हिब्रूका लेखकले यी विश्वासीहरूलाई विश्वास त्याग विरुद्ध चेतावनी दिन र तिनीहरूलाई विश्वासयोग्यतामा प्रोत्साहन दिन लेख्दछन्। उनले तिनीहरूलाई येशुको व्यक्ति र काम, पुरानो करारको पूजारी र बलिदानहरूको प्रणाली भन्दा श्रेष्ठ छ भनी बारम्बार सम्झाउछन्।

## मिति

सम्भवत, ७० ईस्वी सम्बत् भन्दा पहिले नै हिब्रूहरूलाई यो पत्र लेखिएको थियो। यो पत्रले यहूदी बलिदान प्रणालीलाई वर्तमान वास्तविकताको रूपमा कुरा गर्छ।[३२७] यसले संकेत गर्दछ कि यो पत्र ७० ईस्वी सम्बत्मा रोमीहरूद्वारा मन्दिरको विनाश हुनु अघि लेखिएको थियो।

## हिब्रूमा पुरानो करार

» पुरानो करार र नयाँ करार बीचको सम्बन्ध के हो?

हिब्रूको विष्यवस्तु हेर्नु अघि, यो पुस्तकको बारेमा एक साझा असमझदारीको जवाफ दिन महत्त्वपूर्ण छ। धेरै पाठकहरूले हिब्रूलाई पुरानो करारमाथि आक्रमणको रूपमा व्याख्या गरेका छन्। हिब्रूले नयाँ करार उत्तम करार हो भनी सिकाउँछ, त्यसैकारण पुरानो करार आफ्नो उद्देश्यमा असफल भएको कोही व्यक्तिले अनुमान गर्छन्।

यद्यपि, हिब्रूले पुरानो करारलाई धेरै आदर देखाउँदछ।

- हिब्रू ११ मा भएका नायकहरू पुरानो करारका पात्रहरू हुन्।
- हिब्रूले सिकाउने पाठहरू पुरानो करारका पाठहरूमा आधारित छन्।[३२८] उदाहरणका लागि, हिब्रू १ मा चौध पदहरू छन्। ती मध्ये, नौ पदहरू पुरानो करारका प्रत्यक्ष उद्धरणहरू हुन्, जसमा भजनसंग्रह २; २ शमूएल ७:१४; व्यवस्था ३२:४३; भजनसंग्रह १०४:४; भजनसंग्रह ४५:६, ७; यशैया ६१:१, ३; भजनसंग्रह १०२:२५-२७; र भजनसंग्रह ११०:१ पनि पर्दछन्।

३२५ हिब्रू १३:२२

३२६ हिब्रू १०:३२-३४; १२:३

३२७ हिब्रू ८:३-५; ९:७-८; १०:१-३

३२८ हिब्रूको पुस्तकमा उद्धृत भएका पुरानो करारका पवित्रशास्त्रहरू देखाउने "अध्ययन बाइबलको हिब्रूको पुस्तक" पढेर तपाईंले फाईदा उठाउनुहुनेछ।

पुरानो करारको असफलताले गर्दा परमेश्वरले आफ्नो योजना परिवर्तन गर्न बाध्य हुनुभयो भनी हिब्रूले सिकाउँदैन । बरु, संसारको सृष्टि हुनुभन्दा पहिले-पहिल्यै नै ख्रीष्टमाथिको विश्वासद्वारा पाइने मुक्तिको तय गरिएको थियो ।[३२९] पुरानो करारमा पनि, मुक्ति विश्वासद्वारा परमेश्वरको अनुग्रहबाट दिइएको थियो, बाह्य संस्कारहरूद्वारा होइन । यो हिब्रू ११ मा देखिन्छ, जहाँ विश्वासले, पुरानो करारका यी प्रत्येक नायकहरूले परमेश्वरलाई प्रसन्न तुल्याए ।

पुरानो करार र नयाँ करारको बीचमा स्पष्ट निरन्तरता छ । ख्रीष्ट पुरानो करारका प्रतिज्ञाहरू र करारहरूको परिपूर्णता हुनुहुन्छ । पुरानो करारको समस्या इस्राएलको असफलता थियो, परमेश्वरको उद्देश्यको असफलता होइन । इस्राएलले हृदयबाट करार पालन गर्न असफल भयो ।[३३०] उनले विश्वासमा आधारित बलिदान प्रणालीलाई खोक्रो संस्कारमा परिणत गरिन् । इस्राएलले परमेश्वरको उद्देश्यको भ्रष्टता गरेकोमा, पुरानो करारका अगमवक्ताहरू र येशु दुवैले निन्दा गरे ।

संसारको जगबाट, पुरानो करारले ख्रीष्टको आगमनलाई संकेत गर्यो । पुरानो करार आफैमा पूर्ण हुने उद्देश्य थिएन; यसले भविष्यमा हुने परिपूर्णतालाई औंल्यायो । यो परिपूर्णता येशु ख्रीष्टको व्यक्तित्व र काममा देखिन्छ । नयाँ करार राम्रो छ किनभने यसले अपूर्ण पुरानो करारको प्रतिज्ञा पूरा गर्दछ ।

## विष्यवस्तु

हिब्रूको पुस्तकले दुई समानान्तर विषयवस्तुहरू पत्ता लगाउँछ । एउटा विषयवस्तु (*एक राम्रो तरिका)* ले पुरानो करार भित्र उपलब्ध कम विशेषाधिकारहरूसँग ख्रीष्ट भित्रको जीवनका विशेषाधिकारहरू तुलना गर्दछ ।

दोस्रो विषयवस्तु (*सावधान)* विश्वास छोड्न र आफ्नो पुरानो जीवनमा फर्कने प्रलोभनमा परेकाहरूलाई दिइएका पाँच चेतावनीहरूको श्रृंखलामा देखाइएको छ । प्रत्येक चेतावनीको खण्डमा, हिब्रूले चेतावनी दिन्छ र त्यसपछि पाठकलाई प्रोत्साहन दिन्छ ।

### एक राम्रो तरिका

तुलनाहरूको श्रृंखलामा, हिब्रूले यो देखाउँछ कि:

- पुरानो करारका अगमवक्ताहरूभन्दा ख्रीष्ट श्रेष्ठ हुनुहुन्छ (१:१-३) ।
- ख्रीष्ट स्वर्गदूतहरू भन्दा उच्च हुनुहुन्छ किनभने उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ (१:४-१४) ।
- ख्रीष्ट स्वर्गदूतहरू भन्दा उच्च हुनुहुन्छ किनभने उहाँ मानिसको पुत्र हुनुहुन्छ जसको अधीनमा संसार बनाइएको छ (२:४-१८) ।
- ख्रीष्ट, ख्रीष्ट, परमेश्वरको विश्वासी सेवक र इस्राएलको अगुवा मोशा भन्दा उच्च हुनुहुन्छ (३:१-६) ।
- ख्रीष्ट हारून र प्रधान पूजाहारीभन्दा उच्च हुनुहुन्छ (४:१४-७:२८) ।
- ख्रीष्टले एउटा उत्तम करार प्रदान गर्नुभएको छ (८:१-१३) ।
- ख्रीष्टले उत्कृष्ट बलिदान गर्नुभएको छ (९:१-१८) ।

---

३२९ १ पत्रुस १:२०

३३० हिब्रू ८:८

हिब्रूले पुरानो करारको *राम्रो* प्रतिज्ञाहरू र ख्रीष्टद्वारा हामीले पाएका उत्तम परिपूर्णताको बीचमा भएका भिन्नताहरूको श्रृंखला देखाउँदछ। यहूदी ख्रीष्टियानहरूको लागि पुरानो करारमा फर्कनु मूर्खता हुनेछ! परिपूर्णताको स्वाद चाखीसके पछि र पवित्र आत्मामा सहभागी भएपछि पनि, यदि हिब्रू ख्रीष्टियानहरू आफ्नो पुरानो रूपहरूमा फर्किए भने परमेश्वरको पुत्रलाई फेरि क्रुसमा टाँग्नेछन्।[३३१]

## सावधान

» विश्वास त्याग भनेको के हो? के साँच्चै परिवर्तन भएको व्यक्तिले विश्वास छोड्न सम्भव छ?

हिब्रूले ख्रीष्टद्वारा प्रदान गरिएको राम्रो तरिकाको गवाही दिनुको साथसाथै, विश्वास छोड्न परीक्षामा परेकाहरूलाई हिब्रूले चेतावनी पनि दिन्छ। बढ्दो विशेषाधिकारले जिम्मेवारी बढाउँछ। यस जिम्मेवारीको प्रकाशमा, हिब्रूले नयाँ करारका असल चीजहरू चाखेका र पुरानो करारमा फर्कने परीक्षामा परेका विश्वासीहरूलाई पाँच गम्भीर चेतावनी दिन्छ।

प्रत्येक चेतावनीको साथमा विश्वासयोग्यताको लागि प्रोत्साहन दिइएको छ। हिब्रूले विश्वास त्याग सम्भव छ भनेर सिकाएता पनि यसले कहिल्यै पनि विश्वास त्याग अपरिहार्य छ भनेर सुझाव दिँदैन! प्रत्येक विश्वासीको लागि परमेश्वरको योजना विश्वासयोग्य जीवन हो। हिब्रूहरूले देखाउँछ कि विजयी जीवन हरेक ख्रीष्टियानहरूको लागि उपलब्ध छ।

## चेतावनी १ - हिब्रू २:१-१८[३३२]

- हामीले सुनेका सन्देशबाट बहकिने कुराको विरुद्ध हामीलाई चेतावनी दिइएको छ ( हिब्रु २:१)।
- हामीले प्राप्त गरेका महान विशेषाधिकारहरूको कारणले यो चेतावनी गम्भीर छ (हिब्रू २:२-३)।
- हामी येशुको उदाहरणबाट उत्प्रेरित हुन्छौं, जो परीक्षित हुनुभयो र जसले परीक्षामा परेका सबैलाई बल दिनुहुन्छ(हिब्रू२:१८)।

## चेतावनी २ - हिब्रू ३:१२-४:१६

- हामीलाई पापको छलबाट कठोर नबन्न चेतावनी दिइएको छ (हिब्रू ३:१२-१३)।
- जीवित परमेश्वरबाट टाढा जान सम्भव भएकाले यो चेतावनी गम्भीर छ। यदि हामी अन्तसम्म अडिग रह्यौं भने हामी ख्रीष्टमा सहभागी हुन्छौं (हिब्रू ३:१२-१४)।
- येशु हाम्रो प्रधान पुजारी हुनुहुन्छ भन्ने प्रतिज्ञाबाट हामी प्रोत्साहित हुन्छौं जसद्वारा हामीले खाँचोको समयमा मद्दत गर्नको लागि अनुग्रह पाउन सक्छौं। (हिब्रु ४:१४-१६)।

## चेतावनी ३ - हिब्रू ५:११-६:१२

- हामीलाई मृत्युतर्फ लैजाने कामहरूमा नफर्कन चेतावनी दिइएको छ ( हिब्रू ५:११-६:६)।

---

३३१ हिब्रू ६:४-६

३३२ यो विषयवस्तुको रूपरेखा वाल्टर एलवेल र रोबर्ट यारब्रोको पुस्तक, *एनकाउन्टरिङ द न्यू टेस्टामेन्ट बाट लिइएको छ,* (एडा: बेकर एकेडेमिक, २००५)।

- विश्वास त्यागलाई उल्टाउन असम्भव भएको कारण यो चेतावनी गम्भीर छ (हिब्रू ६:४-६)।
- विश्वासयोग्य जति सबै प्रतिज्ञाका हकदार हुनेछन् भनी जान्न हामीलाई प्रोत्साहित गरिएको छ।(हिब्रू ६:९-१२)।

### चेतावनी ४ - हिब्रू १०:२६-३९

- हामीले सत्यताको ज्ञान पाएर पनि जाना-जानी पाप गरिरह्यौं भने त्यहाँ इन्साफ मात्र रहनेछ भनि हामीलाई सचेत गराइन्छ।(हिब्रू १०:२६-२७)।
- नयाँ करारको विशेषाधिकारको कारणले यो चेतावनी गम्भीर छ। यदि मोशाको व्यवस्थालाई बेवास्ता गर्नेहरूको कठोर रूपमा न्याय गरियो भने, हामीले परमेश्वरको पुत्रलाई खुट्टामुनि कुल्चीमिल्ची गर्यौं भने हामी कति नराम्रो सजायको योग्य छौं। यो चेतावनीलाई बेवास्ता गर्नु हुँदैन, किनकि जीवित परमेश्वरको हातमा पर्नु डरलाग्दो कुरा हो (हिब्रू १०:२८-३१)।
- हामीलाई प्रोत्साहन दिइएको छ किनभने हामी आत्माको उद्धारमा विश्वास गर्छौं। पछाडि फर्कन सम्भव छ, तर दृढ रहन पनि सम्भव छ। विश्वासीलाई दृढतापूर्वक समात्ने परमेश्वरको शक्तिमा हामी विश्वस्त छौं। विश्वासयोग्यताको सम्भावना हिब्रू ११ (हिब्रू १०:३२-३९) मा देखिन्छ।

### चेतावनी ५- हिब्रू १२:२५-२९

- हामीले प्राप्त गरेको सन्देशलाई अस्वीकार नगर्न हामीलाई चेतावनी दिइएको छ (हिब्रू १२:२५)।
- नयाँ करारका विशेषाधिकारहरूको कारणले यो चेतावनी गम्भीर छ (हिब्रू १२:२५-२७)।
- उहाँको अनुग्रहको कारण "हामीले स्वीकार्य रूपमा परमेश्वरको सेवा गर्न सक्छौं" भनेर हामीलाई प्रोत्साहन दिइएको छ (हिब्रू १२:२८-२९)

# विशेष बिषय: विश्वास त्याग

## विश्वास त्याग भनेको के हो?

विश्वास त्यागलाई "कुनै व्यक्तिले दाबी गरेको विश्वासलाई जानाजानी गरेको त्याग र विसर्ग" भनेर परिभाषित गरिएको छ।[३३३] यो परिभाषाले विश्वास त्यागका तीन तत्वहरूलाई जोड दिन्छ:

१. **यो जानाजानी छ।** सिद्धान्तको बारेमा शंका, एकको मुक्तिको बारेमा अनिश्चितता, वा पापमा फस्नु पनि विश्वास त्यागमा पर्दैन। ख्रीष्टियान विश्वासको जानाजानी अस्वीकार गर्नुनै विश्वास त्याग हो।

२. **यो विश्वासको त्याग र विसर्ग हो।** यो पापभन्दा ठूलो हो; यो ख्रीष्टियान विश्वास को सत्यताको अस्वीकार हो। हिब्रूहरूका लागि, यो येशुले गर्नुभएको प्रायश्चितको कार्यको इन्कार र पूर्व- ख्रीष्टियान रीतिहरूमा फर्किनु थियो।[३३४]

---

३३३ एल.जी. व्हिटलक, *इभान्जेलिकल डिक्शनरी अफ थियोलोजी मा* "विश्वास त्याग"। वाल्टर एलवेल द्वारा सम्पादन गरिएको। (एडा: बेकर बुक्स, १९८४)।

३३४ हिब्रू ६:६

यहूदीहरूले ख्रीष्टको प्रायश्चित कार्यमा आवश्यकताहरू थपे; विश्वास त्यागनेहरूले ख्रीष्टको प्रायश्चित कार्यलाई पूर्णतया अस्वीकार गरे ।

३. **यो कुनै व्यक्तिले दाबी गरेको विश्वासको अस्वीकार हो ।** विश्वास त्याग, ख्रीष्टलाई कहिल्यै नचिनेको व्यक्तिको अविश्वास भन्दा फरक छ । यो परमेश्वरको असल वचन र आउने संसारको शक्तिहरूको स्वाद चाखेको एक व्यक्तिद्वारा भएको विश्वासको अस्वीकृति हो ।[३३५]

## विश्वास त्याग र पछि हट्नु बीच के भिन्नता छ?

हिब्रूमा विश्वास त्याग भन्नाले, विश्वासबाट पछाडि हट्नु भन्दा विश्वासको अलिक स्थायी र सचेत अस्वीकार हो । पत्रुसले येशुलाई इन्कार गरे, तर पछि आफ्नो पापको पश्चात्ताप गरे । पत्रुसको साहस असफल भयो; उनले ख्रीष्टियान विश्वासलाई अस्वीकार गरेनन् । उहाँ पछि हट्नुको अर्थ ख्रीष्टको अस्वीकार होइन, डरको परिणाम थियो ।

विश्वासबाट पछाडी हटेर पापमा फस्ने व्यक्तिले अझै पनि ख्रीष्टियान विश्वासको सत्यलाई स्वीकार गर्न सक्छ । यसको विपरित, विश्वास त्यागमा ख्रीष्टियान विश्वासको सत्यताको इन्कार समावेश छ ।

हिब्रूहरूमा दिइएका केही चेतावनीहरू पछाडि सर्ने र लापरवाहीसँग सम्बन्धित छन् । यद्यपि, ख्रीष्टियान विश्वासको पूर्ण अस्वीकृति पछि हिब्रू ६:४-६ को विचार हो जस्तो देखिन्छ । जब विश्वासत्यागीले येशुको बचाउने मृत्युलाई अस्वीकार गर्छ, उसले पुनर्स्थापनाको बाटो काट्छ । तथापि, विश्वासबाट पछि हटेकालाई पश्चात्तापद्वारा येशुको प्रायश्चित मृत्युद्वारा पुनर्स्थापित गर्न सकिन्छ ।

## के साँचो ख्रीष्टियानले विश्वासत्याग गर्न सम्भव छ?

केही सुसमाचार प्रचारकहरूले तर्क गर्छन् कि साँचो ख्रीष्टियानले विश्वासत्याग गर्न असम्भव छ । यद्यपि, लेखकले वास्तविक खतरालाई सम्बोधन गरिरहेको अवस्थामा मात्र हिब्रूहरूको चेतावनीको अर्थ हुन्छ । हिब्रू ६:४-६ ले दृढताका साथ स्थायी र पूर्ण विश्वासत्याग सम्भव छ भनेर संकेत गर्दछ ।

# आज मण्डलीमा हिब्रूहरू

हिब्रूहरूले वास्तविक **विश्वासत्यागको खतरा** विरुद्ध चेतावनी दिन्छन् । सामान्य पत्रहरूमा एउटा साझा विषयवस्तु भनेको मण्डलीको लागि खतराहरूको विषयमा हो । प्रायजसो चेतावनी ख्रीष्टियान सिद्धान्तलाई विकृत गर्ने अविश्वासीहरूको विरुद्धमा हुन्छ । हिब्रूमा, दिइएको चेतावनी चाहिँ ख्रीष्टियान विश्वासको पूर्ण त्याग विरुद्ध हो । यो खतरा पहिलो शताब्दीमा जस्तै आज पनि वास्तविक छ ।

हो, हिब्रूहरूले सिकाउँछन्, विश्वास छोड्न सम्भव छ । तर अझ महत्त्वपूर्ण कुरा के हो भने, हिब्रूले **विश्वासको सम्भावना**को बारेमा पनि सिकाउँछ । हाम्रो खातिर ख्रीष्टको मध्यस्थताद्वारा हामीलाई लाभ छ । आफ्नो विश्वासको पेशालाई बलियो बनाएर, एकअर्कालाई प्रेम र असल काम गर्न उत्प्रेरित गरेर, र एक अर्कालाई आराधनाको लागि विश्वासयोग्य भेलाद्वारा

---

३३५ हिब्रू ६:५

प्रोत्साहन दिएर, हामी विश्वासयोग्य हुन सक्छौं।[३३६] हिब्रूको चरमोत्कर्ष अध्याय ११ हो जसमा विश्वासद्वारा विश्वासयोग्य भएकाहरुको गवाही छ र जसले "हाम्रो सामु राखिएको दौडमा धैर्यसाथ दौडने सबैलाई साक्षीहरूको बादल प्रदान गर्दछ[३३७]

# याकूब: विश्वास जसले काम गर्छ

## लेखक र मिति

यस पत्रका लेखक याकूब थिए, जो परमेश्वर र प्रभु येशु ख्रीष्टका सेवक थिए।[३३८] येशुका सौतेनी भाइ याकूब, येशुको जीवनकालमा एक शंकास्पद थिए तर पुनरुत्थानबाट विश्वस्त भए।[३३९] उहाँ ईस्वी संवत् ६२ मा विश्वासको लागि शहीदको रूपमा मर्नुभयो।

यो पत्र सम्भवतः ४० को दशकको सुरुदेखी मध्य तिर लेखिएको थियो। याकूब यरूशलेम परिषदमा एक नेता थिए जसले विश्वास र कार्यहरूको मुद्दामा बहस गर्दथे, यदि पत्र ईस्वी संवत् ४९पछि लेखिएको थियो भने यो सम्भव छ कि याकूबले परिषदलाई उल्लेख गर्ने थिए।[३४०]

## श्रोता र उद्देश्य

याकूबले विदेशमा छरिएका बाह्र कुलहरूलाई पत्र लेखे।[३४१] यो शब्द (*डायस्पोरा अर्थात आप्रवासी*) पहिले ५८६ ईसा पूर्वमा यरुशलेमको पतन पछि यहूदीहरूको तितरबितर भएको सन्दर्भमा याकूबले यरुशलेम बाहिर बस्ने यहूदी ख्रीष्टियानहरूलाई सन्दर्भ गर्न शब्द प्रयोग गरे। पुरानो करारमा याकूबको बारम्बारको सन्दर्भहरूले देखाउँछ कि उनका श्रोताहरू वा व्यक्तिहरूलाई यहूदी ख्रीष्टियानले सताएका थिए। तिनीहरूले द्वन्द्व र सांसारिक जीवन शैलीको प्रलोभनको सामना गरे। याकूबले विश्वासीहरूलाई सम्झाउनको लागि लेखे कि तिनीहरूको विश्वास तिनीहरूका कामहरूमा देखिनुपर्छ। विश्वासीहरूले व्यवहारमा विश्वास गर्नुपर्छ।

## विषयवस्तु

### याकूब र पुरानो करार

अगमवक्ता आमोसले जस्तै, याकूबले हाम्रो दाबी गरेको विश्वासले हाम्रो दैनिक जीवनलाई प्रभाव पार्नुपर्छ भनेर देखाउँछ। आमोस र याकूब दुवैले अरूप्रति हाम्रो व्यवहारमा साँचो विश्वास देखिनेछ भनी जोड दिन्छ। १०८ पदहरूमा, याकूबले पचास भन्दा बढी आज्ञाहरू दिन्छन्। यो एक व्यवहारिक पत्र हो।

» याकूब ५:१-५ सँग आमोस ४:१-२ र ५:२१ -२४ पढ्नुहोस्। सन्देशहरू कसरी तुलना हुन्छन्?

---

३३६ हिब्रू १०:२३-२५

३३७ हिब्रू १२:१

३३८ याकूब १:१

३३९ मत्ती १३:५५; यूहन्ना ७:३-५; १ कोरिन्थी १५:७

३४० प्रेरित १५

३४१ याकूब १:१

हितोपदेश जस्तै, याकूबले महत्त्वपूर्ण सत्यहरूलाई संक्षेपमा छोटो भनाइहरू प्रयोग गर्छन्। याकूबका धेरै विषयहरू हितोपदेशको पुस्तकमा भएका विषयवस्तुहरू: जिब्रो, धन, क्रोध, र बुद्धि को समानान्तर छन्।

पुरानो करारको कानून जस्तै , याकूबले देखाउँदछ कि कसरी एक पवित्र व्यक्तिले पवित्र परमेश्वरको चरित्रलाई प्रतिबिम्बित गर्दछ । लेवि १९ को पवित्रताको संहिताले देखाउँछ कि कसरी पवित्र मानिसहरूले पवित्र परमेश्वरको आज्ञाकारितामा बाँच्नसक्नेछन् । त्यसै गरी, याकूबले नयाँ करारका विश्वासीहरूले कसरी परमेश्वरको आज्ञाकारितामा जिउनुपर्छ भनेर देखाउँछन्। दुवैले देखाउँछन् कि हामीले दाबी गरेको विश्वास हामीले बाँचिरहेको जीवनमा देखिनुपर्छ।

| पवित्रताको संहिता र याकूब | |
|---|---|
| **लेवी** | **याकूब** |
| **१९:१३** "ज्यालामा काम गर्नेको पैसा एक रात पनि तिमीहरूसँग नरहोस्" | **५:४** "जुन खेतालाहरूले तिमीहरूका खेतका बाली काटेका छन्, तिमीहरूले धोकेबाजी गरेर नदिएको तिनीहरूको ज्याला नै, कराउँछ" |
| **१९:१५** "ठूलो होस् वा सानो होस्, मान्छे हेरेर होइन तर सबै मान्छेको उचित न्याय गर" | **२:९** "तर यदि तिमीहरूले भेदभाव देखायौ भनेता तिमीहरू पाप गर्दछौ, र व्यवस्थाद्वारा दोषी ठहरिएको हुन्छौ" |
| **१९:१८'क'** "बदला लिन नखोज र इबी नराख" | **५:९** "भाइहरू हो, एक अर्काको विरुद्धमा घृणा नगर्नुहोस्" |
| **१९:१८'ख'** "तिमीले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्नू" | **२:८** "तिमीले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्नू" |

## विश्वास र कार्यहरू

मार्टिन लूथरले याकूबलाई "अतिरिक्त वा कम महत्त्वको पत्र" भनेका थिए किनभने यसले कामहरूमा बढि जोड दिन्छ। उनले विश्वास गरे कि याकूबको पत्रले विश्वासद्वारा मात्र धर्मी ठहराउने पावलको शिक्षाको विरोधाभास गर्दछ। सतही रुपमा, याकूब २:२४ ("मानिस कामद्वारा विश्वासी ठहरिन्छ, विश्वासले मात्र होइन") र रोमी ३:२८ ("यसैकारण हामी यो निष्कर्षमा पुग्छौं कि एक मानिस व्यवस्थाको काम बिना विश्वासद्वारा धर्मी ठहरिन्छ") । यद्यपि, यी कथनहरूमा फरक प्रलोभनको सामना गरिरहेका दुई धेरै फरक पाठकहरूलाई सम्बोधन गरिएका छन्। यस सन्दर्भमा, पदहरू बीचको विवाद समाधान हुन्छ।

पावलले ती मानिसहरूलाई सम्बोधन गर्छन् जसले कामहरूद्वारा मुक्ति कमाउने प्रयास गर्छन् (व्यवस्थाको आज्ञाकारिता) । विश्वासद्वारा प्राप्त भएको परमेश्वरको अनुग्रहबाट मुक्ति आउँछ भनी पावलले जवाफ दिए।

याकूबले ती मानिसहरूलाई सम्बोधन गर्दछन् जसले विश्वासलाई सुसमाचारको सत्यतामा मानसिक सहमति भन्दा बढी ठान्दैनन् वा व्यवहारीक हुन जरुरी ठान्दैनन्। तिनीहरूको जीवन परिवर्तन भएको छैन, किनभने तिनीहरूको विश्वास साँचो विश्वास होइन। साँचो विश्वासले जीवन परिवर्तन गर्ने कुरामा याकूबले जोड दिए। याकूबले विश्वासको केन्द्रीयतामाथि प्रश्न गर्दैनन्, तर उनले देखाउँछन् कि साँचो विश्वास कार्यहरूमा देखिन्छ। याकूबले देखाउँछन् कि अब्राहाम र राहाबको विश्वास उनीहरूको कार्यहरूमा देखिन्छ।[३४२]

---

३४२ याकूब २:१४-२६

याकूबको सन्देशले पावलको सन्देशको विरोध गर्दैन । यो विश्वासद्वारा अनुग्रहद्वारा धर्मी ठहराउने पावलको सन्देशको मूल्यवान साथी हो । पावलले देखाउँछन् कि हामी विश्वासद्वारा मात्र परमेश्वरसँग धर्मी ठहरिएका छौं । याकूबले देखाउँछन् कि यो धार्मिकता (अन्य मानिसहरूको सामु औचित्य) हाम्रा कार्यहरूबाट देखिन्छ । याकूबले हामी कसरी मुक्ति पाउने भनेर सिकाउँदैनन्; उनले हाम्रो जीवन कसरी परिवर्तन हुनेछ भनेर सिकाउँदैछन् किनभने हामीले मुक्ति पाएका छौं ।

### काममा विश्वास

हाम्रो विश्वास हाम्रो कार्यमा देखिन्छ । याकूबले हाम्रो विश्वासले ख्रीष्टियानको व्यवहारलाई कसरी प्रभाव पार्छ भनेर देखाउँदछन् जस्तै:

- परीक्षा र प्रलोभनमा स्थिरता (याकूब १:२-१८)
- वचन सुन्नु र पालन गर्नु (याकूब १:१९-२७)
- पक्षपात (याकूब २:१-१३)
- जिब्रो (याकूब ३:१-१३)
- सांसारिकता (याकूब ३:१४-४:४)
- गर्व (याकूब ४:५-११)
- धनीहरूको लागि परीक्षा (याकूब ४:१३-५:६)
- दुखमा धैर्यता (याकूब ५:७-११)
- पापमा पर्नेहरूसँग व्यवहार गर्ने (याकूब ५:१९-२०)

**"ख्रीष्टियान विश्वासलाई व्यवहारमा ल्याउनु सबैभन्दा ठूलो चुनौती हो ।"**

**जोन वेस्ली**

यी सल्लाहहरूद्वारा, याकूबले देखाउँछन् कि साँचो विश्वासले हाम्रो जीवनलाई परिवर्तन गर्नेछ । विश्वास भनेको सत्यमा सहमत हुनु भन्दा बढी हो; विश्वासले हाम्रो सम्पूर्ण अस्तित्वलाई परिवर्तन गर्छ ।

### आजको मण्डलीमा याकूबको पत्र

याकूबको पत्रमा प्रथम शताब्दीमा सताइएका यहूदी ख्रीष्टियानहरूलाई सम्बोधन गरि लेखिएको भए तापनि व्यावहारिक ख्रीष्टियान विश्वासमा यसको जोडले आधुनिक संसारसँग गहिरो रूपमा बोल्छ । मण्डलीमा जिब्रो, धन, क्रोध, र सम्बन्धहरूमा व्यावहारिक शिक्षा कहिल्यै पुरानो हुँदैन । याकूब हरेक पुस्ताको लागि उपयोगी पुस्तक हो ।

*एन्टिनोमियानिज्म* भन्नाले झूटो शिक्षालाई जनाउँछ जसमा ख्रीष्टियानहरूलाई नैतिक वा राम्रो आचरणको कानूनको आज्ञाकारिताबाट मुक्त गरिएको छ । यस सिद्धान्तले सुझाव दिन्छ कि विश्वासद्वारा अनुग्रहद्वारा धर्मी ठहरिएका विश्वासीहरू सबै बन्देजबाट मुक्त छन् । हरेक पुस्तामा, मण्डलीलाई एन्टिनोमियानिज्मवादको तानले प्रलोभनमा पारेको छ । याकूब एक शक्तिशाली अनुस्मारकको रूपमा खडा छन् कि ख्रीष्टियनको जीवन अविश्वासीको जीवन भन्दा स्पष्ट रूपमा फरक हुनेछ । हाम्रा कामहरूद्वारा, संसारले परिवर्तनलाई देख्छ जुन ख्रीष्टमा विश्वासलाई बचाउनुको परिणाम हो ।

## निष्कर्ष

हिब्रू र याकूबको पत्र दुवैले अब्राहामलाई कार्यमा विश्वास गर्नुको नमूनाको रूपमा संकेत गर्दछ । हिब्रू ११ ले अब्राहामलाई विश्वासका नायकहरू मध्ये एकको रूपमा सूचीबद्ध गर्दछ; याकूब २ ले देखाउँछ कि हामीले अब्राहामको विश्वास उहाँका कार्यहरूद्वारा देख्छौं ।

अब्राहामको विश्वास परमेश्वरको बोलावटमा उनको आज्ञाकारितामा देखिन्छ; "विश्वासद्वारा नै अब्राहामले उत्तराधिकारको रूपमा प्राप्त गर्ने ठाउँमा जान बोलाइँदा आज्ञा पालन गरे । अनि ऊ जाँदै थियो, तर कता जाँदैछु भन्ने उनलाई थाहा थिएन ।"[३४३] विश्वास भनेको "म परमेश्वरका प्रतिज्ञाहरूमा विश्वास गर्छु" भन्नु भन्दा बढि हुन्छ; विश्वासले भन्छ, "तपाईंले मलाई डोर्याउनु भएको ठाउँमा म जानेछु ।"

इसहाकलाई बलिदानको रूपमा प्रस्तुत गर्नको लागि परमेश्वरको आह्वानमा अब्राहामको विश्वास फेरि देखियो ।[३४४] फेरि, "म परमेश्वरमा विश्वास गर्छु" भन्ने भन्दा पनि विश्वास बढी थियो । विश्वासले भन्यो, "मैले नबुझे पनि म तपाईंको आज्ञा पालन गर्नेछु ।" यो साँचो विश्वास हो ।

याकूबले पाठकहरूलाई चेतावनी दिए कि यदि तिनीहरूको जीवन यस विश्वासले परिवर्तन भएन भने तिमीहरूले विश्वासको दाबी नगर्नु । याकूबले अब्राहामलाई साँचो विश्वासको परिणाम स्वरूप के हुन्छ भन्ने उदाहरणको रूपमा औंल्याए । अब्राहामको विश्वास उसले वेदीमा इसहाकलाई अर्पण गर्ने परमेश्वरको आज्ञाको पालनामा देखियो । याकूब निष्कर्षमा पुग्छन्, "तपाईंले देख्नुहुन्छ कि उहाँका कामहरूसँगै विश्वास सक्रिय थियो, र विश्वास उहाँका कामहरूद्वारा पूरा भयो ।"[३४५]

अब्राहामको उदाहरणले विश्वास र कामहरू बीचको उचित सम्बन्ध देखाउँछ । यदि हामी साँच्चै विश्वास (विश्वास) गर्छौं भने, यसले हामी बाँच्ने तरिका(काम गर्ने तरिका) परिवर्तन गर्नेछ । हामीले बाँच्ने तरिकामा परिवर्तन नगर्ने हो भने हाम्रो विश्वास मरेको छ; साँचो विश्वासबाट टाढा बस्ने तरिकालाई परिवर्तन गर्ने प्रयास बेकार छ । रोमीहरू, गलातिहरू, हिब्रूहरू र याकूब सहमत छन्: साँचो विश्वासले जीवन परिवर्तन गर्नेछ ।

---

३४३ हिब्रू ११:८, *इङ्लिस स्टयाण्डर्ड भर्सन*

३४४ हिब्रू ११:१७-१९; उत्पत्ति २२

३४५ याकूब २:२२, *इङ्लिस स्ट्याण्डर्ड भर्सन*

## पाठ १० को गर्नुपर्ने कार्यहरू

निम्न लिखित गर्नुपर्ने कार्यहरूसँगै यस पाठको तपाईंको बुझाइलाई प्रस्तुत गर्नुहोस्:

१. निम्न शीर्षकहरू मध्ये **एउटा** मा उपदेश वा बाइबल पाठ तयार गर्नुहोस् । तपाईं यसलाई ५-६ पृष्ठको पुस्तकको रूपमा लेख्न सक्नुहुन्छ वा मण्डली वा सानो समूहको लागि उपदेश वा बाइबल पाठ रेकर्ड गर्न सक्नुहुन्छ ।

- "विश्वासका उदाहरणहरू ।" हिब्रू ११ साथै मण्डलीको इतिहासबाट विश्वासका उदाहरणहरू प्रयोग गर्नुहोस् । तपाईंको देश वा सांस्कृतिक परिवेशबाट उदाहरणहरू खोज्नुहोस् जसले तपाईंको मण्डलीमा विश्वासयोग्यतालाई प्रेरित गर्नेछ ।
- "विश्वासत्याग ।" हिब्रूजस्तै, उपदेशमा विश्वासत्याग विरुद्धको चेतावनी र विश्वासयोग्यताको लागि प्रोत्साहन दुवै समावेश हुनुपर्छ ।
- मसीही जीवनको एउटा मुद्दामा याकूबबाट एउटा उपदेश वा बाइबल पाठ: जिब्रो, संघर्ष, धन, प्रार्थना, आदि ।

२. अर्को पाठको सुरुमा, यस पाठको आधारमा जाँच लिनुहोस् । तयारी गर्दा जाँचमा सोधिने प्रश्नहरूलाई राम्रोसँग अध्ययन गर्नुहोस् ।

## पाठ १० जाँच

१. किन हिब्रूहरूबाट यहूदा सम्मका पुस्तकहरूलाई “सामान्य पत्रहरू” भनिन्छ?

२. हिब्रूहरूको लेखकको रूपमा पावलको पक्षमा दुईवटा तर्कहरू सूचीबद्ध गर्नुहोस् ।

३. हिब्रूहरूको लेखकको रूपमा पावलको विरुद्धमा दुईवटा तर्कहरू सूचीबद्ध गर्नुहोस् ।

४. हिब्रूको पुस्तकले पुरानो करारको लागि ठूलो आदर देखाउने दुई तरिकाहरू सूचीबद्ध गर्नुहोस् ।

५. पुरानो करार भन्दा नयाँ करार कसरी राम्रो छ?

६. विश्वासबाट पछि हट्नुको र विश्वास त्यागमा के फरक छ?

७. येशुका भाइ याकूबले कहिले येशुलाई मसिह भनेर विश्वास गर्न आएका थिए?

८. अभिवादनको आधारमा, याकूबको पत्रको सम्भावित श्रोता को हुन्?

९. एउटा अनुच्छेदमा, याकूब २:२४ (मानिस कामद्वारा विश्वासी ठहरिन्छ, विश्वासले मात्र होइन) र रोमी ३:२८ बीचको सम्बन्ध देखाउनुहोस् । (व्यवस्थाको काम बिना विश्वासद्वारा मानिस धर्मी ठहरिन्छ ।)

१०. *विरोधकतावाद*लाई परिभाषित गर्नुहोस् ।

११. कण्ठ गरेकोबाट हिब्रू ४:१४-१६ र याकूब २:१७-१८ लेख्नुहोस् ।

# पाठ ११

# पत्रुस, यूहन्ना र यहूदा

## पाठका उद्देश्यहरू

१. सामान्य पत्रहरूको सम्भावित मिति र ऐतिहासिक परिवेश जान्नुहोस्।

२. सामान्य पत्रहरूको प्राथमिक विषयवस्तु र उद्देश्यहरूको रूपरेखा निर्माण गर्नुहोस्।

३. आश्वासनको बाइबलीय सिद्धान्त बुझ्नुहोस्।

४. झूटा शिक्षाको खतराबारे सजग हुनुहोस्।

५. यी पुस्तकहरूको सन्देशलाई आजको संसारको आवश्यकतासँग जोड्नुहोस्।

## यो पाठको तयारी

*१ र २ पत्रुस, १, २, ३ यूहन्ना र यहूदा पढ्नुहोस्।*

*१ पत्रुस १:६-७, १ यूहन्ना १:६-७ र यहूदा १:२४-२५ कण्ठ गर्नुहोस्।*

## परिचय

हरेक पुस्तामा, मण्डलीले चुनौतीहरूको सामना गर्छ। पहिलो शताब्दीको अन्तिमको आधामा, बाहिरबाट सतावट र भित्रबाट झूटा शिक्षकहरू मण्डलीको लागि गम्भीर खतराहरू थिए। यी खतराहरू मण्डलीको इतिहासभरि जारी छन्। पत्रुस, यूहन्ना, र यहूदा का पत्रहरूले यी खतराहरू विरुद्ध चेतावनी दिन्छ। अझ महत्त्वपूर्ण कुरा, तिनीहरूले हामीलाई यी खतराहरूको सामना गर्दा विश्वासयोग्य हुन प्रोत्साहन दिन्छ। यी साना अक्षरहरूले ठूलो सन्देश बोकेका छन्: हामीलाई बोलाउनुहुने परमेश्वरले हामीलाई उहाँबाट अलग गर्ने कुनै पनि कुरामाथि विजय दिन सक्षम हुनुहुन्छ।

# पत्रुसका पत्रहरू: कठिन समयमा विश्वासयोग्यता

## लेखक

सिमोन पत्रुस प्रारम्भिक मण्डलीमा सबैभन्दा प्रसिद्ध नेताहरू मध्ये एक थिए। उनको भाइ अन्द्रियासद्वारा येशुसँग परिचय गराएपछि, पत्रुस येशुको भित्री समूहको भाग बने। उनको मूल नाम सिमोन थियो ("उसले सुनेको छ"), तर येशुले उनको नाम पत्रुस ("चट्टान") राख्नुभयो।

पत्रुसको छिटो बोल्ने बानी र अत्याधिक आत्मविश्वासले गर्दा येशुको पार्थिव सेवकाइको दौरान उनलाई बारम्बार समस्याहरू उत्पन्न भयो, पत्रुस परीक्षामा पर्दा येशुलाई इन्कार गरे। पुनरुत्थान पछि, पत्रुसलाई पुनर्स्थापित गरियो र उनी प्रारम्भिक मण्डलीको प्राथमिक आवाज बने। पेन्तिकोसमा पत्रुसको सेवकाइ अन्तर्गत तीन हजार मानिसहरू परिवर्तन भए। उनले एक प्रचारकको रूपमा यात्रा गरे र नीरोको सतावटको समयमा रोममा क्रूसमा टाँगिए। मण्डलीको परम्परा अनुसार, पत्रुसले आफूलाई उल्टो क्रूसमा टाँगिदिन अनुरोध गरे किनभने उनले मुक्तिदाताको रूपमा मृत्युको लागि अयोग्य महसुस गरे जसलाई उनले एक पटक अस्वीकार गर्नुभएको थियो।[३४६]

» कठिन समयहरूमा ख्रीष्टियानहरूलाई विश्वसयोग्य रहन प्रोत्साहन दिने कुराहरू यी पत्रहरू मार्फत लेख्नका लागि पत्रुसलाई येशुको पार्थिव सेवकाइको दौरान पत्रुसले पाएका असफलताहरूले कसरी मद्दत गर्नेछ? यी पत्रहरूमा उनको शिक्षालाई असर गर्ने कुराहरूको बारेमा आफ्नै अनुभवबाट उनले के सिकेकाछन्?

## श्रोता र लेखिएको स्थान

पत्रुसले रोमको सन्दर्भमा "बेबिलोन" बाट अभिवादन पठाउँछन्।[३४७] बेबिलोनले परमेश्वरका मानिसहरूको विरोध गर्ने शक्तिहरूको प्रतिनिधित्व गर्यो; मण्डलीको शत्रु अब रोमी साम्राज्य थियो।

बेबिलोन चित्रणको समानान्तरमा, पत्रुसले एशिया माइनरमा फैलिएका निर्वासनमा परेकाहरूलाई आफ्नो पहिलो पत्र मार्फत सम्बोधन गरे।[३४८] जसरी इस्राएल निर्वासनमा छरपस्ट भयो, त्यसरी नै मण्डली रोमको उत्पीडनले छरपस्ट भयो। इस्राएलको विपरीत, ख्रीष्टियानहरूले अनाज्ञाकारिताको सट्टा आफ्नो विश्वासयोग्यताको लागि कष्ट भोगिरहेका थिए; तिनीहरू ख्रीष्टको पीडामा सहभागी थिए।[३४९]

यी पत्रहरूका श्रोताहरू मुख्यतया अन्यजातिहरू हुन्। यी तिनै विश्वासीहरू हुन् जो अब "अज्ञानतामा पहिलेका अभिलाषाहरू" द्वारा जिउँदैनन्।[३५०] २ पत्रुसले श्रोताको पहिचान गर्दैनन्, तर यो पाठकहरूको उही समूहलाई पत्रुसको दोस्रो पत्र हो।[३५१]

---

३४६ युसेबियस, *मण्डली इतिहास*, २:२५.५-८

३४७ १ पत्रुस ५:१३

३४८ १ पत्रुस १:१, *इङलिस स्ट्याण्डर्ड भर्सन*

३४९ १ पत्रुस ४:१२-१३

३५० १ पत्रुस १:१४

३५१ २ पत्रुस ३:१

## मिति

यो सम्भव छ कि पत्रुसले यी पत्रहरू ६० ईस्वी संवत् को मध्यमा आफ्नो मृत्यु हुनुभन्दा केही समय अघि लेखेका थिए। पत्रहरू सामान्यतया ६२ र ६७ ईस्वी संवत् बीचमा छन्।

## उद्देश्य

१ र २ पत्रुसले पीडा भोग्ने ख्रीष्टियानहरूलाई वफादार हुन प्रोत्साहन दिन्छन्। जसरी ख्रीष्टले दुःख भोग्नु भयो र त्यसपछि उच्च हुनुभयो, ख्रीष्टियानहरूले पहिले यस संसारमा दुःख भोग्छन् र त्यसपछि अनन्त महिमाको आनन्द उठाउँछन्। तिनीहरू दुवै दुःखकष्ट (१ पत्रुस) र झूटा शिक्षा (२ पत्रुस) को सामना गर्दा विश्वासयोग्य हुनुपर्छ। पत्रुसले आफ्ना पाठकहरूलाई आश्वासन दिन्छन् कि परमेश्वरले सहनेहरूलाई इनाम दिनुहुनेछ।

## १ पत्रुसका विषयवस्तुहरू

### ख्रीष्टियानको आशा

परमेश्वर पिताको ज्ञान अनुसार चुनिएकाहरूको रूपमा, विश्वासीहरूलाई "तपाईंको लागि अविनाशी र पवित्र, र नओइलाउँने, स्वर्गको उत्तराधिकार आरक्षित भएको प्रतिज्ञा गरिएको छ।"[३५२] यद्यपि यस संसारमा दुःख छ, अन्तिम समयमा प्रकट हुने मुक्तिको लागि हामी विश्वासद्वारा परमेश्वरको शक्तिद्वारा राखिएको छ।[३५३] हाम्रो विश्वासको परीक्षा जस्तोसुकै भए पनि, हामीसँग अनन्त महिमाको आशा छ। यस आशाले दुखी विश्वासीहरूलाई अव्यक्त आनन्द ल्याउँछ।[३५४]

### पवित्रताको आह्वान

किनभने हामीसँग अनन्त महिमाको आशा छ, हामी पवित्रताको लागि परमेश्वरको आह्वानमा प्रतिक्रिया दिन उत्प्रेरित हुनुपर्छ। लेवी १९:२ उद्धृत गर्दै, पत्रुसले आफ्ना पाठकहरूलाई परमेश्वर पवित्र भएजस्तै पवित्र हुन चुनौती दिन्छन्। यो हाम्रा भाइहरूप्रतिको प्रेम,[३५५] आध्यात्मिक सत्यको तिर्खा,[३५६] र शुद्ध जीवन शैलीमा देखिनेछ।[३५७]

सताइएका विश्वासीहरूलाई सम्बोधन गरिएको पत्रमा अचम्मलाग्दो जोड भनेको अख्तियारको अधीनमा बस्ने पत्रुसको शिक्षा हो। दुःखकष्टले ख्रीष्टियानहरूलाई सबै पार्थिव अख्तियारलाई अस्वीकार गर्ने प्रलोभनमा पार्न सक्छ भनी थाह पाएर, पत्रुसले लेखे कि पवित्र मानिसहरूले "प्रभुको खातिर मानिसको हरेक करारमा आफूलाई समर्पण गर्नुपर्छ।" यो समर्पण ख्रीष्टको खातिर हो, जसले आफूलाई पार्थिव शासकहरूसमक्ष पेश गर्नुभयो। विश्वासीहरूले राजनीतिक अधिकारीहरूका साथै उचित

---

३५२ १ पत्रुस १:२, ४

३५३ १ पत्रुस १:५

३५४ १ पत्रुस १:८

३५५ १ पत्रुस १:२२

३५६ १ पत्रुस २:२

३५७ १ पत्रुस २:११

पारिवारिक अधिकारलाई समर्पण गर्नुपर्छ ।[३५८] यदि हामीले दुःख भोग्यौं भने, हामीले ख्रीष्टियानको रूपमा दुःख भोग्नुपर्छ, गलत काम गरेको कारणले होइन ।[३५९]

### महिमाको मार्गमा दुःख

पुरानो करारका अगमवक्ताहरूले भविष्यवाणी गरेका थिए कि ख्रीष्टले उहाँकोपछि लाग्ने महिमा प्राप्त गर्नु अघि दुःख भोग्नुहुनेछ ।[३६०] ख्रीष्टले हाम्रो लागि शरीरमा दुःख भोग्नुभएको छ,[३६१] र हामीले पनि दुःखको अपेक्षा गर्नुपर्छ । जसरी ख्रीष्टलाई महिमाको लागि उच्च पारियो, त्यसरी नै हामीले पनि परमेश्वरका सन्तानहरूलाई प्रतिज्ञा गरिएको महिमा प्राप्त गर्नेछौं । पत्रुस आफैले ख्रीष्टको पीडा देखेका थिए र "प्रकट हुने महिमा" को प्रतिज्ञा पाएका थिए ।[३६२] त्यो प्रतिज्ञाले हरेक दुखित विश्वासीलाई प्रोत्साहन दिन्छ ।

**"...हामीलाई मार्नुहोस्, हामीलाई यातना दिनुहोस्, हामीलाई दोषी ठहराउनुहोस्, हामीलाई माटोमा मिलाउनुहोस्; अन्याय नै हामी निर्दोष हौं भन्ने प्रमाण हो । त्यसकारण परमेश्वरले हामीलाई यसरी कष्ट भोग्न अनुमति दिनुहुन्छ... जति पटक हामी तपाईंबाट टाडिन्छौं, त्यति नै संख्यामा हामी बढ्छौं; ख्रीष्टियानहरूको रगत मण्डलीको बीउ हो ।"**

**टर्टुलियन (१९७ ईस्वी संवत्)**

## २ पत्रुसका विषयवस्तुहरू

### ईश्वरभक्तिमा वृद्धि

आफ्नो दोस्रो पत्रमा, पत्रुसले ख्रीष्टियानहरूलाई ईश्वरभक्तिमा निरन्तर वृद्धि गर्न चुनौती दिन्छन् । ईश्वरीय प्रकृतिको सहभागीको रूपमा, "सबै लगन दिएर, आफ्नो विश्वास र ज्ञानको लागि; र ज्ञान संयम; र सहनशीलतापूर्वक धैर्य गर्न; र ईश्वरीय धैर्य गर्न; र ईश्वरीय भ्रातृ दया को लागी; र भाइबहिनीमाझ दया परोपकार को लागि सद्गुण थप्नुहोस् ।"[३६३]

### झूटा शिक्षण विरुद्ध चेतावनी

सतावट (१ पत्रुसको प्राथमिक चेतावनी) मण्डली बाहिरबाट आउँछ; झूटो शिक्षा (२ पत्रुसको प्राथमिक चेतावनी) अक्सर मण्डली भित्रबाट उत्पन्न हुन्छ । पत्रुसले मण्डलीमा घुसपैठ गर्ने झूटा अगमवक्ताहरूको शिक्षालाई उजागर गर्दछ । तिनीहरूको शिक्षाको खतरा तिनीहरूको अधर्मी चरित्रमा देख्न सकिन्छ, २ पत्रुस २:१०-१६ मा संक्षेप गरिएको छ । वर्णन एक उखान संग समाप्त हुन्छ, "कुकुर फेरि आफ्नै बान्तामा फर्कन्छ; र हिलोमा डुबेको उनको लागि धोएको बीउ ।"[३६४]

---

३५८ १ पत्रुस २:१३-३:७

३५९ १ पत्रुस ३:१७, ४:१२-१९

३६० १ पत्रुस १:११

३६१ १ पत्रुस ४:१

३६२ १ पत्रुस ५:१

३६३ २ पत्रुस १:४-७

३६४ २ पत्रुस २:२२

### प्रभुको पुन:आगमनको प्रकाशमा विश्वासयोग्यता

शंकालुहरूले प्रभुको पुनरागमनलाई प्रश्न गरेर ख्रीष्टियानहरूलाई निरुत्साहित गर्ने प्रयास गरिरहेका थिए। तिनीहरूले सृष्टिको सुरुदेखि नै सबै चीजहरू यसैगरी चलिरहने कुरामा जोड दिए।[३६५] पत्रुसले प्रतिक्रिया दिन्छ कि ख्रीष्टको फिर्ताको ढिलाइ परमेश्वरको धैर्य कृपाको कारण हो। परमेश्वर चाहनु हुन्न कि कोही पनि नाश होस्, तर सबैले पश्चात्ताप गरून्।[३६६] उहाँको विलम्बले पश्चात्तापको अवसर दिन्छ। यद्यपि, यो विलम्बले हामीलाई ख्रीष्टको पुनरागमनको निश्चिततामा शंका गर्न लैजानु हुँदैन। "परमप्*रभुको दिन रातमा* चोर झैं आउनेछ।"[३६७] उहाँको निश्चित पुनरागमनको प्रकाशमा, हामीले पवित्र मानिसहरूको रूपमा बाँच्नुपर्दछ; हामी शान्तिमा, निष्कलंक र दोषरहित हुनुपर्दछ; र, हामीले अनुग्रहमा, र हाम्रा प्रभु र मुक्तिदाता येशु ख्रीष्टको ज्ञानमा वृद्धि गरिरहनुपर्छ।[३६८]

**१ र २ पत्रुसको तुलना**[३६९]

| १ पत्रुस | २ पत्रुस |
|---|---|
| बाह्य खतरा: सतावट | आन्तरिक खतरा: झूटा शिक्षकहरू |
| ख्रीष्टको पीडा | प्रभुको महिमा |
| सान्त्वना र प्रोत्साहन | चेतावनी |
| परीक्षाहरूको सामना गर्दा हामीसँग आशा छ। | त्रुटिको सामना गर्दा हामीसँग ज्ञान छ। |

## यूहन्नाका पत्रहरू: परमेश्वरसँग सङ्गति

### लेखक र मिति

प्रारम्भिक मण्डलीका पिताहरू जस्तै इरेनेयस र अलेक्जान्ड्रियाको क्लेमेन्ट सबैले यी पुस्तकहरूको लेखकको रूपमा प्रेरित यूहन्नालाई उल्लेख गर्छन्। पत्रुस जस्तै, यूहन्ना एक माछा मार्ने व्यक्ति थिए र येशुको भित्री समूह मध्ये एक भए। उनी येशुको परीक्षामा उपस्थित थिए र क्रूसमा टाँगिएको बेला मरियमसँग थिए। पत्रुससँगै, यूहन्ना पनि खाली चिहानका पहिलो साक्षीहरू मध्ये एक थिए। आफ्नो सुसमाचारमा, यूहन्नाले आफूलाई "अर्को चेला" र "येशुले माया गर्नुहुने" चेला भनेर सम्बोधन गर्दछ।

युसेबियसका अनुसार, यूहन्ना र अन्य ख्रीष्टियानहरू ईश्वी संवत् ७० मा रोमद्वारा शहर ध्वस्त हुनुभन्दा केही समय अघि यरूशलेमबाट भागेका थिए र ख्रीष्टियानहरू पेरिया को पेला शहरमा (जोर्डन नदीको पूर्वपट्टि) भागे। यूहन्नाले पछि एफिससमा सेवा गरे। यूहन्नाका तीनवटा पत्रहरू सायद पहिलो शताब्दीको अन्तिम भागमा एफिससबाट लेखिएका हुन्।

---

३६५ २ पत्रुस ३:४

३६६ २ पत्रुस ३:९

३६७ २ पत्रुस ३:१०

३६८ २ पत्रुस ३:११, १४, १८

३६९ मेरिल एफ. उङ्गरबाट रूपान्तरित। *उङ्गरको बाइबल हातेपुस्तिका* (शिकागो, आईएल: मूडी प्रेस, १९६६)

### पाठक

१ यूहन्नाले कुनै खास श्रोताको पहिचान गर्दैनन् । यूहन्नाले आफ्ना पाठकहरूलाई “मेरा साना छोराछोरीहरू” र “भाइहरू” सम्बोधन गर्छन् । यसले उहाँसँग घनिष्ठ सम्बन्ध भएका सँगी विश्वासीहरूलाई सम्बोधन गर्दै हुनुहुन्छ भनी संकेत गर्छ ।

२ यूहन्ना लाई सम्बोधन गरिएको छ “चुनिएको महिला र तिनका छोराछोरी, जसलाई म सत्यमा माया गर्छु ।”[३७०] यस वाक्यांशको दुई सम्भावित व्याख्याहरू छन्:

- उनी एक अज्ञात महिला हुन सक्छिन् जसले मण्डलीलाई उनको घरमा भेला हुन अनुमति दिईन् ।
- “चुनिएकी स्त्री” ले यूहन्नालाई थाहा भएको स्थानीय मण्डलीलाई जनाउन सक्छ; “उनका छोराछोरी” ले त्यो मण्डलीका सदस्यहरूलाई जनाउँछ ।

३ यूहन्ना मा गायसलाई सम्बोधन गरिएको छ, जो तिनै यूहन्ना जस्तै हुन ।

## १ यूहन्नाको उद्देश्य र सामग्री

तीन अक्षरहरू मध्ये पहिलो सबैभन्दा लामो छ । परम्परागत अभिवादनको सट्टा, यूहन्नाले आफ्नो पत्रको अधिकारलाई समर्थन गर्ने कथनबाट सुरु गर्छन् । उनले अफवाह वा बनाइएको कथाहरूको बारेमा होइन, तर चीजहरूको बारेमा लेखेका छन् “जसलाई हामीले सुनेका छौं, जुन हामीले हाम्रो आँखाले देखेका छौं, जुन हामीले हेरेका छौं, र हाम्रा हातहरू सम्हालेका छौं ।”[३७१] १ यूहन्ना ख्रीष्टको जीवनको वास्तविक सत्यतामा जोड दिने यूहन्नाको सुसमाचारसँग मिल्दोजुल्दो छ ।

### परमेश्वरसँगको सङ्गतिको लागि सर्तहरू

यूहन्नाले पत्रको सुरुमा लेख्नको लागि आफ्नो उद्देश्य बताउँछन्; “यी कुराहरू हामी तिमीहरूलाई लेख्छौं, ताकि तिमीहरूको आनन्द पूर्ण होस् ।”[३७२] यो आनन्द पिता र उहाँको पुत्र येशु ख्रीष्टसँगको सङ्गतिबाट आएको हो ।[३७३] परमेश्वरसँगको हाम्रो सङ्गतिको बारेमा लेख्दै, यूहन्नाले *जान्नुहोस्* शब्द प्रयोग गर्नुहुन्छ । ईश्वरलाई चिन्नु मानसिक ज्ञान भन्दा बढी हो; यो एक अनुभवात्मक सम्बन्ध हो । यूहन्नाले परमेश्वरसँगको सङ्गति कायम राख्नका लागि सर्तहरू बताउँछन्:

- हामी उज्यालोमा हिड्‌नै पर्छ (१ यूहन्ना १:६-७) ।
- हामी पापमा हिड्‌नु हुँदैन (१ यूहन्ना २:१-२) ।

---

३७० २ यूहन्ना १:१

३७१ १ यूहन्ना १:१

३७२ १ यूहन्ना १:४

३७३ १ यूहन्ना १:३

## पाप र परमेश्वरसँगको सङ्गति

पापको बारेमा यूहन्नाको शिक्षामा दुई महत्त्वपूर्ण सत्यहरू समावेश छन्:[३७४]

- **परमेश्वरले विजयी जीवनको लागि शक्ति प्रदान गर्नुहुन्छ।** "तिमीहरूले पाप नगर्नू भनी म तिमीहरूलाई यी कुराहरू लेख्दैछु।" यदि हामीले परमेश्वरसँगको सङ्गति कायम राख्छौं भने, हामीले पापसँग सङ्गति कायम राख्दैनौं (१ यूहन्ना १:६–१ यूहन्ना २:५; १ यूहन्ना ३:६-९)। परमेश्वरका छोराछोरीहरूको रूपमा, हामी जानाजानी पाप गरिरहने छैनौं। हामी पापसँग हिँड्न र एकै समयमा परमेश्वरसँग हिंड्न सक्दैनौं।

- **परमेश्वरले विश्वासबाट पछि हट्नेलाई अनुग्रह प्रदान गर्नुहुन्छ।** "यदि कुनै मानिसले पाप गर्छ भने, हामीसँग पितासँग एक वकिल छ, धर्मी येशु ख्रीष्ट।" यद्यपि परमेश्वरले निरन्तर विजयको जीवन चाहानुहुन्छ, उहाँले लडे पछि पश्चात्ताप गर्नेको लागि अनुग्रहको प्रतिज्ञा गर्नुहुन्छ (१ यूहन्ना १:९; १ यूहन्ना २:१-२)।

## परमेश्वरसँगको प्रेम र सङ्गति

### परमेश्वरको लागि प्रेम

पापमाथि निरन्तर विजय हासिल गर्नु व्यक्तिगत अनुशासन वा आत्म-नियन्त्रणमा मात्र आधारित हुँदैन। यो परमेश्वरप्रतिको प्रेममा आधारित छ। ख्रीष्टियान जीवनको नियन्त्रक सिद्धान्त परमेश्वरको लागि प्रेम हो।[३७५] यो परमेश्वरको लागि प्रेम मार्फत हो कि हामीले उहाँका आज्ञाहरू पालन गर्छौं। यदि हामीले परमेश्वरलाई प्रेम गर्छौं भने, हामी "संसारलाई प्रेम गर्दैनौं, न त संसारमा भएका कुराहरूलाई।"[३७६]

### अन्य ख्रीष्टियनहरूको लागि प्रेम

आफ्नो भाइलाई प्रेम नगर्ने मानिस परमेश्वरको होइन। यदि हामीले परमेश्वरलाई प्रेम गर्छौं भने, हामी परमेश्वरका सन्तानहरूलाई प्रेम गर्नेछौं।[३७७] हामी मृत्युबाट जीवनमा सरेका छौं भन्ने कुराको प्रमाण हाम्रा ख्रीष्टियान भाइहरूप्रतिको हाम्रो प्रेम हो। यो प्रेम खोक्रो शब्दहरू भन्दा धेरै छ; यो हाम्रो कार्यहरूमा देखिन्छ।[३७८]

### परमेश्वरका सन्तानहरूको आश्वासन

उनका पाठकहरूले "उनीहरूसँग अनन्त जीवन छ भनी थाह पाउन र उनीहरूले परमेश्वरको पुत्रको नाउँमा विश्वास गर्न सकून" भनी यूहन्नाले यसरी लेखे।[३७९] निरन्तर आश्वासनको लागि निरन्तर आज्ञाकारिता चाहिन्छ। यदि हामीले यी विशेषताहरू देखाउँछौं भने हामी परमेश्वरका सन्तान हौं भनी जान्दछौं:

---

३७४ १ यूहन्ना २:१

३७५ थप जानकारीको लागि, ए. फिलिप ब्राउन, २ हेर्नुहोस्। *प्रेमिलो परमेश्वर: ख्रीष्टियान जीवनको प्राथमिक सिद्धान्त*। (सिनसिनाटी: रिभाइभलिस्ट प्रेस, २००५)।

३७६ १ यूहन्ना २:५, १५

३७७ १ यूहन्ना ३:१०-११, ४:२०-२१

३७८ १ यूहन्ना ३:१४-१८

३७९ १ यूहन्ना ५:१३

१. **सत्यको आज्ञाकारिता ( १ यूहन्ना १:६-७) । आश्वासनको यो पक्षले यूहन्ना ८:३१; मा उद्धृत येशुका शब्दहरूसँग समानता दिन्छ; "यदि तिमीहरू मेरो वचनमा रह्यौ भने,** तिमीहरू साँच्चै मेरा चेलाहरू हौ ।" येशुका चेलाहरूको रूपमा हाम्रो आश्वासन उहाँको वचनमा निरन्तर ध्यान र आज्ञाकारितामा आधारित छ ।

२. **कुनै जानाजानी पाप छैन (१ यूहन्ना ३:८-१०) । यदि हामी परमेश्वरको विरुद्धमा जानाजानी विद्रोह गरिरह्यौं भने हामी परमेश्वरसँग सङ्गति गर्न सक्दैनौं,** यदि हामी त्यस्ता विद्रोहमा जारी रह्यौं भने हामीसँग स्पष्ट रूपमा कुनै आश्वासन छैन ।

३. **अन्य ख्रीष्टियानहरूका लागि प्रेम (१ यूहन्ना ३:१४-१९) । येशुले आफ्ना चेलाहरूलाई भन्नुभयो,** "यदि तिमीहरूले एकअर्कालाई प्रेम गर्छौ भने, यसैबाट सबै मानिसहरूले तिमीहरू मेरा चेलाहरू हौ भनी जान्नेछन् ।"[३८०] यूहन्नाले आफ्नो पत्रमा यो जोड दोहोर्याए; "हामीलाई थाहा छ कि हामी मृत्युबाट जीवनमा गएका छौं, किनकि हामी भाइहरूलाई प्रेम गर्छौं ।"[३८१]

## २ यूहन्नाको उद्देश्य र विषयवस्तु

२ यूहन्ना को सन्देश १ यूहन्नासँग समानान्तर छ। परमेश्वरसँगको सङ्गतिमा परमेश्वरको प्रेममा बाँच्नु र परमेश्वरको सत्यतामा हिंड्नु समावेश छ । २ यूहन्ना मा दिइएको प्रेम कुनै नयाँ आज्ञा होइन; यो सुरु देखि सिकाइएको थियो ।[३८२]

२ यूहन्ना मा आज्ञा गरिएको प्रेम एक विवेकी प्रेम हो जसले सत्यलाई धारण गर्दछ। विवेक महत्त्वपूर्ण छ किनभने त्यहाँ धेरै छलीहरू छन् जसले ख्रीष्टलाई स्वीकार गर्दैनन् । यूहन्नाले चुनिएको स्त्री अर्थात मण्डलीलाई येशु ख्रीष्ट शरीरमा आउनु भएको सत्यलाई पक्रन चेतावनी दिन्छ।[३८३] परमेश्वरसँगको सङ्गतिको लागि हामीले झूटा शिक्षालाई अस्वीकार गर्नु आवश्यक छ।[३८४]

## ३ यूहन्ना को उद्देश्य र विषयवस्तुहरू

३ यूहन्ना ख्रीष्टियान आतिथ्यताको बारेमा एउटा व्यक्तिगत पत्र हो । ख्रीष्टियान आतिथ्यता अरू मानिसहरूलाई देखाउने मित्रता भन्दा बढी हो; यो मण्डलीको एकताको अभिव्यक्ति हो । २ यूहन्ना ले झूटा सिद्धान्त सिकाउनेहरूलाई स्वागत नगर्ने चेतावनी दिए । ३ यूहन्ना साँचो सिद्धान्त सिकाउनेहरूलाई अस्वीकार नगर्न चेतावनी दिन्छन् ।

गायसले ख्रीष्टियन आतिथ्यमा यात्रा गर्ने प्रचारकहरूलाई स्वागत गर्छन् र तिनीहरूलाई "सत्यमा सह-सहायकहरू" को रूपमा व्यवहार गर्छन् ।[३८५] यसको विपरीत, डियोत्रिफस यी भाइहरूलाई स्वीकार गर्न अस्वीकार गर्दछ। डियोत्रिफस आफ्नो लागि पद खोज्छन्, यूहन्ना को प्रेरितिय अधिकार अस्वीकार गर्छन्, र उनलाई चुनौती दिने साँचो ख्रीष्टियानलाई निष्कासित गर्छन् ।[३८६]

३ यूहन्ना डियोट्रेफसको व्यवहारलाई डेमेट्रियसले देखाएको ख्रीष्टियान प्रेमसँग भिन्नता दिन्छ। यो छोटो पत्रले १ यूहन्नामा आज्ञा गरिएको ख्रीष्टियान प्रेमको व्यावहारिक प्रयोग र २ यूहन्नामा आज्ञा गरिएको सत्यको खोजीमा मण्डलीको एकता देखाउँछ ।

---

३८० यूहन्ना १३:३५

३८१ १ यूहन्ना ३:१४

३८२ २ यूहन्ना १:५-६

३८३ २ यूहन्ना १:७-८

३८४ २ यूहन्ना १:१०-११

३८५ ३ यूहन्ना १:५-८

३८६ ३ यूहन्ना १:९-१०

## यहूदा: झूटा शिक्षकहरू विरुद्ध चेतावनी

### लेखक र मिति

यहूदा येशुका सौतेलो भाइ थिए। आफ्नो भाइ याकूब जस्तै, यहूदा ले पुनरुत्थान पछिसम्म येशुमा विश्वास गरेनन्।[३८७] आफ्नो पत्रमा, यहूदा ले आफूलाई "येशु ख्रीष्टको सेवक र याकूबको भाइ" भनेर चिनाउँछ।[३८८]

यहूदा को पत्रको मितिको सम्बन्धमा एउटै प्रमाण २ पत्रुससँग मिल्दोजुल्दो छ। पत्रहरूले समान समस्याहरूलाई सम्बोधन गर्ने तथ्यको कारणले यहूदाको पत्र पनि २ पत्रुसको पत्र लेखिएको समय अर्थात, प्रारम्भिक देखि मध्य ६० को दशकमा लेखिएको हुन सक्छ।

### पाठक

यहूदा मा उनीहरुलाई सम्बोधन गरिएको छ "उनीहरूलाई जो पिता परमेश्वरद्वारा पवित्र पारिएका छन्, र येशु ख्रीष्टमा संरक्षित छन्, र बोलाइएका छन्।"[३८९] यहूदी विषयवस्तुहरूको सन्दर्भले यो पुस्तक यहूदी ख्रीष्टियानहरूलाई सम्बोधन गरिएको हो भन्ने सुझाव दिन्छ।

### उद्देश्य र विषयवस्तु

यहूदा ले हाम्रो मुक्तिको विषयवस्तुमा सैद्धान्तिक पत्र लेख्ने आशा राखेको देखाउँछ।[३९०] यद्यपि, झूटा शिक्षकहरूले मण्डलीमा घुसपैठ गरिरहेको हुनाले, पवित्र आत्माले यहूदालाई सँगी विश्वासीहरूलाई झूटा शिक्षा विरुद्ध चेतावनी दिन प्रेरित गर्नुभयो।

यहूदाको सन्देशमा समावेश छ:

- झूटा शिक्षकहरू र तिनीहरूको सन्देश विरुद्ध चेतावनी
- यी शिक्षकहरूमा आउने न्यायको विवरण
- लगनशीलताको लागि आह्वान
- "तपाईंलाई पतन हुनबाट जोगाउन, र आफ्नो महिमाको उपस्थितिको सामु निर्दोष प्रस्तुत गर्न सक्नुहुनेलाई अति आनन्दको साथ" प्रशंसा।[३९१]

## आजका मण्डलीमा सामान्य पत्रहरू

सामान्य पत्रहरू, विशेष गरी १ पत्रुसले हामीलाई **कष्ट-भोगाइमा विश्वासयोग्य** हुन प्रोत्साहन दिन्छ। पत्रुसले आफ्ना पाठकहरूलाई आज आफैलाई नम्र हुन चुनौती दिए, ताकि "उहाँले तपाईंलाई ठीक समयमा उचाल्न सकून्।"[३९२] ख्रीष्टियान

---

३८७ मत्ती १३:५५; मर्कूस ६:३; यूहन्ना ७:३-५; १ कोरिन्थी १५:७

३८८ यहूदा १:१

३८९ यहूदा १:१

३९० यहूदा १:३

३९१ यहूदा १:२४

३९२ १ पत्रुस ५:६

जीवनमा दुःख सामान्य छ, तर पीडा महिमामा समाप्त हुनेछ। यो प्रतिज्ञाले प्रथम शताब्दीका ख्रीष्टियानहरूलाई प्रोत्साहन दियो र एक्काइसौं शताब्दीका ख्रीष्टियानहरूलाई प्रोत्साहित गर्नुपर्छ।

यी प्रत्येक पुस्तकले **व्यावहारिक ख्रीष्टियन जीवन** लाई प्रोत्साहन दिन्छ। अख्तियारको अधीनमा बस्न पत्रुसको आह्वान होस् या, १ यूहन्नाले हाम्रा भाइहरूलाई दिने प्रेमको सन्देश, २ यूहन्नाले दिने सत्यताको जानकारी, ३ यूहन्नाले दिने ख्रीष्टियान आतिथ्यको लागि आह्वान, वा झूटा शिक्षक विरुद्ध यहूदाको चेतावनी, सामान्य पत्रहरूले सिकाउँछन् कि सत्यता मनको ज्ञान भन्दा धेरै बढी छ।। हामीलाई हाम्रो दैनिक जीवनमा बाइबलीय सत्यलाई जिउँन बोलाइएको छ।

## निष्कर्ष

पहिलो शताब्दीमा, धेरै ख्रीष्टियानहरू (अधिकांश प्रेरितहरू सहित) आफ्नो विश्वासको लागि मरे। दोस्रो शताब्दीमा, सम्राटलाई धूप बाल्न अस्वीकार गरेकोमा पोलीकार्पको हत्या गरियो। चौथो शताब्दीमा, सम्राटलाई गवाही दिएपछि अलेक्जान्ड्रियाको क्याथरिनको शिर काटियो।

१४ शताब्दीमा, जोन विक्लिफको शरीर जलाइएको थियो किनभने उनले बाइबललाई अंग्रेजीमा अनुवाद गरेका थिए। १५ शताब्दीमा, जोन हसलाई रोमन क्याथोलिक विश्वासका सिद्धान्तहरूलाई अस्वीकार गरेकोमा खम्बामा जलाइयो। १६ शताब्दीमा, छब्बीस ख्रीष्टियानहरूलाई नागासाकी, जापानमा क्रुसमा टाँगिएको थियो सतावटको समयमा मण्डलीलाई भूमिगत बनायो।

२० शताब्दीमा, चीन, सोभियत संघ र अन्य अधिनायकवादी देशहरूमा हजारौं ख्रीष्टियानहरू शहीदको रूपमा मरे। २१ शताब्दीमा, इस्लामिक देशहरूमा ख्रीष्टियानहरूले सतावट र मृत्युको दैनिक धम्कीहरू सामना गर्छन्।

हरेक पुस्तामा, ख्रीष्टियानहरू आफ्नो विश्वासको लागि मरेका छन्। तर मण्डलीको लागि, यो निराशाको कारण होइन। पत्रुसले सताइएका विश्वासीहरूलाई सम्झाउँछन् कि "सबै अनुग्रहका परमेश्वर, जसले हामीलाई ख्रीष्ट येशुद्वारा उहाँको अनन्त महिमाको लागि बोलाउनुभएको छ, तिमीहरूले केही समयको कष्ट भोगिसकेपछि, तिमीहरूलाई सिद्ध, स्थिर, बलियो बनाउन, व्यवस्थित गर्नुहुनेछ।"[३९३] मण्डली विजयी छ! यो सामान्य पत्रहरूको प्रतिज्ञा हो।

---

३९३ १ पत्रुस ५:१०

## पाठ ११ को गर्नुपर्ने कार्यहरू

निम्न लिखित गर्नुपर्ने कार्यहरूसँगै यस पाठको तपाईंको बुझाइलाई प्रस्तुत गर्नुहोस्:

१. निम्न शीर्षकहरू मध्ये **एउटा** मा उपदेश वा बाइबल पाठ तयार गर्नुहोस्। तपाइ यसलाई ५-६ पृष्ठको पुस्तकको रूपमा लेख्न सक्नुहुन्छ वा उपदेश वा बाइबल पाठ रेकर्ड वा अभिलेख गर्न सक्नुहुन्छ।

- "ख्रीष्टियान जीवनमा दुःख भोग्नु।" १पत्रुसमा सिकाइएका सिद्धान्तहरू प्रयोग गर्नुहोस् र त्यसपछि मण्डलीको इतिहास, विशेष गरी तपाईंको देशको मण्डलीको इतिहासबाट उदाहरणहरूद्वारा चित्रण गर्नुहोस्।
- "परमेश्वरसँग सङ्गति।" १ यूहन्नाबाट लिइएको परमेश्वरसँगको सङ्गतिको लागि मापदण्डहरू समावेश गर्नुहोस्।

२. अर्को पाठको सुरुमा, यस पाठको आधारमा जाँच लिनुहोस्। तयारी गर्दा जाँचमा सोधिने प्रश्नहरूलाई राम्रोसँग अध्ययन गर्नुहोस्।

## पाठ ११को जाँच

१. पत्रुसको अभिवादनमा "बेबिलोन" को सम्भावित अर्थ के हो?

२. १ पत्रुसको मण्डलीले सामना गरेको मुख्य खतरा के हो?

३. २ पत्रुसको मण्डलीले सामना गरेको मुख्य खतरा के हो?

४. २ यूहन्नाको "चुनिएको महिला र तिनका छोराछोरीहरू" वाक्यांशको दुई सम्भावित व्याख्याहरू के हुन्?

५. पापको बारेमा १ यूहन्नाको शिक्षामा कुन दुई सत्यताहरू महत्त्वपूर्ण छन्?

६. १ यूहन्ना अनुसार, परमेश्वरको कुनै पनि सन्तानमा कुन तीनवटा विशेषताहरू देखिनेछन्?

७. ३ यूहन्नाको मुख्य उद्देश्य के थियो?

८. यहूदा र येशु बीचको सम्बन्ध कस्तो थियो?

९. तपाईंले कण्ठ गर्नुभएकोबाट १ पत्रुस १:६-७, १ यूहन्ना १:६-७, र यहूदा १:२४-२५ लेख्नुहोस्।

# पाठ १२

# प्रकाश

## पाठका उद्देश्यहरू

१. प्रकाशको लेखक, मिति, र ऐतिहासिक परिवेश बारे जान्नुहोस्।

२. प्रकाशमा महत्त्वपूर्ण विषयवस्तुहरू पहिचान गर्नुहोस्।

३. प्रकाशको व्याख्या गर्न प्रयोग गरिएका मुख्य सिद्धान्तहरू तुलना गर्नुहोस्।

४. आजको संसारको खाँचोहरू सँग प्रकाशको पुस्तकको सन्देशलाई जोड्नुहोस्।

## यो पाठको तयारी

*प्रकाश पढ्नुहोस्। तपाईंले गर्नु अघि, यो पाठको अन्त्यबाट तपाईंले दुईवटा लेखन कार्यहरूमध्ये कुन काम गर्न चाहनुहुन्छ छनौट गर्नुहोस्।*

*प्रकाश ३:२०-२१ कण्ठ गर्नुहोस्।*

## परिचय

प्रथम शताब्दीका ख्रीष्टियानहरूले दुई प्रतिस्पर्धी सत्यताको दाबीहरूको सामना गरे। एकातिर, येशु ख्रीष्ट प्रभु हुनुहुन्छ भनी उनीहरूलाई थाहा थियो।[३९४] ख्रीष्टियान येशु ख्रीष्टको अख्तियार र प्रभुत्वमा प्रतिबद्ध छ। अर्कोतर्फ, रोम साम्राज्यको अख्तियार अन्तर्गतका सबैलाई सिजर *डोमिनस एट डेस नोस्टर* (हाम्रो प्रभु र देवता) हो भनी गवाही दिन आवश्यक थियो।

जबसम्म सम्राटलाई अन्तिम अधिकारको रूपमा मान्यता दिइयो तबसम्म रोमले धेरै विश्वासहरूलाई सहने गर्दथ्यो। धेरै इतिहासकारहरूले तर्क गर्छन् कि रोमले ख्रीष्टियानहरूलाई ख्रीष्टियन भएको कारण सताएन। ख्रीष्टियानहरूले येशुको उपासना गर्न सक्थे जबसम्म उनीहरूले सम्राटप्रति अन्तिम निष्ठाको शपथ खाए। यद्यपि, एक साँचो ख्रीष्टियानले सम्राटलाई अन्तिम अधिकारको रूपमा कहिल्यै चिन्न सक्दैन।

---

३९४ फिलिप्पी २:११

पोलिकार्पले विश्वासका लागि प्राण त्याग गर्दा एक प्रत्यक्षदर्शीका अनुसार, न्यायीक अधिकारीले प्रस्ताव गरे कि यदि उसले सीजरलाई ईश्वरीय रूपमा चिन्न स्वीकार गर्छ भने वृद्ध सन्तलाई रिहा गर्नेछ । उसले पोलीकार्पलाई सोध्यो, "कैसर प्रभु हो भन्नु र धूप चढाउनुमा के हानि छ?"[३९५] पोलीकार्पलाई थाहा थियो कि ख्रीष्टियानका लागि त्यहाँ एक मात्र प्रभु हुनुहुन्छ । ख्रीष्टियानले कुनै पनि मानिसलाई अन्तिम निष्ठा दिन सक्दैन ।

यो रोम र प्रारम्भिक मण्डली बीचको द्वन्द्वको मूल थियो । यस विवादबाट, प्रकाशको पुस्तकले प्रारम्भिक ख्रीष्टियानहरूलाई भन्यो, "येशु प्रभु हुनुहुन्छ ।" उहाँको अधिकारलाई नचिनेको संसारमा पनि येशु नै प्रभु हुनुहुन्छ । प्रकाशको पुस्तकले पावलका शब्दहरूको नाटकीय चित्र दिन्छ:

> यसकारण परमेश्वरले पनि उहाँलाई अति उच्च बनाउनुभएको छ, र उहाँलाई एउटा नाउँ दिनुभएको छ जुन हरेक नामभन्दा माथि छ: कि येशुको नाममा हरेक घुँडा टेक्नु पर्छ, स्वर्गका चीजहरू, पृथ्वीमा र पृथ्वी मुनिका चीजहरू । र हरेक जिब्रोले परमेश्वर पिताको महिमाको लागि येशु ख्रीष्ट प्रभु हुनुहुन्छ भनी स्वीकार गर्नुपर्छ ।[३९६]

येशु प्रभु हुनुहुन्छ ।

# प्रकाशको पृष्ठभूमि

## लेखक, मिति, र स्थान

प्रकाशको लेखकले आफूलाई यूहन्नाको रूपमा चिनाउँछन्, "जो तपाईंको भाइ र सङ्कष्टमा साथी पनि हो ।"[३९७] प्रारम्भिक मण्डली परम्पराले यूहन्ना, प्रिय चेलालाई यूहन्नाको सुसमाचार, तीन पत्रहरू, र प्रकाशको लेखकको रूपमा पहिचान गर्यो ।

यो पत्रको मिति पत्ता लगाउनु अझ गाह्रो प्रश्न हो । त्यहाँ दुई सम्भावनाहरू छन्, यूहन्नाको जीवनकाल र प्रारम्भिक मण्डलीको सतावट दुवै उपयुक्त छन् । सम्भावित मिति नेरोको शासनकालको हो, तीव्र सतावटको समय । सम्भावित मिति सम्राट डोमिशियन (ईस्वी संवत् ८१-९६) द्वारा सतावटको समयमा हो । दोस्रो शताब्दीमा, डोमिटियनको शासनकालको अन्त्य भएको समयलाई प्रकाशको पुस्तक लेखिएको समय हो भनी इरेनियसले मिति दिए ।[३९८] अधिकांश इभान्जेलिकलहरूले यसलाई प्रकाशको मितिको रूपमा स्वीकार गर्छन् ।

एजियन सागरको एउटा सानो टापु पाटमोसबाट प्रकाश लेखिएको थियो, जहाँ यूहन्नालाई उनको विश्वासको लागि निर्वासन गरिएको थियो । यूहन्नाको निर्वासनलाई अधिकार दिने व्यक्ति सम्राट हुन सक्छन्, यद्यपि, यूहन्नाले स्पष्ट पार्छन् कि यस अवस्थामा पनि, येशु नै प्रभु हुनुहुन्छ । उहाँ पात्मोसमा हुनुहुन्छ, परमेश्वरको वचनको लागि, र येशू ख्रीष्टको गवाहीको लागि ।[३९९] पत्मोसमा पनि परमेश्वरले नै नियन्त्रण गर्नुहुन्छ ।

---

३९५ *द मार्टर्डम अफ पोलीकार्प*, जे.बी. लाइटफुटद्वारा अंग्रेजीमा अनुवाद गरिएको छ ।

३९६ फिलिप्पी २:९-११

३९७ प्रकाश १:९

३९८ ईरेनियस, *एगेन्स्ट हेरेसिज* ५.३०.३.

३९९ प्रकाश १:९

## उद्देश्य

प्रकाशको पुस्तकले प्रश्नको जवाफ दिन्छ, "प्रभु को हुनुहुन्छ?" प्रकाशको पुस्तक को परिचयमा जवाफ दिइएको छ, "येशु ख्रीष्ट विश्वासयोग्य साक्षी, मरेकाहरूका पुनरूत्थानको ज्येष्ठ, र पृथ्वीमा राजाहरूका शासक।"[४००] सतावट भोगिरहेका ख्रीष्टियानहरूलाई, यूहन्नाले लेख्छन्, "येशु ख्रीष्ट पृथ्वीका राजाहरूमाथि शासक हुनुहुन्छ।" बाहिरी परिस्थिति जस्तोसुकै भए पनि, त्यो परमेश्वरको नियन्त्रणमा छ।

यूहन्नाले यो सत्यलाई तीन तरिकामा प्रस्तुत गर्दछन्:

१. सात मण्डलीहरूलाई सन्देशहरू (प्रकाश २-३)। **येशु उहाँको मण्डलीमाथि प्रभु हुनुहुन्छ**।

२. उहाँको सिंहासनमा परमेश्वरको दर्शनहरू र विजयी थुमाको रूपमा ख्रीष्टको दर्शनहरू प्रकाशको पुस्तकमा उल्लेख गरिएको छ। (प्रकाश ४-५)। **येशु स्वर्गमा प्रभु हुनुहुन्छ**।

३. स्वर्गको परिप्रेक्ष्यबाट इतिहासको दृश्य (प्रकाश ६-२२)। **येशु पृथ्वीका सबै राज्यहरूमाथि प्रभु हुनुहुन्छ**।

# प्रकाशको पुस्तक पढ्दै

## एपोकेलिप्टिक साहित्य

संसारको विनाशको बारे पुस्तकको रूपमा, प्रकाश नयाँ करारका पुस्तकहरू मध्ये अद्वितीय छ। पुरानो करारको उदाहरण दानियलको पुस्तक हो। एपोकेलिप्टिक लेखनले लुकेको सत्यलाई प्रकट गर्दछ वा उजागर गर्दछ। एपोकेलिप्टिक लेखनले मानव इतिहासमा परमेश्वरको उद्देश्यहरू प्रकट गर्दछ।

एपोकेलिप्टिक साहित्यले संवाद गर्न नाटकीय प्रतीक प्रयोग गर्दछ। प्रकाशको पुस्तक ड्रेगन, जनावरहरू, र प्राकृतिक प्रकोपहरू जस्तै भूकम्प र असिनाले भरिएको छ। एपोकेलिप्टिक साहित्य पढ्नमा एउटा कठिनाई यो हो कि प्रतीकहरूले समय र विभिन्न सांस्कृतिक परिवेशहरूमा आफ्नो अर्थ परिवर्तन गर्दछ। उदाहरणका लागि, ड्रेगनलाई पश्चिममा दुष्ट र खतराको प्रतीकको रूपमा प्रयोग गरिन्छ; धेरै पूर्वी संस्कृतिहरूमा, ड्रैगन शक्ति र सफलता को प्रतीक हो। प्रतीकहरूलाई कसरी व्याख्या गरिन्छ भन्ने भिन्नताले पाठकको लागि प्रकाशलाई गाह्रो बनाउन सक्छ।

प्रकाशमा भएका प्रतीकहरूलाई सही रूपमा व्याख्या गर्ने एउटा कुञ्जी भनेको पुरानो करार, विशेष गरी प्रस्थान, भजनसंग्रह, दानियल, इजकिएल, यशैया र जकरियाबाट आएका धेरैजसो प्रतीकहरू हुन् भनेर पहिचान गर्नु हो। प्रकाशको आधा भन्दा बढी पदहरूले पुरानो करारको विषयवस्तु वा छविलाई केही संकेत समावेश गर्दछ। प्रकाश पुस्तकको होशियार पाठकले प्रतीकको अध्ययन गर्दा पुरानो करारलाई पहिले हेर्नेछन्।

एपोकेलिप्टिक साहित्य ऐतिहासिक वा भविष्यसूचक वास्तविकता दर्शन संग चित्रण गर्दछ। प्रकाशको पुस्तकले ६० भन्दा बढी दर्शनहरू समावेश गर्दछ। यी प्रायः समयक्रममा खप्टिएका हुन्छन्, त्यसैले सही कालक्रमिक अनुक्रम सिर्जना गर्न गाह्रो हुन्छ। धेरै दर्शनहरूले एउटै घटनाको वैकल्पिक धारणाहरूको बारेमा प्रस्तुत गर्न वा विस्तारमा व्याख्या गर्न एउटै घटनाको मिल्दा जुल्दा विचारहरू प्रस्तुत गर्न सक्छन्।

---

४०० प्रकाश १:५, *इङलिस स्टयाण्डर्ड भर्सन*

सायद एक पाठकको लागि एपोकेलिप्टिक साहित्यको अध्ययन गर्दा याद गर्नुपर्ने सबैभन्दा महत्वपूर्ण कुरा यसको विवरणहरूद्वारा अचम्मित नभई प्रमुख विषयवस्तुहरूमा ध्यान केन्द्रित गर्नु हो। प्रकाशमा, भएका ठूला विषयहरू येशुको प्रभुत्व, परमेश्वरको सार्वभौमिकता, र मण्डलीको अन्तिम विजय हुन्। यी विषयवस्तुहरूले पुस्तकमा भएका धेरै विरोधाभासी कथनहरूलाई एकताबद्ध गर्दछ।

## व्याख्याको सिद्धान्तहरू

किनभने प्रकाशको पुस्तक बाइबलीय साहित्यको यस्तो असामान्य शैली हो, यसले व्याख्याको लागि धेरै फरक दृष्टिकोणहरूलाई जन्म दिएको छ। यस पुस्तकमा चार प्राथमिक दृष्टिकोणहरू छन्। यी प्रत्येक भित्र, फरक-फरक दृष्टिकोणहरू छन्। प्रकाशको परिचयको लागि, यी चार दृष्टिकोणहरूको सर्वेक्षण पर्याप्त हुनेछ। अध्यायको अन्त्यमा रहेको ग्रन्थ सूचीले थप अध्ययनको लागि स्रोतहरू प्रदान गर्दछ।

### पत्रुसवादी दृष्टिकोण

पत्रुसवादी दृष्टिकोण भएका मानिसहरूले प्रकाशको पुस्तक पहिलो शताब्दीको अन्त्यमा भएका घटनाहरू हुन् भनी विश्वास गर्छन्। यस दृष्टिकोणमा, प्रकाशमा भएका घटनाहरू यूहन्नाको जीवनकालमा वा त्यसको लगत्तै पछि घटेका थिए। यसले प्रकाशलाई मण्डली र रोमी साम्राज्यबीचको द्वन्द्वको चित्रको रूपमा हेर्छ। यो द्वन्द्व ख्रीष्टको राज्यको विजय संग समाप्त भयो जब मण्डली संसारभर फैलियो। यस दृष्टिकोण अनुसार, प्रकाशमा गरिएका भविष्यवाणीहरू प्रथम शताब्दीमा पूरा भएका थिए।

### ऐतिहासिकवादी दृष्टिकोण

ऐतिहासिकवादीहरूले प्रकाशलाई प्रारम्भिक मण्डलीको समयदेखि ख्रीष्टको पुनरागमनमा नयाँ स्वर्ग र नयाँ पृथ्वीको स्थापनासम्मको मण्डली इतिहासको प्रतीकात्मक चित्रको रूपमा पढ्छन्। यस दृष्टिकोणमा, प्रकाश १-३ ले यूहन्नाको समयमा भएका मण्डलीहरूसँग बोल्छ। प्रकाश ४-१९ ले इतिहास भरि खडा भएका मण्डलीहरूको कालानुक्रमिक चित्र दिन्छ। प्रकाश २०-२२ ले भविष्यमा हुने ख्रीष्टको अगमनलाई चित्रण गर्छ। यस दृष्टिकोण अनुसार, प्रकाश २०-२२ मा भएका भविष्यवाणीहरू मात्र पूरा हुन बाँकी छन्।

### आदर्शवादी दृष्टिकोण

आदर्शवादीहरू ऐतिहासिकवादीहरूसँग सहमत छन् कि प्रकाशले असल (ख्रीष्ट र मण्डली) र खराब (शैतान र उसका अनुयायीहरू) बीचको द्वन्द्वको चित्र दिन्छ। यद्यपि, आदर्शवादीहरू तर्क गर्छन् कि यो कुनै विशेष ऐतिहासिक क्रम बिना प्रतीकात्मक चित्र हो। यस दृष्टिकोणमा, प्रकाश ४-१९ कुनै खास ऐतिहासिक अवधिसँग सम्बन्धित छैन। यो ख्रीष्ट र दुष्टको बीचमा चलिरहेको द्वन्द्वको प्रतीक हो, एउटा द्वन्द्व जुन ख्रीष्टको आगमनसँगै प्रकाश २०-२२ मा नयाँ स्वर्ग र नयाँ पृथ्वी स्थापना गर्नको लागि अन्त्य हुनेछ। यस दृष्टिकोण अनुसार, प्रकाशले ख्रीष्टको आगमन बाहेक भविष्यमा विशेष घटनाहरूको भविष्यवाणी गर्दैन।

### भविष्यवादी दृश्य

इतिहासकारहरू जस्तै, भविष्यवादीहरूले प्रकाशलाई विशेष ऐतिहासिक घटनाहरूको चित्रको रूपमा पढ्छन्। यो व्याख्याले प्रकाश १-३ लाई यूहन्नाको दिनको मण्डलीको रूपमा हेर्छ। इतिहासकारहरूको विपरीत, भविष्यवादीहरूले अधिकांश प्रकाश

४-२२ लाई भविष्यका रूपमा हेर्छन् । भविष्यवादी ढाँचा भित्र, प्रकाशमा चित्रण गरिएको भविष्यको चार प्रभावशाली व्याख्याहरू छन् ।

*क्लासिकल पूर्व सहस्रावादीवाद* (कम्तीमा २ँऔ शताब्दीको) समयको अन्त्यसम्म मण्डलीको सतावटको अपेक्षा गर्दछ । यो सतावट ख्रीष्ट फर्कनु अघि नै महासङ्कष्टको समयमा समाप्त हुनेछ । जब ख्रीष्ट फर्कनुहुन्छ, त्यहाँ विश्वासीहरूको पुनरुत्थान हुनेछ, त्यसको एक सहस्राब्दी पछि ख्रीष्टले पृथ्वीमा शासन गर्नुहुनेछ ।[४०१] सहस्राब्दी पछि ठूलो सेतो सिंहासनमा अविश्वासीहरूको न्याय हुनेछ ।[४०२] तब परमेश्वरले एउटा नयाँ स्वर्ग र नयाँ पृथ्वी स्थापना गर्नुहुनेछ, सबैको अनन्त घर जसको नाम थुमाको जीवनको पुस्तकमा लेखिएको छ ।

*कालखण्डवादी पूर्व सहस्राब्दीवाद* क्लासिकल पूर्व सहस्राब्दीवाद शिक्षाको एउटा सानो संस्करण हो । यस दृष्टिकोणमा, ठूलो सङ्कष्टको अवधि अघि र्याप्चरमा मण्डलीलाई पृथ्वीबाट हटाइन्छ । प्रकाश ४-१९ को उथलपुथललाई सात वर्षको अवधिमा पृथ्वीमा इस्राएलको सङ्कष्टको चित्रणको रूपमा हेरिन्छ जसमा मण्डली येशुसँग स्वर्गमा हुन्छ । त्यसपछि ख्रीष्ट फर्केर पृथ्वीमा आफ्नो सहस्राब्दी शासन स्थापना गर्नुहुन्छ । क्लासिकल पूर्व सहस्राब्दीवाद जस्तै, यो अवधि एक न्याय र नयाँ स्वर्ग र नयाँ पृथ्वीको सृष्टि द्वारा पछ्याइएको छ ।

*उत्तरार्ध सहस्राब्दीवाद* (१८ँऔ र १९ँऔ शताब्दीमा लोकप्रिय) ले सुसमाचार संसारभर फैलिनेछ र समाजलाई न्याय र शान्तिको युगमा रूपान्तरण गर्नेछ भनी सिकाउँछ । यस दृष्टिकोणमा, सहस्राब्दी भनेको मण्डली मार्फत सुसमाचारको विश्वव्यापी विजय हो । ख्रीष्ट सहस्राब्दी पछि फर्कनुहुन्छ, शैतानलाई स्थायी रूपमा पराजित गर्नुहुन्छ, र नयाँ स्वर्ग र नयाँ पृथ्वीको परिचय दिनुहुन्छ ।

*असहस्राब्दीवाद* (कम्तीमा २ँऔशताब्दीको) उत्तर सहस्राब्दीवादवादसँग सहमत छ कि ख्रीष्ट प्रकाश २०:१-६ अनुसार हजार वर्षपछि फर्कनुहुनेछ । असहस्राब्दीवादीहरू - उत्तरार्ध सहस्राब्दीवादसँग यो कुरामा भिन्न छन् कि उनीहरूले सहस्राब्दीलाई कुनै ऐतिहासिक अवधिको रूपमा होइन, तर सम्पूर्ण मण्डली युगको प्रतीकको रूपमा हेर्छन् । सहस्राब्दीको प्रतिज्ञा मण्डलीको सेवकाई मार्फत आध्यात्मिक रूपमा पूरा हुन्छ । प्रकाशको पुस्तकले आशिष र मण्डलीको सङ्घर्षहरूलाई लाक्षणिक रूपमा चित्रण गर्छ । यो ख्रीष्टको पुनर्आगमनको साथ समाप्त हुन्छ, एक न्याय पछि, र विश्वासीहरूको लागि नयाँ स्वर्ग र नयाँ पृथ्वीको उद्घाटन ।

**"आवश्यकतामा एकता ।**
**आवश्यकता नहुँदा स्वतन्त्रता ।**
**सबै कुरामा परोपकार ।"**

**रुपर्टस मेलडेनियस, १६२७**

प्रकाशका पाठकहरू तिनीहरूको व्याख्यामा धेरै कट्टर हुन सक्छन् । हामीले प्रकाशको हाम्रो व्याख्यालाई पवित्रशास्त्रको अधिकारसँग भ्रमित गर्नु हुँदैन । पवित्रशास्त्रको पूर्ण सत्यतालाई पक्रीराख्ने दुई व्यक्तिहरूले यस पुस्तकको धेरै फरक व्याख्याहरू गर्न सक्छन् । तपाईंले प्रकाशको अध्ययन गर्दा तपाईंले आफ्नो व्याख्यालाई मार्गदर्शन गर्ने निष्कर्षमा पुग्नुहुनेछ (र गर्नुपर्छ) । तथापि, विभिन्न निष्कर्षमा पुग्न सक्ने सँगी विश्वासीहरूलाई अस्वीकार नगर्नुहोस् भनी होसियार हुनुहोस् । यी बाइबलीय व्याख्याका भिन्नताहरू हुन्, बाइबलीय अख्तियारको सम्बन्धमा भिन्नताहरू होइनन् ।

---

४०१ "सहस्राब्दी" ले १,००० वर्षको अवधिलाई बुझाउँछ ।

४०२ प्रकाश २०:११-१५

## प्रकाशको विषयवस्तुहरू

### येशु प्रभु हुनुहुन्छ

एपोकेलिप्टिक साहित्यले लुकेको कुरा प्रकट गर्दछ । प्रकाशले येशुलाई आफ्नो पूर्ण महिमामा प्रकट गर्दछ । आफ्नो पार्थिव सेवकाईको दौडान, उहाँको महिमा पूर्ण रूपमा देखिएन । पावलले प्रतिज्ञा गरे कि त्यो दिन आउनेछ जब हरेक घुँडा टेक्नेछ, स्वर्गका चीजहरू, पृथ्वीका चीजहरू र पृथ्वी मुनिका चीजहरू ।[४०३] प्रकाशको पुस्तकले त्यो दिनको महिमाको चित्र अनावरण गर्दछ ।

प्रकाशको पुस्तकमा धेरै प्रतीकहरू पुरानो करारबाट कोरिएका छन् । यद्यपि, यी प्रतीकहरूले एक विशिष्ट ख्रीष्टियान ईश्वरशास्त्र सिकाउँछन् । पुस्तक एक सुसंगत ख्रीष्टियान ईश्वरशास्त्र द्वारा एकीकृत छ जसले मानव इतिहासमा परमेश्वरको गतिविधिको प्रत्येक पक्षलाई एकसाथ जोड्दछ । मानिसको पुत्रको विषयमा यूहन्नाको दर्शनदेखि लिएर विजयी थुमाको चित्रसम्म, प्रकाशको पुस्तकको केन्द्रीय विषयवस्तु येशु ख्रीष्टको प्रभुत्व हो ।[४०४] येशु राजाहरूका राजा र प्रभुहरूका प्रभु हुनुहुन्छ ।[४०५]

### परमेश्वरले नियन्त्रण गर्नुहुन्छ

कष्टमा परेको मण्डलीको लागि, परमेश्वरको सार्वभौमिकताको सन्देश आशाको ठूलो सन्देश थियो । यूहन्नाले परमेश्वरलाई जो हुनुहुन्छ, र जो हुनुहुन्थ्यो, र जो हुनआउनुहुनेछ भनेर परिचय गराए ।[४०६] प्रकाश ४-५ मा उहाँको सिंहासनमा परमेश्वरको दर्शनले यशैया ६ को सम्झना दिलाउँछ । यशैयाजस्तै यूहन्नाले पनि परमेश्वरलाई पवित्र, भव्य र सार्वभौम ठान्नुहुन्छ । रोमले विरोध गरेको मण्डलीको लागि, यो प्रकाशको पुस्तक पढ्न प्रेरणादायी थियो कि एक दिन आउँदैछ जब "स्वर्गमा, पृथ्वीमा, पृथ्वीमुनि, र समुद्रमा भएका सबै प्राणीहरू, र तिनीहरूमा भएका सबै" परमेश्वर र थुमाको प्रशंसामा सामेल हुनेछन् ।[४०७]

### परमेश्वरका मानिसहरूको लागि विजय

धेरैजसो एपोकेलिप्टिक साहित्यमा जस्तै, प्रकाशको पुस्तकले मानव इतिहासमा परमेश्वरको उद्देश्यहरू प्रकट गर्दछ । आधुनिक पाठकले बुझ्न संघर्ष गर्नुपर्ने धेरै प्रतीकहरू भएतापनि, प्रकाशको पुस्तकको समग्र सन्देश स्पष्ट छ: परमेश्वरका जनहरू विजयको लागि आश्वस्त छन् किनभने येशु प्रभु हुनुहुन्छ । प्रकाशको पुस्तकले बारम्बार यसको परिप्रेक्ष्य पृथ्वीबाट स्वर्गमा परिवर्तन गर्छ, हामीले इतिहासको एक पक्ष मात्र देख्छौं भनि हामीलाई सम्झना गराउँछ ।[४०८] अदृश्य, परमेश्वरले संसारमा आफ्ना उद्देश्यहरू पूरा गरिरहनुभएको छ । परमेश्वरका मानिसहरूको रूपमा, हामी अन्तिम विजय सुनिश्चित छौं । लाउडिकियाको मण्डलीको लागि सन्देश यस प्रोत्साहनको साथ समाप्त हुन्छ, "जसले जित्छ त्यसलाई म मेरो सिंहासनमा मसँग बस्न दिनेछु ।"[४०९]

---

४०३ फिलिप्पी २:१०

४०४ प्रकाश १:९-२० र५:६-१४

४०५ प्रकाश १९:१६

४०६ प्रकाश १:४

४०७ प्रकाश ५:१३

४०८ उदाहरणका लागि: ६:१-७:८ पृथ्वीमा छन्; ७:९-८:६ स्वर्गमा छन् । ८:७-११:१४ पृथ्वीमा छन्; ११:१५-१९ स्वर्गमा छन् ।

४०९ प्रकाश ३:२१

## आजको दिनमा मण्डलीमा प्रकाश

प्रकाशको पुस्तक पढ्दैगर्दा दुईवटा खतराहरू देखि जोगिन पर्छ। कोही-कोही पाठकहरूले प्रकाशको पुस्तकलाई यति भ्रामक पाउँछन् कि तिनीहरूले पुस्तकलाई पूर्ण रूपमा बेवास्ता गर्छन्। तिनीहरू सही व्याख्याको बारेमा निश्चित हुन नसक्ने हुनाले, तिनीहरूले यसलाई अध्ययन गर्दैनन्।

उल्टो खतरा यो छ कि केही व्यक्तीहरू उनीहरूको व्याख्यामा यति निश्चित छन् कि उनीहरूको व्याख्याको विपरित व्याख्या गर्ने जो कोहीलाई उनीहरू अस्वीकार गर्छन्। तिनीहरू साना विवरणहरूमा केन्द्रित हुन्छन् र पुस्तकको समग्र विषयवस्तु गुमाउँछन्। यो दुर्भाग्यपूर्ण छ कि कहिलेकाहीं प्रकाशको पुस्तकको महत्वपूर्ण सन्देश व्याख्याको विवरणहरूमाथिको विवादहरूमा हराएको छ। प्रकाशको पुस्तकको सन्देश आज मण्डलीको लागि महत्त्वपूर्ण छ।

प्रत्येक वर्ष एकै समयमा जब हजारौं ख्रीष्टियानहरू शहीद हुन्छन्, **येशु प्रभु हुनुहुन्छ** भन्ने सन्देशले पीडित ख्रीष्टियानहरूलाई दृढ बन्नका लागि प्रोत्साहित गर्दछ। व्याख्याको विभीन्न दृष्टिकोणहरू भएतापनि, प्रकाशको पुस्तकले मण्डलीलाई अन्तिम विजयको प्रतिज्ञा साथ प्रोत्साहित गर्दछ।

प्रकाशको पुस्तकले हामीलाई सम्झाउँछ कि अन्तिम समयको प्रकाशमा **आज विश्वासीहरूले कसरी बाँच्नु पर्छ**। अन्तिम दिनको अध्ययन (एस्काटोलोजी अर्थात युगान्तशास्त्र) मुख्यतया भविष्यका घटनाहरूको भविष्यवाणी गर्ने बारे होइन; युगान्तशास्त्रको मुख्य चासो भनेको परमेश्वरको अन्तिम उद्देश्यहरूको प्रकाशमा आजको जीवन हो। विश्वासीहरूको रूपमा, प्रकाशको पुस्तकले हामीलाई परमेश्वरको उद्देश्यहरूमा विश्वास गर्न प्रोत्साहन दिन्छ। सेवकहरूको रूपमा, हामी हाम्रा मण्डलीहरूलाई वफादार हुनका निम्ति प्रोत्साहन दिन प्रकाशको पुस्तकको प्रचार गर्छौं। प्रकाशको पुस्तकलाई भविष्यको बारेमा सांकेतिक सन्देशहरूको रूपमा पढ्नुको सट्टा, हामी आज परमेश्वरका मानिसहरूको लागि परमेश्वरको वचनको रूपमा प्रकाशको पुस्तक पढ्छौं।

## निष्कर्ष

सन् १९३४ मा कम्युनिस्ट सेनाले आफ्नो शहरमा आक्रमण गर्दा प्रचारक जोन र बेट्टी स्टाम चीनमा थिए। त्यो जवान दम्पतीलाई पक्राउ गरियो, फिरौतीको लागि राखियो, र पहरा दिएर मियाओशेओ सहरमा लगियो। एकजना यात्रीले सोधे, “कहाँ जाँदै हुनुहुन्छ?” जोन स्टामले जवाफ दिए, “हामीलाई थाहा छैन तिनीहरू कहाँ जाँदैछन्, तर हामी स्वर्गमा जाँदैछौं।”

अर्को दिन, कम्युनिस्ट जल्लादले जोन र बेट्टी स्टामको टाउको काट्यो। जोनको अन्तिम पत्र उनको मिशनका वरिष्ठहरूलाई लेखिएको थियो र तिनीहरूको शिशु छोरीको लुगामा गोप्यरूपमा बाहिर लगिएको थियो। पत्र यी शब्दहरूसँग बन्द भयो, “...हाम्रो लागि, परमेश्वरको महिमा जीवनद्वारा होस् वा मृत्युद्वारा।” जोन र बेट्टी स्टामलाई प्रकाशको पुस्तकको सत्यता सुरुदेखि नै थाहा थियो: येशु प्रभु हुनुहुन्छ र अन्तिम जित जित्नुहुनेछ। चाहे जीवन मार्फत होस् वा मृत्यु मार्फत, परमेश्वरले नियन्त्रण गर्नुहुन्छ र उहाँका मार्गहरू उत्तम छन्।

## पाठ १२ को गर्नुपर्ने कार्यहरू

निम्न लिखित गर्नुपर्ने कार्यहरूसँगै यस पाठको विषयमा तपाईंको बुझाइलाई प्रस्तुत गर्नुहोस्:

१. निम्न लिखित गर्नुपर्ने कार्यहरूमध्ये **एक**लाई छान्नुहोस्:

- एउटा वचन वा बाइबल पाठ तयार गर्नुहोस् जसमा तपाईंको मण्डलीको आवश्यकताहरूको लागि सात मण्डलीहरू मध्ये एउटामा पठाइएको सन्देश लागू गर्नुहोस्। यो ५-६ पृष्ठको आलेख वा रेकर्ड गरिएको वचन वा बाइबल पाठ जे पनि हुन सक्छ।
- (यो पाठ १२ को तयारीको क्रममा पूरा गर्न सकिन्छ।) तपाईंले प्रकाशको पुस्तक पढ्दै गर्दा, कुन अध्यायहरूले पृथ्वीमा के भइरहेको छ र कुन अध्यायहरूले स्वर्गको दृश्य दिन्छ भनेर ध्यान दिनुहोस्। प्रकाशको पुस्तकले हामीलाई पार्थिव घटनाहरूप्रति स्वर्गको दृष्टिकोणको बारेमा के देखाउँछ भनेर सारंश खिच्दै तपाईंले एउटा छोटो निबन्ध लेख्नुहोस्। पृथ्वीको हाम्रो सीमित दृष्टिकोणबाट स्वर्गको दृश्य कसरी फरक छ?

२. अर्को पाठको सुरुमा, यस पाठको आधारमा जाँच लिनुहोस्। तयारी गर्दा जाँचमा सोधिने प्रश्नहरूलाई राम्रोसँग अध्ययन गर्नुहोस्।

# पाठ १२ जाँच

१. प्रथम शताब्दीमा "कैसरिया *डोमिनस एट डेस नोस्टर*" भन्ने वाक्यांशको अर्थ के थियो?

२. पत्मोसको द्वीप कहाँ छ?

३. प्रकाशको लागि सबैभन्दा सम्भावित मिति कुन हो?

४. येशु प्रभु हुनुहुन्छ भन्ने सन्देश प्रस्तुत गर्ने यूहन्नाका तीन तरिकाहरू सूचीबद्ध गर्नुहोस्।

५. एपोकेलिप्टिक साहित्यका दुई विशेषताहरू सूचीबद्ध गर्नुहोस्।

६. प्रकाशको चारवटा दृष्टिकोणहरू मध्ये प्रत्येकलाई छोटकरीमा परिभाषित गर्नुहोस्।

७. फ्यूचरिस्टहरू बीच भविष्यका चार दृष्टिकोणहरू सूचीबद्ध गर्नुहोस्।

८. प्रकाशमा तीन प्रमुख विषयवस्तुहरू सूचीबद्ध गर्नुहोस्।

९. कण्ठ गरेकोबाट प्रकाश ३:२०-२१ लेख्नुहोस्।

# सिफारिस गरिएका स्रोतहरू

यस पाठमा छलफल गरिएका विषयहरूको बारेमा थप अध्ययन गर्न, कृपया निम्न स्रोतहरू हेर्नुहोस्।

## नयाँ करारको संसार

### पुस्तकहरू


बिटजेल, ब्यारी। *द मूडी एटलस अफ द बाइबल*। चिकागो: मूडी प्रेस, २००९।

एलवेल, वाल्टर ए. र रोबर्ट डब्ल्यू. यारब्रो। *इन्काउन्टरिङ द न्यू टेष्टामेन्ट*। एडा: बेकर एकेडेमिक, २०१३।

फर्ग्युसन, एभरेट। *ब्याकग्राउण्ड अफ अर्ली ख्रीष्ट्यानिटी*। ग्रान्ड र्यापिड्स: ईर्डम्यान्स, २००३।

जेन्सन, इरभिङ। *जेन्सन्स सर्भे अफ दि न्यू टेष्टामेन्ट*। शिकागो: मूडी प्रेस, १९८१।

म्याकडोवेल, जोश। *द न्यू इभिडेन्स ड्याट डिमाण्ड अ भर्डिक्ट*। न्यासभिल: थोमस नेल्सन, १९९९।

टेनी, मेरिल सी. *नयाँ करार सर्वेक्षण*। ग्रान्ड र्यापिड्स: ईर्डम्यान्स, १९९४।


### अनलाइन स्रोतहरू


म्याकडोवेल, जोश। बाइबल: तथ्य, काल्पनिक वा भ्रम। अनलाइन भिडियो श्रृंखला। https://www.josh.org/resources/apologetics/videos/ मा अनलाइन उपलब्ध

स्मिथ, डा. रान्डल। "दे थट यू न्यू।" https://www.youtube.com/watch?v=phUhvp८१२Mo मा अनलाइन उपलब्ध

"ह्वाइ बाइबल ब्याकग्राउण्ड म्याटर्स्।" https://www.youtube.com/watch?v=-wilK८A२EFk मा अनलाइन उपलब्ध

वीग्ट, फ्रेडी एच. म्यानर्स एण्ड कस्टम्स। मूडी बाइबल संस्थान, १९५३। https://www.baptistbiblebelievers.com/OTStudies/MannersandCustomsInBibleLands१९५३/tabid/२३२/Default.aspx मा अनलाइन उपलब्ध छ।

न्यू टेष्टामेन्ट गेटवे। http://www.ntgateway.com/tools-and-resources/maps/ मा अनलाइन उपलब्ध

द वर्कस् अफ जोसेफस। http://www.ccel.org/j/josephus/works/JOSEPHUS.HTM मा अनलाइन उपलब्ध

## द रिलायाबिलिटी अफ द न्यू टेष्टामेन्ट

### पुस्तकहरू

ब्रुस, एफ.एफ. *नयाँ करारका कागजातहरू: के तिनीहरू भरपर्दो छन्?* इन्टरभर्सिटी, १९८८।

म्याकडोवेल, जोश। *द न्यू इभिडेन्स ड्याट डिमान्ट अ भर्डिक्ट* थोमस नेल्सन, १९९९।

### अनलाइन स्रोतहरू

म्याकडोवेल, जोश। बाइबल: तथ्य, काल्पनिक वा भ्रम। अनलाइन भिडियो श्रृंखला। https://www.josh.org/resources/apologetics/videos/ मा अनलाइन उपलब्ध

अर-इवीङ, एमी। पाण्डुलिपिहरूको विश्वसनीयता। आरजिम एचक्यू बाट अनलाइन भिडियो। http://www.youtube.com/watch?v=dLI७W४bnVpA मा अनलाइन उपलब्ध

## द सिनोप्टिक गोस्पेल

### पुस्तकहरू

बक, ड्यारेल एल. *नयाँ करारमा बेकर एक्सेजेटीकल कमेन्टरी: लूका*। एडा: बेकर, १९९६।

गारल्याण्ड, डेभिड ई. *एनआईभी आवेदन कमेन्टरी: मर्कूश*। ग्रान्ड र्यापिड्स: जोन्डर्भन, १९९६।

फ्रान्स, आर. टि. *नयाँ करारमा नयाँ अन्तर्राष्ट्रिय कमेन्टरी: मत्ती*। ग्रान्ड र्यापिड्स: ईर्डम्यान्स, २००७।

रोबर्टसन, ए.टी. *ए हार्मनी अफ द गोस्पल्स*। न्यू योर्क शहर: हार्पर, १९२२। http://www.gutenberg.org/files/३६२६४/३६२६४-h/३६२६४-h.htm मा अनलाइन उपलब्ध

### अनलाइन स्रोतहरू

"मर्कूशको सुसमाचार।" https://www.youtube.com/watch?v=८J२LP९_f३SY मा अनलाइन उपलब्ध

"मत्ती र महान आदेश।" https://www.youtube.com/watch?v=६PiltJ०DDhl मा अनलाइन उपलब्ध

स्मिथ, डा. रान्डल। "सुसमाचारका पुस्तकहरूको परिचय।" https://www.youtube.com/watch?v=LZ४udDfiQBc मा अनलाइन उपलब्ध

वेस्ली, जोन। *नयाँ करारमा वेस्लीको व्याख्यात्मक टिप्पणीहरू*। https://studylight.org/commentaries/eng/wen.html मा अनलाइन उपलब्ध

# यूहन्नाको सुसमाचार

## पुस्तकहरू

ब्रुस, एफ.एफ. *द गोस्पेल अफ जोन*। ग्रान्ड र्यापिड्स: ईर्डम्यान्स, १९९४।

मोरिस, लियोन। *नयाँ करारमा नयाँ अन्तर्राष्ट्रिय टिप्पणी: यूहन्ना*। ग्रान्ड र्यापिड्स: ईर्डम्यान्स, १९९५।

रोबर्टसन, ए.टी. *ए हार्मनी अफ द गोस्पल्स*। न्यू योर्क शहर: हार्पर, १९३२। http://www.gutenberg.org/files/३६२६४/३६२६४-h/३६२६४-h.htm मा अनलाइन उपलब्ध

## अनलाइन स्रोत

वेस्ली, यूहन्ना। *नयाँ करारमा वेस्लीको व्याख्यात्मक टिप्पणीहरू*। https://studylight.org/commentaries/eng/wen.html मा अनलाइन उपलब्ध

# प्रेरित

## पुस्तकहरू

बेन्स, फिलिप ए. *कार्य: वेस्लेयन परम्परामा एक टिप्पणी*। फिसर्स: वेस्लेयन पब्लिशिंग हाउस, १९९८।

मार्शल, आई हावर्ड। *टिन्डेल नयाँ करारका टिप्पणीहरू: प्रेरित*। ग्रान्ड र्यापिड्स: ईर्डम्यान्स, १९८०।

म्याककेन, ड्यानी। *प्रेरितहरूका कार्यहरूमा टिप्पणीहरू*। नाइजेरिया: अफ्रिका ख्रीष्टियन पाठ्यपुस्तकहरू, २००१।

रासमुसेन, कार्ल। *जोन्डर्भन बाइबलको एटलस*। ग्रान्ड र्यापिड्स: जोन्डर्भन, २०१०।

स्टट, यूहन्ना आरडब्ल्यू *प्रेरितको सन्देश*। डाउनर्स ग्रोभ: इन्टरवर्सिटी प्रेस, १९९०।

## अनलाइन स्रोत

वेस्ली, यूहन्ना। *नयाँ करारमा वेस्लीको व्याख्यात्मक टिप्पणीहरू*। https://studylight.org/commentaries/eng/wen.htmlमा अनलाइन उपलब्ध

## रोमी

### पुस्तकहरू

ब्रे, जेराल्ड, सम्पादित। *पवित्रशास्त्रमा प्राचीन ख्रीष्टियान टिप्पणी: रोमी*। डाउनर्स ग्रोभ: इन्टरवर्सिटी प्रेस, १९९८।

क्लार्क, एडम। *नयाँ करारमा टिप्पणी*। न्यासभिल: एबिंगडन प्रेस, मिति उल्लेख नगरिएको

ग्रेटहाउस, विलियम एम र जर्ज लियोन्स। *नयाँ बीकन बाइबल टिप्पणी: रोमी* (२ खण्डहरू)। कान्सास शहर: बीकन हिल प्रेस, २००८।

### अनलाइन स्रोतहरू

"के रोमी ७ ले ख्रीष्टियानहरूले पाप गरिरहनेछन् भनेर सिकाउँछ?" https://www.youtube.com/watch?v=aBXYp७cMblMमा अनलाइन उपलब्ध

"के रोमी ९-११ ले क्याल्भिनवादी पूर्वनिर्धारण सिकाउँछ?" https://www.youtube.com/watch?v=nCLtbVnOqq४ *मा अनलाइन उपलब्ध*

*"रोमी।" ht*tps://www.youtube.com/watch?v=OpBPE-dEVhQ मा अनलाइन उपलब्ध

वेस्ली, यूहन्ना। *नयाँ करारमा वेस्लीको व्याख्यात्मक टिप्पणीहरू*। https://studylight.org/commentaries/eng/wen.html मा अनलाइन उपलब्ध

## कोरिन्थी र गलातीहरू

### पुस्तकहरू

क्लार्क, एडम। *नयाँ करारमा टिप्पणी*। न्यासभिल: एबिंगडन प्रेस, एनडी

गिल, डेभिड। "१ कोरिन्थीयन्स" *जोन्डर्भन इलस्ट्रेटेड बाइबल ब्याकग्राउन्ड कमेन्टरी* मा। ग्रान्ड र्यापिड्स: जोन्डर्भन, २००२।

मोरिस, लियोन। *गलाती: ख्रीष्टियान स्वतन्त्रताको पावलको चार्टर*। *डाउनर्स ग्रोभ:* इन्टरवर्सिटी प्रेस, २००३।

स्टट, यूहन्ना। *गलातीहरूको सन्देश*। डाउनर्स ग्रोभ: इन्टरवर्सिटी प्रेस, १९८४।

विल्सन, अर्ल एल. *गलाती, फिलिप्पी, कलस्सी: बाइबल पढ्ने विद्यार्थीहरूका लागि कमेन्टरी*। फिसर्स: वेस्लेयन पब्लिशिंग हाउस, २००८।

### अनलाइन स्रोतहरू

कोरिन्थमा पावलको नेतृत्वका चुनौतीहरू। https://www.youtube.com/watch?v=Gu_ELh_UXPg मा अनलाइन उपलब्ध

वेस्ली, यूहन्ना। *नयाँ करारमा वेस्लीको व्याख्यात्मक टिप्पणीहरू*। https://studylight.org/commentaries/eng/wen.html मा अनलाइन उपलब्ध

## कैदको पत्रहरु

### पुस्तकहरू

बीट, जोसेफ अगर। *एफिसिहरू, फिलिप्पीहरू, कलस्सीहरू, र फिलेमोनलाई सन्त पावले पठाएको पत्रहरूमा एउटा टिप्पणी*। सलेम: स्कमूल प्रकाशन, १९८२।

अर्ले, राल्फ, एड. *बीकन बाइबल टिप्पणीहरु, खण्ड ९: फिलेमोन मार्फत गलातीहरू*। कन्सास शहर: बीकन हिल प्रेस, १९६५।

होम्स, मार्क ए. *एफिसी: वेस्लेयन परम्परामा बाइबल टिप्पणी*। फिसर्स: वेस्लेयन पब्लिश*गि हाउस, १९९७*।

स्टट, जोन आरडब्ल्यू *द मेसेज अफ एफिसियन्स*। डाउनर्स ग्रोभ: इन्टरवर्सिटी प्रेस, १९७९।

विल्सन, अर्ल एल. *गलाती, फिलिप्पी, कलस्सीः बाइबल विद्यार्थीहरूका लागि टिप्पणी*। फिसर्स: वेस्लेयन पब्लिशिंग हाउस, २००७।

### अनलाइन स्रोतहरू

"एफिसीहरूमा मण्डली र मिशन।" https://www.youtube.com/watch?v=४Fzjwcu_tUI मा अनलाइन उपलब्ध

वेस्ली, जोन। *नयाँ करारमा वेस्लीको व्याख्यात्मक टिप्पणीहरू*। https://studylight.org/commentaries/eng/wen.html मा अनलाइन उपलब्ध

## थेसलोनिकीहरू

### पुस्तकहरू

एयरहार्ट, अर्नोल्ड ई. *बीकन बाइबल कमेन्टरी: १ र २ थेसलोनिकीहरू*। कन्सास शहर: बीकन हिल प्रेस, १९६५।

क्लार्क, एडम। *नयाँ करारमा टिप्पणी*। न्यासभिल: एबिंगडन प्रेस, एनडी

क्लोपफेनस्टेन, डब्लू. ओ. *वेस्लेयन बाइबल कमेन्टरी: १ र २ थेसलोनिकीहरू*। ग्रान्ड र्यापिड्स: ईर्डम्यान्स, १९६५।

मोरिस, लियोन। *टिन्डेल नयाँ करारका टिप्पणीहरू: १ र २ थेसलोनिकीहरू*। ग्रान्ड र्यापिड्स: ईर्डम्यान्स, २००७।

### अनलाइन स्रोत

वेस्ली, यूहन्ना। *नयाँ करारमा वेस्लीको व्याख्यात्मक टिप्पणीहरू*। https://studylight.org/commentaries/eng/wen.html मा अनलाइन उपलब्ध

## पास्टरीय पत्रहरू

### पुस्तकहरू

गोल्ड, जे. ग्लेन। *बीकन बाइबल कमेन्टरी: १ र २ तिमोथी, टाइटस*। कन्सास शहर: बीकन हिल प्रेस, १९६५।

निकोल्सन, रोय एस. *वेस्लेयन बाइबल कमेन्टरी: पास्टोरल एपिस्टलहरू*। ग्रान्ड र्यापिड्स: ईर्डम्यान्स, १९६५।

ओडेन, थोमस सी. *वर्ड र सेक्रामेन्ट मार्फत मिनिस्ट्रि*। क्रसरोड, १९८९।

स्टट, यूहन्ना आर.डब्ल्यू. *२ तिमोथीको सन्देश*। डाउनर्स ग्रोभ: इन्टरवर्सिटी प्रेस, १९७३।

### अनलाइन स्रोत

वेस्ली, यूहन्ना। *नयाँ करारमा वेस्लीको व्याख्यात्मक टिप्पणीहरू*। https://studylight.org/commentaries/eng/wen.html मा अनलाइन उपलब्ध

## हिब्रू र याकूब

### पुस्तकहरू

कोकरिल, ग्यारेथ एल. *हिब्रू: ए बाइबल कमेन्टरी इन द वेस्लेयन परम्परा*। फिसर्स: वेस्लेयन पब्लिशिंग हाउस, १९९९।

ओसबोर्न, अनुदान। *याकूब: कर्नरस्टोन बाइबलीय कमेन्टरी*। क्यारोल स्ट्रिम: टिन्डेल हाउस पब्लिशर्स, २०११।

टर्नर, जर्ज एलन। *द न्यू एण्ड लिभिङ वे* मिनियापोलिस: बेथानी फेलोशिप, १९७५।

वाल्टर्स, यूहन्ना। *हिब्रू: एस्बरी बाइबल कमेन्टरी*। ग्रान्ड र्यापिड्स: जोन्डर्भन पब्लिशिंग हाउस, १९९२।

अर्ले, राल्फ एड. *बीकन बाइबल कमेन्टरी, भोल्युम १०: प्रकाश मार्फत हिब्रूहरू*। कान्सास शहर: बीकन हिल प्रेस, १९६५।

### अनलाइन स्रोतहरू

कोकरिल, ग्यारेथ। "हिब्रू र समकालीन प्रचार।" https://henrycenter.tiu.edu/resource/do-not-refuse-the-one-who-is-speaking-heb-१२२५-hebrews-and-contemporary-preaching/ मा अनलाइन उपलब्ध

वेस्ली, यूहन्ना। *नयाँ करारमा वेस्लीको व्याख्यात्मक टिप्पणीहरू।* https://studylight.org/commentaries/eng/wen.html मा अनलाइन उपलब्ध

## सामान्य पत्रहरू

### पुस्तकहरू

ब्रे, जेराल्ड। *पवित्रशास्त्रमा प्राचीन ख्रीष्टियान टिप्पणी: याकूब-यहूदा।* डाउनर्स ग्रोभ: इन्टरवर्सिटी प्रेस, २०००।

ब्राउन, ए. फिलिप, आई. *परमेश्वरलाई माया गर्नें: ख्रीष्टियान जीवनको प्राथमिक सिद्धान्त।* सिनसिनाटी: पुनरुत्थानवादी प्रेस, २००५।

मायर, पॉल एल., ट्रान्स। *युसेबियस: मण्डलीको इतिहास।* ग्रान्ड र्यापिड्स: क्रगेल प्रकाशन, २००७। (यस पुरातन स्रोतको अनुवाद पढ्न सजिलो।)

मार्शल, आई हावर्ड। *१पत्रुस।* डाउनर्स ग्रोभ: इन्टरवर्सिटी प्रेस, १९९१।

मार्शल, आई. हावर्ड। *द एपिस्टल अफ जोन (नयाँ करारमा नयाँ अन्तर्राष्ट्रिय कमेन्टरी)।* ग्रान्ड र्यापिड्स: ईर्डम्यान्स, १९७८।

विर्सबी, वारेन। *सतर्क रहनुहोस्: २ पत्रुस, २ र ३ यूहन्ना, यहूदा।* कोलोराडो स्प्रिंग्स: डेभिड सी. कुक, २०१०।

### अनलाइन स्रोतहरू

"जोन वेस्ली र ख्रीष्टियन अर्थोडक्सी।" https://www.youtube.com/watch?v=WJ९३nzeFS८Uमा अनलाइन उपलब्ध

वेस्ली, जोन। *नयाँ करारमा वेस्लीको व्याख्यात्मक टिप्पणीहरू।* https://studylight.org/commentaries/eng/wen.html मा अनलाइन उपलब्ध

## प्रकाश

### पुस्तकहरू

जेन्ट्री, केनेथ एल., साम ह्याम्स्ट्रा, सी. मार्विन पाटे, र रोबर्ट एल. थॉमस। *प्रकाशको पुस्तकमा चार दृश्यहरू।* स्टयानले गन्ड्री र सी. मार्भिन पेट द्वारा सम्पादित। ग्रान्ड र्यापिड्स: जोन्डर्भन, १९९८।

ब्लेजिङ, क्रेग ए., केनेथ एल. जेन्ट्री जूनियर., र रोबर्ट बी. स्ट्रिमल। *सहस्राब्दी र परेमा तीन दृश्यहरू।* स्टयानले एन. गन्ड्री र ड्यारेल एल. बक द्वारा सम्पादन गरिएको। जोन्डर्भन, १९९९।

ब्लेजिंग, क्रेग, एलन हल्टबर्ग, र डगलस मू। *र्याप्चरमा तीन दृश्यहरू: प्रिट्राइबुलेशन, प्रिरयाथ, वा पोस्टट्राइबुलेशन।* स्टयानले एन. गन्ड्री र एलान हटबर्गद्वारा सम्पादन गरिएको। ग्रान्ड र्यापिड्स: जोन्डर्भन, २०१०।

ओसबोर्न, अनुदान। *प्रकाश*। एडा: बेकर, २००२।

रोट्ज, क्यारोल। *नयाँ बीकन बाइबल कमेन्टरी: प्रकाश*। कान्सास शहर: बीकन हिल प्रेस, २०१२।

## अनलाइन स्रोतहरू

"प्रकाश र एपोकेलिप्टिकसिजम।" https://www.youtube.com/watch?v=D३CP४gE८Jt८ मा अनलाइन उपलब्ध

वेस्ली, यूहन्ना। *नयाँ करारमा वेस्लीको व्याख्यात्मक टिप्पणीहरू*। https://studylight.org/commentaries/eng/wen.html मा अनलाइन उपलब्ध

# गर्नुपर्ने कार्यहरूको रेकर्ड

## विद्यार्थीको नाम ______________________________

मुख्यतया जब प्रत्येक कार्य पूरा भएपछि। विद्यार्थीले ७०% वा सोभन्दा बढी अंक प्राप्त गर्दा परीक्षाहरूलाई "पूर्ण" मानिन्छ। शेफर्ड्स ग्लोबल क्लासरूमबाट प्रमाणपत्र प्राप्त गर्नका लागि सबै कार्यहरू सफलतापूर्वक पूरा गरिनुपर्छ।

| पाठ | परीक्षण | गर्नुपर्ने कार्यहरू १ | गर्नुपर्ने कार्यहरू २ |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |

शेफर्ड्स ग्लोबल क्लासरूमबाट पूर्णताको प्रमाणपत्रको लागि आवेदन दिन हाम्रो वेबपेज www.shepherdsglobal.org मा पूरा गर्न सकिन्छ। प्रमाणपत्रहरू डिजिटल रूपमा एसजीसी का अध्यक्षबाट शिक्षकहरू र सहजकर्ताहरूलाई हस्तान्तरण गरिनेछ जसले आफ्ना विद्यार्थी (हरू) को तर्फबाट आवेदन पूरा गर्छन्।

# पवित्रशास्त्रहरूको स्रोत उल्लेख गरिएको


**उत्पत्ति १२,** ६७
**उत्पत्ति २२,** १३७

**प्रस्थान ३,** ४१

**लेवी १९,** १३५, १४३

**गन्ती २०,** १०

**व्यवस्था १६,** ५१
**व्यवस्था ३२,** १३०

**यहोशू २४,** ४८

**न्यायकर्ताहरू २,** ४८

**२ शमूएल ७,** १३०

**भजनसंग्रह २,** १३०
**भजनसंग्रह ४५,** १३०
**भजनसंग्रह १०२,** १३०
**भजनसंग्रह १०४,** १३०
**भजनसंग्रह ११०,** १३०

**यशैया ६,** १५८
**यशैया ५६,** ६७
**यशैया ६१,** १३०

**योएल २,** ५१

**आमोस ४,** १३५
**ओबदिया,** १०

**मीका ५,** १२

**जकरिया ९,** २५

**मत्ती १,** ७, २६
**मत्ती २,** ११, २६
**मत्ती ५,** २३, २७, ३६
**मत्ती ५–७,** २६
**मत्ती ८,** २६
**मत्ती १०,** २६
**मत्ती १३,** २६, १३४, १४९
**मत्ती १६,** ११, २४
**मत्ती १७,** ३८
**मत्ती १८,** २६, २७
**मत्ती २१,** २५, २६
**मत्ती २४,** २५, ११३
**मत्ती २४-२५,** २६
**मत्ती २७,** २६
**मत्ती २८,** २७

**मर्कूस १,** २८, २९, ३०
**मर्कूस २,** २९
**मर्कूस ३,** १४
**मर्कूस ४,** २९
**मर्कूस ५,** २८, २९, ३८
**मर्कूस ६,** ११
**मर्कूस ८,** २४, ३०
**मर्कूस ९,** २९, ३०
**मर्कूस १०,** २३, २८, ३०, ३६
**मर्कूस १२,** २८
**मर्कूस १३,** २८
**मर्कूस १४,** ३८
**मर्कूस १५,** २९

**लूका १,** ७, ३१, ३३
**लूका २,** १०, १२, ३१, ३२, ३३
**लूका ३,** ३१, ३३
**लूका ४,** १४, ३१, ३३
**लूका ६,** ३२
**लूका ८,** ३२
**लूका ९,** २४
**लूका १०,** १९, ३२
**लूका ११,** ३३
**लूका १८,** ३२
**लूका १९,** २३, ३२, ३६
**लूका २२,** ३१
**लूका २३,** ११, ३२

**यूहन्ना १,** ७, ३९, ४१
**यूहन्ना १–१२,** ३९, ४०
**यूहन्ना २,** ३९
**यूहन्ना ३,** ३८, ४०, ४२
**यूहन्ना ४,** ९, ४०
**यूहन्ना ५,** ४०
**यूहन्ना ६,** ४१, ४३
**यूहन्ना ७,** ४१, १३४, १४९
**यूहन्ना ८,** ४१, ४३, १४७
**यूहन्ना १०,** १६, ४१, ४३
**यूहन्ना ११,** ११, ४०, ४३
**यूहन्ना १२,** ४२
**यूहन्ना १३,** ४१, १४८
**यूहन्ना १३-२०,** ४१
**यूहन्ना १४,** ४२, ४३
**यूहन्ना १५,** ४२
**यूहन्ना १७,** ४२
**यूहन्ना १८,** १४
**यूहन्ना २०,** ३७, ३९, ४२, ४५
**यूहन्ना २१,** २४, ४२

**प्रेरित १,** ९, ३१, ४७, ४८, ४९, ५१, ५३, ६०
**प्रेरित १-७,** ५१
**प्रेरित २,** ५०, ५१, ५२, ५९
**प्रेरित ४,** ९३
**प्रेरित ६,** ५२
**प्रेरित ७,** ५०
**प्रेरित ८,** १४, ५२, ५३
**प्रेरित ८–१२,** ५३
**प्रेरित ९,** ५३
**प्रेरित १०,** ५०, ५३
**प्रेरित ११,** ५३
**प्रेरित १२,** २७
**प्रेरित १३,** १५, ५३, ८२, १२९
**प्रेरित १३-१४,** ५३
**प्रेरित १३-२८,** ५३
**प्रेरित १५,** २७, ५३, ५४, १२१, १३४
**प्रेरित १६,** १३, ५५, ९४
**प्रेरित १७,** १४, ५०, ५९, १०५, १०७, १०८
**प्रेरित १८,** ५४, ५५, ६२, ७४, ७५, ९०, १०७
**प्रेरित २०,** ११७, १२२
**प्रेरित २१,** ५५
**प्रेरित २५,** १३
**प्रेरित २८,** ३०, ४९, ५५, ५६, ९०

**रोमी १,** १३, ६१, ६३, ६४, ६९, ७१
**रोमी १-३,** ७१
**रोमी १-११,** ६८, ६९, ७०
**रोमी ३,** ६४, ६५, १३५, १३९
**रोमी ४-६,** ६५
**रोमी ६,** ६५, ७१, ८४
**रोमी ७,** ६५, ६६, ७१, १६५
**रोमी ८,** ६६
**रोमी ९,** ६७, ९२

**रोमी ९-११,** ६७, ९२, १६५
**रोमी ११,** ६७
**रोमी १२,** ६८, ६९
**रोमी १२-१५,** ६८, ६९, ७१
**रोमी १२-१६,** ६८, ७०
**रोमी १३,** ६८
**रोमी १४,** ५७, ६८
**रोमी १५,** ६२, ६३, ६८
**रोमी १६,** ६८, १०२

**१ कोरिन्थी १,** ७३, ७५, ७६, ८८
**१ कोरिन्थी १-४,** ७५
**१ कोरिन्थी २,** ७६
**१ कोरिन्थी ४,** ७४, ७६
**१ कोरिन्थी ५,** ७६, ८०
**१ कोरिन्थी ५-६,** ७६
**१ कोरिन्थी ७,** ७४, ७७
**१ कोरिन्थी ८,** ५७, ७५, ७७
**१ कोरिन्थी ९,** ७५
**१ कोरिन्थी १०,** ७८
**१ कोरिन्थी ११,** ७८
**१ कोरिन्थी १५,** ८, ७८, १३४, १४९
**१ कोरिन्थी १६,** ७४, ७५, ७८, ७९

**२ कोरिन्थी १,** ८१
**२ कोरिन्थी २,** ७९, ८०, ८१
**२ कोरिन्थी ७,** ७९, ८०
**२ कोरिन्थी १२,** ८०

**गलाती १,** ८२, ८३, १२८
**गलाती २,** ११८
**गलाती ३,** ८३, ८४, १०१
**गलाती ४,** ७, १४, १९, २१
**गलाती ५,** ७३, ८४, ८५, ८८
**गलाती ६,** ८५

**एफिसी १,** १४, ९१, ९२, ९३, १०४
**एफिसी १-३,** ९१, ९३
**एफिसी २,** ९१, ९२, ९३
**एफिसी २-३,** ९३
**एफिसी ३,** ९३, १०४
**एफिसी ४,** ८९, ९३, ९४, १०४
**एफिसी ४-६,** ९१, ९३
**एफिसी ५,** ९४
**एफिसी ६,** ९०, ९४, १०१, १०२

**फिलिप्पी १,** ९५
**फिलिप्पी २,** १४, ९५, ९६, १०२, १०४, १५३, १५४, १५८
**फिलिप्पी ३,** १३, ९५, ९६, ९७
**फिलिप्पी ४,** ९५, ९७

**कलस्सी १,** ९७, ९८
**कलस्सी २,** ९८
**कलस्सी ३,** ८९, ९९, १०४
**कलस्सी ३-४,** ९९
**कलस्सी ४,** २७, ९०, ९७, १०१

**१ थेसलोनिकी १,** १०८
**१ थेसलोनिकी २,** १०८
**१ थेसलोनिकी ३,** १०७, १०८, ११०
**१ थेसलोनिकी ४,** १०५, १०८, १०९, ११४
**१ थेसलोनिकी ५,** १०८, १०९, ११०

**२ थेसलोनिकी १,** १११
**२ थेसलोनिकी १-२,** १११
**२ थेसलोनिकी २,** १०७, १११, ११२
**२ थेसलोनिकी ३,** १११, ११२

**१ तिमोथी १,** ११६, ११७
**१ तिमोथी २,** ११७
**१ तिमोथी ३,** ११७
**१ तिमोथी ४,** ११७
**१ तिमोथी ५,** ११८
**१ तिमोथी ६,** ११७, ११८

**२ तिमोथी १,** १२१
**२ तिमोथी २,** १२२
**२ तिमोथी ३,** ६३, १२२
**२ तिमोथी ४,** २७, ५५, ११५, ११८, १२०, १२१, १२२, १२५

**तीतस १,** ११७, ११८, ११९
**तीतस २,** ११५, ११९, १२०, १२५
**तीतस ३,** ११८, ११९, १२०

**फिलेमोन,** १३, १००, १०१

**हिब्रू १,** १२९
**हिब्रू २,** १२८, १३१
**हिब्रू ३,** १३१, १३२
**हिब्रू ४,** १२७, १३२, १३९
**हिब्रू ५,** १३२
**हिब्रू ६,** १३१, १३२, १३३
**हिब्रू ८,** १२९, १३०
**हिब्रू १०,** १२९, १३२, १३४
**हिब्रू ११,** १२९, १३०, १३२, १३७, १३८
**हिब्रू १२,** १३२, १३४
**हिब्रू १३,** १२८, १२९

**याकूब १,** १३४, १३६
**याकूब २,** १२७, १३५, १३६, १३७, १३९
**याकूब ३,** १३६
**याकूब ४,** १३६
**याकूब ५,** १३५, १३६

**१ पत्रुस १,** ९३, १३०, १४१, १४२, १४३, १४४, १५२
**१ पत्रुस २,** १४३, १४४
**१ पत्रुस ३,** १४४
**१ पत्रुस ४,** १४२, १४४
**१ पत्रुस ५,** २७, १४२, १४४, १५०

**२ पत्रुस १,** १४४
**२ पत्रुस २,** १४४
**२ पत्रुस ३,** १४२, १४५

**१ यूहन्ना १,** १४१, १४६, १४७, १५२
**१ यूहन्ना २,** १४६, १४७
**१ यूहन्ना ३,** १४७, १४८
**१ यूहन्ना ५,** १४७

**२ यूहन्ना,** १४६, १४८

**३ यूहन्ना,** १४६, १४८, १४९

**यहूदा,** १७, १८, १२२, १२७, १३९, १४१, १४९, १५२

**प्रकाश १,** १५४, १५५, १५८
**प्रकाश १-३,** १५६, १५७
**प्रकाश २-३,** १५५
**प्रकाश ३,** १५३, १५९, १६१
**प्रकाश ४-५,** १५५, १५८
**प्रकाश ४-१९,** १५६, १५७
**प्रकाश ४-२२,** १५७
**प्रकाश ५,** १५८
**प्रकाश ६-२२,** १५५
**प्रकाश १९,** १५८
**प्रकाश २०,** १५७
**प्रकाश २०-२२,** १५६

# सूची

**अगुवाहरूका लागि योग्यताहरू,** ११५
**अविश्वास,** ६५
**असल कामहरू,** ११७
**असल जीवनमा वृद्धि,** ९७
**आत्मिक युद्ध,** ९९, १०६
**आत्मिक वरदानहरू,** ७६
**आनन्द,** ९३
**आशा,** ६४, १४१
**आश्चर्यकर्म,** ३७
**इमानदारीपना,** ११९
**उपदेशहरू,** ४८
  येशुका, २४
**एपोकेलिप्टिक साहित्य,** १५३
**ख्रीष्टको पुनरागमन,** १०५–११०
**गैर अभिप्रेरितीय पुस्तकहरू,** १७
**चाल्सेडोनियन क्रिड (विश्वासको धारणा),** २९
**चिन्हहरूको पुस्तक,** ३७
**चुनाउ,** ६४, ८९, ९०
**जागृती,** ५९
**झुटा शिक्षकहरू,** ११६, ११९, १४२, १४७
**झुटो शिक्षा,** ९६
**झुटो सुसमाचार,** ८०
**दासत्व,** ९७–९८
**दुई प्राचीन मूललेखहरू बीचको तुलना,** १८
**धर्मशास्त्रको क्यानोन (धर्मशास्त्र निर्धारक),** १५
**धर्मीकरण,** ६२, ८३
**नयाँ करारका  रहनसहनहरू,** १५
**नयाँ करारको अख्तियार,** १५
**नयाँ करारको ऐतिहासिक परिवेश,** ४६, ८८, ९२, ९५, ९७, १०४
**नयाँ करारको ग्रीक परिवेश,** ११
**नयाँ करारको भूगोल,** ८–१०, ४६
**नयाँ करारको यहूदी परिवेश,** १४
**नयाँ करारको रोमी परिवेश,** १२
**नयाँ करारको विश्वसनीयता,** १६१, यो पनि हेर्नुहोस् लेखोटको सत्यनिष्ठा
**नयाँ करारको सांस्कृतिक परिवेश,** ११
**न्याय,** ६२
**परमेश्वरसँग सङ्गति,** १४४–१४५
**पवित्र आत्माको**
  भूमिका, ३१, ३२
**पवित्रता,** १४१
**पवित्रीकरण,** ६४
**पाप,** ६३, १४५
**पावलका मिसनरी यात्राहरू,** ५१
**पुनरूत्थान,** ७६
**पुरानो करार,** २४, १२७, १३२
**पुरानो करारको संसारको मानचित्र,** ६
**पूरा भएको भविष्यवाणी,** २४
**पेन्तिकोस,** ४९
**प्यालेस्टाइनको इतिहास,** ९
**प्यालेस्टाइनको धरातलीय स्वरूप,** ८
**प्रार्थनाको**
  महत्त्व, ३०, ३१
**प्रेरितीय अख्तियार,** ७८, ८०
**मण्डलीको एकता,** ९१, ९३, ९५
**मण्डलीहरूमा विभाजन,** ७३
**मसिही अपेक्षाहरू,** १४
**मसिही रहस्य,** २७
**माया,** १४५
**मुक्तिको निश्चयता,** ६७, ८४
**मूर्तिलाई चढाइएको खानेकुरा,** ७५
**यरूशलेमका सन्तहरूका निम्ति भेटी,** ७६
**यरूशलेमको परिषद,** ५२
**यहूदीका राजाको सुसमाचार (मत्ती),** २३
**यहूदी पाठक,** २३
**येशुको परमेश्वत्व,** २७, ३८
**राम्रो तरिका,** १२८
**लेखोटको सत्यनिष्ठा,** १७
**विनम्रता,** ९३, ९४
**विवाह,** ७५
**विश्वास त्याग,** १३०
**व्यभिचार,** ७४
**व्यवस्थावाद,** ८१–८३
**सतावट,** १३, ४७, ५५, १०३, १०६, १४८, १५२
**समन्वयवाद,** ९६
**समयरेखाहरू**
  पावलको जीवन, ५४
  पावल र कोरिन्थको मण्डली, ७८
  पावल र थेसलोनिकीको मण्डली, १०५
**सहिद,** ५०, ५५, १४८, १५२
**सुसमाचारका शत्रुहरू,** ७९, यो पनि हेर्नुहोस् झुटा शिक्षकहरू
**सेवकको सुसमाचार (मर्कूस),** २५
**होसियार,** १२९

# सेफर्ड्स ग्लोबल क्लासरूम पाठ्यक्रमको विवरण

## धर्मसिद्धान्त सम्बन्धीको आधारभूत पाठ्यक्रमहरू

### ख्रीष्टियान विश्वासहरू

यो एउटा सुव्यवस्थित ईश्वरशास्त्रको पाठ्यपुस्तक हो जसले बाइबल, परमेश्वर, मानिस, पाप, ख्रीष्ट, मुक्ति, पवित्र आत्मा, मण्डली र अन्त्यका समयहरू बारेका ख्रीष्टियान धर्मसिद्धान्तहरूलाई वर्णन गर्छ।

### रोमीको पुस्तक

यो पाठ्यपुस्तकले मण्डलीमा विवादित भएका केही मुद्दाहरूमाथि छलफल गर्दै रोमीको पुस्तकमा बताइएअनुसार मुक्तिको ईश्वरशास्त्र र मिसनहरूका बारेमा सिकाउँछ।

### एस्केटोलोजी

यो पाठ्यपुस्तकले बाइबलीय पुस्तकहरू, दानिएल र प्रकाशका साथै अगमवाणीका वचनहरूका अन्य खण्डहरूका बारेमा सिकाउँछ र यसले अत्यावश्यक धर्मसिद्धान्तहरू जस्तो कि ख्रीष्टको दोस्रो आगमन, अन्तिम न्याय र परमेश्वरको अनन्तको राज्यका कुराहरूलाई जोड दिन्छ।

### पवित्र जीवनको धर्मसिद्धान्त र अभ्यास

यो पाठ्यपुस्तकले एउटा ख्रीष्टियानबाट परमेश्वरले अपेक्षा गर्नुहुने र उसलाई सशक्त गर्नुहुने पवित्र जीवनको बाइबलीय वर्णनलाई बताउँछ।

### मण्डलीको धर्मसिद्धान्त र अभ्यास

यो पाठ्यपुस्तकले मण्डलीको सदस्यता, बप्तिस्मा, प्रभु-भोज, दसांस भेटी र आत्मिक नेतृत्व जस्ता बाइबलीय विषयहरू र मण्डलीको लागि परमेश्वरको परिकल्पना र योजनालाई व्याख्या गर्छ।

## बाइबल सर्वेक्षणका पाठ्यपुस्तकहरू

### पुरानो करारको खोज

यो पाठ्यपुस्तकले पुरानो करारका ३९ वटा पुस्तकहरूका शिक्षाहरू र अत्यावश्यक विषयवस्तुलाई सिकाउँछ।

### नयाँ करारको खोज

यो पाठ्यपुस्तकले नयाँ करारका २७ वटा पुस्तकहरूका शिक्षाहरू र अत्यावश्यक विषयवस्तुलाई सिकाउँछ।

### बाइबलीय व्याख्याका नियमहरू

यो पाठ्यपुस्तकले हाम्रो जीवन र परमेश्वरसितको हाम्रो सम्बन्धलाई अगुवाइ गर्न बाइबललाई ठीकसँग व्याख्या गर्ने नियमहरू र विधिहरू सिकाउँछ ।

## सुसमाचार प्रचार र चेलापन पाठ्यपुस्तकहरू

### विश्वासको रक्षा (एपलोजेटीक) शास्त्रको परिचय

यो पाठ्यपुस्तकले संसारलाई हेर्ने ख्रीष्टियान दृष्टिकोणका लागि वैज्ञानिक, ऐतिहासिक र तात्त्विक आधारको बारेमा सिकाउँछ र तर्क तथा वास्तविकतासित ख्रीष्टियान विश्वास कसरी अनुरूप छ भन्ने देखाउँछ ।

### विश्वका धर्महरू र झुटा शिक्षाहरू

यो पाठ्यपुस्तकले इभान्जेलिकल विश्वासीलाई अठार वटा धार्मिक समूहहरूका शिक्षालाई बुझ्न र ठीकसँग प्रतिक्रिया दिन सिकाउँछ ।

### बाइबलीय सुसमाचार प्रचार र चेलापन

यो पाठ्यपुस्तकले सुसमाचार प्रचारका विधिहरूलाई मार्गदर्शन गर्ने बाइबलीय नियमहरू प्रस्तुत गर्छ । यसले सुसमाचारका स्वरूपहरूको वर्णन गर्छ र नयाँ विश्वासीहरूलाई चेला बनाउनमा उपयोगी पाठहरू प्रदान गर्छ ।

### आत्मिक निर्माण

यो पाठ्यपुस्तकमा विद्यार्थीहरूले येशुको मनोभाव राख्न, आफ्नो पितासँग येशु सम्बन्धित हुनुभए जसरी परमेश्वरसँग सम्बन्धित हुन, येशुजस्तै विनम्र हुन, येशुको आत्मिक र व्यक्तिगत अनुशासनहरू अभ्यास गर्न, येशुले जस्तै कष्ट भोगाइ सहन र येशुले निर्माण गर्नुभएको ख्रीष्टियान समुदाय (मण्डली)मा सहभागी हुन सिकाउँछ ।

### व्यावहारिक ख्रीष्टियान जीवन

यो पाठ्यपुस्तकले रुपैयाँपैसाको प्रयोगमा, सम्बन्धमा, वातावरणमा, राज्यसँगको सम्बन्धमा, मानव अधिकारमा र अन्य व्यावहारिक क्षेत्रहरूमा बाइबलीय नियमहरूलाई लागू गर्छ ।

### ख्रीष्टियान विवाह र परिवार

यो पाठ्यपुस्तकले जीवनका विभिन्न उमेरहरूमा हुने मानवीय विकासमाथि एउटा ख्रीष्टियान दृष्टिकोण दिन्छ र पारिवारिक भूमिकाहरू र सम्बन्धहरूमा बाइबलीय नियमहरूलाई लागू गर्छ ।

## ख्रीष्टियान नेतृत्वका पाठ्यपुस्तकहरू

### सेवकाइमा नेतृत्व

यो पाठ्यपुस्तकले अगुवाहरूलाई ख्रीष्टियान चरित्रलाई जोड दिँदै मूल्य-मान्यताहरू पत्ता लगाउने, उद्देश्यलाई महसुस गर्ने, दर्शन बाँडचूड गर्ने, लक्ष्यहरू निर्धारण गर्ने, रणनीतिको योजना बनाउने, त्यसमाथि कार्य गर्ने र सफलताहरू हासिल गर्ने जस्ता कामहरूद्वारा संस्थाहरूलाई नेतृत्व प्रदान गर्न सिकाउँछ ।

### येशुको जीवन र सेवाकाइ

यो पाठ्यपुस्तकले २१ औं शताब्दीमा सेवाकाइ र नेतृत्वपनको एउटा नमूनाको रूपमा येशुको जीवनबारे अध्ययन गर्छ।

### सञ्चारका नियमहरू

यो पाठ्यपुस्तकले संचार, प्रभावकारी उद्घोषका विधिहरू र बाइबलीय प्रवचन प्रचारको तयारी र प्रस्तुतिकरणका विधिहरूको ईश्वरशास्त्रलाई सिकाउँछ।

### ख्रीष्टियान आराधनाको परिचय

यो पाठ्यपुस्तकले आराधनाले कसरी विश्वासीको जीवनका सबै पक्षहरूमा प्रभाव पार्छ भन्ने कुरा बताउँछ र व्यक्तिगत तथा सामूहिक आराधनाका अभ्यासहरूलाई अगुवाइ गर्न आवश्यक सिद्धान्तहरू दिन्छ।

## मण्डली इतिहासका पाठ्यपुस्तकहरू

### मण्डली इतिहासको सर्वेक्षण १

यो पाठ्यपुस्तकले कसरी मण्डलीले आफ्नो मिसन पूरा गर्छ र अत्यावश्यक धर्मसिद्धान्तद्वारा प्रारम्भिक मण्डलीदेखि धर्मसुधारको समयसम्मको मण्डली सुरक्षित राख्यो भन्ने वर्णन गर्छ।

### मण्डली इतिहासको सर्वेक्षण २

यो पाठ्यपुस्तकले मण्डलीको वृद्धि-विस्तार कसरी भयो र धर्मसुधारको समयदेखि आधुनिक समयसम्म के कस्ता चुनौतीहरूको सामना गर्यो भन्ने वर्णन गर्छ।